

**कस्तो बन्ने हो ?**
छायांकन सकियो 'जोनी जेन्टलम्यान' को । ११

**पत्नीको हौसला**
फेडेरर अस्ट्रेलियन ओपनको फाइनलमा । १९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipur.ekantipur.com

# कान्तिपुर

काठमाडौं, विराटनगर, भरतपुर र नेपालगञ्जबाट एकैसाथ प्रकाशित

वर्ष २४ अंक ३३८ काठमाडौं | १४ माघ २०७३ शुक्रबार माघ कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३७ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 27, 2017 | पृष्ठ १२+८+४ | १० रुपैयाँ


## भित्र


निर्वाचन कसुर तथा सजाय विधेयकमा सहमति, आज संसद्मा पेस गरिंदै

स्थानीय तह पुनःसंरचना सम्बन्धी प्रतिवेदन मन्त्रिपरिषद्मा पुग्यो

राष्ट्रपति-उपराष्ट्रपति सुविधा कटौतीप्रति असन्तुष्टि

बेरूजु फछ्र्योट नगरे सम्पत्ति रोक्का

तरलता अभावले बैंकिङ क्षेत्र अस्तव्यस्त

वायुसेवा निगमको चिनियाँ जहाज आयो

सरकारी स्वास्थ्यकर्मीले ९ देखि ३ बजेसम्म निजीमा काम गर्न नपाइने


## गजब छ बा !

– अविन –




...अनि फेरि यै ठाम्मा सरुवा भै आउन... त्याँ चैं के कति दायाँबायाँ गर्नुपर्ने हो ?






# न गाँस न बास



**चितवनको चण्डीभन्ज्याङ ४ स्थित ठाडोखोलाका शुकदेव चेपाङको परिवार भूकम्पले भत्किएको घरमा ।** *तस्बिर : विमल/कान्तिपुर*

■ **विमल खतिवडा**

चण्डीभन्ज्याङ (चितवन)- भूकम्पले घर भत्किएको २ वर्ष हुन लाग्यो । नयाँ बन्ने सुरसार छैन । सरकारी सहयोग कुरेर बसे पनि पाइएको छैन । चण्डीभन्ज्याङ ४ स्थित ठाडोखोलाका रामबहादुर र मंगलीमाया चेपाङको १२ जनाको परिवार चिसोमा कठ्यांग्रिँदै रात कटाउन बाध्य छ । घर निर्माण गर्न पाइएला भन्दै उनीहरूले ढुंगा थुपारेको एक वर्ष बित्यो । आर्थिक अभावले बनाउन सकिएको छैन ।

'पेटभरि खाने अन्न छैन, के पैसाले घर बनाउने ?' ढुंगा जम्मा गरिरहेकी मंगलीमायाले भनिन् । उनको परिवार छाप्रो बनाएर बसेको छ । उनले रातो कार्ड पाएकी छन् । पाखोबारीको अन्नले जेनतेन ६ महिना खान पुग्छ । त्यसपछि अनिकाल सहनुको विकल्प हुँदैन । भूकम्पपछि विभिन्न संघसंस्थामार्फत आएको राहत उनीहरूले खासै पाएनन् । 'गाउँमा आएर कसैले राहत दिएनन्, कालीखोलामा बोलाएर ६/७ किलो चामलभन्दा दिएनन्,' उनले आक्रोश पोख्दै भनिन्, 'त्यो चामल १२ जनाको परिवारले कति दिन खाने ?' राहत लिन जाँदा गाउँभरका भूकम्पपीडितले गाडी भाडामा मात्र ४० हजार खर्चेको दुखेसो पोखे । उनका अनुसार राहतका रूपमा ८ मुठी दाल, २ किलो चिउरा, एउटा कम्बल, सानो बोतलमा तेल दिइयो । 'राहतमा हामीलाई विभेद गरियो,' उनले भनिन्, 'पैसा तिरेर ल्याएको राहत पनि के राहत, पीडितलाई ठग्ने काम गरियो ।'

यो समस्या उनको मात्र होइन । उनको भन्दा तलतिर रहेको शुकदेव चेपाङको घर पनि आधा भत्किएको छ । बाँकी रहेको भाग धराप छ । त्यही धराप घरमा राखनधरन गर्नुको विकल्प छैन । ८ जनाको परिवार कोही टहरोमा र कोही बाख्राको खोरमा बस्न बाध्य छन् । धराप घरमा खाना पकाएर खाएपछि साँझ सबै जना सुत्न लाखापाखा लाग्छन् । 'भूकम्पले गर्नु गर्‍यो,' उनले भने, 'राम्रोसँग खान, बस्न पाइएन ।' उनका अनुसार चिसोले गर्दा साना बालबालिका बढी प्रभावित हुने गरेका छन् । न्यानो लुगा अभावमा जाडोले राति रुने कराउने गरेको उनले दुखेसो पोखे । 'राहतमा त के नै पाइयो र ?,'

**बाँकी पृष्ठ २ ▸▸**

## निर्वाचन घोषणामा ढिलाइ

# एमाले सशंकित

काठमाडौं (कास)- प्रधानमन्त्री पुष्पकमल दाहालले गत शनिबार प्रमुख तीन दल बैठकमा साताभित्रै निर्वाचन मिति घोषणा गर्ने प्रतिबद्धता जनाए पनि अझै नभएकोमा एमाले सशंकित भएको छ । उक्त बैठकमा एमालेले निर्वाचन मिति घोषणा हुने भए त्यसका लागि चाहिने कानुनहरू पारित गर्न सहयोग गर्ने वचन दिएको थियो । तर साता बित्न लाग्दा पनि मिति घोषणा नभएपछि प्रमुख प्रतिपक्षी प्रधानमन्त्रीप्रति झन् सशंकित भएको हो । एमाले नेताहरूले मधेसी मोर्चा सहमत भई चुनाव हुने सर्तमा प्रधानमन्त्री दाहाललाई सघाउने वचन दिएका थिए ।

'उहाँले हामीसँग निर्वाचनसम्बद्ध कानुनहरू पारित गर्ने र निर्वाचन घोषणा गर्ने प्रतिबद्धता जनाउनुभएको थियो,' बालुवाटार बैठकमा सहभागी एमाले उपाध्यक्ष भीम रावलले कान्तिपुरसँग भने, 'तर एक सातामै उहाँको जिब्रो लटपटिन थालेको छ, चुनाव घोषणा नगर्ने जस्तो अभिव्यक्ति आउन थालेको छ ।'

प्रधानमन्त्री दाहालले बालुवाटार बैठकमा निर्वाचन कानुनहरू छिटो पारित गराउने, चुनाव मिति घोषणा गर्ने र हाल विचाराधीन संविधान संशोधन प्रस्तावको सट्टा राष्ट्रियसभा गठनका लागि आवश्यक निर्वाचक मण्डलसम्बन्धी प्रावधान फेर्दै पूरक संशोधन अघि बढाउने बताएका थिए । गाउँपालिका र नगरपालिकाका प्रमुखहरूको मतबाट राष्ट्रिय सभा छानिने प्रावधान हटाउँदा मधेसी मोर्चाका नेताहरू मान्न सक्ने अपेक्षा गर्दै उनले पूरक संशोधनको कुरा अघि सारेका हुन् । पूरक संशोधन प्रस्ताव पेस गर्नेबारे एमालेले बालुवाटार बैठकमै विरोध गरेको थियो । 'संविधान संशोधनको त औचित्य छैन भनेर हामीले त्यो बैठकमै भनेका थियौं, पूरक संशोधन प्रस्ताव ल्याउने कुरामा पनि हाम्रो समर्थन रहँदैन,' रावलले भने ।

'सँगसँगै चुनावको मिति घोषणा गरे त्यसमा आइपर्ने अवरोध हटाउँदै जान हामी पनि तयार हुन्छौं । तर प्रधानमन्त्री चुनाव गराउने दिशामा अझै जान तयार हुनुभएको देखिएन,' उनले भने ।

प्रधानमन्त्री दाहालले दुई दिन अघि मधेसी मोर्चासँग यसैबारे छलफल गर्दा मोर्चा नेताहरूले संविधान संशोधन प्रस्ताव अघि नबढाई चुनाव मिति घोषणा नगर्न चेतावनी दिएका थिए । राष्ट्रियसभा चयन गर्ने निर्वाचक मण्डलसम्बन्धी प्रावधान फेरे मधेसी मोर्चा स्थानीय चुनावमा जान तयार हुने प्रधानमन्त्रीको अपेक्षाविपरीत मोर्चा नेताहरूले प्रदेश सीमा फेरबदल नभई अरू कुनै प्रस्ताव नमान्ने जवाफ दिएका थिए । मधेसी दलहरूसँगको बैठकपछि प्रधानमन्त्री तीन दल बैठकको प्रतिबद्धताबाट हट्न खोजेको एमालेको बुझाइ छ ।

## 'वैशाख अन्त्यमा हुने गरी घोषणा'



पर्वत (कास)- प्रधानमन्त्री पुष्पकमल दाहालले स्थानीय तह निर्वाचन वैशाख अन्तिम साता हुने र त्यसको मिति यही साताभित्र घोषणा हुने बताएका छन् ।


पाँचौं पर्वत महोत्सव उद्घाटन गर्दै उनले बिहीबार भने, 'आगामी माघ ७ भित्र स्थानीय, प्रदेश र संसद्को निर्वाचन गर्नु मुलुकको निकास र संविधान कार्यान्वयनका लागि निर्विकल्प हो ।' त्यसका लागि तयार रहन सबैलाई आग्रह गर्दै दाहालले भने, '१५ गतेभित्र निर्वाचनसम्बन्धी सबै विधेयक पारित गर्न विषयगत समिति र राजनीतिक दलहरूमा सहमति भइसकेको छ । पारित हुनासाथ वैशाख अन्तिम सातामा पर्ने गरी मिति घोषणा गरिन्छ ।'

निर्वाचन आयोगले सबै तयारीका लागि कम्तीमा सय दिन मागेकाले ढिला नगरी सबै शक्ति निर्वाचनमा जुट्नुपर्ने बेला आएको उनले बताए । एक अर्कै कार्यक्रममा दाहालले निर्वाचनका लागि तयार रहन सशस्त्र प्रहरीलाई निर्देशन पनि दिए । सशस्त्र प्रहरी बल तालिम महाविद्यालय लामापाटन पोखरामा सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिमको दीक्षान्त समारोहमा दाहालले भने, 'निर्वाचनका लागि तयारी अवस्थामा रहन निर्देशन दिन्छु ।'

# चितवन पुगे जोडी अर्ना

■ **वेदराज पौडेल**

पूर्वी पिप्राहा (सप्तरी)- कोसीटप्पु वन्यजन्तु आरक्षका एक जोडी अर्ना बिहीबार चितवन राष्ट्रिय निकुञ्ज छिरेका छन् । कोसीटप्पुमा मात्र पाइने बबुलिस जातको दुर्लभ अर्नाका अन्य ४ भाले र १४ पोथी पनि आउँदै छन् चितवन । आरक्षका प्रमुख संरक्षण अधिकृत श्याम साहले चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र



कँडेललाई एक भाले र एक पोथी हस्तान्तरण गरेका हुन् ।

यो जोडी अर्ना कोसीटप्पुबाट सजिलै चितवन आइपुगेको होइन । वन्यजन्तु विभाग, चितवन र कोसीटप्पु वन्यजन्तु आरक्ष र राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, कर्मचारी, स्थानीय उपभोक्ता समितिका पदाधिकारी र सहयोगीसमेत ६० जनाको टोली अघिल्लो दिन बुधबारदेखि नै अर्ना समात्न खटिएको थियो । करिब १५ मिटर नजिकबाट वन्यजन्तु प्राविधिक दीपु चौधरीले बन्दुकले डार्ट (बेहोस बनाउने सुई लगाउने काम) गरेका थिए । त्यसपछि खोरमा हालेर पुनः एन्टी डार्ट दिएर अर्नालाई पूर्ववत् अवस्थामा ल्याइएको थियो । त्यसपछि आरक्षबाहिर निकालिएको थियो । वरिष्ठ पशु चिकित्सक डा.कमलप्रसाद गैरेको टिमले डार्ट गर्ने एम९९ र एसीपी मिसाएर तीन सय किलो ग्रामसम्मको अर्नालाई दुई घण्टा लठ्याउन सकिने औषधि तयार पारेको थियो । डा. गैरेले भने, 'अफ्रिकन भैंसीलाई सय केजी बराबर एक ग्राम औषधि हान्ने गरिन्छ, सोही आधारमा हामीले औषधि तयार गरेका हौं ।' एकै स्थानमा मात्र रहँदा रोग, प्राकृतिक प्रकोप, सिकारीको कारण नासिने खतरा रहने भएकाले ती अर्नालाई उस्तै वातावरणमा सार्दा एकातिरका विनाश भए पनि अर्कोतिर जोगाउन सकिने भएकाले अर्ना सार्ने काम अघि बढाइएको साहले बताए ।

कोसीटप्पुबाट १५ पोथी र ५ भाले अर्ना लगिने कार्यक्रम भए पनि पहिलो चरणमा माघ २० भित्र ७ पोथी र तीन भाले लगिनेछ । उनीहरूको घुलमिल र सहजता हेरेर दोस्रो चरणमा अरूलाई लगिनेछ ।

चितवनको पुरानो पदमपुर क्षेत्रमा खुला खोर (इन्क्लोजर) निर्माण गरिएको छ । कँडेलका अनुसार दुई हजार मिटर जाली लगाएर ३० हेक्टर क्षेत्रफलमा खोर बनाइएको हो । खोरमा वरिपरि सोलार फेन्सिङ गरिएकाले अन्य जनावर पस्न सक्ने छैनन् । इन्क्लोजरभित्र ४ सय मिटर लामो र १५ मिटर चौडा भएको पानीको ताल बनाइएको छ भने बाँकी भाग घाँसे मैदान हो ।







# यसरी समातियो सुन

## तस्करीबारे सूचना पहिल्याउन सीआईबी प्रमुख नवराज सिलवाल दुबईसम्म पुगेका थिए

■ जनकराज सापकोटा


फाइल तस्बिर

काठमाडौं- कमिसन पाउने भएकैले तस्करीको सुन बरामदका अधिकांश घटनामा सुराकी को थियो भन्ने तथ्य सुरुमै आउँथ्यो । पुस २१ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सारबाट पास भएको ३३ किलो पाँच सय ७७ ग्राम ४० मिलिग्राम सुन नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले सार्वजनिक गर्नेबित्तिकै सुराकी को हो भन्ने प्रश्न उठिहाल्यो । तर ब्युरो प्रमुख डीआईजी नवराज सिलवालले गौशाला वृत्तमा सुन सार्वजनिक गरेलगत्तै भने, 'बरामद सुनको कुनै सुराकी छैन ।' सुराकीबिना सिलवालले कसरी त्यत्ति ठूलो परिमाणमा सुन बरामद गरे त ? कान्तिपुरको यो प्रश्नमा सिलवालले जे बताए त्यसले सुन तस्करीको संगठित स्वरूपलाई मात्रै बुझाउँदैन, बरामद सुनको पर्दापछिका केही पहेलीलाई पनि बुझ्न सघाउँछ ।

सिलवालले तीन महिनाअघिको घटना सुनाए । उनका अनुसार लन्डन स्कुल अफ इकोनोमिक्समा पढेर नेपाल फर्केका एक युवाले तारन्तर फोन गरेर सिलवाललाई भेट्न खोजिरहेका थिए । अफिसमै आएर भेटेका ती युवाले सुन तस्करीका कारण अर्थतन्त्र चौपट भएको, बजारबाट डलर अवैध रूपमा बाहिरिएको र अवैध सुन भित्रिरहेको तथ्य सुनाएका थिए । सिलवालका अनुसार ती युवाको दाबी थियो, चीनको केरुङ नाकाबाट भित्रिएको अवैध सुनले यस्तो भएको होइन, विमानस्थलबाटै भित्रिएको ठूलो परिमाणको सुनले खतरा निम्त्याएको हो ।

तन्नेरीको त्यस्तो तर्क र दाबीपछि आफू अनौठो अन्योलमा परेको सिलवाल बताउँछन् । उनले भने, 'त्यसपछिका केही दिन म आफैं विमानस्थलमा रेकी गर्न गएँ । मलाई देख्दा कर्मचारीहरू बढी नै सतर्क भएजस्ता देखिन्थे ।' पछि सिलवालले थप सूचना पाए, विमानस्थलबाट बाहिरिने सुन दुबईबाट आउँछ । त्यो सूचनालगत्तै उनले अन्तर्राष्ट्रिय कार्यशालाहरूमा भेट भएका दुबईका केही प्रहरी अधिकारीको सम्पर्क पहिल्याए । दुबई पुगेर ती अधिकारीलाई भेट्न पाए के हुन्थ्यो भन्ने लागिरहेका बेला सिलवालले दुबईमै नेपाल फिल्म टेक्निकल एसोसिएसनको नेफ्टा अवार्डमा जान निम्तो पाए । नेफ्टाका एक आयोजकले अन्तिम समयमा मात्रै सिलवालको नाम थपिएको पुष्टि गरे ।

पुस ८ मा नेफ्टा अवार्ड थाप्न दुबई पुगे पनि सिलवालको उद्देश्य अर्कै थियो । दुबई यात्राकै बेला सिलवाल छड्किएर दुबईका प्रहरी अधिकारीलाई भेट्न पुगे । सिलवालले सुनाए, 'नेपालका सबै कुरा बताएपछि ती अधिकारीले सुन कसले नेपाल लैजान्छ भन्ने सूचना दिन तयार भए ।' यूएईमा सुनको खरिदको सीमा तोकिएको छैन । सुन खरिदमा सम्पत्तिको स्रोत खुलाउनु पर्दैन र किनेको सुन विश्वभर जहाँ पनि सजिलै लैजान छुट छ । त्यसैले यूएई सुन तस्करका निम्ति प्रमुख गन्तव्य हो ।

सिलवालका अनुसार त्यही स्रोतले पुस २१ अघि पनि ठूलो परिमाणमा सुन आएको सूचना दिएको थियो । तर सुन बोकेर आउने व्यक्ति विमानस्थलबाट कसरी छक्याएर उम्कियो भन्ने ब्युरोले भेउ नै पाउन सकेन । ब्युरोका अनुसार सुन लिएर आउने व्यक्ति कि त कुनै सरकारी गाडीमा बसेर बाहिरियो कि विमानस्थलभित्रै बसेर अर्को दिन निस्कियो । त्यसपछि ब्युरोले पाएको सूचना थियो, यही ३३ किलो पाँच सय ७७ ग्राम ४० मिलिग्राम सुनको ।

यूएईको सारजहाँबाट एयर अरेबियाको फ्लाइट नम्बर जी ९०५३७ बाट २:१५ मा उडेको जहाज राति ९ बजे विमानस्थल ल्यान्ड गर्‍यो । ९:५० मा बाहिर निस्किएका दुई व्यक्ति हातेझोला मात्रै बोकेर निस्के । बिनालगेज ती व्यक्ति निस्केपछि तिनीहरूको फलोअपमा प्रहरी रातभरि खटियो । ती दुई कोटेश्वर पुगेर बास बसे र भोलिपल्ट बिहान दस बजे ती फेरि विमानस्थल छिरे । दिउँसो दस मिनेटको फरकमा तिनीहरू विमानस्थलबाट ट्याक्सी लिएर बाहिर निस्के । ब्युरो प्रहरीले विमानस्थलको गेटबाहिर ती दुईमध्ये एक जनालाई समाते पनि अर्को व्यक्ति उम्किन सफल भयो । सुन लिन निजी कार हाँकेर आएका मोरङका दीनबन्धु थापा र धनुषाका सन्तोष काफ्लेलाई पनि प्रहरीले तत्कालै पक्राउ गर्‍यो । सिलवालले भने, 'उम्केका ती व्यक्तिको पहिचान भइसकेको छ । शाहीसँगै बारम्बार सुन लिन जाने मान्छे हुन् ती ।'

ब्युरोको अनुसन्धानमा शाहीले यसअघि पनि दस पटकभन्दा बढी ठूलो परिमाणमा सुन ल्याइसकेको देखिन्छ । यसले विमानस्थलको बाटो हुँदै सुन तस्करी नियमित चलिरहेको बुझाउँछ । सुन पक्राउपछिका २२ दिनमा प्रहरीका विमानस्थल भन्सारमा कार्यरत तीन कर्मचारी, सुन रिसिभरमा संग्लन रहेको सूचनाका आधारमा काभ्रेको पनौतीबाट दुई जना पक्राउ परिसकेका छन् ।

सीआईबीका एक अनुसन्धान अधिकारी उक्त सुन भारत लैजानकै निम्ति ल्याइएको बताउँछन् । त्यसो त त्यही दिन भारतको दिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलबाट दुबई लैजान आँटिएको एक करोड भारतीय रुपैयाँ बराबरको साउदी मुद्रा रियाल र यूएई मुद्रा दिराम पनि बरामद भएको थियो । उच्च सुरक्षा रहेको विमानस्थलको टर्मिनल तीनको शौचालयमा नगद रहेको ब्याग साट्न लागेका बेला अवैध विदेशी मुद्रासहित दुई पक्राउ परेका थिए । भारतीय सञ्चार माध्यमले नेपालमा बरामद भएको अवैध सुनको आयात र भारतबाट जान लागेको अवैध मुद्राको गन्तव्य एकै ठाउँमा रहेको भन्दै त्यसको 'कनेक्सन' खोजेका थिए ।

सिलवालले यत्ति भने, 'त्यो नेपालका लागि ल्याइएको थिएन । कुनै छिमेकी देशका लागि हो भनेर बुझ्नुस् ।' पछिल्लो समयमा सुन तस्करहरू सूचना आदानप्रदानका निम्ति भाइबर र म्यासेन्जर कल प्रयोग गर्छन् । प्रहरी नै भन्छ, त्यसमाथि नेपाली प्रहरीको पहुँच छैन । के यो घटनामा त्यही देखिएको हो ? सिलवालले भने, 'त्यस्तो होइन । हामीसँग 'मेकानिजम' छ । उनीहरूलाई हामीले ट्र्याक गरेका छौं र उनीहरू भाग्न सक्दैनन् । हामी धेरै नजिक छौं ।' सिलवालले त्यो 'मेकानिजम' भने खुलाएनन् । 'सीआईबी डरायो वा यसले नसक्ने हो कि भन्नै पर्दैन । समय आएपछि हामी सार्वजनिक गर्छौं,' उनले भने ।

# खोटो निकासीमा फेरि चलखेल

## डडेलधुराका सामुदायिक वनमा संकलन गरिएको खोटोको छोडपुर्जीसम्बन्धी फाइल वन विभागमा

■ अब्दुल्लाह मियाँ


फाइल तस्बिर

काठमाडौं- जिल्ला वन कार्यालयको अनुमति नलिई डडेलधुराका विभिन्न सामुदायिक वनबाट संकलन गरी जंगलमा थुपारिएको खोटो उठाउन छोडपुर्जीका लागि भवानी केमिकल्स प्रालिले फेरि 'चलखेल' सुरु गरेको छ ।

२०७२ चैतदेखि २०७३ कात्तिकसम्म डडेलधुराका विभिन्न सामुदायिक वनसँग सम्झौता गरी संकलन गरिएको करोडौं रुपैयाँ मूल्यको खोटो भवानी केमिकल्सले जंगलबाट उठाउन खोजेको हो । उसले करिब ७ लाख किलोग्राम खोटो संकलन गरेको छ, जसको मूल्य ५ करोड रुपैयाँभन्दा बढी हुन्छ । कम्पनीका तर्फबाट चित्रप्रसाद कुइँकेलले छोडपुर्जीको सहमति दिन पुस २२ मा वन कार्यालय, डडेलधुरालाई निवेदन दिए पनि वन अधिकृत (डीएफओ) इन्द्रमणि भण्डारीले कानुनी जटिलता उत्पन्न भएको भन्दै उक्त फाइल माघ पहिलो साता वन विभागमा पेस गरेका छन् ।

सरकारसँगको सम्झौता सकिएपछि २०६८ देखि भवानी केमिकल्सले विभिन्न सामुदायिक वनसँग सम्झौता गर्दै वन क्षेत्रबाट खोटो संकलन गर्दै आएको छ । तर, उसले संकलन गर्दै आएको वनक्षेत्र २०६३ वैशाख १ गते नै सरकारले १० वर्षका लागि दिव्या रोजिन एन्ड टर्पेनटाइन कम्पनीलाई दिइसकेको थियो । त्यसैले २०७१ फागुन २९ मा मन्त्रिपरिषद्ले विगतमा नेपाल रोजिन एन्ड टर्पेनटाइन लिमिटेडले उपभोग गरेको वन क्षेत्र उक्त कम्पनी खरिदकर्ता दिव्या रोजिनलाई उपलब्ध गराउन वन मन्त्रालयलाई निर्देशन दिएको थियो ।

वार्षिक ४ हजार मेट्रिकटन खोटोका लागि डडेलधुरासहित पश्चिम नेपालका ३० वटा प्लट दिव्यालाई उपलब्ध गराउने भनी सम्झौता भए पनि उक्त कम्पनीले ती क्षेत्र नपाएको दाबी गर्दै आएको छ । भवानी केमिकल्सले त्यही वन क्षेत्रबाट खोटो संकलन गरेकाले मन्त्रिपरिषद्को २०७१ फागुन २९ को निर्णय पालना गर्दै वन कार्यालय डडेलधुराले संकलित खोटो २०७२ असोज २० मा रोकेको थियो ।

निकासी रोकिएपछि भवानी केमिकल्सका तर्फबाट कुइँकेलले त्यसविरुद्ध पुनरावेदन अदालत महेन्द्रनगरमा रिट दिएका थिए । पुनरावेदन अदालत महेन्द्रनगरका न्यायाधीश हरिप्रसाद बगालेको एकल इजलासले निकासी रोक्दा खोटोको हानि नोक्सानी हुने र उद्योगलाई अपूरणीय क्षति हुने जनाउँदै २०७२ असोज २० भन्दा पहिला संकलन गरिएको खोटोमा रोक नलगाउन आदेश दिएको थियो । उक्त आदेशविरुद्ध डडेलधुराका तत्कालीन डीएफओ विश्वमणि आचार्य पुनरावेदन गएका थिए । जुन मुद्दा विचाराधीन छ ।

पुनरावेदनको आदेशअनुसार भवानीले जंगलमा थुप्रिएको खोटो संकलनसमेत गरिसकेको छ । तर, भवानीले २०७२ चैतदेखि २०७३ कात्तिकभित्र संकलन गरिएको खोटो छोडपुर्जीका लागि चलखेल अघि बढाएको छ । 'कानुनी रूपमा धेरै जटिलता देखिएकाले मैले फाइल विभागमा पठाएको हुँ,' डीएफओ भण्डारीले भने, 'विभागले जे राय दिन्छ, मैले त्यही गर्ने हो ।' उक्त फाइल वन विभागका महानिर्देशक कृष्णप्रसाद आचार्य, राष्ट्रिय वन महाशाखा हेर्ने उपमहानिर्देशक शिवकुमार वाग्ले हुँदै कानुन अधिकृत अवधकिशोरप्रसाद कुशवाहासमक्ष पुगेको छ । 'फाइल अघि बढेको छैन,' कुशवाहाले भने, 'कानुनी पक्ष अध्ययन नगरी केही भन्न सकिन्न ।' संकलनसम्बन्धी सरकारसँगको सम्झौता सकिएकाले भवानी केमिकल्सले डडेलधुराका ६० वटा सामुदायिक वनको प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) प्रतिवेदन क्षेत्रीय वन निर्देशनालय, धनगढीबाट स्वीकृत गराएर खोटो संकलन गरिरहेको छ ।

भवानी केमिकल्सका कुइँकेलले '२०७२ माघ ६ मा पुनरावेदन अदालत, महेन्द्रनगरले संकलित खोटो निकासीमा रोक नलगाउन वनलाई आदेश दिएको र त्यही आदेशअनुसार थप खोटोसमेत निकासी दिन बाटो खुला भएको कानुन व्यवसायीको परामर्श' का कारण आफूहरू अघि बढेको प्रतिक्रिया दिए ।

### 'संकलन रोक्नुपर्छ'

वन राज्यमन्त्री दीर्घराज भाटले अत्यधिक खोटो संकलनका कारण सुदूरपश्चिमका विभिन्न जिल्लामा खोटे सल्लाको जंगल मासिएकाले १० वर्षका लागि रोक लगाउनुपर्ने बताएका छन् ।

'जथाभावी र अनियन्त्रित खोटो संकलनले सबै रुख मरिसकेका छन्,' राज्यमन्त्री भाटले कान्तिपुरसित भने, '१० वर्ष संकलन पूर्णरूपमा रोक्नुपर्छ ।' उनले गत महिना सुदूरपश्चिमका कैलाली, डोटी, डडेलधुरालगायतका जिल्लामा खोटो संकलन भएको वनक्षेत्रको स्थलगत अवलोकन गरेका थिए । उनले १० वर्षपछि खोटो संकलनका लागि नयाँ रुख उत्पादन हुन सक्ने बताए ।






# 'गरिबी मन्त्रालय नै खारेज गरिदिए हुन्छ'

■ कुलचन्द्र न्यौपाने



काठमाडौं- 'प्रधानमन्त्रीज्यू, तपाईं पनि गरिबीका लागि सशस्त्र क्रान्ति गरेर आउनुभयो । क्रान्तिमा लाग्दा टाउकाको मूल्यसमेत तोकिएको थियो । म पनि गरिबीका लागि लड्न खोज्दै छु,' सहकारी तथा गरिबी निवारणमन्त्री हृदयराम थानीले केही दिनअघि प्रधानमन्त्री पुष्पकमल दाहालसँग गुनासो पोखे, 'मन्त्रालय एकातिर छ, कार्यक्रम अर्कैतिर । कसरी गरिबी निवारण हुन्छ ?'

गरिबसँग जोडिएका कार्यक्रमलाई मन्त्रालयमातहत ल्याउन उनले मन्त्री भएको सात दिनबाटै प्रयास गरे । मन्त्रिपरिषद्मा प्रस्ताव लगे । प्रधानमन्त्रीलाई भेटेरै तीन पटकसम्म आग्रह गरे । हार मान्दै थानी भन्छन्, 'गरिबी मन्त्रालय किन झुन्डाउने ? अब खारेज गरिदिए हुन्छ ।'

तत्कालीन बाबुराम नेतृत्वको सरकारले गरिबी निवारणसम्बन्धी कार्यक्रमहरू एकद्वार प्रणालीमा सञ्चालन गर्ने गरी ०६९ जेठ ५ गते सहकारी तथा गरिबी निवारण मन्त्रालय गठन गरेको थियो । मन्त्री थानीका अनुसार गरिबसँग अन्तरसम्बन्धित ४९ वटा कार्यक्रम छन्, ती १४ वटा मन्त्रालयबाट परिचालित हुँदा गरिबी मन्त्रालयमा एउटा पनि कार्यक्रम छैन । 'क्याबिनेटमा धेरै पटक कुरा उठाउँदा पनि सुनुवाइ भएन । सरकारसँग गरिब प्राथमिकतामा छैन भन्ने कुरा प्रमाणित भयो,' थानी भन्छन्, 'मन्त्रालय मात्रै गठन गरेर गरिबी अन्त्य हुन्न ।'

मन्त्रालय गठन भएपछि एउटा प्रगति भने भएको छ- ३ लाख ९५ हजार गरिबीको रेखामुनि रहेका परिवारको पहिचान । विभिन्न सूचकांकको आधारमा १२ लाख ४० हजार घरधुरीमा गरिएको अनुसन्धानबाट यो पहिचान गरिएको हो । जसमा अति गरिब १ लाख ९० हजार छन् । गरिब १ लाख ८० हजार छन् भने सीमान्तकृत ८४ हजार छन् । प्रधानमन्त्री दाहाल उनीहरूलाई परिचयपत्र दिने योजनामा छन् । तर, मन्त्री थानी सामाजिक सुरक्षाका कार्यक्रम समावेश नभएसम्म परिचयपत्र वितरण गर्न नहुने पक्षमा छन् । उनले गरिबीका रेखामुनि रहेका परिवारलाई शिक्षा, स्वास्थ्य, खाद्यान्नलगायतका क्षेत्रमा सुविधा दिनुपर्ने योजना अघि सारेका छन् ।

'परिचयपत्र वितरण गर्न चासो छ । तर उनीहरूलाई सुविधा दिनुपर्छ भन्ने विषयमा कसैको चासो छैन,' मन्त्रीले भने, 'कार्यक्रमबिना परिचयपत्र दिनु भनेको गैरसरकारी संघसंस्थालाई कमाउ धन्दा गर्न लाइसेन्स दिनु हो ।' मन्त्रालयले पास गरी मन्त्रिपरिषदबाट पारित गरेपछि मात्रै परिचयपत्र बनाउने प्रक्रिया अघि बढ्छ । परामर्शदाताबाट परिचयपत्र बनाउन ३५ करोड रुपैयाँको बजेट विनियोजनसमेत भइसकेको छ । तर, परिचयपत्रसँगै सामाजिक सुरक्षाका कार्यक्रम दिने तय नभएसम्म मन्त्री वितरण नगर्ने अडानमा छन् ।

गरीबीको नाममा बर्सेनि अर्बौं खर्च गर्ने गरिबी निवारण कोष प्रधानमन्त्री कार्यालयमातहत छ । त्यस्तै युवा स्वरोजगार कार्यक्रम अर्थ मन्त्रालयसँग छ । गरिबसँग विश्वेश्वर कार्यक्रम स्थानीय विकास मन्त्रालयसँग छ । वास्तविक गरिबी निवारणका लागि भन्दा पार्टीका कार्यकर्ता र शुभेच्छुक पोस्नै बजेट दुरुपयोग हुँदै आएको छ ।

कतिपयले मन्त्री थानीलाई अर्बौंको बजेटमा हालीमुहाली गर्न नपाएका कारण गुनासो पोखेको आरोप लगाउने गरेका छन् । 'नाम अनुसारको काम हुनुपर्छ भन्ने हो । तर, मैले हालीमुहाली गर्नकै लागि भन्ने ठानिएको हो भने प्रधानमन्त्रीकै अध्यक्षतामा विज्ञसहितको बोर्ड गठन गरेर त्यसैमार्फत कोष सञ्चालन गरौं भन्ने प्रस्ताव पनि गरेको छु,' उनले भने ।

# न गाँस न बास...

उनले भने, 'भएका पुराना टालाफाटाले काम गर्न छाडे, साँझबिहान चिसोले नराम्रोसँग सताउँछ, आगो बालेर बस्नुपरेको छ ।'

घरको मात्र पीर छैन । साँझबिहान छाक जुटाउने पिरलो उस्तै छ । उनको घरमा अनिकाल सुरु भइसकेको छ । 'मागेर खान सकिन्न,' उनले भने, 'सहर बजारतिरका भूकम्पपीडितले राम्रै सहयोग पाएको खबर सुनिन्छ, हामीले राहत लिन जान पनि एक दिन हिँड्नुपर्छ ।'

उनको गाविसमा ५ सय ४३ घरधुरी भूकम्पपीडित छन् । सबै घर बन्ने आसमा छन् । जिल्लाको ८ पहाडी गाविस बढी प्रभावित छन् । जसमा चेपाङ, मगर, तामाङ, गुरुङ, घर्ती समुदायको बसोबास बढी छ । उता दारेचोक ९ स्थित धुसाकी दमनकुमारी चेपाङ भूकम्प गएदेखि टहरोमा बस्दै आएकी छन् । नेपाल चेपाङ संघकी जिल्ला उपाध्यक्षसमेत रहेकी उनका सासूससुरा भने चर्किएकै घरमा बस्न बाध्य छन् । ९ जनाको परिवार छ । सबै जना टहरामा अटाउँदैनन् । उनीसहित ५ जनाको परिवार टहरोमा बस्ने गरेको छ । अहिले चिसो भएकाले उनलाई झाडापखालाले सताएको छ ।

'टहरोमा बस्न थालेदेखि बिरामी नभएको दिन हुँदैन,' उनले बिलौना गरिन्, 'सरकारसँग सुरक्षित ठाउँमा सार्न माग गर्दा पनि कुनै वास्ता भएन ।' उनका अनुसार तत्कालीन प्रमुख जिल्ला अधिकारी डा. मानबहादुर बीकेले असुरक्षित ठाउँ भएकाले सुरक्षितमा सार्ने आश्वासन दिएका थिए । बस्ती भासिएको, जमिन चिरा परेको भन्दै गाउँले अहिले त्रासैत्रासमा बसेका छन् । केहीले ऋण गरेर नयाँ घर बनाएका छन् । यो ठाउँका प्रभावित ३० घरलाई दारेचोककै पीपलडाँडामा अस्थायी टहरा बनाएर सारिएको थियो । अहिले ती टहरा पनि भत्किएका छन् । भएका टहरा सुनसान छन् । युथ एक्सन संस्थाले टहरा बनाइदिएको थियो । गाउँका पीडितले विभिन्न संघसंस्थाले वितरण गर्ने राहतमा समेत आफूहरूलाई विभेद गरेको आरोप लगाए । भूकम्पपछि यो गाउँमा खानेपानीको समस्या चरम छ । भएका मूलहरू सुक्न थालेका छन् ।

'ठूलो परिवार भएकालाई टहरामा गाईबस्तुझैं राख्न खोजेपछि कसरी बस्न सकिन्छ ?' स्थानीय फूलमती चेपाङले भनिन्, 'साढे २ महिनाभन्दा बढी बस्न सकिएन, तर टहराको भाडा हामी आफैंले तिरिरहेका छौं ।' उनका अनुसार सुरुको एक वर्ष गाविसले भाडा तिरिदियो । अहिले आफैंले प्रतिपरिवार टहरो भएको जग्गाको २ सय ७० तिर्ने गरेको उनले बताइन् । टहरो भएको जग्गा स्थानीय बाबुराम गुरुङको हो । 'वर्षातमा कुन बेला पहिरो खसेर पुर्ने हो, थाहा हुँदैन,' उनले भनिन्, 'त्यही भएर असारसम्मका लागि भाडा तिर्ने गरी टहरा राखिराखेका छौं ।' पीडित परिवारले सुरक्षित ठाउँमा सार्न माग गर्दै आएका छन् । तर अहिलेसम्म सुनुवाइ भएको छैन ।

पीडितहरूले लामो समयदेखि घर बनाउन सहयोग आउने आसमा बसे पनि नआएपछि चर्किएका घर टालेका छन् । घरको अवस्था बुझ्न इन्जिनियर टोली नआएको उनीहरूको गुनासो छ । अहिले चिसोले गर्दा झाडापखाला, ज्वरो, रुघाखोकीको समस्या पीडितमा देखिएको छ ।

जिविसका सूचना अधिकारी बलराम लुइँटेलका अनुसार जिल्लामा भूकम्पपीडितको संख्या १८ हजार ७ सय ५२ छ । यो तथ्यांक पहिलाभन्दा बढी हो । सुरुको अवस्थामा पूर्ण र आंशिकसहित संख्या १५ हजार ७ सय ४९ थियो । अहिले बढ्यो । भूकम्पका बेलामा १ करोड ५३ लाख ९२ हजार ६ सय ३३ रुपैयाँ बराबरको जिन्सी राहत सामग्री वितरण गरियो । रेडक्रस जिल्ला शाखाले उपलब्ध गराएको उक्त तथ्यांक भए पनि अन्य हिसाब छैन । पीडितका नाममा विभिन्न संघसंस्थाले लाखौंको सामान वितरण गरे । दुर्गममा भन्दा सुगम क्षेत्रमा पुगेर राहत वितरण गर्नेको प्रतिस्पर्धा चल्यो । विकटका पीडितले बल्लतल्ल एक पटक राहत पाए पनि सहरसँग जोडिएका पीडितलाई राहत थाप्न भ्याइनभ्याइ भयो ।

'भूकम्प प्रभावित क्षेत्रमा इन्जिनियर टोली पठाइसकेका छौं,' स्थानीय विकास अधिकारी श्रवणकुमार पोखरेलले भने, 'टोलीले २ महिनाभित्र काम सक्नेछ, तथ्यांक भेरिफिकेसनपछि घर बनाउन सहयोग उपलब्ध हुनेछ ।' उनले ऋण लिएर घर बनाएकाहरू पीडित भएको र भूकम्प प्रतिरोधी घर बनाएको भए सरकारले दिने राहत रकम पाउने बताए । पहिलो चरणमा १७ सामाजिक परिचालक र १७ इन्जिनियरको टोली माघ १ देखि प्रभावित क्षेत्र गएको छ । माघ ९ देखि थप १६/१६ जना सामाजिक परिचालक र इन्जिनियरको टोली गएको छ । तेस्रो टोली पनि जाने तयारीमा छ ।




## राष्ट्रपति-उपराष्ट्रपतिको सुविधा

# कटौती प्रस्तावप्रति असन्तुष्टि

■ बालकृष्ण बस्नेत

काठमाडौं- सरकारले राष्ट्रपति र उपराष्ट्रपतिको सुविधा कटौतीसहितको विधेयक प्रस्ताव गरेपछि दुवै निकायले असन्तोष प्रकट गरेका छन्। राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधासम्बन्धी विधेयकको मस्यौदामा दुवै संस्थाका मासिक अतिथि सत्कार तथा भैपरी खर्च र कार्यालयमा रहेको केही दरबन्दीसमेत कटौती गरिएको छ। विधेयकमा सुविधा र दरबन्दी कटौती नगरी खाइपाई आएकै उपलब्ध हुनुपर्ने भन्दै दुवै निकायका तर्फबाट परिमार्जन गर्न सुझाव आएको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतले कान्तिपुरलाई दियो।

प्रधानमन्त्री कार्यालयले तयार गरेको उक्त विधेयक हाल कानुन मन्त्रालय पुगेको छ। अर्थ मन्त्रालयसमेतको समन्वयमा प्रधानमन्त्री कार्यालयले विधेयकको मस्यौदा गरेको हो। मस्यौदामा राष्ट्रपति र उपराष्ट्रपतिको अतिथि सत्कार तथा भैपरी खर्च आधा घटाइएको छ। उक्त शीर्षकमा राष्ट्रपतिले प्रतिमहिना एक लाख ५० हजार र उपराष्ट्रपतिले एक लाख ८ हजार रुपैयाँ पाउँदै आएका छन्। तर, विधेयकमा राष्ट्रपतिलाई ७५ हजार र उपराष्ट्रपतिलाई ५० हजार रुपैयाँ मात्र अतिथि सत्कार तथा भैपरी खर्च दिने उल्लेख छ। पत्रपत्रिका र पोसाक सुविधा समेत तुलनात्मक रूपमा न्यून छ। राष्ट्रपतिलाई प्रतिमहिना ६ हजार बराबर र उपराष्ट्रपतिलाई ५ हजार बराबरको पत्रपत्रिका सुविधा र पोसाक सुविधा भने राष्ट्रपतिलाई वार्षिक २५ हजार र उपराष्ट्रपतिलाई २० हजार रुपैयाँ हुने प्रस्ताव छ। राष्ट्रपति तथा उपराष्ट्रपति कार्यालयले पोसाक र पत्रपत्रिका सुविधासमेत कम भएको भन्दै प्रधानमन्त्री कार्यालय र अर्थ मन्त्रालयमा विधेयकमा पुनर्विचार गर्न सुझाव दिएको स्रोतले जानकारी दियो। 'संस्थागत खर्च धान्न नसक्ने गरी सुविधा कटौती भएको छ, यसको पुनर्विचार हुनुपर्छ भनी सुझाव आएका छन्,' प्रधानमन्त्री कार्यालयका एक अधिकारीले भने।

**विधेयकको मस्यौदामा मासिक अतिथि सत्कार तथा भैपरी खर्च र दरबन्दी कटौती गरिएको छ**

प्रस्तावित विधेयकमा राष्ट्रपति र उपराष्ट्रपति दुवैको मासिक तलब सुविधा भने खाइपाई आएकै प्रस्ताव गरिएको छ। राष्ट्रपतिको तलब मासिक एक लाख ५० हजार ४ सय ५० र उपराष्ट्रपतिको एक लाख ८ हजार ३० रुपैयाँ हुने उल्लेख छ। दुवैलाई आवास सुविधा, सवारी साधन, त्यसको मर्मत, सम्भार र इन्धनसमेत सरकारले बेहोर्नेछ। त्यस्तै आवासमा जडान हुने बिजुली, धारा, टेलिफोन, कम्प्युटर, इन्टनरनेट खर्चसमेत सरकारले नै बेहोर्ने उल्लेख छ।

विधेयकमा दुवै संस्थाका लागि विज्ञ र निजी सचिवालयको व्यवस्था सरकारले तोकेबमोजिम हुने भनिएको छ। राष्ट्रपतिको निजी सचिवालयमा सरकारका सचिव सरहका एक, सहसचिव सरहका एक र उपसचिव सरहका २ र शाखा अधिकृत सरहका ४ जनाको दरबन्दी प्रस्ताव छ। उपराष्ट्रपतिको स्वकीय सचिवालयमा हाल कायम रहेको सहसचिव सरहको दरबन्दी भने झिकिएको छ।

उपराष्ट्रपतिलाई सचिव सरहको एक, उपसचिव सरहको एक र शाखा अधिकृत सरहका २ जनाको दरबन्दी राखिएको छ। 'बढ्दो महँगीअनुसार सुविधा थपिनुपर्नेमा खोस्ने काम भएको छ। सचिवालयको दरबन्दीसमेत झिकेकोप्रति हामीले प्रधानमन्त्री कार्यालयको ध्यानाकर्षण गराएका हौं,' उपराष्ट्रपति कार्यालय स्रोतले भन्यो। सुविधा कटौती गर्न आएको प्रस्तावमा कानुन मन्त्रालयले केही दिनदेखि विज्ञहरूसहित अध्ययन गरिरहेको छ। 'सुविधा कटौती गर्न प्रस्ताव गरिएकामा असन्तोष देखिएको छ। थप्नुपर्ने सुझाव पनि विज्ञहरूबाट आएका छन्,' कानुन मन्त्रालयका एक अधिकृतले भने, 'हामीले कानुनी कुरा बढी हेर्ने हो। दरबन्दी र पैसा थप्ने दुवै काममा अर्थकै भूमिका बढी हुन्छ।'

कानुनले पुनः प्रधानमन्त्री कार्यालयमा पठाएपछि मन्त्रिपरिषद्ले अनुमोदन गरी उक्त विधेयक संसद्मा लानेछ। हाल मन्त्रिपरिषद्ले निर्णय गरेर दुवै पदका लागि तलब, सुविधा उपलब्ध गराउँदै आएको छ।

# प्रतिवेदन मन्त्रिपरिषद्मा

**स्थानीय तह पुन:संरचना**

काठमाडौं (कास)- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तह पुन:संरचनासम्बन्धी प्रतिवेदन कार्यान्वयनको प्रस्ताव मन्त्रिपरिषद्मा पठाएको छ। मन्त्रालयले बिहीबार मन्त्रिपरिषदको एजेन्डा बनोस् भनेर प्रस्तावका रूपमा मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयमा प्रतिवेदन पठाएको हो। मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले आयोगको प्रतिवेदनसँगै स्थानीय तह शासन सञ्चालन सम्बन्धमा मन्त्रालयले तयार पारेको आदेशको प्रस्ताव पनि पठाइएको जानकारी दिए। मन्त्रिपरिषद् बैठक शुक्रबार बस्दै छ।

स्थानीय तह पुन:संरचना आयोगले ७ सय १९ वटा गाउँपालिका र नगरपालिका निर्धारण गरिएको प्रतिवेदन पुस २२ मा बुझाएको थियो। प्रधानमन्त्री पुष्पकमल दाहालसहित अन्य मन्त्रीहरूको उपस्थितिमा संघीय मामिला तथा स्थानीय विकासमन्त्री हितराज पाण्डेले प्रतिवेदन बुझेका थिए। प्रतिवेदनअनुसार पुन:संरचना कार्यान्वयनमा आएसँगै स्थानीय तह सञ्चालनमा सहजताका लागि मन्त्रालयले तत्काल कार्य सञ्चालन, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन, सञ्चालनमा रहेका योजना, सम्पत्ति हस्तान्तरणलगायतका विविध विषय समेटेर कार्यसञ्चालन आदेश तयार पारेको छ।

स्थानीय तह निर्वाचनका लागि दलहरूबीच राजनीतिक सहमति जुट्न नसक्दा सरकारले उक्त प्रतिवेदन कार्यान्वयनमा ढिलाइ गर्दै आएको छ। आयोगले प्रतिवेदन तयार भएको जनाउ दिए पनि सरकारले सुरुमा बुझ्न ढिलाइ गरेको थियो। उक्त प्रतिवेदन तीन साता मन्त्रालयमा थन्किएको थियो।

मन्त्रिपरिषद्ले प्रतिवेदनअनुसार पुन:संरचना कार्यान्वयनको निर्णय गरेर राजपत्रमा प्रकाशित गरेपछि लागू हुनेछ। तर, मन्त्रिपरिषद्ले त्यसबारे अध्ययन कार्यदल गठन गरे वा अन्य विकल्पमा गए नयाँ स्थानीय तह गठनको प्रक्रिया लम्बिनेछ।






# निर्वाचन कसुर तथा सजाय विधेयकमा सहमति

## संसद्मा आज पेस गरिँदै

काठमाडौं (कास)- राज्यव्यवस्था समितिअन्तर्गतको उपसमितिले निर्वाचन कसुर तथा सजायसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा सहमति जुटाएको छ। उपसमितिले तयार गरेको प्रतिवेदन पारित गरी समितिको पूर्ण बैठकले शुक्रबारै विधेयकलाई सदनमा पेस गर्ने तयारी भएको समितिका सदस्य रामेश्वर फुँयालले बताए। उनका अनुसार उपसमितिले सरकारले पेस गरेको विधेयकमा सामान्य भाषिक र प्राविधिक पक्षमात्रै मिलाएको छ।

प्रस्तावित विधेयकमा निर्वाचनमा खटिएका कर्मचारीलाई प्रभावित पार्ने र निर्वाचनको निष्पक्षतामा प्रभाव पार्नेलाई कडा सजाय प्रस्ताव गरिएको छ। निर्वाचनलाई प्रभावित गर्नेगरी हातहतियार तथा विस्फोटक पदार्थ प्रयोग वा प्रदर्शन गर्नेलाई दुई लाख रुपैयाँ जरिवाना र तीन वर्षसम्म कैदको सजाय हुनसक्छ भने निर्वाचनको वातावरण बिथोल्ने अन्य कार्यका लागि एक लाख रुपैयाँसम्म जरिवाना र दुई वर्षसम्म कैद सजाय हुन सक्ने व्यवस्था छ। मतदानमा बाधा-अवरोध गर्नेलाई मतदान अधिकृत वा अनुगमनकर्ताले २५ हजार रुपैयाँसम्म जरिवाना गर्न सक्छ। उपसमितिले जस्ताको तस्तै पारित गरेको विधेयकमा कानुनबमोजिम तोकिएको हदभन्दा बढी खर्च गर्ने र गैरकानुनी सहयोग प्राप्त



गरेको ठहर भए उम्मेदवार विजयी घोषणापछि पनि निर्वाचन बदर हुन सक्ने व्यवस्था छ।

उपसमितिले स्थानीय तहको निर्वाचनसम्बन्धी विधेयकको दफावार छलफललाई पनि अन्तिम चरणमा पुर्याएको छ। स्थानीय तहको प्रमुख/उपप्रमुखमध्ये एक जना महिला उम्मेदवार हुने व्यवस्थामा सहमति जुटेको उक्त विधेयकमा निर्वाचनको सयमसीमा ऐनमै उल्लेख/गर्ने नगर्नेमा सहमति जुट्न बाँकी छ। स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको ५ वर्षे कार्यकाल सकिने वर्षको मंसिर महिनामा अर्को निर्वाचन हुने प्रावधान ऐनमै उल्लेख गर्ने वा कार्यकाल सकिनु एक वा दुई महिनाअघि नै निर्वाचन गरी अघिल्लो जनप्रतिनिधिको पदावधि सकिने दिन नयाँलाई पदभार हस्तान्तरण गर्ने भन्ने विकल्पबारे भइरहेको छलफल शुक्रबारसम्म टुंगोमा पुर्याउन अनौपचारिक प्रयास भइरहेको समिति सचिवालयले जनाएको छ। राजनीतिक दलसम्बन्धी ऐनमा रहेको थ्रेसहोल्ड सम्बन्धी विवाद समाधानका लागि शीर्ष राजनीतिक तहमा अनौपचारिक प्रयास सुरु भएको छ। यी दुई विधेयक पारित भए स्थानीय निर्वाचनको प्रक्रिया अघि बढाउन सजिलो हुन्छ। यसअघि संसद्ले बुधबार निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी विधेयक र मतदाता नामावलीसम्बन्धी विधेयक पारित गरी सरकारलाई स्थानीय निर्वाचनको घोषणा गर्ने बाटो खोलिसकेको छ।

# बेरुजु फछ्र्योट नगरे सम्पत्ति रोक्का

काठमाडौं (कास)- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले असुलउपर गर्नुपर्ने ठहर भएको सरकारी बक्यौता नतिर्ने व्यक्तिको सम्पत्ति रोक्का गर्न स्थानीय निकायहरूलाई निर्देशन दिएको छ। सरकारले बेरुजु फछ्र्योट दर बढाउन मन्त्रालयमाथि निरन्तर दबाब दिइरहेका बेला बिहीबार स्थानीय निकायलाई यस्तो निर्देशन दिइएको हो।

मन्त्रालय मातहतका निकायमा नियमित पेस्की, पेस्की बेरुजु र असुलउपर ठहरको निर्णय भएका समेत करिब १३ अर्ब रुपैयाँ बेरुजु देखिएको छ। फछ्र्योट दर अत्यन्तै न्यून छ।

अनुगमन तथा मूल्यांकन महाशाखा प्रमुख सहसचिव मधुसुदन बुर्लाकोटीले स्थानीय निकायका पूर्वपदाधिकारी, कर्मचारी वा उपभोक्ता समितिमा बसेकाहरूसँग देखिएको बक्यौता वा पेस्की रकम एक महिनाभित्र असुलउपर गर्न निर्देशन पठाइएको बताए।

जिविस र नगरपालिकाहरूलाई पठाएको निर्देशनमा असुलउपर हुन नसके सम्बन्धित व्यक्ति वा निजको परिवारको अचल सम्पत्ति जायजेथाबाट असुलउपरका लागि सम्पत्ति रोक्का गर्न भनिएको छ। असुलउपर नभएर सम्पत्ति रोक्का गरिएकाहरूको विवरण पनि मन्त्रालयमा पठाउन पत्राचार गरिएको छ। सरकारी रकम असुलउपर गर्न कारबाही नगरी यथावत् राखे कार्यालय प्रमुखलाई विभागीय कारबाही गर्ने चेतावनी दिइएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मन्त्रालय मातहतको १ सय ३४ वटा मुद्दामा भ्रष्टाचार, अनियमितताको ठहर गर्दै त्यससँग सम्बन्धित बजेट असुलउपर गर्नुपर्ने ठहर गरेको छ। आयोगले समयमा पेस्की फछ्र्योट नगराउनेसँग ब्याज असुल्न, कर्मचारीलाई विभागीय कारबाही गर्नेसमेत निर्णय गरेको छ।

मन्त्रालयका सहसचिव बुर्लाकोटीले अख्तियारको निर्णयअनुसार कतिपय मुद्दामा रकम असुल भएको, कर्मचारीलाई कारबाहीसमेत भएको बताए। तर, अटेर गरेर बसेकाहरूसँग रकम असुल्न र कारबाहीको दायरामा ल्याउने प्रयासलाई थप कडाइ गर्न खोजिएको उनले जनाए। स्थानीय निकाय जनप्रतिनिधिविहीन भएकाले पनि बेरुजु बढेको उनले बताए।

## छोटकरी

**'नेपालको राजनीति सही ट्र्याकमा'**

काठमाडौं (कास)- मरिससका पूर्वराष्ट्रपति कसाम उत्तिमले नेपालको राजनीति सही बाटोमा अघि बढेको बताएका छन्। वर्ल्ड लिडर्स एलाइन्स क्लब (मड्रिड क्लब) का उपाध्याक्षको हैसियतमा तीनदिने नेपाल भ्रमणमा आएका उत्तिमले फर्किनुअघि कान्तिपुरसँग भने, 'नेपालको राजनीतिबाट निराश हुनुपर्ने अवस्था मैले देखिनँ।' उनले हासिल गरिएका उपलब्धिलाई आत्मसात् गर्दै नेपाल अघि बढ्न सक्नुपर्ने बताए। उनले निर्वाचन नै प्रजातन्त्रको मुख्य आधार हुने पनि बताए।

**४४ थान राहदानीसहित चिनियाँ नागरिक पक्राउ**

काठमाडौं (कास)- त्रिभुवन विमानस्थलबाट ४४ थान राहदानीसहित चिनियाँ नागरिक विउ वि छिन पक्राउ परेका छन्। ड्रागन एयरमार्फत चीनको कुनमिङ जान आँटेका विउ बुधबार राति साढे ९ बजे पक्राउ परेका हुन्। उनको साथबाट बरामद भएको पासपोर्ट चिनियाँ नागरिकका हुन् र तिनमा कुनै छाप लगाइएको छैन। कुन प्रयोजनका निम्ति त्यतिका धेरै पासपोर्ट विउले बोकेका हुन् भन्ने खुलेको छैन। विमानस्थलमा कार्यरत डीएसपी गणेश चन्दले दोभासेको सहायतामा बयान सुरु गरिएको बताए।

**३९ एसएसपीको सरुवा**

काठमाडौं (कास)- प्रहरी प्रधान कार्यालयले लामो समयदेखि रोकिएको एसएसपीहरूको सरुवा बल्ल टुंगो लगाएको छ। गृहमन्त्री विमलेन्द्र निधि र महानिरीक्षक उपेन्द्रकान्त अर्यालबीच सहमति मुस्किलले जुटेपछि ३९ एसएसपीको सरुवा गरिएको हो।
एसएसपी विक्रमसिंह थापा सेवा निवृत्त भएको झन्डै एक महिनायता महानगरीय प्रहरी परिसर काठमाडौं नेतृत्वविहीन थियो। अञ्चल प्रहरी कार्यालय धौलागिरिमा रहेका छविलाल जोशी काठमाडौं प्रहरी परिसरमा सरुवा भएका छन्। त्यस्तै महानगरीय अपराध महाशाखाका एसएसपी सर्वेन्द्र खनाल प्रहरी हेडक्वार्टरअन्तर्गतको प्रहरी महानिरीक्षकको सचिवालयमा सरुवा भएका छन्। परिसर नेतृत्वमा भने प्रहरी तालिम महाविद्यालय नवलपरासीमा रहेका दिनेश अमात्य ल्याइएका छन्। त्यस्तै ललितपुर परिसर प्रमुख पीताम्बर अधिकारी अञ्चल प्रहरी कार्यालय मेचीमा सरुवा भएका छन् भने उक्त स्थानमा विपद् व्यवस्थापन महाशाखाका ठुले राई आउने भएका छन्।

**अमेरिकाको १६ करोड डलर सहयोग**

काठमाडौं (कास)- अमेरिकी सरकारले सन् २०१६ मा नेपाललाई सहायतास्वरूप १६ करोड अमेरिकी डलर (१६ अर्ब रुपैयाँ) प्रदान गरेको छ। नेपालस्थित अमेरिकी दूतावासले बिहीबार विज्ञप्ति जारी गर्दै नेपालमा स्वास्थ्य, शिक्षा, वातावरण, कृषि, भूकम्पपछिको पुनर्निर्माण र शासकीय सुधारका लागि उक्त रकम खर्चेको उल्लेख गरेको छ।

**तमूको महाधिवेशन नवलपरासीमा**

काठमाडौं (कास)- तमू ह्युल छोज धीं गुरुङ राष्ट्रिय परिषदको तेस्रो महाधिवेशन नवलपरासीको कावासोतीमा हुने भएको छ। महाधिवेशन यही माघ २२ गतेबाट तीन दिन चल्ने बिहीबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा परिषद्का अध्यक्ष रेशम तमूले बताए।




# भग्नावशेष व्यवस्थापनमै समस्या

- २० महिनापछि भत्किएका घर पन्छाउन थालियो
- थोरै जग्गा, सानो बाटो, जोडिएका घर भएकाले कठिन
- अनुदान रकमको ढिलाइले साझा अवधारणा बनेन

**कान्तिपुर संवाददाता**

भक्तपुर- ०७२ वैशाखको भूकम्पको धक्काले भक्तपुर नगरपालिका-१, तौलाछेंका लटमभक्त फैजुको चारतले घर भत्कियो । उनको १२ जनाको संयुक्त परिवार ताथलीस्थित जस्ताको अस्थायी टहरामा बसोबास गरिरहेको छ । भूकम्प गएको २० महिनापछि बल्ल लटमभक्तको परिवारले क्षतिग्रस्त घरको भग्नावशेष हटाउन थालेका छन् । 'आफ्नो मात्र घर सफा गर्छु भनेर पनि हुँदैन', उनले भने, 'भग्नावशेष पन्छाउने ठाउँ पनि हुनुपर्‍यो, बाटो खुल्नुपर्‍यो ।'

कहिले भग्नावशेष व्यवस्थापन गर्ने र कहिले घर बनाउने भन्ने अन्योलमा परेको पीडितहरू बताउँछन् । १९९० को भूकम्पमा जोगिएको घर ०७२ वैशाख १२ को भूकम्पले भत्काएको बताउने लटमभक्तलाई अस्थायी टहराको कष्ठकर बसाई भन्दा भग्नावशेष व्यवस्थापनमा समस्या परेको छ ।



**भक्तपुर नगरपालिका वशंगोपालस्थित भूकम्पबाट क्षतिग्रस्त घर । २० महिनासम्म पनि भग्नावशेष व्यवस्थापन भएको छैन ।** *तस्बिर : लीला श्रेष्ठ/कान्तिपुर*

उनी जस्तै मध्यपुरथिमी नगरपालिका-१२, भिच्छेमुलाँका कृष्ण श्रेष्ठ पनि क्षतिग्रस्त संरचना व्यवस्थापन गर्न जुटेका छन् । भूकम्पले घर भत्किएपछि केही महिना खेतमा अस्थायी टहरा निर्माण गरी बसेका कृष्णको परिवार अहिले डेरा (कोठा भाडा) मा बासोबास गरिरहेको छ । करिब एक आना क्षेत्रफलको जग्गामा बनेको घर भत्किएपछि कोठामा बसेको उनी बताउँछन् । 'बल्ल क्षतिग्रस्त संरचना हटाउन थालेकाछौं', उनले भने, 'छिमेकीको घरसँग आफ्नो घर जोडिएको छ, आफ्नो मात्र भग्नावशेष हटाउन पनि मिल्दैन ।' 'टोलमा एउटा मात्र घर पुनर्निर्माण गर्न समेत असम्भव छ ।' नगरका भित्री गल्लीका धराप घर भत्काउने, भग्नावशेष हटाउने तथा नयाँ घर बनाउन छिमेकीसँग साझेदारी गर्नुपर्ने उनले बताए ।

भक्तपुर तथा मध्यपुरथिमी नगरका पुरानो र साँघुरो गल्ली भित्रका क्षतिग्रस्त संरचनाको भग्नावशेष अझै व्यवस्थापन हुन सकेको छैन । एम्बुलेन्स, दमकल जस्ता अत्यावश्यक साधन समेत नछिर्ने भित्री गल्ली, अनि बीच/बीचमा भग्नावशेषको अवरोधका कारण समस्या आएको भूकम्पपीडित बताउँछन् । 'कतिपय गल्लीमा मोटरसाइकल समेत छिर्ने ठाउँ छैन', उनले भने । नगरको अधिकांश घर एकसँग अर्को जोडाएर बनाएकै कारण घर भत्काउन पनि टोल नै भत्काउनु पर्ने तथा व्यवस्थापन गर्नुपर्ने भएकाले सबै मिल्नुपर्ने बाध्यताले पनि भग्नावशेष व्यवस्थापनमा ढिलाइ भएको उनीहरूले बताए ।

भक्तपुरको तौलाछें, कोलाछें, गछें, सूर्यमढी, तचपाल, इनाचो, क्वाठण्डौं, चोछें, याछें लगायतका स्थानमा भूकम्पपीडितले अझैं धराप घर भत्काएर व्यवस्थापन गर्न सकेका छैनन् । अनुदान रकम वितरणको ढिलाइ र स्थानीयको साझा योजना बन्न नसक्दा भूकम्प गएको दुईवर्ष पुग्न लाग्दासमेत भग्नावशेष व्यवस्थापन समस्या बनेको तौलाछेंका विश्वराम फैंजु बताउँछन् । मध्यपुरथिमीको भिच्छेमूलाँ, सिवाटोल, गाँतले, न्यागाँचा लगायत स्थानमा भग्नावशेष हट्न सकेको छैन । नगरभित्रका कतिपय भूकम्प पीडितले भने क्षतिग्रस्त संरचनाको भग्नावशेष हटाएर पुनर्निर्माण थालेका छन् ।

# 'शान्ति र स्थायित्वमा भारतको जोड'


काठमाडौं (कास)- भारतीय राष्ट्रपति प्रणव मुखर्जीले छिमेकीको शान्ति र स्थायित्वमा आफूहरूको जोड रहेको बताएका छन् । भारतको ६८ औं गणतन्त्र दिवसमा उनले यस्तो सन्देशमा दिएका हुन्, जसलाई काठमाडौंस्थित भारतीय दूतावासको कार्यक्रममा राजदूत रणजित रायले पढेर सुनाएका थिए । मुखर्जीको नेपाल भ्रमणलाई समेटेर तयार गरिएको 'कफी टेबल पुस्तिका' पनि बिहीबार सार्वजनिक गरियो । गत कात्तिक १७ मा मुखर्जीले दुईदिने नेपाल भ्रमण गरेका थिए ।

राजदूत रायले भारतले छिमेक पहिला नीति र साथसाथ विकासलाई बढावा दिँदै आएको बताए । उनले नेपाल र भारत मिलेर नेपालको गरिबी निवारण गर्न सकिनेसमेत बताए । नेपाल र भारतबीचको खुला सीमा र पुरानो सम्बन्ध रहेकाले पनि साझा चुनौतीमा सहकार्य अपरिहार्य रहेको उनको धारणा थियो ।

कार्यक्रममा दूतावासले प्रकाशित गरेको नेपालमा बस्ने भारतीय भूपूका लागि भारत सरकारले प्रदान गर्ने कल्याण कार्यक्रमहरू समेटिएको 'भूपू २०१६' पुस्तक विमोचन गरिएको थियो । राजदूत रायले भारतीय सेनाका १४ भूपू सैनिक, तिनका विधवा, आश्रित तथा शारीरिक रूपले अशक्त भूपू सैनिकलाई रक्षा सहचारी कल्याण कोषबाट ३ करोड ७५ लाखको चेक र कम्बल वितरण गरे । नेपालका विभिन्न स्थानमा रहेका पुस्तकालय, प्राथमिक विद्यालय, उच्च मावि तथा महाविद्यालयहरू गरी ६० शैक्षिक संस्था तथा तालिम प्रतिष्ठानलाई पुस्तकसमेत दिइएको थियो ।

**२२ एम्बुलेन्स र ४ बस उपहार**

गणतन्त्र दिवसका अवसरमा भारतले २२ एम्बुलेन्स र ४ बस उपहार दिएको छ । राजदूत रायले विभिन्न संस्थालाई एम्बुलेन्सको साँचो हस्तान्तरण गरे । यीमध्ये दुई एम्बुलेन्स भारतीय सेनाका भूपूहरूको संगठनलाई दिइएको हो । भारतले सन् १९९४ देखि नेपालका ७३ जिल्लाका विभिन्न संस्थालाई गरी हालसम्म ६ सय २ एम्बुलेन्स उपहार दिएको दूतावासले जनाएको छ । यस्तै २८ जिल्लाका विभिन्न शैक्षिक तथा कल्याणकारी संस्थालाई १ सय १८ बस उपहार दिएको पनि दूतावासले जनाएको छ ।



**भारतको ६८ औं गणतन्त्र दिवसको अवसरमा बिहीबार भारतीय दुतावास लैनचौरमा राजदुत रन्जित रे झण्डोत्तलन गर्दै ।** *तस्विर/कान्तिपुर*

# निजी अस्पतालमा काम गर्न नपाइने

काठमाडौं (कास)- स्वास्थ्यमन्त्री गगन थापाले बिहान ९ देखि दिउँसो ३ बजेसम्म कुनै पनि चिकित्सक लगायतका स्वास्थ्यकर्मीले निजीमा अभ्यास गर्न नपाउने बताएका छन् । स्वास्थ्य सेवा ऐनमा सरकारी सेवाभन्दा बाहिर काम गर्न सरकारबाट स्वीकृति लिनुपर्ने प्रावधान छ । थापाले स्वास्थ्य सेवा ऐनअनुसार चिकित्सक लगायतका स्वास्थ्यकर्मीले सरकारी सेवाभन्दा बाहिर काम गर्न सरकारबाट लिएका स्वीकृतिहरू समेत खारेज गरिएको विज्ञप्तिमार्फत जनाएका हुन् ।

निजीमा काम गर्ने कसैले स्वीकृति लिएको र कसैले नलिएको पाइएकाले एकरूपता ल्याउन हालसम्मका सबै स्वीकृति खारेज गरिएको उनले जनाएका छन् । अब ९ बजे देखि ३ बजेसम्म बाहेकको समयमा निजी क्षेत्रमा काम गर्न चाहने चिकित्सक र स्वास्थ्यकर्मीले २०७३ फागुन मसान्तभित्र निवेदन दिएर सरकारबाट स्वीकृति लिनुपर्ने मन्त्री थापाले जनाएका छन् ।

स्वास्थ्यमन्त्रीले सरकारी अस्पताल नचल्नुको कारण चिकित्सक नबस्नु रहेको समेत बताए । जिल्लाका केही सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक दिउँसो ११ बजे नै निजी क्लिनिकमा काम गर्न जाने गरेको आफूले अनुगमनमा पाएको उनले जनाए । उनले सरकारीमा काम गर्ने चिकित्सक, स्वास्थ्यकर्मी ९ बजेदेखि ३ बजेसम्म निजीमा भेटिए निजी स्वास्थ्य संस्थासँगै त्यहाँ काम गर्ने सरकारी चिकित्सक, स्वास्थ्यकर्मीसमेत कारबाहीमा पर्ने बताए ।

निजी स्वास्थ्य संस्थाले आफ्नो सूचनापाटीमा त्यहाँ कार्यरत सरकारी चिकित्सक स्वास्थ्यकर्मीको नाम र अनुमति लिएको विवरण समेत उल्लेख गर्नुपर्छ । थापाले नियम पालना नगर्ने संस्थाको सञ्चालन अनुमतिसमेत खारेज हुन सक्ने चेतावनी दिएका छन् । स्वास्थ्यकर्मीले बिहान ९ देखि दिउँसो ३ बजेसम्म संस्थामा सेवा दिनैपर्छ । यस्तै ३ बजेदेखि ५ बजेसम्म विस्तारित स्वास्थ्य सेवाअन्तर्गत पालो पर्नेले बस्नुपर्छ । हाल स्वास्थ्य मन्त्रालयअन्तर्गतका चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारीलाई अतिरिक्त समय काम गरेबापत तलबको ५० प्रतिशतसम्म थप सुविधा प्रदान गर्ने निर्णय भइसकेको छ ।

## खुले सिलबन्दी गरिएका स्वास्थ्य संस्था

काठमाडौं- स्वास्थ्य मन्त्रालयद्वारा सिलबन्दी गरिएका राजधानीका केही निजी स्वास्थ्य संस्था पुनः सञ्चालनमा आएका छन् । स्वास्थ्य निर्देशिका २०७० अनुरूप मापदण्ड पूरा गरेपछि मन्त्रालयले ती संस्थालाई सञ्चालन अनुमति दिएको हो ।

पुनः सञ्चालनमा आइसकेकामा ओम समाज डेन्टल अस्पताल, विराज डेन्टल प्रा. लि, अलबुद्ध डेन्टल होम, अलाइभ क्लिनिक, कृष्णिका ल्यावरोटरी र अल्का डेन्टल होमलगायत राजधानीका दशवटा स्वास्थ्य संस्था छन् । ओम समाज करिब एक महिनाअघि नै खुलेको हो ।

जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौंका तथ्यांक अधिकृत पुष्कर बिजुक्छेका अनुसार सरकारी मापदण्ड मिच्ने स्वास्थ्य संस्था सिलबन्दीमा परेका थिए । उनले भने, 'मापदण्डमा आउन प्रक्रियामा थिए, नियममा आएपछि पुनः सञ्चालन अनुमति दिएको हो ।'

नियमअनुसार जनस्वास्थ्यमा दर्ता हुनुपर्ने अधिकांश संस्था घरेलु तथा साना उद्योग र प्रा. लिमा दर्ता गरिएको पाइकाले प्रक्रिया पूरा नगरुन्जेलसम्मका लागि ती स्वास्थ्य संस्थामा सिलबन्दी गरेको कार्यालयका प्रमुख महेन्द्र श्रेष्ठले बताए । बिजुक्छेका अनुसार सिलबन्दी गरिएका बाँकी संस्था पनि मापदण्ड पूरा गरी चाँडै पुनसञ्चालनको तयारीमा छन् ।

राजधानीमा अनुगमनका लागि ४ सय संस्था अझै बाँकी रहेको उनले बताए । उनले भने, 'सिलबन्दी हुने र पुनः सञ्चालनमा आउने दुवै प्रक्रिया चलिरहेको छ ।' सरकारी नियम मिचेर स्वास्थ्य संस्था सञ्चालन गर्नेलाई मापदण्डभित्र आउन फागुन मसान्तसम्मको समय दिइएको मन्त्रालयले बताएको छ । मन्त्रालयका चिकित्सा महाशाखाका उपसचिव रामकृष्ण लामिछानेले भने, 'फागुन महिनाभित्र मापदण्ड पूरा नगर्नेलाई सधैंका लागि सञ्चालन अनुमति खारेज गरिने छ ।'

# बिनाअनुमति बालुवा खानी

■ **प्रशान्त माली**

### 'अवैध बालुवा खानी सञ्चालनमा उच्च तहका व्यक्तिदेखि लिएर गिरोह नै सक्रिय'

ललितपुर- बज्रबाराही नगरपालिकाका एक स्थानीयबासी भूकम्पले भत्केको आफ्नो घर पुनर्निर्माण गर्न खानीबाट बालुवा ल्याउन सिधै डुकुछाप पुगे । बालुवा उत्खनन भइरहँदा पनि उनले खरिद गर्न पाएनन् ।

विभिन्न डिपोहरूले एकमुष्ठ रकम दिई उठाउने ठेक्का लिइसकेकाले दिन नमिल्ने भन्दै फर्काएको उनले बताए । उनी डिपोमा खरिद गर्न बाध्य भए । उनका अनुसार खानी राम्रोसँग सञ्चालन नभएको भन्दै डिपोवालाहरूले मनपरी भाउ लिएर बेच्ने गरेका छन् । 'एक ट्रिपर बालुवाको १८ देखि २२ हजार रुपैयाँसम्म लिन्छन्' उनले भने, 'ट्रिपरमा हुनुपर्ने २ सय १० क्युफिट बालुवा पनि हुँदैन ।'

उनले मूल्य डिपो पिच्छे फरक हुने गरेको बताए । 'केही थाहा नहुनेलाई ढलान गर्ने बालुवाको २७ र प्लाष्टर बालुवाको २६ हजार रुपैयाँसम्म लिने गरेका छन्,' उनले भने, 'त्यही बालुवा भूकम्पअघि ७ देखि १० हजारसम्ममा पाइन्थ्यो ।'

अर्का स्थानीयबासीका अनुसार जिविस र प्रहरीसँगको मिलेमतोमा खानी सञ्चालन गर्नुपर्ने भएकाले महँगो परेको डिपोवालाहरूको भनाइ छ । 'साना मिनी टाटामा ल्याउनुपर्दा पनि ९ देखि १० हजार रुपैयाँसम्म लिने गरेका छन्,' उनले भने ।

डुकुछापमा बिना अनुमति तीनवटा बालुवा खानी सञ्चालन भइरहेका छन् । बालुवा नख्खु करिडोर र बुंगमती- भैसेपाटी सडक भएर डिपोमा पुर्‍याउने गरिन्छ । विरोध गरे ज्यान मार्ने धम्कीसमेत आउने गरेको डुकुछापका स्थानीयबासी बताउँछन् । 'अवैध बालुवा खानी सञ्चालनमा उच्च तहका व्यक्तिदेखि लिएर गिरोह नै सक्रिय भएका छन्,' ती व्यक्तिले भने ।

ती बालुवा खानीले अवैध रूपमा दैनिक ४० देखि ५० ट्रिप बालुवा ओसारप्रसार भइरहेको स्रोतको दाबी छ । यसले प्रति क्यू फिटका दरले सरकारलाई बुझाउनुपर्ने राजस्व दैनिक २८ हजारदेखि ३५ हजारसम्म छली भइरहेको छ ।



**ललितपुरको कार्यविनायक नगरपालिका डुकुछापमा अवैध रूपमा सञ्चालित खानीबाट उत्खनन गरिएको बालुवा प्रशोधन गरिँदै ।** *तस्बिर : प्रशान्त/कान्तिपुर*

तर पनि जिल्लास्तिर ढुंगा, बालुवा, गिट्टी व्यवस्थापन अनुगमन समन्वय समिति मौन छ । समितिका संयोजक प्रमुख जिल्ला अधिकारी दीपक काफ्ले र सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण आचार्यले यसबारेमा प्रतिक्रिया दिन चाहेनन् । समितिका सदस्यसचिव स्थानीय विकास अधिकारी हरिप्रसाद दाहाल र जिल्ला प्रहरी प्रमुख एसएसपी पीताम्बर अधिकारीले खानी सञ्चालन भइरहेकोबारे जानकारी नभएको दाबी गरे ।

दाहालले अनुगमन समितिमा आफू सदस्यसचिव रहेको कुरा बल्ल थाहा पाएको दाबी गरे । 'अनुगमनका लागि प्रमुख जिल्ला अधिकारीसँग पहल गर्नेछु,' उनले भने ।

एसएसपी अधिकारीले अवैध खानी चल्न दिन नहुने बताए । 'साताअघि बन्द गर्न निर्देशन दिएका थियौं,' उनले भने, 'प्रहरीको सुरक्षामा लुकीछिपी चलेको भए कारबाही गर्नेछु ।' यसरी खुलेआम बालुवा उत्खनन भइरहँदा पनि सम्बन्धित निकायले कारबाही नगरेको गुनासो स्थानीयबासीको छ ।

**ऐनमा के छ ?**

खानी तथा खनिज पदार्थ ऐन २०४२ को दफा ५ को १ नम्बरमा खानीज सञ्चालन गर्न चाहने व्यक्तिले गुणस्तर तथा परिमाण यकिन भइसकेको खनिज पदार्थको हकमा उत्खनन् कार्यको प्रस्तावित योजनासहित अनुमतिका लागि तोकिएको ढाँचामा विभागमा निवेदन दिनुपर्नेछ ।

विभागले जाँचबुझ गरी निवेदन दिने व्यक्तिको आर्थिक एवं प्राविधिक क्षमता र खानी सञ्चालन गर्न योग्यता भएको देखिएमा दस्तुर लिई अनुमति दिन सक्नेछ । कसैले ऐन विपरित खानी सञ्चालन गरेमा उत्खनन गर्न प्रयोग गरिएका उपकरण र मालसमान जफत गर्नुका साथै १ लाख रुपैयाँसम्म जरिवाना गर्न सकिने छ । नोक्सान भए क्षति पनि भराइने व्यवस्था छ ।

# '१० वर्षभित्र उपत्यका मेट्रो रेल'

काठमाडौं (कास)- भौतिक पूर्वाधार तथा यातायातमन्त्री रमेश लेखकले १० वर्षभित्र उपत्यकाभित्र 'मेट्रो रेल' सञ्चालन गर्ने तयारी रहेको बताएका छन् । उपत्यकाको यातायात व्यवस्था अस्तव्यस्त भएकोप्रति चिन्ता व्यक्त गर्दै लेखकले 'फ्लाइ ओभर' 'मेट्रो रेल' लगायतका वैकल्पिक पूर्वाधार निर्माण गर्नेबारे मन्त्रालयका अधिकारीसँग छलफल भइरहेको बताए ।


मुलुकका विभिन्न स्थानमा सडक संरचना पुर्‍याउनेबारे मन्त्रालयले तीव्र गतिमा काम अघि बढाएको दाबी उनले गरे । वर्षौंदेखि सुस्तगतिमा निर्माण भइरहेको तराईको हुलाकी सडकको विभिन्न खण्डको ठेक्कापट्टा भएको उनले बताए ।

झापादेखि कञ्चनपुरसम्मको १७ सय किमि लम्बाई रहेको उक्त सडकको करिब ६ सय किमि खण्डको ठेक्कापट्टा प्रक्रिया अघि बढेको उनको भनाइ छ । 'केही खण्डमा हामी आफैंले र केही भारत सरकारको सहयोगमा निर्माण गरिराखेका छौं', उनले भने, 'बाँकी रहेको निर्माण प्रक्रिया पनि चाँडै अघि बढ्छ ।' 'केही सुरुङमार्ग निर्माण गर्न तयारी भइरहेको छ', उनले भने । मध्यपहाडी लोकमार्गको निर्माण कार्य छिट्टै सम्पन्न गर्नेसमेत पनि सम्बन्धित अधिकारीसँग छलफल भइरहेको उनले बताए । यसको लम्बाई १ हजार ७ सय ७६ किमि रहेको छ । पाँचथरको चियोभञ्ज्याङदेखि सुरु हुने मध्यपहाडी लोकमार्ग बैतडीको झुलाघाटमा पुगेर टुंगिन्छ । चियाभन्ज्याङदेखि झुलाघाटसम्म पुग्दा राजमार्गले पहाडका ३९ जिल्लामध्ये २४ जिल्ला पार गर्छ । ती मध्ये १९ जिल्लाका सदरमुकाम छिचोलेर जान्छ ।

पाँचथरको फिदिम, तेह्रथुमको वसन्तपुर, सिन्धुलीको खुर्कोट, धादिङको बैरेनी-गल्छी, तनहुँको डुम्रे-भन्सार, बागलुङको बुर्तिवाङ, रुकुमको चौरजहारी, दैलेखको राकम कर्णाली, अछामको साँफेबगर र बैतडीको पाटनमा सरकारले आधुनिक सुविधा सम्पन्न सहर विकास गर्ने तयारी अघि बढाएको छ । यी सहरलाई नै मध्यपहाडी लोकमार्गले छुनेछ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव धनबहादुर तामाङले मध्यपहाडी लोकमार्गमा पर्ने पुल निर्माणलगायतका काम तीव्र गतिमा अघि बढिरहेको बताए ।


सडक विभागका महानिर्देशक देवेन्द्र कार्कीले सडक संजालले मानिसको आर्थिक संवृद्धि तथा जीवनस्तर उकास्नमा महत्त्वपूर्ण भूमिका पुर्‍याउने भएकाले निर्माणमा कार्य तीव्र गतिमा अघि बढाइएको दाबी गरे । 'केही प्राविधिक समस्या आएका सडक संरचना निर्माणबाहेक अन्यमा कुनै कन्जुस्याई गरेको छैनौं ।'










## » तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | कर्म प्राप्ति | तुला | खटपट |
| वृष | धर्म बढ्ने | वृश्चिक | पराक्रम बढ्ने |
| मिथुन | अस्वस्थता | धनु | धन आर्जन |
| कर्कट | नयाँ काम बन्ने | मकर | पदोन्नति |
| सिंह | आलस्यता | कुम्भ | केही लाभ |
| कन्या | अध्ययनमा सफल | मीन | कार्य सफल |

## » भोलिको पात्रो

विक्रमसंवत् २०७३ साल माघ १५ गते शनिबार तदनुरुप २८ जनवरी २०१७ माघ शुक्लपक्ष प्रतिपदा तिथि रात्रिको ६:६ बजेसम्म उप्रान्त द्वितीया तिथि श्रवण नक्षत्र रात्रिको ११:१९ बजेसम्म उप्रान्त धनिष्ठा नक्षत्र सिद्धि योग दिनको ३:११ बजेसम्म उप्रान्त व्यतिपात योग किंस्तुघ्न करण साँझको ६:४ बजेसम्म उप्रान्त बब करण मकर राशिमा चन्द्रमा ।

**ज्यो. रामप्रसाद सिटौला**

## कान्तिपुर टेलिभिजन

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर/अमृत वाणी | ५:०५ | कल कान्तिपुर |
| ६:०० | जीवन विज्ञान/ज्योतिष मन्थन | ६:०० | कान्तिपुर न्यूज |
| ६:४० | स्काइ सप | ६:३० | म्युजिक समिट |
| ७:०० | कान्तिपुर समाचार | ७:०० | कान्तिपुर समाचार |
| ८:०० | कान्तिपुर न्यूज | ७:३० | इन्फो प्लस |
| ८:३० | राइज एण्ड साइन | ८:०० | कान्तिपुर समाचार |
| ९:०० | हेडलाइन न्यूज | ९:०० | डिठ्ठासाब |
| ९:०५ | मार्गदर्शन | ९:३० | परिवर्तन |
| १०:०० | कान्तिपुर समाचार | १०:३० | कान्तिपुर न्यूज |
| १०:३० | एमएनएस | ११:०० | कान्तिपुर समाचार |
| ११:०० | हेडलाइन न्यूज | ११:३० | इन्फो प्लस |
| ११:०५ | समाकन २ | १२:०० | कल कान्तिपुर |
| १२:०० | कान्तिपुर समाचार | १:०० | कान्तिपुर न्यूज |
| १२:३० | हर्के हल्दार | १:३० | डिठ्ठा साब |
| १:०० | हेडलाइन न्यूज | २:०० | कान्तिपुर समाचार |
| १:०५ | डिठ्ठासाब | २:३० | म्युजिक समिट |
| १:३० | किलो टेंगो माइक | ३:०० | कान्तिपुर समाचार |
| २:०० | मुभी | ३:३० | परिवर्तन |
| ५:०० | हेडलाइन न्यूज | ४:३० | डिठ्ठा साब |

## रेडियो कान्तिपुर ९६.१

**हरेक दिन २४ सै घन्टा हरपलको साथी**

| | | | |
|---|---|---|---|
| ००:०१ | ननस्टप नेपाली आधुनिक सङ्स | १३:०० | ब्रन्च विफ भूमिका (भूमिका) |
| ०१:०२ | ननस्टप नेपाली पप सङ्स | १५:०० | के छ नेपाल (रेमन) |
| ०२:०४ | ननस्टप हिन्दी सङ्स | १५:१५ | कान्तिपुर डायरी |
| ०४:०५ | ननस्टप भजन | १६:०० | सौराइ (कृष्ण) |
| ६:२५ | भक्ति अनुष्ठान (जनार्दन) | १७:०० | सिने क्विज (चाँदनी) |
| ०६:५५ | कान्तिपुर डायरी | १८:०० | फेनाटिक फ्राइडे (स्मिता/महेश) |
| ०७:३० | द हेड लाइनर्स | १८:३० | हेप्पी लाइफ (हेम सुवेदी) |
| ८:०० | मानसिक स्वास्थ्यमा कोसिस | १९:०० | कान्तिपुर डायरी |
| ९:०० | गुडमर्निङ शो (गिरिश) | २०:०० | प्लेट्रोनिक्स (सञ्जय) |
| ९:१० | कान्तिपुर डायरी | २१:०० | वेल नो टेन्सन (दीपक/अम्बिका) |
| ०९:१५ | ट्राफिक अपडेट (नेपाल प्रहरी) | २१:३० | कान्तिपुर डायरी |
| १०:०० | किक स्टार्ट (सञ्जय) | २२:०० | इन्द्रेणी |
| ११:०० | न्यु रिलिज (रेमन) | २३:०० | क्लब मिक्स (गिरिश) |
| १२:०० | फेमिना (चाँदनी) | २४:०० | इलिवेन्थ हावर (सञ्जय) |
| १२:१० | कान्तिपुर डायरी | | |

## अस्पताल र विविध

| | |
|---|---|
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| शहीद गंगालाल | |
| राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४००८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि., सामाखुशी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४०९८/४४८९८९१ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, अत्तरखेल, जोरपाटी | ०१४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसुति गृह | ४३८३१५२/४३८०८४८ |
| केन्द्रीय पशु चिकित्सालय | ४२६१३८२/४२२९०६४/४२६८१९३ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | ४४७३५१८/४४७०६१५ |
| शहीद मेमोरियल अस्पताल | ४६७२९३४/०१६२०८६७२ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४, ४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| स्टार अस्पताल,सानेपा | ५५५०१९७, ५५५०१९८ |
| अल्का अस्पताल, जावलाखेल | ५५५५५५५ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००, ५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६, ४४१९६७२ |
| स्पाइनल इन्जरी पुनस्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्री बाल अस्पताल | ४४१११३४, ४४१५४६१ |
| बी.पी. स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४, ४३८७०९६ |
| सुमेरु अस्पताल, धापाखेल | ०१ ५००३३७७/८८/९९ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५, ४४२६१८४ |
| एभरेष्ट हस्पिटल, नयाँबानेश्वर | ४७८१२९४, ४७८३०२४ |
| काठमाडौ नाक कान घाँटी अस्पताल | ४२४५५५४, ४२२६७३० |
| ग्रान्डी इन्टरनेशनल हस्पिटल, धापासी | ५१५९२६५, ५१५९२६६ |
| ग्रिन सिटी हस्पिटल, धापासी | ४३५२२४८, ४३५७४५२ |
| शुभेक्षा इन्तरनेशनल हस्पिटल | ४२८९५३४, ४२८९५३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०, ४३८५९११ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |




Kantipur Media Group is the Country's first and leading private media group. With the mission of enhancing Nepalese people's right to right information, KMG is committed to propagating responsible journalism, offering value to our consumers and providing an effective platform for advertisers. Kantipur Publications, **Kantipur Television**, Radio Kantipur and Kantipur Digital Corp are the main companies under KMG's umbrella.

## We are searching for
## Highly Dynamic
## Highly Dedicated
## Highly self-Driven

### NEWS Team

1. **Sr. Copy Editor (Nepali News Desk) | SCE|101|17**

**Educational Background:**
- Master's in Mass Communication or related field.
- At least five years experience in reputed media houses, journalism or relevant field.
- Excellent verbal and written communication skills.

**Job Descriptions:**
- Review content of stories and check for errors of fact, technical errors, creative content, miscues, editorial mistakes and all elements needed to deliver quality news.
- Copy edit scripts and review final edited versions.
- Develop ideas for stories and critique available stories to find ways to improve them. Write up daily notes on problems and what could have been done differently.
- Monitor the works of reporters and news assistants.
- Determine priority of stories in news bulletin.
- Ensure that all necessary elements in news packages are delivered in timely fashion.
- Set quality standards.
- Give feedback and assistance to staff for improvement.

### REPORTING TEAM

1. **Reporter (Bureaucracy & Administration) | R|BA|102|17**
2. **Reporter (Health & Social Sector) | R|HSS|103|17**
3. **Reporter (Political & Current Affairs) | R|PCA|104|17**
4. **Reporter (Business Bureau) | R|BB|105|17**

**Educational Background:**
- Bachelor's degree in Mass Communication or related field.
- At least two years experience in media houses, journalism or relevant field.
- Excellent verbal and written communication skills.
- Fresh graduates with a strong drive and passion for media are also encouraged to apply.

**Job Descriptions:**
- Use creativity and imagination, and exercise judgment in investigating, reporting, interviewing, writing, editing and delivering news stories and assigned events.
- Develop and maintain sources and generate new story ideas.
- Provide live coverage during major breaking news events, working investigative angles that separate us from the competition.
- Attend and participate in all editorial meetings as scheduled.
- Maintain a well-groomed and professional appearance.
- Must be able to thrive in a fast paced, high-pressure, deadline-driven newsroom.

### NEWS PRESENTATION/PRODUCTION

1. **News Anchor/Producer (Nepali News) | NA|P|106|17**
2. **News Anchor/Producer (English News ) | NA|P|107|17**

**Educational Background:**
- Bachelor's degree in Mass Communication or related field.
- At least two years experience in media houses, journalism or relevant field.
- Excellent verbal and written communication skills.

**Job Descriptions:**
- Write and edit news stories and scripts for packages.
- Assist in pre-production and broadcast preparation, making sure stories are clear, accurate and represent the station's benchmark goals.
- Keep informed on current issues by reading newspapers, wires and other media outlets and develop new ideas for news stories.
- Interview guests and report on contemporary topics whenever required.
- Attend and participate in all editorial meetings as scheduled.
- Maintain a well-groomed and professional appearance.
- Must be able to thrive in a fast paced, high-pressure, deadline-driven newsroom.

### Production Team

1. **Production Coordinator | PC|108|17**
   - Ensures and co-ordinate both indoor and outdoor shootings.
   - Efficient Coordination with various departments like camera, edit, transportation, GSD, makeup, wardrobe and other logistics effectively.
   - Minimum 2 years of experience in relevant field.

2. **Writers - Nepali/ English | WR|110|17**
   - Prepare Scripts for a wide range of television program including different programs, commercials, documentaries and dramas with innovation.

3. **Research | RC|111|17**
   - Research the project ahead of shooting time to increase truth, factual content, creative content, original ideas, and background information.

4. **Presenters | PR|112|17**

   You will be the face of the show. We are looking for a vibrant personality with the following traits.
   - You should be a natural at keeping an audience riveted.
   - You should be able to improvise on the fly.
   - You should be unflappable under pressure
   - Good communicator having great command of Nepali and English.

5. **Make-up Artists | MUA|113|17**
   - Applies makeup to anyone who appears on screen in appropriate manner.
   - Minimum of 1 year of experience in relevant field.

6. **Wardrobe Artists | WA|114|17**
   - Prepare and arrange all the clothing and costumes worn by all the characters/actors on screen, as well as designing, planning, and organizing the construction of the garments down to the fabric, colors, and sizes.
   - Ensures the overall appearance of a project with appropriate designs, including impacting on the style of the project, and how the audience interprets the show's characters.
   - Contribute greatly to the appearance of the production, and set a particular mood, time, feeling, or genre.

7. **Assistant Producers | AP|115|17**
   - The production assistant (PA) occupies a prompting role in the Gallery or Control Room.
   - Prior to a production, prepares and times the script, noting pre-recorded inserts, sound effects, etc. And clears copyright and other administrative issues.
   - Effective Coordination with different sub units, counting down time-to-time transmission aloud to the crew via the studio microphone, remaining for sections of a program, such as an interview or and commercial break.

### Cameraman | CM|116|17

- Capability to shoot for news and various programs accordingly.
- Should be deployed as per the instruction of the HOD as and when required.

### Marketing Department

1. **Marketing Executive | ME|117|17**
   - Graduate or minimum of Bachelor's Degree in Management or equivalent from a recognized university with 2/3 years of professional experience in relevant field.
   - Should be computer literate with pleasant personality and good communicator in both verbal and written English.
   - Candidate with their own vehicle would be preferred.

### Engineering Department

1. **Audio Coordinator | AC|109|17**
   - Suggest, design and setup Audio system in transmission Studios, Program production Studios Editing system, Outdoor broadcasting, Filed production
   - Audio quality control of daily transmission, Daily program production, Outdoor broadcasting, field production
   - Suggest, Upgrade existing sound system
   - Create and mix audio clips, required for editing and other purpose.
   - Perform other activities as and when required.
   - Minimum of Bachelors of Engineering in related field with 3 years of experience in relevant field.
   - Fresh graduates with a strong drive and passion for media are also encouraged to apply.

### To Apply:

We encourage interested candidates, having met the above requirements are requested to submit the application along with a covering letter and updated CV at **hrd@kmg.com.np** no later than **17:00 hours, 10th February, 2017.**

(Only shortlisted candidates will be called for interview and other selection processes. Telephonic inquiry and any kind of canvassing during the selection process will disqualify your candidacy. The company reserves the right to reject any / all applications without citing any reasons, thereof.)

Note: Please mention the job position and vacancy code you are applying for, on the subject line.

### सम्पादकीय

## विद्युत् चोरी गर्नेलाई कारबाही नरोक

**कर्मचारीहरूको मिलेमतोमा बिजुली चोरी भएको निष्कर्ष निकाल्दै विद्युत् प्राधिकरणले त्यसमा नियन्त्रण गरी बढ्दो चुहावट घटाउन क्षेत्रीय वितरण तथा ग्राहक सेवा कार्यालयका करिब २ हजार ५ सय कर्मचारीहरूको सरुवा गर्ने जुन निर्णय लिएको छ, त्यो आफैंमा सकारात्मक भए पनि पर्याप्त छैन । विद्युत् चोरीमा संलग्न त्यस्ता कर्मचारीलाई सरुवा गरेर मात्र पुग्दैन, छानबिन गर्दा दोषी पाइए कारबाही नै गर्नुपर्छ । त्यसो त सेटिङमा मिटर बिगारेर बिजुली चोरी धन्दामा संलग्न भएको आरोपमा महानगरीय अपराध महाशाखाले माघ ९ मा प्राधिकरणका ११ कर्मचारी, एक पूर्वकर्मचारी र चार व्यापारीलाई पक्राउ गरेको थियो जसलाई अहिले ठगी धन्दामा मुद्दा चलाइएको छ । यो घटनाले पनि विद्युत् चोरीमा प्राधिकरणका कर्मचारीदेखि पूर्वकर्मचारी र व्यापारीसम्मको 'सिन्डिकेट' हावी भएको प्रस्टै देखाउँछ । त्यसैले पनि प्राधिकरणमा कार्यरत कर्मचारीहरूको यस किसिमको व्यवहारको छानबिन गरी उनीहरूलाई कारबाही गर्नैपर्छ ।**

**महानगरीय अपराध महाशाखाको प्रारम्भिक अध्ययनले पनि मिटरको सुई उल्टो घुमाएर विद्युत् खपतभन्दा कम पैसा उठाई संगठित रूपमा नै वर्षौंदेखि कमाउ धन्दामा समूह नै लागिपरेको देखाएको छ । पक्राउ गरिएका व्यक्तिहरूमाथि छानबिन गर्ने क्रममा यो तथ्य बाहिर आए पनि यस्ता अनेकौं समूह प्राधिकरणभित्र सक्रिय भएका हुन सक्छन् । पक्राउ परेका प्राधिकरणका यी कर्मचारीहरूमाथि ठगी मुद्दा चलाइए पनि उनीहरूको सम्पत्तिबारे पनि जाँचबुझ थाल्ने तयारी भएको छ । पक्राउ परेका मध्ये केहीको सम्पत्ति अस्वाभाविक देखिएकाले स्रोत खोज्न त जरुरी छ नै साथै पक्राउ परेकाहरूको बयानका आधारमा संगठित विद्युत् चोरीमा केही उपल्ला कर्मचारी नै संलग्न रहेको देखिनु विडम्बनापूर्ण अवस्था हो । यो अवस्थामा प्राधिकरणभित्रको छानबिनको दायरालाई उपल्लोस्तरसम्म पुर्‍याउन जरुरी छ । अझ अचम्मलाग्दो तथ्य त के छ भने पक्राउ परेका कर्मचारीहरूमध्ये धेरैजसो राजनीतिक दलका विभिन्न संगठनमा सक्रिय रहेकाहरू छन् । यो स्थितिमा दल र ती दलनिकट कर्मचारी संगठनहरूबाट कारबाही नगर्न मन्त्री र कार्यकारी निर्देशकसमक्ष दबाब आउनु स्वाभाविक हो । तर, सरकारले राजनीतिक 'सम्झौता' को नाममा त्यस्ता गलत क्रियाकलापमा संलग्न कर्मचारीहरूलाई छाड्नु हुन्न ।**

**प्राधिकरणको विद्युत् चुहावट २५ प्रतिशत हाराहारीमा छ । प्राधिकरणको कार्यकारी निर्देशकमा कुलमान घिसिङ नियुक्त भएपछि चुहावट घटाउन आठवटै क्षेत्रीय वितरण केन्द्रहरूलाई निर्देशन दिइएको थियो । तर, ती केन्द्रहरूले लक्ष्यअनुरूप काम गर्न नसकेपछि अहिले ठूलो संख्यामा कर्मचारी सरुवा गरिएको हो । लक्ष्यअनुरूप चुहावट नघट्नुमा लामो समयदेखि एउटै वितरण केन्द्रमा कार्यरत कर्मचारीहरूको विभिन्न उद्योग र बढी खपत गर्ने ठूला ग्राहकसितको मिलेमतो हुन सक्ने निष्कर्षमा प्राधिकरण पुगेको छ । र, यतिखेर नयाँ ठाउँमा सरुवा भएर जाँदा कर्मचारीको पुरानो 'कनेक्सस' त टुट्नेछ नै साथै बढी बिजुली खपत गर्ने ठूला ग्राहकसित 'नाजायज सम्बन्ध' बनाउनसमेत समय लाग्न सक्छ जसका कारण तत्कालका लागि चुहावट घट्ने प्राधिकरणको अपेक्षा छ । यसरी प्राधिकरण तत्कालका लागि अवैध कनेक्सन र मिलेमतो टुटाउन मात्र लागेको देखिन्छ । तर, प्राधिकरणले यतिमा मात्र सीमित नभई कर्मचारीबाट चोरी/चुहावट नै नहुने बाटोको खोजी गर्न जरुरी छ । त्यसका लागि विद्युत् चोरीमा संलग्न कर्मचारीलाई कडाभन्दा कडा कारबाही गर्नैपर्छ । ऊर्जामन्त्री जनार्दन शर्मा र प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जसरी लोडसेडिङमुक्त गर्ने अठोट लिँदै त्यसैअनुरूप कदमहरू चालेका छन्, त्यो सराहनीय छ । तर, यस अभियानका क्रममा आइपर्न सक्ने सम्भावित दबाब र प्रभावलाई समेत परास्त गर्दै अघि बढे मात्र लोडसेडिङमुक्त अभियानले सार्थकता पाउनेछ ।**

# कुन क्रममा निर्वाचन ?

श्रीकृष्ण अनिरुद्ध गौतम



**प्रदेश संस्थागत नभई वास्तवमा केन्द्रले न सिमाना हेरफेर गर्न मिल्छ, न त स्थानीय निर्वाचनको एकल निर्णय नै ।**


हाले प्रमुख तीन दल माने नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्र स्थानीय तहको निर्वाचन गराइछाड्ने निष्कर्षमा पुगेका छन् । तर भ्रम नरहोस्, यस्तो निष्कर्षमा यी दल यसैपटक मात्र पुगेका होइनन्, बारम्बार पुग्ने गरेका छन् । स्थानीय निर्वाचन प्रकारान्तरमा यिनीहरूको थेगै हो भने पनि फरक पर्दैन । माघ २०६३ मा अन्तरिम संविधान आएसँगै स्थानीय निकायको निर्वाचन गर्ने भनियो । गरिएन । पहिलो संविधानसभाको निर्वाचनपछि पुनः चर्चा चल्यो, गराइछाड्ने भाषण सुनियो । तर २ वर्षको संविधानसभाको म्याद पटक–पटक गरी ४ वर्ष तन्किँदै जाँदा, स्थानीय त्यतिकै थन्कियो । हुन्छ, गर्नुपर्छ, गर्छौं भन्दै झुक्याइयो । आस देखाउन छाडिएन, विदितै छ, स्थानीय भएन, संविधानसभा नै भंग भयो । बरु अर्को संविधानसभाको निर्वाचन गरियो । स्थानीय तह/निकाय त वास्तवमा आस देखाउने तर गर्नचाहिँ नगर्ने ढँटुवा प्रवृत्तिजस्तै भएको छ ।

स्थानीय निकायको निर्वाचन विगत दुई दशकपूर्व भएको थियो । त्यो अब प्रायः विस्मृत भइसकेको छ । करिब १५ वर्षदेखि नेपाल राज्यको स्थानीय शासन कर्मचारीको दयामा चलिरहेको छ । यसबीच जन्मेको, हुर्केको पुस्ताले स्थानीय भनेको जनप्रतिनिधिमूलक संस्था नभएर प्रशासनिक कर्मचारी अधीनस्थ निकाय हो भन्नेमात्र बुझेको छ । फलस्वरुप जनस्तरलाई राज्यले दिनुपर्ने सेवा नराम्ररी अझ भनौं डरलाग्दो गरी प्रभावित भएको छ । अर्थात् विकास विचलित र लोकतन्त्रको जरै रुग्ण भएको छ । १५ वर्षयता माथि-माथि पात-पात मात्र चुरीफुरी गर्दैछन् । ती पातहरू प्राकृतिक नभएर बाहिरबाट हरियो पोतिएका कृत्रिम बन्न पुगेका छन्, हावाका तालमा मच्ची–मच्ची हल्लिने । त्यसैले लामो सामयदेखि धरातलसँग सम्बन्ध टुटेको र भ्रष्ट भएको छ राजकाज ।

जसरी बीज जमिनको सतहभन्दा अलिभित्र अंकुरित हुन्छ, त्यसरी नै लोकतन्त्र जनतामाझबाट आउँछ । यसरी बुझौं, लोकतन्त्र एउटा जीवनदायी जीवन्त वृक्ष हो, जमिन अर्थात् जनस्तर आधार हो । जमिनभित्र जरा फैलाएर जमिनमाथि यो उभिन्छ । यसका जरा जनताका मनमा हुन्छन् । वृक्षको जीउ प्रणाली र दलहरू हाँगा, नेताहरू पात हुन् । पातले श्वास–प्रश्वासको काम र आहार तयार गर्छ । पात पातमात्र होइन, सम्पूर्ण व्यवस्थाको अभिन्न अंग हो । जरादेखि पातसम्म आआफ्नो काम इमानदारीपूर्वक गरिरहनुपर्छ, अनि बाँच्छ, वृक्ष हजारौं वर्ष । यी सम्पूर्णलाई एकीकृत रूपमा पद्धति भनेर बुझ्नुपर्छ । पातको जीवनाधार जरैदेखि अन्तरसम्बन्धित हुन्छ, जरालाई पोषण सम्पूर्ण व्यवस्थाले गर्छ । जरा बलिया भए वृक्ष उभिन्छ, फल दिन्छ । फल दिने चक्र चलिरहन्छ । यहाँ के नबिर्सौं भने वृक्षको सेवासुश्रुषा, सुरक्षा गरिरहनुपर्छ । अन्यथा सुक्छ, ढल्छ । यस दृष्टिले हेर्दा, नेपालको लोकतान्त्रिक वृक्ष दयनीय अवस्थामा पुगेको छ । टुपलुप्क माथि संसद् मात्र छ, नेताहरू कृत्रिम पात । त्यहीं कोही बोक्रा ताछ्दैछन्, कोही जरा उधिन्दै । न सेवासुश्रुषा, न सिंचन नेपालको लोकतन्त्र साँच्चै धरापमा छ ।

जनस्तर जो लोकतन्त्रको आधारभूत शक्ति हो र सरकार जो राज्यको सञ्चालक हो, बीच दूरी बढ्दो छ । लोकतन्त्र औपचारिकतामा सीमित हुने क्रम बढ्दो छ । एउटा सबल लोकतन्त्र, जनताप्रति आत्मीयता भएको, जनताकै स्वामित्व भएको व्यवस्था सुनिश्चित हुनका लागि यी दुई पद्धतिसम्मत ढंगले निरन्तर निश्चित व्यवस्थामार्फत अन्तरक्रियारत रहनुपर्छ । त्यो अन्तरक्रिया हो, स्थानीयदेखि केन्द्रसम्म निर्वाचन । हरेक तहमा व्यापक लोकपरिचालन, आर्जन, स्रोतको दोहन, साधनको चयन र उपयोग गर्दै वास्तवमा भावनाको स्तरमा पनि आदान–प्रदान भइरहेको हुनुपर्छ । कुनै समूह भित्रिया हुने र अरु पाखा पर्नु हुँदैन । समूह/समूह एकार्कामा आबद्ध, संघबद्ध हुनुपर्छ । निर्वाचनको अभावमा सम्पूर्ण तारतम्य टुट्न जान्छ । तारतम्य टुट्न जाँदा संवाद रोकिन्छ । फलस्वरुप, राज्यको जनताप्रति र जनताको राज्यप्रति आत्मीयता र स्वामित्व रहँदैन । विश्वास टुट्न जान्छ, अर्थात् राज्यमा जीवन्तता रहँदैन । देशमा राज्यविमुखताको अवस्था उत्पन्न हुन्छ । अहिले मुलुक त्यस्तै राज्य विमुखताको अवस्थामा पुग्न लागेको छ । अब आफैंलाई प्रश्न गरौं, यस राज्यविमुखताबाट देशलाई राज्यप्रति आस्थाको अवस्थामा फर्काउने एकमात्र साधन स्थानीय निर्वाचन मात्रै हो त ?

निश्चय नै स्थानीय निर्वाचन एकमात्र उपाय होइन । आवश्यकता छ, तर क्रमअनुसार । यसले मात्र पर्याप्त हुँदैन र साँच्चै भन्नुपर्दा यो क्रम पनि होइन ।



किनभने विगतमा जस्तो आजको राज्य एकात्मक मान्यतामा आधारित छैन । संघीयतालाई राज्यको सांगठनिक प्रकारका रूपमा संविधानतः स्वीकारिएको छ । संघीयता भन्नाले मुख्यतः प्रदेशमा स्वशासन र केन्द्रमा साझा शासन भनेर बुझ्नुपर्छ । केन्द्रले एकातिर आफूलाई संविधानतः किटानी गरिएका दायित्व सम्पूर्ण राज्यलाई एक एकाइ मानेर निर्वाह गर्छ । तर साथसाथै अधिकांश विशेष गरेर जनतामा पुर्‍याउनुपर्ने सेवा राज्यका एकाइहरू अर्थात् प्रदेशमार्फत गर्नुपर्ने हुन्छ । प्रदेशलाई नसोधी, उसैबाट अथवा ऊसँग सहकार्य नगरी गर्न मिल्दैन । प्रदेशहरू बनाइएको नै त्यसैका लागि हो । प्रदेश व्यवस्थापन र कार्यसञ्चालनको जिम्मा प्रादेशिक सरकारको हुन्छ । यहाँ भनिरहनु नपर्ला, स्थानीय तह प्रदेश अन्तर्गतका उप-एकाइहरू हुन् । संघीयतामा स्थानीय तहसँग सामञ्जस्य राख्ने कार्यभार प्रदेशको हो । त्यहाँ केन्द्र सोझै पसेर खप्टिन मिल्दैन । अब हेर्नुहोस्, प्रदेशमा कुनै संस्था नै छैनन्, किनभने यसका राजनीतिक संस्था बनेकै छैनन् अर्थात् प्रदेशसभाका लागि निर्वाचन भएकै छैन । प्रदेश संस्थागत नभई वास्तवमा केन्द्रले न सिमाना हेरफेर गर्न मिल्छ, नत स्थानीय निर्वाचनको एकल निर्णय नै ।

फेरि संवैधानिक जटिलता कहाँसम्म छ भने संविधानको धारा ८६ को उपधारा २ (क) बमोजिम राष्ट्रियसभा गठनमा प्रदेशसभाका सदस्यका साथै गाउँ र नगरपालिका नेतृत्वको मत चाहिने व्यवस्था गरिएको छ । राष्ट्रियसभा गठन गर्न प्रदेश र स्थानीय दुबै तहको निर्वाचन भएको हुनुपर्छ र संसद् बन्नलाई तीन तहकै निर्वाचन अनिवार्य हुन्छ । किनभने प्रतिनिधिसभा र राष्ट्रियसभा दुबैलाई संयुक्त रूपमा संसद् भनिएको छ । तात्पर्य के भने संविधान निर्देशित व्यवस्था बन्नका लागि केवल एक अथवा दुई तहको निर्वाचन भएर पुग्दैन, मिल्दैन, हुँदैन । निर्वाचन तीन तहकै हुनुपर्छ र त्यो पनि ७ माघ २०७४ अगाडि नै । हो, स्थानीय तहको निर्वाचनबारे यो काम कसले गराउने भन्ने किटानी संविधानमा छैन । तर धारा २३५ को उपधारा २ को भावार्थअनुसार यो तह प्रदेश मातहत रहेको नै देखिन्छ । हुन पनि कुनै पनि संघीयताको विद्यार्थीले स्थानीय तहमाथि प्रदेशको नभएर केन्द्रको निगरानी रहन्छ भन्न सक्दैन, मिल्दैन र हुँदैन । किनभने जसरी केन्द्रको परिक्षेत्र समस्त प्रदेशहरू हुन्छन्, त्यसरी नै प्रदेश स्थानीय तहका विभिन्न इलाकामा अवस्थित हुन्छ । स्थानीयमा केन्द्र नै सोझै समन्वय गर्न पुग्ने हो भने प्रदेश हुनुको औचित्य नै समाप्त हुन्छ । संघीयताको मर्ममाथि प्रहार हुन जान्छ । अथवा भनौं, संघीयता अलंकार मात्र बन्न जान्छ ।

यहाँ अवश्य प्रश्न उठ्छ, यो हुँदैन त्यो हुँदैन भने उपाय के छ त ? हो नै, समस्या देखाउनेले समाधान पनि सुझाउनुपर्छ र समाधान छ । समाधान हो, सर्वप्रथम प्रादेशिक तहको निर्वाचन । त्यस लगत्तै स्थानीय तह पुनःसंरचनाको प्राविधिक विवाद समाधान गरेर स्थानीयको । यसो गर्दा संघीयतामा स्थानीय तह प्रदेश मातहत रहने मान्यताको सम्मान त हुन्छ नै, कथित पूरक संविधान संशोधनको आवश्यकता पनि पर्दैन । जहाँसम्म प्रतिनिधिसभा निर्वाचनको विषय छ, त्यसको प्रतिनिधित्व प्रणालीको प्रश्न पहाडका हुन् अथवा मधेसका सत्ताप्रिय राजनीतिज्ञहरूका लागि बडो अनुकूल छ । त्यसैले यसमा निश्चय नै उनीहरूले विवाद गर्ने छैनन् । अर्थात् प्रतिनिधिसभाको निर्वाचन सहजै सम्भव छ ।

जहाँसम्म संविधान संशोधनका मुद्दाहरूलाई कहाँ लगेर थन्क्याउने भन्ने विषय छ, त्यसको पनि उपाय नभएको होइन । छ । यी मुद्दाहरूलाई निर्वाचनका दौरान दलहरूले आआफ्नै पक्षमा मत माग्न जनस्तरमा लिएर जान सक्छन् । पक्षमा उभिनेहरूलाई दुई तिहाइ मत आए, संशोधन हुने भयो । पर्याप्त जनमत नआए कथित संविधान संशोधनको प्रस्ताव लोकमतद्वारा अस्वीकृत भएको स्वीकार्ने र प्राप्तिलाई सकार्दै आआफ्नो राजनीतिक दिशा तय गर्ने । यदि आफूखुसी गर्ने तर लोकसम्मति सम्मत कुनै प्रस्ताव नस्वीकार्ने प्रतिबद्धता हो भने भनिरहनु नपर्ला, माथि भनिएझैं, लोकतन्त्रको वृक्ष सुरक्षित रहने छैन । त्यस अवस्थामा सबैभन्दा पहिला पातहरू अर्थात् नेताहरूकै सत्ता समाप्त हुनेछ । यसर्थ संघीय लोकतान्त्रिक गणतन्त्रलाई जीवन्त रूपमा विकसित गर्दै लान प्रदेशलाई प्राथमिकतामा राख्नुपर्छ र त्यस लगत्तै र अविलम्ब स्थानीय तहको निर्वाचन भएको हुनुपर्छ, साथसाथै अथवा त्यसपछि प्रतिनिधिसभा । अर्थात् एक तहको निर्वाचन गरेर सुस्ताउने होइन, तत्परता वास्तवमा तीन तहकै निर्वाचन लगत्तै-लगत्तै गर्ने हुनुपर्छ । किमधिकम्, यही नै यतिखेर लोकतन्त्र सुरक्षित राख्ने मार्गचित्र हो ।

## पाठक मञ्च

### औषधि सहुलियतमा मिलोस्

सरकारले बर्सेनि गरिब तथा दुर्गम क्षेत्रका जनताका लागि भनेर करोडौं रकम बराबरको निःशुल्क औषधि व्यवस्था गरेको छ । अहिले ७० थरी औषधि अस्पतालको तह हेरेर पाइने सुनिन्छ । तर दुर्गमका जिल्ला अस्पतालसम्म सिटामोल तथा जीवनजल पाइँदैन भनी बेला–बेलामा समाचार आइरहन्छन् । खासमा सरकारले औषधि यसरी सित्तैमा बाँड्ने होइन । एक समय कुष्ठरोग तथा क्षयरोगजस्ता महामारी वा सरुवा रोगका लागि उन्मूलन अभियान वा निर्मूलको उद्देश्यले निःशुल्क बाँडे जसरी गरिब तथा विपन्न वर्गका लागि जटिल रोगको नियमित औषधि सेवनका लागिमात्र दिनु उचित हुने थियो । विशेषगरी मुटु, मृगौला, कलेजो तथा स्नायु लगायत महँगा रोगको प्राथमिक उपचारदेखि नियमित औषधि सेवन तथा सुविधासम्पन्न अस्पतालमै 'फलोअप' गर्न जाँदैमा धेरैलाई घरबारविहीन तथा सहाराविहीन बनाइराखेको छ ।

यथार्थमा जथाभावी औषधि बाँड्नेभन्दा पहिला जोकोहीले खरिद गरेर, उपचार सकेपछि वा उपचारकै क्रममा गरिब, अशक्तलाई निःशुल्क सबै पाउने व्यवस्था होस् । कतिपय स्थानमा ढुवानी नभएका, कति क्षेत्रीय स्वास्थ्य निर्देशनालयका गोदाममा म्याद नाघेर बसेका होलान् वा यसरी निःशुल्क भनिएका औषधि तिनै स्वास्थ्यकर्मीले कतिपय ठाउँमा बिक्री गरेर आर्थिक लाभ लिएकासम्म समाचार आएका छन् । त्यसरी पाउनेको पूर्ण विवरण सार्वजनिक होस् या तीनपुस्ते विवरण, सिफारिसका आधारमा पाउने, लिएको भनी स्थानीय निकाय, सरोकारवाला निकायबाट वर्षमा कम्तीमा एकपटक 'अडिट' होस् । अधिकांशजसो निःशुल्क पाएकाले पनि सही सदुपयोग गरेका हुँदैनन् ।

– **श्रीकृष्ण राजवंशी**
*सिन्धुली*

### निजी विद्यालयको लुट

जाडो बिदापछि विद्यालय खुलेको पहिलो दिनै बच्चाले ल्याएको बिल देखेर अवाक भएँ । हेर्दै जाँदा एक महिनाभन्दा बढी अवधिको जाडो बिदामा घर बसेको अवधिको पनि यातायात भाडा तथा दिउँसोको खानाको समेत रकम जोडेर पाँच अङ्कमा पुगेको बिलमा उल्लेखित रकमले मनस्थिति थप विचलित तुल्यायो । मनमा धेरै प्रश्न उठे, के खाँदै नखाएको खानाको पैसा विद्यार्थीले तिर्नुपर्छ ? के चढ्दै नचढेको स्कुल बसको भाडा बच्चाहरूले भुक्तान गर्नुपर्छ ? के देशमा सरकार छैन ? के देशमा कानुन छैन ? देशको राजधानीमा सञ्चालित प्रतिष्ठित निजी विद्यालयले खुल्लमखुल्ला मच्चाएको यस प्रकारको लुटको अविलम्ब छानबिन गरी उचित कारबाही गरियोस् । नियामक निकायसँग विनम्र अनुरोध गर्छु ।

– **मीरा गुरुङ**
*काठमाडौं*

### कान्तिपुरलाई सुझाव

कान्तिपुरले समय, परिवेश अनुसारका समाचार प्रकाशित गरी सत्यतथ्य सूचना प्रदान गरेको छ । हप्ताका प्रत्येक दिन विशेष किसिमका सन्दर्भमा कुनै न कुनै किसिमले जोडिने गरेकाले यसको सान्दर्भिकता कुनै टिप्पणी गर्नु छैन । तर यसलाई अझ प्रभावकारी बनाउनुपर्ने कुरामा केही कमी भयो कि भन्ने आभाषचाहिँ भएकै छ । प्रायः गरेर कान्तिपुरमा प्रकाशित सामग्रीहरू राजनीति केन्द्रित र सहरमा हुने घटना/परिघटनासँग मात्र जोडिएका सूचना प्रकाशित गर्ने क्रम पछिल्लो समयमा बाक्लिएको आभाष भएको छ । आजभन्दा २ वर्ष पहिला जुन रूपमा ग्रामीण परिवेशका सूचनाहरू सम्प्रेषण गर्ने गरिन्थ्यो, सूचनाहरू खोजिन्थ्यो, त्यो पातलिँदै गएको त छैन ?

लेखक र विश्लेषकहरू पनि एउटा चक्रमा घुमिरहेका छन् । नयाँ रचना र विश्लेषण गर्ने व्यक्तिलाई समावेश नगरेको जस्तो लाग्छ । हुन त नाम कहलिएका व्यक्ति र नेताका विचार राख्दा पाठक बढी हुन्छन् भन्ने मान्यता लिनुभएको होला, तर यो विपरीत जस्तो लाग्छ, आजको परिवेशमा । उही पुरातन विचार, देशमा उल्लेख्य परिवर्तन ल्याउँछौं भन्ने नेताहरूभन्दा सटिक विश्लेषण र समय अनुकूलका फरक सोच भएका विचार, विश्लेणले नयाँ पाठकको मन तान्ने काम गर्छ । यिनीहरूलाई पनि प्राथमिकता दिने कि ?

– **सुदर्शन आचार्य**
*जोहाङ, गुल्मी*

### जो चोर उसकै ठूलो स्वर

केही दिन पहिले बिजुली चोरीमा संलग्न विद्युत प्राधिकरणका बहालवाला कर्मचारी ११, पूर्वकर्मचारी १ तथा ४ व्यापारी पक्राउ परेको घटनाले कर्मचारीतन्त्र भ्रष्टाचारीहरूको अखडा रहेछ भन्ने कुरा छर्लङ्ग भएको छ । अब राष्ट्रसेवक कर्मचारीको परिचय फेरिएर राष्ट्रपीडक कर्मचारी बन्न पुगेको छ । त्यस्तो कुनै सरकारी कार्यालय सायदै होला, जहाँ सेवाग्राहीलाई सहजै सेवा उपलब्ध गराइएको होस् र घुसखोरी बिना जनताको काम गरिएको होस् । विगतका हिउँदमा १८ घन्टासम्म लोडसेडिङ हुनुको मुख्य कारकतत्त्व प्राधिकरणभित्रका अपराधी कर्मचारी रहेछन् भन्ने कुरा अहिले मुद्दा खेपिरहेका भ्रष्टहरूले प्रस्ट पारिसकेका छन् । के प्राधिकरणभित्र पक्राउ परेका कर्मचारीमात्रै बिजुली चोर हुन् त ? होइनन् । कम्तीमा पनि ८० प्रतिशतभन्दा बढी कर्मचारी नै बिजुली चोरीमा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा संलग्न हुनसक्छन् ।

२५ प्रतिशत हाराहारीमा भइरहेको बिजुली चुहावटको तथ्यांक हेर्दा कर्मचारीहरूको बदमासी कारक भएको कुरा छिपाएर छिप्ने कुरा होइन । यसैलाई मध्यनजर गर्दै प्राधिकरणले २५०० कर्मचारीलाई सरुवा गरेको छ । उसलाई राम्रो/नराम्रो भन्नुभन्दा पनि बाध्यात्मक एवं आवश्यक कदम मान्नुपर्छ । यसका विरुद्ध राजनीतिक दलको पुच्छर कर्मचारी संगठनहरूले कार्यकारी निर्देशक तथा उपकार्यकारी निर्देशकको कार्यकक्षमा विरोध तथा घेराउ गर्नु निन्दनीय कार्य हो । बाहिरी रूपमा विरोधको कारण जे देखाए पनि भित्री रूपमा भ्रष्टाचार गर्न पाउनुपर्छ र अकुत कमाउन पाउनुपर्छ भन्ने बाहेक अरु केही होइन र हुनसक्दैन । जो चोर उसको ठूलो स्वर भनेको यही हो ।

– **ऋषि सापकोटा**
*बोर्लाङ-७, गोरखा*

व्यापारीसँगको मिलेमतोमा मिटर बिगारेर करिब १३ अर्ब रुपैयाँ बराबरको विद्युत चोरीमा संलग्न भएको पाइएपछि महानगरीय प्रहरी अपराध महाशाखाले हालै प्राधिकरणका कर्मचारी र केही व्यापारीलाई पक्राउ गरेको छ । जसका कारण यसअघि गराइएको कृत्रिम लोडसेडिङको रहस्य पनि पत्ता लाग्ने सम्भावना बढेको छ । त्यस्तै नेपाल विद्युत प्राधिकरणमा कुन हदसम्म अनियमितता हुने गरेको रहेछ भन्ने कुरामा सबै प्रस्ट भएका छन् । पक्राउ परेका कर्मचारीका भनाइ र प्रहरीले दिएको जानकारीअनुसार अधिकांश स्थानमा प्राधिकरणका कर्मचारी स्वयंले मिटर उल्टो घुमाएर धेरै बिल उठ्ने ठाउँमा थोरै उठेको बनाउने र अतिरिक्त शुल्क बुझ्ने गरेका रहेछन् । विद्युत चोरीमा अहिले पक्राउ परेका पात्रहरू प्रतिनिधि पात्र हुनसक्छन् । तर बदमासीमा संलग्न ती कर्मचारीहरू मात्रै होइनन् भन्नेमा सचेत हुँदै कुलमानले शंकास्पद २५ सय कमचारीको एकैपटक सरुवा गरेका छन्, जसले गर्दा ठूला व्यापारीसँग मिलेमतो गर्न नयाँ कर्मचारीहरूलाई समय लाग्छ । उनको यो कदमको सबैले स्वागत गर्नुपर्छ ।

– **जयराम पुडासैनी**
*बौद्ध-६, काठमाडौं*

### सार्वजनिक यातायात दुरुपयोग

काठमाडौंमा खानेपानी, सडक, सञ्चार, शिक्षा लगायत विभिन्न समस्या रहेका छन् । ती मध्ये पनि विभिन्न आरक्षण सुविधा दिएको भनिएका सार्वजनिक यातायातका साधनहरूको अवस्था भने झनै विकराल बन्दै गइरहेको छ । बिहान र बेलुका अफिस जाने र फर्कने समयमा सार्वजनिक यातायात चढ्न तँछाड–मछाड गर्नुपर्ने र बलियाले मात्र सहजै गाडी चढ्न सक्छन् भने बालक, वृद्धवृद्धा, अपांगहरूले ती सवारी साधनहरू चढ्न सक्दैनन् । त्यतिमात्र कहाँ हो र, पकेटमारहरूले आफ्नो व्यवसाय सुरु गरिहाल्छन् र भएको रकमसमेत दिनदहाडै चोरी हुन्छ । सार्वजनिक सवारी साधनहरू विभिन्न रुटमा दर्ता भई यात्रु ओसार्ने प्रयोजनका लागि प्रयोग हुनुपर्ने हो । तर कतिपय त्यस्ता यातायातका साधन बिहान–बेलुका विभिन्न विद्यालयका विद्यार्थी बोक्ने गर्छन् र कार्यालय समयमा सवारी साधनको अभाव देखाई यात्रु पैदल वा गुन्द्रुक कोच्चिएझैं कोचिएर यात्रा गर्न विवश हुनुपर्ने अवस्था आएको छ । यसतर्फ सम्बन्धित निकायको ध्यान जानु जरुरी छ ।

– **न्हुंछेनारायण श्रेष्ठ**
*पुल्चोक, ललितपुर*

### कसरी कर तिर्ने ?

वागमती अञ्चलमा ८ लाख १० हजार मोटरसाइकल, १ लाख ७० हजार निजी कार–जिप, १० हजार ट्याक्सी, ५० हजारभन्दा बढी ट्रक, बस र करिब १ लाखभन्दा बढी सरकारी र संस्थानका गाडी दर्ता भइसके । अर्थात १२ लाख सवारी साधनको वार्षिक कर तिर्ने ठाउँ उही ललितपुरको यायायात कार्यालय एउटा मात्र । के यो सम्भव छ ? असम्भव भए पनि बाध्यतावश कर तिर्न पुरै एकदिन खर्च गरेर जान सेवाग्राही बाध्य छन् । किन सवारी कर तिर्ने कार्यलाई सरलीकरण गर्न सक्दैन सरकार ? किन बैंकमा रकम बुझाएर भौचर देखाए कर तिरेको मान्न नमिल्ने ? अमेरिका लगायत देशमा भएको व्यवस्था नेपाल सरकारले अपनाउन किन सक्दैन ? यातायात मन्त्री रमेश लेखकले जवाफ दिनुपर्‍यो । अहिले सवारीको कर तिर्नपर्दा जोकसैले सिधै आफै तिर्न सक्दैन । दलालको सहाराबिना कर तिर्न जनता सक्दैनन् । सधैं यस्तै बेथिति राख्ने हो या यसमा पनि सुधार गर्ने हो ? कर तिर्न खोज्दा पनि सास्ती भोग्नुपर्ने मुलुकमा नेपाल पहिलो होला । हालै यातायात मन्त्रालयले भक्तपुरको जगाती र काठमाडौंको सुकेधारामा नयाँ कार्यालय खोलेको सुन्नमा आएको छ । तर ती कार्यालयमा लाइसेन्सको काममात्र हुने रे, कर तिर्नपरे एकान्तकुना नै जानुपर्छ रे भनिँदैछ । यथार्थ के हो ?

– **गोपाल देवकोटा**
*चाबहिल, काठमाडौं*

### यी लाठी र तिलाठी



डा. विद्यानाथ कोइरालाको 'यी लाठी र तिलाठी : जोड्ने कता ?' ले हामी नेपालीलाई सोच्नुपर्ने बनाएको छ । छिमेकी देशहरूको अन्धाधुन्द अनुकरण गर्दा हामीले कति नोक्सानी बेहोरिरहेका छौं, त्यसबाट हामी अनभिज्ञ छौं । सित्तैमा पाइएका परियोजना हुन् वा सस्तोमा आयातित वस्तुहरू त्यसबाट हामीले आफ्नो सीप हराएको र उद्यममा चोट पुगेको थाहा पाउँदैनौं । सहयोगको नाममा हामीले छिमेकीहरूका प्रत्येक सर्त मान्यौं । त्यसबाट हामी कति हेपिँदैछौं, थाहै पाएनौं । थाहै नपाई छिमेकीको अन्धानुकरणबाट पुगेको क्षतिको लेखाजोखा गर्नै गाह्रो छ । सरकार मात्रै होइन, सम्पूर्ण नेपालीले अन्धानुकरणबाट बच्न सक्ने बाटोमा हिँड्न यस लेखबाट प्रेरणा मिल्नेछ ।

– **महेन्द्रसिंह बम**
*टीकापुर-९, कैलाली*

### वीरगन्जका पनि सरुवा होऊन्

विद्युत्को मिटर बिगारेर, सिल तोडेर अकुत सम्पत्ति कमाउन पल्केका विद्युत्का कर्मचारीलाई समाउँदा देशभरि नै खैलाबैला मचिएको छ । कर्मचारी कुनै न कुनै दलसँग आबद्ध भएको हुनाले लामो समयदेखि विद्युत् चोरीमा संलग्न भए पनि समाउन हम्मेहम्मे परेको थियो । तर अन्त्यमा तह लगाउन सफल भए । विद्युत् चुहावट नियन्त्रण गर्न विभिन्न ठाउँबाट २५०० कर्मचारी सरुवा प्रकरणले देशमा केही हदसम्म भ्रष्टाचार नियन्त्रण हुने जनविश्वास देखिएको छ । तर वीरगन्जबाट कर्मचारी सरुवा प्रकरणमा परेको नदेख्दा दुःख लागेको छ । वीरगन्जको कार्यालयमा लामो समयदेखि कार्यरत कर्मचारी धेरै छन् । त्यसकारण यहाँबाट समेत सरुवा गर्नु आवश्यक छ । देशभरिकै विद्युत् कर्मचारीको सम्पत्तिसमेत छानबिन गर्नुपर्छ । यसो गर्नाले कर्मचारीहरूमा डर उत्पन्न भई भ्रष्टाचार गर्न चाहँदैनन् र भ्रष्टाचार विस्तारै कम हुँदै जान्छ ।

– **प्रमोद पौडेल**
*श्रीपुर-१४, वीरगन्ज*

### स्वागतयोग्य प्रयास

२०७३ माघ ६ गते प्रकाशित औषधि मूल्य २० गुणा बढी समाचार पढ्ने मौका पाएँ । ८० पैसा पर्ने सय एमजी प्रोजेस्टोरोनलाई बजारमा १६ रुपैयाँ, किसप्लेटिन १० ग्रामको ४२ रुपैयाँ, जोलिड्रोनिक चार मिलिग्रामको ५०५ रुपैयाँ पर्नेलाई बजारमा २७६६ रुपैयाँ, इरिनोटिकेन एचसीएल ४० मिलिग्रामको ८१९ रुपैयाँ पर्नेलाई बजारमा २४१३ रुपैयाँ ८० पैसामा बजारमा बिक्री भइरहेको समाचारले औषधिको क्षेत्रमा कालोबजारी छ र दलालहरू मोटाइरहेछन् भन्ने स्पष्ट बुझ्न सक्छ । मान्छे धनी होस् या गरिब बिरामी भएपछि अस्पताल जानुपर्छ र डाक्टरले लेखिदिएको औषधि किनेर खानुपर्छ । एउटा गरिब व्यक्ति आफू दिनभरि भारी बोकी, गिटी फुटाएर, बालुवा चालेर पाएको ज्यालाबाट जसोतसो बाँचिरहन्छ । २० गुणा बढी औषधिमा पैसा लिएर कालाबजारीहरूले जिउँदै मारिरहेछन् । रातारात धनी बन्न खोज्ने यस्ता दलाली, देशद्रोहीहरूलाई कारबाही गर्नुपर्छ । यसमा स्वास्थ्य मन्त्री गगन थापाले चाल्नुभएको कदम अत्यन्त उचित र जिम्मेवारीपूर्ण छ ।

– **जनार्दन अधिकारी**
*पाल्पा*

### स्ववियु निर्वाचनको माहोल

यसभन्दा अघिका स्ववियु निर्वाचनको माहोललाई नियाल्ने हो भने आगामी फागुन १४ मा स्ववियु निर्वाचन हुने स्थिति देखिँदैन । पहिले-पहिले प्रायः तोकिएकै समयमा निर्वाचन हुने गर्थ्यो, तर पछिल्लोपटक विभिन्न समयमा घोषणा हुँदै आएको स्ववियु निर्वाचन सर्दै आएको हुँदा विद्यार्थीहरूमा फेरि पनि चुनाव हुन्छ कि हुन्न भन्ने दुविधा बढेको हुनसक्छ । यसले गर्दा उनीहरूमा उत्साह सेलाउँदै गएको हुनसक्छ । विगतमा स्ववियु निर्वाचन आउनुभन्दा झन्डै ५/६ महिना अघिदेखि क्याम्पसहरूमा छुट्टै खालको चहलपहल हुने गर्थ्यो, तर अहिले जम्मा एक महिनामात्र बाँकी रहँदासम्म पनि मुख्य क्याम्पसहरू सुनसान नै देखिएका छन् । क्याम्पसको अवस्था सुनसान हुनुमा सेमेस्टर प्रणालीलाई मुख्य कारक मान्छन्, सम्बन्धित क्षेत्रका अधिकारीहरू । सेमेस्टर प्रणालीमा अनिवार्य रूपमा उपस्थित भएर हाजिरी जनाउनुपर्ने हुँदा राजनीति गर्नेभन्दा पनि पढाइमा लगाव राख्ने विद्यार्थीहरू क्याम्पसमा उपस्थित हुने गर्छन् । उनीहरूलाई राजनीतिमा खासै चासो हुँदैन । यसले गर्दा चुनावी माहोल नबन्नु स्वाभाविकै हो ।

– **सुजन देवकोटा**
*पालुङटार-८, गोरखा*

### सहकारी ऐनको खाँचो

कुल गार्हस्थ उत्पादनको करिब ५ प्रतिशत क्षेत्र ओगट्ने सहकारी क्षेत्रको सामाजिक सञ्जालमा जति पनि दुष्प्रचार आउने गर्छन्, ती सबै सत्यमात्रै छैनन् । देशकै सर्वाङ्गीण विकासमा टेवा पुर्‍याउने मात्र होइन, सामाजिक र आर्थिक मितव्ययिताको लागि पनि सहकारीले शिक्षा र सूचनाको सञ्चार गरिरहेका छन् । ग्रामीण क्षेत्रका जनतालाई आर्थिक सशक्तीकरण र उत्पादनको क्षेत्रमा क्रियाशील बनाउने एकमात्र निकाय सहकारी नै भएको छ । खेर गइरहेको रकमलाई बचत अभियानबाट एकीकृत गर्ने काम बचत तथा ऋण सहकारीले गरेका छन् भने उत्पादन र जनजीवनमा सुधार गर्न पनि सहकारी क्रियाशील रहँदै आएका छन् । यस्तोमा देशका केही सीमित सहरी परिवेशका बेथितियुक्त सहकारीले समग्र सहकारीको प्रतिनिधित्व गर्न सक्दैनन् । २५ वर्ष अघि बनेको ऐन पर्याप्त हुन नसकेको कारण विभिन्न बेथितिको सिर्जना भएको हो । यस्तोमा प्रभावकारी ऐन र नियामक निकायको व्यवस्था गर्नु आवश्यक छ ।

– **गोविन्द रिमाल**
*गैंडाकोट नगरपालिका-५, नवलपरासी*

### स्वस्थानीको आ–आफ्नै व्याख्या

माघ १२ गते प्रकाशित रामेश्वरी पन्तको 'सतीत्व, व्यभिचार र देवत्वकरण' बाट कुशको गुणबारे नौलो कुरा थाहा पाएँ । स्वस्थानी कथाको आलोचनामा धेरै लेखिएको छ । आधुनिकताको कसीमा पुराणहरूको व्याख्या गर्दा त्यो त्याज्यजस्तो लाग्छ । तर समकालीन व्याख्या गर्नु पनि राम्रो हुन्छ कि ? त्यतिबेलाको समाजको आवश्यकता के थियो, त्यसमा पनि विचार गर्ने कि ? भनिन्छ कि जब विदेशी आक्रमणले हिन्दु समाज छिन्नभिन्न हुनथाल्यो, तब तुलसीले कृष्णको होइन, रामको चरित्र समाजको सामुन्ने पस्के । उनको रामचरित मानसले हिन्दु समाजको पुनर्निर्माण गर्‍यो । स्वस्थानी व्रतकथाको बेला समाजको स्थिति कस्तो थियो, त्यसमा ध्यान पुर्‍याउनु जरुरी छ । कुश, तुलसी र पीपलको प्रयोग सिकाउने काम आर्यवेदाचार्यहरू को हो । पण्डितहरूले यिनको संरक्षणको भारमात्र बोकेका थिए । तर देवत्वकरण गरे । यद्यपि यसैकारण त्यसको संरक्षण भएको चाहिँ हो ।

– **डा. शिवशंकर यादव**
*छपकैया-२, वीरगन्ज*

### सारगर्भित दुई विश्लेषण

माघ १२ गतेको दृष्टिकोण र विविधामा प्रकाशित लेखहरू अति सामयिक, सारगर्भित र सुरुचियुक्त लाग्यो । लेखकद्वय सुजीव शाक्य र रामेश्वरी पन्तलाई धन्यवाद र सराहना गर्नु सजग पाठकको कर्तव्य हो । अतएव आउँदा दिनमा पनि उहाँहरूबाट यस्तै प्रकारका विचारोत्तेजक र सिर्जनशील लेख/रचनाहरू निरन्तर छाप्न हौसला मिलिरहोस् भनी शुभेच्छा व्यक्त गर्छौं । शाक्य 'पैसै–पैसा तर खर्च भएन' शीर्षकमा सरकार र दूषित कर्मचारीतन्त्रको एक्स-रे नै प्रस्तुत गर्न सफल हुनुभयो । उता पन्तले पुराण लेखक र वाचनकर्ता पण्डित वर्गलाई समयको नाडी छामी नवयुवालाई धर्म र आध्यात्म सिकाउन उत्प्रेरणा साथसाथै खबरदारी पनि गर्नुभएको पाइयो । हिन्दु समाजलाई युगसापेक्ष बनाई जीवन्त तुल्याउने हो भने यस कोटीको चिरफार र वैज्ञानिक दृष्टिकोण अपरिहार्य छ । किनकि धार्मिक कट्टरता र उन्मादले समाज र राष्ट्र कहिल्यै उँभो लाग्न नसकेको इतिहास हामीले बिर्सिनसक्नु रहेको छ ।

– **सुगतशरण उपासक र तुयुभाजु उदास**
*अशोकमण्डप/असन टोल, कान्तिपुर*

### कुशको देवत्वकरण सही हो

माघ महिना भएर होला, आजकल स्वस्थानी व्रतकथाका पाटाहरू केलाउन थालिएका देखिन्छन् । यसले गर्दा स्वस्थानी व्रतकथाको महिमा वृद्धि नै हुनेछ । बुधबार प्रकाशित 'सतीत्व, व्यभिचार र देवत्वकरण' लेखमा रामेश्वरी पन्तले राखेका विश्लेषणात्मक विचारलाई पनि त्यही क्रममा लिँदा फरक नपर्ला । स्वस्थानी व्रतकथाका विष्णु, जालन्धर, महादेव, पार्वती इत्यादि पात्रका चरित्रको विषयमा सकारात्मक या नकारात्मक जे-जस्तो धारणा राख्ने स्वतन्त्रता सबैमा उत्तिकै छ । तर कुरा के हो भने आस्था हुनेले श्रद्धापूर्वक अध्ययन-मनन गर्दा प्राप्त गर्ने आनन्दानुभूति नै पुराण, व्रतकथा जस्ता धर्मग्रन्थहरूका विशेषता हुन् । यसले गर्दा नै ती युगौंदेखि पुजनीय एवं पठनीय बन्दै आएका छन् । यस अर्थमा स्वस्थानी व्रतकथा भित्रका सतीत्व हरण, व्यभिचार जस्ता कुरालाई लिएर नारीमाथिको अन्याय केलाउने काम कलमको तुष्टिमात्र होलाझैं लाग्छ । कुशको देवत्वकरणको । पण्डितहरूले तुलसी, कुश र पीपलको औषधीय गुणलाई ओझेलमा पारेर देवत्वकरण गरे भन्ने निष्कर्षमा पुग्नुभन्दा पहिले देवत्वकरणका कारणले नै यी न खान हुने, न जताततै रोप्न हुने खालका बिरुवा हालसम्म घर-घरमा सुलभ छन् र यिनका औषधीय गुणले परोक्ष वा अपरोक्ष रूपले धेरै मानिस लाभान्वित हुनु कम महत्त्वपूर्ण होइन ।

– **महेशप्रसाद ढुंगाना**
*नयाँ बानेश्वर, काठमाडौं*

लेखका लागि : article@kmg.com.np
प्रतिक्रियाका लागि : letter@kmg.com.np

# राष्ट्रिय हित, स्वतन्त्रता र दाउपेच



सूर्य थापा

मैथिली, भोजपुरी, अवधी, बज्जिका, थारू र उर्दू लगायतका भाषा नेपालको तराईमा बोलिने स्थानीय जनताका मातृभाषा प्रचलित छन् । तर संविधान संशोधनमार्फत हिन्दी भाषालाई राष्ट्रिय भाषा बनाउने प्रयास अन्तरकुन्तरबाट चलिरहेको छ । नेपालमा नेपाली, अंग्रेजी र प्रचलित मातृभाषा समेतको प्रयोग गर्ने त्रिभाषिक नीति अवलम्बन गरिनु नै वैज्ञानिक र व्यावहारिक हुन्छ । संवैधानिक व्यवस्था पनि यही हो ।

◆ संघीयताको मूल मर्मलाई आत्मसात् गर्दा प्रदेश र स्थानीय तहले केन्द्रको खटनपटनमा काम गर्ने होइन । अझ प्रदेशको मातहतमा स्थानीय निकायलाई नियन्त्रण गर्ने कुरा त झन् हुनसक्दैन । संघीय अवधारणाले त स्थानीय स्वायत्त शासन र विकेन्द्रीकरणको मान्यतालाई विस्तार गर्नुपर्छ । संकुचित गर्ने कुरा स्वीकार्य हुनै सक्दैन । अहिले मधेसी मोर्चाले स्थानीय तहका निर्वाचित प्रमुख/उपप्रमुखले राष्ट्रिय सभाका सदस्य चुन्ने विद्यमान व्यवस्था हटाउन खोज्नुको अर्थ झन् बुझिनसक्नुको पहेली रहेको छ ।

◆ भूमिसुधारलाई केन्द्रीय सरकारको विषयबाट हटाएर प्रदेश तहको हुनुपर्छ भन्ने मागदाबी अर्को उदेकलाग्दो हो । यसरी प्रदेश अन्तर्गत राख्दा यो काम कहिल्यै नगर्नेगरी मुल्तबीमा फ्याँकिने निश्चित छ ।

■●■

दक्षिण एसियामा 'नेपालको स्वतन्त्र अन्तर्राष्ट्रिय भूमिका'लाई दक्षिणी छिमेकीले नरुचाएको स्पष्टै छ । पछिल्लो पटक प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणपछि जारी २५ बुँदे संयुक्त विज्ञप्तिमा '... संयुक्त राष्ट्र संघ र अरु अन्तर्राष्ट्रिय मञ्चहरूसँग एकअर्कासँग निकटमा रहेर काम गर्ने...' उल्लेख गरिएको अंशले यही स्थिति दर्शाउँछ । भारत लामो समय बेलायती उपनिवेश अन्तर्गत रहेको, तर नेपाल इतिहासदेखि नै सधैं स्वतन्त्र र सार्वभौम मुलुक रहेको, संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र रहेको र तत्कालीन नेपाली शासकहरूको बुद्धिमत्तापूर्ण नीति र व्यवहारका कारण नेपाल निल्ने भारतको रवैया सफल भएन । नेपालले अघि बढाएको 'शान्ति क्षेत्रको प्रस्ताव'लाई समेत भारतले मान्यता नदिनु त्यसकै छाया थियो । अहिले आएर शान्ति मिसनमा नेपाली सेनालाई भारतीय सेना अन्तर्गत समावेश गर्नुपर्ने भनी आएको प्रस्ताव समेतलाई हेक्का राख्नुपर्छ ।

२०४६ सालको जनआन्दोलनका क्रममा (३१ मार्च १९९०) को पूर्वसन्ध्यामा वाणिज्य, पारवहन सुविधा तथा व्यापार विचलन नियन्त्रण गर्न चारवटा नयाँ सन्धि गर्नका लागि 'सन् १९५० को शान्ति तथा मैत्री सन्धिप्रति प्रतिबद्धता जनाउँदै दुबै देश बीचको अद्वितीय सम्बन्ध सुदृढ बनाउन' नेपालसमक्ष ८० पृष्ठको मस्यौदा 'नेपाल-भारतबीच बहुपक्षीय सम्बन्ध सुदृढ बनाउने सम्बन्धी सम्झौता' प्रस्ताव गरिएको थियो । त्यसमा उल्लेख गरिएको थियो :

१. दुबै देशका नागरिकहरूले एक-अर्काको देशमा बसोबास गर्न, सम्पत्ति किन्न र त्यहाँका नागरिकसरह सबै अधिकार उपयोग गर्न पाउनेछन् । यस विपरीत कुनै कानुन वा नियम प्रचलनमा भए यो सम्झौतामा हस्ताक्षर भएको मितिमा स्वतः खारेज हुनेछन् । यो सन्धिको विपरीत कुनै कानुन वा नियम बनाइने छैन ।
२. नेपालले आफ्नो सुरक्षाका लागि चाहिने सबै किसिमका उपकरण र हातहतियार भारतबाट आयात गर्नेछ, नेपाली सेनालाई आवश्यक तालिम भारतले दिनेछ, अन्य देशबाट प्राप्त गर्नुपरे प्राप्त गर्नु अगाडि नै भारतसँग लिखित समझदारी र सम्झौता गर्नेछ ।
३. नेपालको औद्योगिक विकास, जलस्रोत लगायत सम्पूर्ण आयोजनाहरूको कार्यान्वयनका लागि नेपालले विदेशी सहयोग तथा प्राविधिक संलग्नबारे प्रयास गर्नु अगाडि नै भारत सरकार र भारतीय नागरिकलाई प्राथमिकता दिनेछ ।
४. यो सम्झौता नेपाल-भारत बीचको शान्ति तथा मैत्री सन्धि कायम रहेसम्म कायम रहनेछ ।
५. यो सम्झौताको पूर्ण पालना नभए अघिल्ला तीनवटा सम्झौताहरू स्वतः निष्क्रिय हुनेछन् ।
६. जलस्रोतको उपयोगमा (क) नयाँ योजना कार्यान्वयन, (ख) मौजुदा नदीहरूको उपयोग गर्न र (ग) अहिले लागु हुनथालेका योजनाहरूको अकुण्ठित विकास र भविष्यमा उपयोग गर्ने योजनामा दुबै देशले एकअर्कोलाई पूर्वसहयोग गर्नेछन् ।

'पुर्खाहरूले जोगाएर राखेको नेपालको स्वतन्त्रतालाई संकुचित पार्ने कुनै निर्णय कुनै अवस्थामा म गर्दिन । मेरो लागि नेपालको स्वतन्त्रता मुख्य कुरा हो' भन्ने राजा वीरेन्द्रको टिप्पणीपश्चात् सरकारले अप्रिल ३ मा यसलाई अस्वीकार गरेको थियो । उल्लिखित प्रस्तावले दक्षिणी छिमेकी भारतको मनसाय र दाउपेच खुलस्त गरेको थियो । त्यसयता पनि अनेक रूपमा यस्तो दाउपेच निरन्तर रहिआएको छ । आजको अन्तर्राष्ट्रिय राजनीतिक परिवेश र लम्बिँदो संक्रमणकाललाई विचार गरेर हेर्दा नेपाल विरुद्धका निम्न पाँचवटा दाउपेचलाई हेक्का राखेर हामी अघि बढ्न सक्नुपर्छ :

१. **भुटान** : भारतीय शासक वर्ग नेपालको सुरक्षा छाता र अन्तर्राष्ट्रिय सम्बन्धलाई नियन्त्रण गरी आफ्नो हातमा लिन चाहन्छ । जसरी भुटानमा भारतबाहेक दोस्रो मुलुकको दूतावाससमेत खोल्न नदिइए जस्तो गरेर नेपालमा आफ्नो प्रभुत्व कायम गर्न, जलस्रोतमाथि एकाधिपत्य कायम गर्न, नेपाललाई नाम मात्रको स्वतन्त्र मुलुकका रूपमा अस्तित्वमा रहनदिने र घाँटी अँठ्याएर आफ्नो पछिपछि लाग्ने पिछलग्गु बनाउन चाहन्छ । नेपालको संविधान जारी गर्न दलहरूबीच भएको १६ बुँदे सहमति आफ्नो जानकारी बेगर गरेको, संविधान जारी गर्ने मिति असोज ३ गते आफ्नो सहमति बेगर तोकेको र विशेषदूत जयशङ्करलाई पठाएर केही समय पर सार्न भन्दाभन्दै ०७२ असोज ३ गते संविधान जारी गरेको रोषमा ५ गतेदेखि लगाएको नाकाबन्दीलाई यसै परिप्रेक्ष्यमा हेरिनुपर्छ । यदि भारतीय चाहना अनुरूप नेपाललाई भुटानकै हैसियतमा सीमित गर्नसकेको खण्डमा दक्षिण एसियाली राजनीतिमा भारतको दादागिरी बेलगाम हुने निश्चितै छ ।

२. **फिजी** : भारतभन्दा करिब १२ हजार किमि टाढा रहेको फिजीमा १९ मे १९९९ मा भारतको हरियाणा राज्यमा पुर्ख्यौली रहेका महेन्द्र चौधरी प्रधानमन्त्री चुनिए । पिपुल्स कोलिसन्स पार्टीले ७१ मध्ये ५८ तथा चौधरीले नेतृत्व गरेको 'द लेबर पार्टी'ले एक्लै ३७ सिट जितेर फिजीमा भारतीय आप्रवासी प्रधानमन्त्री भएका थिए । दक्षिण प्रशान्त महासागरीय तटमा अवस्थित मुलुक फिजीलाई सन् १८७४ मा बेलायतले उपनिवेश बनाएपछि भारतीय नागरिकहरू 'ठेकेदार मजदुर'का रूपमा पुगेका थिए । सन् १९७० मा बेलायती उपनिवेशबाट मुक्त भएको फिजी भारतीय षड्यन्त्रको जालोमा फँस्दै गयो र ३० वर्ष पुग्दा–नपुग्दै फिजीका वास्तविक नागरिकहरू अल्पमतमा पर्ने र भारतीय आप्रवासीहरू देशको प्रधानमन्त्री चुन्नेगरी बहुमतमा पुग्ने अवस्था सिर्जना भयो । फिजीमा ८ लाख जनसङ्ख्या रहेकोमा ४४ प्रतिशत भारतीयहरू पुगेका थिए । खासगरी फिजीको समथर भाग, मलिलो जमिन, सहर र औद्योगिक क्षेत्रमा भारतीयहरूको जनसङ्ख्या बढी हुनाले चौधरीको पार्टी एक्लैले बहुमत ल्याउनसकेको थियो । यसरी फिजीकरण गरेर फिजीमा फिजियाली र नेपालमा नेपालीलाई अल्पमतमा पार्न खोजिएको दुराशयलाई हामीले समयमै बुझ्नुपर्छ । सन् २००० को मे १७ मा सेनाले 'कू' गरेर महेन्द्र चौधरीले नेतृत्व गरेको भारतीय सरकारलाई अपदस्थ गर्‍यो । र त्यहाँको संविधान संशोधन गरी आप्रवासीले बहुमत प्राप्त गर्ने ढोका बन्द गरियो । आफ्नै भूभागमा अल्पमतमा पारिने 'फिजीकरण'को लागि नेपालमा २०६४ मा जसरी संक्रमणकालको फाइदा उठाएर अंगीकृत, वंशज र जन्मको आधारमा २६ लाख १५ हजार ६ सय १५ जनालाई नेपाली 'नागरिकता वितरण' गरियो । यसप्रति सचेत भएर कदम चालिनुपर्छ । (हेर्नुहोस् : तालिका- १)

**तालिका नं. १ : तराईमा नागरिकता वितरणको सानो झलक**

| क्र.सं. | जिल्ला | वंशज | वैवाहिक अङ्गीकृत |
|---|---|---|---|
| १. | झापा | ९९,५९१ | ३,८२६ |
| २. | मोरङ | ८०,९१० | २४१ |
| ३. | सुनसरी | ६७,४२८ | ३,३७६ |
| ४. | सप्तरी | ६३,३३६ | ४,७१८ |
| ५. | सिरहा | ८४,०१९ | ५,८८६ |
| ६. | धनुषा | १,१०,६२७ | १०,५१६ |
| ७. | महोत्तरी | ९०,२३१ | ८,७२७ |
| ८. | सर्लाही | १,२१,०२३ | १०,४१० |
| ९. | रौतहट | ८८,६३० | ११,११५ |
| १०. | बारा | ८४,९२२ | १०,८३० |
| ११. | पर्सा | ५५,४६९ | ७,९०५ |
| १२. | मकवानपुर | ३५,३५० | २ |
| १३. | चितवन | ३३,०४२ | ४५ |
| १५. | रुपन्देही | ५८,८७८ | ५,१७८ |
| १६. | कपिलवस्तु | ४८,८१४ | ५,९७८ |
| १७. | दाङ | ४२,६२० | - |
| १८. | बाँके | ४३,३६५ | २,८१७ |
| १९. | बर्दिया | ३८,४२६ | - |
| २०. | कैलाली | ६५,२८२ | - |
| २१. | कञ्चनपुर | ३५,७८० | ६६ |
| | जम्मा | १४,१८,३४५ | ९९,७२८ |

*स्रोत : नागरिकता वितरण अभियान कार्यक्रमको प्रतिवेदन, नेपाल सरकार गृह मन्त्रालय, २०६४*



प्रमुख राजनीतिक दलहरूबीच विवाद, कटुता र वैमनस्य सिर्जना गर्ने, जाति–जाति र क्षेत्र–क्षेत्र अन्तरविरोध चर्काउने र संविधानको कार्यान्वयनलाई रोक्न देशमा चुनावै हुन नदिने षड्यन्त्रलाई सफल पार्ने दुर्नियत राखिएको छ ।

३. **पूर्वी पाकिस्तान (बङ्गलादेश)** : बेलायती उपनिवेशबाट स्वतन्त्र हुने क्रममा भारतमा मोहम्मद अलि जिन्नाले हिन्दु र मुस्लिम राष्ट्रियताको पैरवी गरे । यसैमा उभिएर भारत विभाजित भयो र पाकिस्तान पनि स्वतन्त्र बन्यो । भारतले यही दुई राष्ट्रियता (उर्दू र बङ्गाली भाषा) को मुद्दा चर्काएर पाकिस्तानबाट पूर्वी पाकिस्तान (बङ्गलादेश) को स्वतन्त्रतामा खुलेआम सहयोग पुर्‍यायो । र १६ डिसेम्बर १९७१ मा पाकिस्तानी सेनाले घुँडा टेकेर स्वतन्त्र बङ्गलादेश स्थापना भयो । यो दृष्टान्त किन प्रस्तुत गरिएको हो भने भुटानजस्तै आफ्नो नियन्त्रण र फिजीजस्तै आफ्नो बहुमत कायम गर्न नसके सीके राउत, जयकृष्ण गोइत र महन्थ ठाकुर/राजेन्द्र महतोहरूलाई प्रयोग गरेर स्वतन्त्र मधेस राज्य बनाउने षड्यन्त्र जारी छ । बहुराष्ट्रिय राज्यको वकालत यसै प्रयोजनका निम्ति भइरहेको छ । भर्खरै सीके राउतले सिरहाको लाहानमा गरेको सभा त्यसकै एउटा दृष्टान्त हो । यसमा पश्चिमा शक्तिहरूले हेर्ने दोषी चस्मासमेत खोलिनुपर्ने खाँचो छ ।

४. **जाफ्ना** : भारतको तमिलनाडु राज्यको समुद्री तटसँग सीमा जोडिएको श्रीलङ्कालाई रक्तपात र अस्तव्यस्ततामा फँसाउन सन् १९७६ को मे महिनामा भेलपुल्लाई प्रभाकरणको नेतृत्वमा 'लिबरेसन अफ तमिल टाइगर इलम) को गठन भयो । करिब ३३ वर्षको गृहयुद्धमा फँसाइएको श्रीलङ्कामा १९ मे २००९ मा प्रभाकरणको हत्या भयो र महिन्द्रा राजापक्षको नेतृत्वमा श्रीलङ्काली सेनाले तमिल समस्यामाथि विजय हासिल गर्‍यो । तमिलहरूले एक राष्ट्रपति, एक राष्ट्रपतिका उम्मेदवार, एक पूर्वप्रधानमन्त्री, सात मन्त्री, ३७ सांसद, १० उच्च नेता, २२ प्रदेश सभाका सदस्य, चार मेयर र १७ अन्य नेताको हत्या गर्‍यो र 'स्वतन्त्र तमिल राज्य'को माग गर्दै दक्षिण एसियाको 'जापान' बन्न सक्ने सम्भावनामा रहेको श्रीलङ्कालाई तहसनहस नै गरे । 'जाफ्ना' तमिलहरूको केन्द्रजस्तै बन्यो । नेपाललाई आफ्नो मुठीमा पार्न नसके मधेसलाई 'जाफ्ना' बनाएर अस्थिरता, अराजकता र रक्तपातमा फँसाउने षड्यन्त्रकारी उपक्रम जारी छ । यसप्रति सजग बन्नैपर्छ ।

५. **क्रिमिया/सिक्किम** : सन् २०१४ मार्च १८ मा रूसले सैनिक बलमा क्रिमियामाथि आधिपत्यको घोषणा गर्‍यो । यो एक्काइसौं शताब्दीमा राष्ट्र विलय गरिएको पछिल्लो उदाहरण हो । छिमेकी भारतले १५ मे १९७५ मा सिक्किमको स्वतन्त्रतालाई अन्त्य गरी त्यहाँका चोग्याल (राजा) को अस्तित्व खारेज गर्‍यो । र भारतीय राष्ट्रपति फकरुद्दिन अलि अहम्मदले तथाकथित 'जनमत सङ्ग्रह'को निर्णयलाई हवाला दिँदै सिक्किमलाई भारतको २२ औं प्रान्त बनेको घोषणा गरे । संविधानसभाको ९० प्रतिशत बहुमतले जारी गरेको संविधानलाई स्वागत नगरी भारतीय संस्थापन (शासक वर्ग) ले असन्तुष्टि, विरोध र नाकाबन्दी गर्नुको पछाडिको नियत बुझ्नुपर्ने भएको छ । शासकहरूलाई झुकाउन सक्दा मोहनशमशेर बनाउने र आफ्नो स्वार्थसिद्ध गर्ने रवैया इतिहासको चेतना, जागरण र नेपालीहरूको देशभक्तिका सामु नेपालमा 'सिक्किमीकरण'रूपी विलय सम्भवै छैन ।

**निष्कर्ष**

सुगौली सन्धि (सन् १८१६) देखि अहिलेसम्मको २ सय वर्षको इतिहास नेपाली राष्ट्रियता र राष्ट्रिय स्वाभिमानको उतार–चढावको लामो कालखण्ड हो । संविधानको दोस्रो संशोधन विधेयक खालि एकथान संशोधन प्रस्ताव मात्रै होइन । यसले राष्ट्रिय रूपमा जागेको नेपाली स्वाभिमानमा प्रहार गर्ने, सीमाङ्कनको अन्त्यहीन विवादमा मुलुकलाई धकेल्ने, ९० प्रतिशत बहुमतले जारी गरेको संविधानमा प्रश्न खडा गर्ने, संविधान जारी गर्न भारी बहुमतको सहभागिता जुटेको प्रमुख राजनीतिक दलहरूबीच विवाद, कटुता र वैमनस्य सिर्जना गर्ने, जाति-जाति र क्षेत्र-क्षेत्र अन्तरविरोध चर्काउने र संविधानको कार्यान्वयनलाई रोक्न देशमा चुनावै हुन नदिने षड्यन्त्रलाई सफल पार्ने दुर्नियत राखिएको छ । यस दुर्नियतलाई असफल पार्न सरकारले संशोधन विधेयक फिर्ता लिएर परिस्थितिलाई सहज बनाउने विकल्प सर्वोत्तम हो । अन्यथा यसको विपक्षमा सिङ्गो राष्ट्र एकताबद्ध भएर देशी-विदेशी षड्यन्त्रलाई निस्तेज र निष्फल पार्नैपर्छ । यो नेपालले आफ्नो स्वतन्त्र निर्णय क्षमता (आत्मनिर्णय) देखाउने बेला हो ।

# संघीयतामा निजामती सेवा



विशाल भारद्वाज

स्थानीय तह पुनःसंरचना आयोगको प्रतिवेदन सरकारले राजपत्रमा प्रकाशनको तयारी थालेसँगै कर्मचारीतन्त्रमा एक प्रकारको अन्योल छाएको छ । संविधानले तीन तहको सरकारमा भिन्नाभिन्नै कर्मचारीतन्त्रको व्यवस्थालाई स्वीकारेको छ भने हालको कर्मचारीलाई समायोजन गर्ने प्रावधान कायम गरिएको छ । राजनीतिक परिवर्तन र आर्थिक-सामाजिक विकासको दूरीलाई घटाउँदै संविधानको प्रभावकारी कार्यान्वयन गर्न निजामती सेवामा सुधार अनिवार्य छ ।

**संविधान कार्यान्वयन** : नेपालको संविधान २०७२ ले व्यवस्था गरेको शासकीय स्वरुपलाई पालना गर्ने र नीति निर्देशक सिद्धान्तलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्नेगरी निजामती सेवाको स्वरुप परिवर्तन गर्नपर्छ । अर्थात निजामती सेवाको पुनःसंरचनाले सरकारले संविधानको कार्यान्वयन थाल्यो है भन्ने सन्देश जानुपर्छ ।

**सुधारको अवसर** : विगतमा थुप्रैपटक निजामती सेवामा सुधारका कदम नचालिएका होइनन् । चाहे त्यो प्रशासन सुधारको नाममा होस् वा सुशासन प्रवर्द्धन कार्यक्रमको रूपमा नै, तर निजामती सेवाले आम जनतामा परिवर्तनको महसुस दिन नसकेको यथार्थ हो । सेवाभावमा देखिएको कमी, क्षमता र कार्य जिम्मेवारीको बीचमा रहेको दूरी, प्रशासनको राजनीतीकरण र यसले हुर्काउँदै गएको अराजकता, मूल्य–मान्यतामा आएको स्खलन, कमजोर सेवा संरचना, फितलो नियन्त्रण र न्युन उत्पादकत्व आदि निजामती सेवामा विद्यमान समस्याहरू हुन् । यो अवस्थामा संविधानको पालनाका लागिमात्रै पुनःसंरचना गर्ने नभई विगतमा यस सेवालाई जनताभन्दा टाढा र गतिहीन बनाउने तत्वको समाप्ति गर्न र गतिशील निजामती सेवाको निर्माण गर्न योभन्दा उत्तम अवसर प्राप्त हुनसक्दैन । संविधानको प्रभावकारी कार्यान्वयन गर्न र जनतालाई राजनीतिक परिवर्तनको व्यावहारिक अनुभूति प्रदान गर्न पनि निजामती सेवामा सुधारको अवसरलाई गुम्न दिनु हुँदैन ।

**एकताको सूत्र** : एकता कायम गर्ने विभिन्न सूत्रमध्ये निजामती सेवा एक भरपर्दो माध्यम बन्न सक्छ । यस स्थायी सरकारको संयन्त्रलाई जति समावेशी र एकीकृत बनाइयो, त्यति नै सरकारको तीन तह बीचको सम्बन्ध र समन्वयमा वृद्धि भई संघीयताको कार्यान्वयनमा प्रभावकारिता आउँछ । प्रदेशमा स्थानीयगत समावेशीकरण र केन्द्रमा प्रदेशगत समावेशीरण गर्न सकिन्छ । आखिर जनताको चाहना विकास र समृद्धि नै हो । यस अर्थमा एकीकृत, समावेशी, योग्यता प्रणालीमा आधारित र जनतादेखि नीतिसम्म जोड्न सक्ने निजामती सेवाको निर्माण गरी आम जनतालाई राज्यबाट सेवा, सुविधा र न्याय प्राप्तिमा अत्मविश्वास जगाउने र विकास प्रशासनमार्फत आर्थिक वृद्धि, रोजगारी सिर्जना र समृद्धिको मार्गप्रशस्त गर्दा नै कुनै पनि व्यवस्था दीर्घजीवी बन्ने हो ।

**प्रभावकारी जनसेवा** : हाल धेरै गाविसमा तोकिएका सचिवसमेत जान नमानिरहेको अवस्था छ । अधिक जनसेवाहरू गाउँपालिका वा नगरपालिकाको वडाबाट सरल तरिकाले समन्वयात्मक रूपमा उपलब्ध गराई परिवर्तनको अनुभूति दिलाउनु पर्नेछ । यसको लागि हाल केन्द्रमा फुक्दो र स्थानीय तहमा सुक्दो संरचनालाई स्थानीय स्तर धेरैभन्दा धेरै कर्मचारीहरू खटाउने संरचनाको निर्माण गर्न आवश्यक छ । केन्द्रमा थोरै तर उच्च पदका नीति प्रशासकहरू (१० प्रतिशत), प्रदेशमा समन्वय र सहजीकरण गर्ने व्यवस्थापकहरू (२० प्रतिशत) र स्थानीय तहमा सेवा प्रवाह गर्ने (६० प्रतिशत) कर्मचारी दरबन्दी राखी सेवामुखी संरचना बनाउनु पर्नेछ ।

**कर्मचारीको वृत्ति विकास** : कर्मचारी भएपछि उसले जागिरे जीवनमा बढुवा, तलब वृद्धि, सेवा सुरक्षाजस्ता वृत्ति विकासको अवसर पाउनुपर्छ । अझ हाम्रोजस्तो राजनीतिक संस्कार भएको र सरकारको स्थायित्व कायम गर्न नसकिएको अवस्थामा कर्मचारीलाई व्यावसायिक, सुरक्षित र स्थिर राखी शासकीय स्थायित्वका लागि प्रयत्न गर्न आवश्यक छ । यो भनेको अनुमानयोग्य बढुवा र एकै पद बीचमा स्रोत, पहुँच, लाभ र अधिकार बीचको असन्तुलनलाई घटाउने कार्य हो । संविधान र कर्मचारीको वृत्तिलाई मध्यनजर गर्दा भिन्नाभिन्नै तर कार्यसम्पादनमुखी र एकीकृत निजामती सेवावाट नै कर्मचारीको वृत्ति विकास र प्रभावकारी कार्यसम्पादन अपेक्षा गर्न सकिन्छ । हाल देखिएको लोकसेवा तयारीको लागि महिनौं कार्यालय जान नरुचाउने प्रवृत्ति, जिल्ला वा प्रत्यक्ष सेवा प्रवाहमा कार्य नगर्दा पनि उच्च पदमा पुग्ने अवस्था आदिको अन्त्य गर्दै सेवा प्रवाह, व्यवस्थापन र नीति निर्माण सबै कार्य अनुभव प्राप्त गर्नेगरी बाध्यकारी वृत्तिपथ निर्माण गरी सरकारको सबै तहमा कार्य गर्ने अवसर प्रदान गर्न आवश्यक छ ।

**कति कर्मचारी आवश्यक** : वडामा दिइने जिम्मेवारी बहन गर्न लगभग ८ जना कर्मचारी खटाउने हो भने पनि करिब ७००० वडामा ५६००० कर्मचारी आवश्यक पर्ने देखिन्छ । गाउँपालिका वा नगरपालिकाको केन्द्रमा औसत ३० जनाको दरले करिब २२ हजार कर्मचारी चाहिन्छ । स्थानीय तहमा करिब ७८ हजार कर्मचारी आवश्यक पर्नेछन् । यसलाई ६० प्रतिशत मानेर केन्द्र (१०

संविधानको प्रभावकारी कार्यान्वयन गर्न र जनतालाई राजनीतिक परिवर्तनको व्यावहारिक अनुभूति प्रदान गर्न पनि निजामती सेवामा सुधारको अवसरलाई गुम्न दिनु हुँदैन ।

प्रतिशत) र प्रदेश (३० प्रतिशत) को आधारले समग्रमा करिब १ लाख २६ हजार कर्मचारी आवश्यक पर्नेछ ।

**एकीकृत निजामती सेवा सम्भव छ ?** : संविधानमा तीन तहको आफ्नै कर्मचारीतन्त्र रहने व्यवस्था छ । तथापि संविधानमा माथिल्लो तहले तल्लो तहको कर्मचारीलाई ग्रहण गर्न बन्देज नलगाएको अवस्थामा स्थानीय तहमा काम गरेको तह र अवधिलाई न्युनतम योग्यता कायम गरी प्रदेशले र संघले प्रदेशको निश्चित तह र अवधिलाई न्युनतम योग्यता राखी कर्मचारी नियुक्ति गर्नसक्ने देखिन्छ । यसो गर्दा एकातर्फ कार्यअनुभवी उम्मेदवार प्राप्त हुन्छ भने अर्कोतर्फ एकीकृत निजामती सेवाको निर्माण भई कर्मचारीको वृत्ति विकास सहज हुने देखिन्छ ।

**चुनौती** : राजनीतिक नेतृत्वको इच्छाशक्ति र व्यावसायिक निजामती सेवा निर्माणमा कर्मचारी स्वयम्बाट अग्रसरता माथि उल्लेखित प्रणाली स्थापनाका लागि अपरिहार्य तर चुनौतीपूर्ण छन् । यसमा सबै तहको उच्च इमानदारिता र व्यावसायिक निजामती सेवाप्रतिको आस्था आवश्यक छ । नीतिदेखि जनतासम्म जोड्ने र आर्थिक, सामाजिक समृद्धिलाई मुख्य एजेन्डा बनाई अघि बढ्ने राजनीति तथा प्रशासनिक सम्बन्ध स्थापना नभई निजामती सेवामा एकीकरण सहज छैन । प्रशासनमा देखिएको राजनीतीकरणले विगतमा जस्तै स्थानीय सरकार नेतृत्व गर्नेले राम्राभन्दा हाम्रा मान्छेतर्फ झुकाव राख्ने प्रवृत्तिले प्रोत्साहन पाउने हो भने नत परिवर्तनलाई संस्थागत गर्नसक्ने कर्मचारीतन्त्र स्थापना गर्न सकिन्छ न संघीयताले जनता परिवर्तनको अनुभूति दिलाउन सक्नेछ ।

*भारद्वाज संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय केन्द्रीय पञ्जीकरण विभागका निर्देशक हुन् ।*

# जापानी अनुभव, नेपाली व्यथा



साधना प्रतीक्षा

काम विशेषले एकजना आफन्तकहाँ पुग्दा उनी हस्याङ–फस्याङ गर्दै कतैबाट आउँदै थिए । मलाई आफूभन्दा पहिला नै उपस्थित भएको देख्दा अलि लज्जाबोध भएर होला स्पष्टीकरण दिन थाले, 'हेर न बाटो कस्तो जाम' एक घन्टा अघि नै आइपुग्छु भनेर समय दिएको ढिला भैहाल्यो । र जुत्तामा लागेको धूलो देखाउँदै फेरि भन्न थाले, 'अघि बिहान मात्र पालिस गरेर लगाएको जुत्ता, हेर न रंग चिन्नै गाह्रो' र उनले फुकाल्दै गरेको जुत्ता हेरेर म झसंग भएँ, किनकि म पनि त राजधानीको सडक छेउबाट हिँडेर आएकी हुनाले अनुहार, कपाल र लुगाको रंग नै बेग्लै भैसकेको थियो । उनले जुत्ताको धूलो देखे, मैले अनुहार र कपालको धूलो छामे । श्वास–प्रश्वाससँगै फोक्सोमा भित्रिएको धूलो अनि त्यसको दीर्घकालीन असर । उनले प्रसंग जोडिहाले जुत्तासँगै जापान यात्राको, 'उता जापानमा हुँदा कहाँ देख्नु धूलो ? यही जुत्ता हो, हप्तादिन लगाउँदा पनि जस्ताको त्यस्तै, पालिस लगाउनै नपर्ने, न कहीं धूलो न कहीं फोहोर, ट्राफिक जाम भनेको त हुँदै नहुने । आहा, त्यस्तो पो सहर त....' र उनी जापानी सम्झनामा रमाउदै थिए, म भने आफ्नो काठमाडौं–पोखरा यात्राको सम्झनामा तर्सँदै थिएँ ।

नौबिसेदेखि कलंकीसम्मको धुलाम्मे बाटोमा दुई घन्टासम्म जाममा पर्दाको उकुस–मुकुस उफ् मेरो मात्र कहाँ हो र ? राजधानीदेखि बाहिरिने र भित्रिने हरेक यात्रीले भोग्ने गरेको पीडा हो यो । वैकल्पिक बाटोको अभावमा सवारी साधनको अत्यधिक चापका कारण जीर्ण भएका अनि वर्षाभरि पहिरो जाने तथा हिउँदभरि मर्मत गरिने राजमार्गहरूको यात्राले पुर्‍याउने सास्तीको अनुभव सम्बन्धित निकायका उच्च अधिकारीहरूलाई पनि हुँदो हो त पक्कै पनि वर्षैपिच्छे उही बाटो मर्मत गर्नुसट्टा वैकल्पिक बाटो निर्माणको योजना बन्दो हो ।

मेरो ध्यान फेरि भंग भयो । उनको जापानी अनुभव कथाले 'साँच्चै जापान त प्रकृतिले बनाएको देश रहेछ । हरेक महिनाजस्तो आकाशे पानी परेकै हुने अनि खेतीबाली त कति राम्रो सप्रने, खेती गर्ने तरिका पनि गजबको, एउटा मेसिनले माटो खन्छ, अर्कोले त्यसलाई पिठोझैं मसिनो पार्छ, फेरि अर्को मेसिनले बिरुवा रोप्छ । समय–समयमा पानी आकाशले दिन्छ...।' र मैले बीचैमा प्रश्न गरे, त्यहाँ हरियाली कत्तिको छ नि ? ए, त्यसको त के कुरा गर्नु ? जता हेर्‍यो, उतै हरियाली...। उनको भनाइले मलाई फेरि सम्झना आउँछ, आफूले यात्राका क्रममा देखेका नांगा डाँडाहरूको । हरेक वर्ष त्यहाका रुख आकस्मिक तथा नियोजित डढेलो तथा फँडानीले रित्तिएका ती डाडा अनि वनक्षेत्रले हामीकहाँ कसरी गराओस्, समयमा वर्षा ? त्यसैले होला, पानी नै नपरी आधा हिउँद सकिन लागेको छ । त्यसमा पनि राजधानीको सडक विस्तार कार्यले सडकछेउ धूलो आतंक नै सिर्जना गरेको छ ।

उनी भन्दै थिए, 'त्यहाँ त हरेक बिहान ट्याङकरले सडकमा पानीको फोहोरा छर्दै जादोरहेछ, अनि केको धूलो–मैलो' । म पनि एउटा मिठो कल्पनामा डुब्न पुग्छु, आहा, यहा पनि त्यसरी नै बाटो छेउमा पानी छम्कन पाए, फेरि झसंग हुन्छु । यहा मानिसलाई पिउनका लागि त पानी छैन । साच्चै हाम्रो देशका हरेक निकाय जनताप्रति किन यति अनुत्तरदायी ? महानगरपालिकाले हरेक दिन नभए पनि सातामा एक दुईचोटी पानी छर्कन सक्दैन ? बाटोमा पोख्नलाई मेलम्चीकै पानी चाहिन्छ र ? खोला वा बोरिङको जस्तोसुकै पानी भए पनि हुँदैन र ? सरकार तथा सम्बन्धित निकाय जनताप्रति उत्तरदायी भएको भए आज राजधानीका आमजनता अत्यधिक धूलोको दैनिकीबाट आफ्नो स्वस्थ आयु छोट्याउन बाध्य हुनुपर्ने थिएन ।

जापानको त के कुरा गर्नु ? कस्तो नियम, कस्तो अनुशासन । बाटोमा पैसाको थैली नै फाले पनि नहराउने । फेरि त्यहाँको शिक्षा प्रणाली पनि गजबको, साना केटाकेटीहरूलाई पहिला व्यावहारिक कुरा सिकाईदो रहेछ ।

सरकार तथा सम्बन्धित निकाय जनताप्रति उत्तरदायी भएको भए आज राजधानीका आमजनता अत्यधिक धूलोको दैनिकीबाट आफ्नो स्वस्थ आयु छोट्याउन बाध्य हुनुपर्ने थिएन ।

आफ्नो दैनिकी, वातावरण संरक्षण, आत्मनिर्भरता आदि विषयमा पढाइ तथा खेलका माध्यमबाट सिकाउने...। मलाई फेरि सम्झना हुन्छ, खाएको थाल पर नसारी विद्यालय जाने अनि फर्केपछि आँगनबाटै जुत्तामोजा छिरल्दै भित्र पसेर ओछ्यानमै खाजा मगाएर खाने हाम्रा विद्यार्थीहरूको व्यावहारिक शिक्षा । वातावरणको कुरा गर्दा त्रिविको वातावरण केन्द्रीय विभाग पछाडिबाट तल केन्द्रीय कार्यालयसम्म आउने बाटो केही वर्ष अघिसम्म डरलाग्दो थियो । एक प्रकारले घना जंगल । वर्षाको त कुरै छोडौं, हिउँदमा पनि एक्लै हिंड्न डर लाग्थ्यो । तर अहिले एक–दुई सल्ला तथा मसलाका बूढा रुख र तितेपातीका झाडीबाहेक केही छैन । यस्तै अवस्था रहिरहने हो भने अबका केही वर्षपछि त्यहाँ चराको विष्टा पनि देख्न पाइँदैन होला । त्रिविको वनस्पति विभाग तथा वातावरण विभागले खै के सोचिरहेहको छ । तर आफ्नो दैनिक यात्राका क्रममा मैले भने यसलाई भावी प्राकृतिक प्रकोपको एउटा कुसंकेतका रूपमा देख्ने गर्छु । यो त एउटा सानो उदाहरण मात्र हो, मेरो सीमित नजरमा अटाएको । यथार्थमा आज हाम्रो पर्यावरण यसरी प्रतिकूल बनिरहेको छ कि समयमा नै यसतर्फ सचेत नहुने हो भने भविष्यमा हामीसँग पश्चाताप बाहेक केही रहने छैन ।

एकातिर जलवायु परिवर्तनको असर अर्कातिर हामीले आआफ्नो स्वार्थपूर्तिका लागि गर्ने प्राकृतिक विनाश । यस्तो दोहोरो सिकार भविष्यमा हामी स्वयम् वा हाम्रै भावी सन्तति हुनेछन् भन्ने सचेतता हामीमा कहिले आउला ? यसपालि पोखराबाट देखिने माछापुच्छ्रे पहिलाझैं चाँदीजस्तो नदेखिएर फलामजस्तो कालो देखिएको थियो, हिउबिनाको कालो ढुंगा । पूर्व–पश्चिम राजमार्गको यात्रामा दायाँ–बायाँको वनक्षेत्र हेर्छु, उस्तै बेहाल । दुई–चार बूढा रुख तथा स्याउलाका पोथ्राबाहेक केही छैन । ठाउँ–ठाउँमा जथाभावी ढुंगा र बालुवा झिक्ने कार्य भइरहेको देखिन्छ । हाम्रा वन तथा वातावरण मन्त्रालयहरू मेरा उनै आफन्तजस्तै कुन देशको हरियाली र सौन्दर्यको सम्झनामा विलिन भैरहेछन् खै ? हुन त यहाँ पनि बेला–बेलामा भव्य समारोहबीच वृक्षरोपण कार्यक्रम तथा वागमती सफाइ अभियान नभएका कहाँ हुन् र ? तर जबसम्म बिरुवा सार्दा प्लास्टिकको थैलो नै नझिकी खाल्टोमा हाल्ने तथा वागमतीमा घर–घरको ढल तह लगाउने उपक्रम रोकिँदैन, तबसम्म हरियाली र उपत्यकामा जमेका नदीहरू बग्ने आशा गर्न सकिँदैन । साँच्चै, हाम्रा योजनाविद्हरू कति दूरदर्शी । बीस वर्षपछि सोचेर सहरी विकास योजना बनाउनुपर्नेमा बीस वर्ष पहिलेको ढाँचामा योजना बनाउने अनि पटक–पटक भत्काउने, खनाउने र बनाउने । यसैको उदाहरण बनेको छ, आज हाम्रो राजधानी ।

ओहो, जापानमा त मान्छेहरू बिनाकाम एकछिन पनि नबस्ने, अझ यसरी गफ गरेर बसेको त कतै देखिँदैन । त्यहाँ त वृद्धवृद्धाका लागि सरकारले कति राम्रो व्यवस्था गरिदिएको... र उनी आफ्ना जापानी अनुभव खन्याउन आतुर थिए । म भने उनीसगको आफ्नो काम सकेर फर्कन आतुर । त्यसैले उनका कुरा काटिदिएँ, हाम्रो सरकारले पनि सामाजिक सुरक्षाको कार्यक्रम ल्याएकै छ नि वृद्धभत्ता वितरण गरेर भन्दै तर आफ्नै वाक्यले आँखासामु कर्णालीको विपन्न वर्गकी बूढीमाउ र राजधानीको सम्पन्न परिवारकी मुमाहजुरका तस्विर एकसाथ उभ्याइदियो । आहा, कस्तो समतामुखी सामाजिक सुरक्षा ।

हामीकहाँ सत्तामा पुग्ने सरकार प्रमुख, मन्त्री, सांसद लगायत उच्चपदस्थ व्यक्तिहरूमा विदेश भ्रमणको अवसर नलिने प्रायः कमै होलान् । तर उनीहरूले त्यहाँको सामाजिक, आर्थिक विकास तथा राजनीतिक स्थिरताको कारणको खोजी किन गर्दैनन् ? कि उनीहरू पनि ती देशहरूलाई प्रकृतिले बनाएको देश भनेर फर्कन्छन् ? हामी विदेशबाट फर्केपछि त्यहाँको सुखसुविधा र उन्नतिको बखान गरेर थाक्दैनौं । तर त्यहाँको नीति निर्माण, कार्ययोजना र जनतामा भएको उत्तरदायित्व, श्रमको सम्मान, समयको महत्त्व, व्यवहारिक शिक्षा आदिबारे मनन गर्ने र अरुलाई गराउने प्रयास गर्दैनौं । के प्रकृतिले नेपालीलाई मात्र सौताने व्यवहार गरेको हो ? हामी आम जनता, सरकार तथा जिम्मेवार निकाय सबैमा रहेको परनिर्भरता र अनुत्तरदायी संस्कृतिका कारण प्रकृतिको वरदानलाई आफैले अभिसाप बनाइरहेछौं । यस्तै सोच्दै म हतारिदै उही धुलाम्मे छडक छेउबाट हिंड्न थालें, किनकि उनको दुई घण्टासम्मको जापानी बखानले मेरो अड्कलेको समय खाइदियो । के उनले देखेको जापानमा समय यसरी नै बिताइन्छ ?

prstikshagunjan@gmail.com

# हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं.: २०००
मंसिर १४ गते

स्वर्गारोहणः
वि.सं.: २०७३
माघ २ गते

**स्व. भक्त बहादुर क्षेत्री**

बरिष्ठ केवल व्यवसायी, समाजसेवी तथा बि.सी. केवल टि.भी. नेटवर्क प्रा.लि. पोखरा, कास्कीका अध्यक्ष श्री भक्त बहादुर क्षेत्रीको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारमा धैर्य धारण गर्न सक्ने शक्ति मिलोस् भन्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

महेन्द्र कुमार पौडेल (रमेश)
(प्रबन्ध निर्देशक)
तथा
**महाकाली डिजिटल नेटवर्क प्रा.लि. परिवार**
ललितपुर

## हार्दिक श्रद्धाञ्जली

हामी बिर्सन सक्तैनौं,
तिम्रो सामिप्यका क्षण,
चिर शान्ति रहोस् तिम्रो,
आत्मा औ भावना मन ।



हाम्रा प्रातःस्मरणीय इञ्जिनियर चेरब घिमिरे साञ्जेन जलविद्युत कम्पनी लिमिटेडको पहुंचमार्ग निर्माणका क्रममा अचानक आएको सुख्खा पहिरोमा परी परलौकिक भएको चौथो बार्षिक पुण्य तिथिका अवसरमा वहाँको आत्माको चिर शान्तिको कामना गर्दछौं ।

चेरब स्मृति प्रतिष्ठान परिवार
मध्यपुर थिमी:-१६, मनोहरा फांट, भक्तपुर ।

# भूकम्पपीडितलाई घर

काभ्रे (कास)- धुसेनी शिवालयका भूकम्पपीडितका लागि सामाजिक सञ्जालमार्फत सहयोग जुटाएर २६ घर निर्माण गरिएका छन् । सवारी दुर्घटनामा दिवंगत दुई छोराको स्मृतिमा गठन भएको लक्ष्मी प्रतिष्ठानले फेसबुक, युटचुब लगायत सञ्जालमार्फत रकम संकलन गरेर घर बनाएको हो ।

नेपालमा पढेर विदेशमा बसोबास गर्दै आएका नेपालीले घर निर्माणका लागि आर्थिक सहयोग गरेका हुन् । संस्थाका अध्यक्ष विष्णु गौतमले दाताहरू खोज्दै आएपछि भूकम्पपीडितको पीडामा केही मलम लगाउने अवसर पाएको बताए । ५० लाख लागतमा घर निर्माण गरिएका छन् । उनका अनुसार घर निर्माणका लागि लासगो नेप्लिज एसोसिएसन युकेले २४ लाख, अमेरिकन नेपाली नर्सिङ सोसाइटीले ११ लाख, मोटसानाफाइ संस्थाले १ लाख ६० हजार दिएको थियो । यस्तै साउदी अरेबियाबाट नेपाली कामदारको संस्था मिलन ग्रुप अफ साउदीले १ लाख ६० हजार र मीना पुडासैनीले १ लाख ६० हजार सहयोग गरेका छन् । संकलित ३९ लाख ३० हजारमा संस्थाले थपेर ५० लाखको कोष बनाइएको थियो ।

शौचालयसहितको २ कोठे प्रिफ्याबयुक्त संरचनाका लागि ढुवानीसहित १ लाख ६० हजार खर्च भएको छ । श्रमदान र काठ सम्बन्धित घरधुरीले उपलव्ध गराएका छन् ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्म :
१९९९ कार्तिक

परमधामवासीः भगिरथ तिमसिना

परमधाम गमन :
२०७३ माघ २ गते

हाम्रा प्रातः स्मरणीय करुण हृदयका प्रेरणादायी अभिभावकको १३ औं दिनको पुण्यतिथिमा दिवंगत व्यक्तिको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा हामीप्रति समवेदना प्रकट गर्नुहुने सम्पूर्ण शुभचिन्तक महानुभावहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

श्रीमतीः कालिका तिमसिना

छोरा/बुहारी
विजय/रश्मी
विनय/रिता

छोरी/ज्वाई
विना/शरद ठकुरी

कान्छी छोरी
जीवन कला तिमसिना

नातिनीहरु
रिया, प्रिन्सा, कृतिस्मा

नातिहरु
स्वरुप र कल्पेस

एवंम समस्त तिमसिना परिवार, शनिअर्जुन न. पा. -0७, झापा

## छोटकरी

**झूटो मुद्दामा कारागार**
गुलरिया (कास)- भारतीय वन कर्मचारीले नेपाली नागरिक दिनेश बन्जाडालाई पक्रेर वन मुद्दा दायर गरी जेल पठाएको छ । बँदेल मारेको आरोपमा उनीमाथि झूटो मुद्दा चलाएको हो । उत्तर प्रदेश कतर्नियाघाटका वनकर्मीले बन्जाडालाई चार दिनअघि बर्दियाबाटै पक्रेर लगेका थिए ।

**दुर्घटनामा २ को मृत्यु**
विराटनगर (कास)- झापा र सप्तरीमा भएका बेग्लाबेग्लै दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । दमक ३ मा मे१त २२०५ नम्बर ट्र्याक्टरले मे६प ९७८६ नंको मोटरसाइकललाई ठक्कर दिँदा चालक बेलडाँगीका २८ वर्षीय सनमान लिम्बूको बुधबार मृत्यु भएको हो । यस्तै सप्तरी ९ मा स१प २१९७ नम्बर मोटरसाइकल ना५त ८४३0 नम्बरको ट्र्याक्टरमा ठोक्किँदा मोटरसाइकल चालक सिरहाका ४0 वर्षीय धुरन यादवको घटनास्थलमै मृत्यु भएको प्रहरीले बताएको ।

**घरेलु मदिरा छ्याप्छ्याप्ती**
कञ्चनपुर (कास)- महेन्द्रनगर तथा आसपासका क्षेत्रमा अवैध घरेलु मदिरा छ्याप्छ्याप्ती भेटिन थालेको छ । केही दिनयता प्रहरीले धमाधम छापा हानेर बरामद गर्न थालेको छ ।

# !!! हार्दिक श्रद्धाञ्जली !!!



जन्म मिति
वि.सं. २०००।०८।१४

स्वर्गारोहण
वि.सं. २०७३।१०।०२

**स्व. भक्तबहादुर क्षेत्री**

यस नेपाल केवल टेलिभिजन महासंघका सल्लाहकार एवं नेपाल केवल टेलिभिजन एसोसिएसनका पूर्व अध्यक्ष तथा वी.सी. केवल नेटवर्क प्रा.लि., पोखराका अध्यक्ष भक्तबहादुर क्षेत्रीको असामयिक निधनले हामीलाई स्तब्ध बनाएको छ । स्व. क्षेत्रीको १३औं पूण्यतिथीमा दिवंगत आत्माको चिर-शान्तिको कामना गर्दै यस दु:खद घडिमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्न सक्ने शक्ति मिलोस भनि प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

श्री सुधिर पराजुली
**अध्यक्ष**

श्री विदुरविक्रम पन्त
**वरिष्ठ उपाध्यक्ष**

श्री रामकुमार बस्नेत
**महासचिव**

श्री ध्रुव न्यौपाने
अध्यक्ष, मेची केवल टेलिभिजन एसोसिएसन

श्री सरोज ढाहाल
अध्यक्ष, हाइ वे अप्टिकल केवल टेलिभिजन संघ

**सल्लाहकार**
श्री दिपक सैजु
श्री सुभाष पाठक
श्री दिनेश सुवेदी

श्री लालबाबु शेख
**प्रथम उपाध्यक्ष एवं**
अध्यक्ष, मध्यमाञ्चल केवल टेलिभिजन संघ

श्री कुलदीप बस्नेत
**सचिव एवं**
अध्यक्ष, मध्यपूर्व केवल टेलिभिजन संघ

श्री रोहित कार्की
अध्यक्ष, कोशी केवल टेलिभिजन संघ

श्री यामबहादुर कार्की
अध्यक्ष, स्याङ्‌जा केवल समन्वय संघ

श्री प्रमोदजंग कार्की
अध्यक्ष, सगरमाथा केवल टेलिभिजन संघ

श्री दिलीप सिंह ठकुरी
अध्यक्ष, भेरी-कर्णाली केवल टेलिभिजन संघ

श्री विश्वशंकर पालिखे
**द्वितीय उपाध्यक्ष**

श्री राजकुमार श्रेष्ठ
**कोषाध्यक्ष एवं**
अध्यक्ष, सुदुरपश्चिमाञ्चल केवल टेलिभिजन संघ

श्री सुशिलकुमार लामा
अध्यक्ष, गण्डकी धौलागिरी केवल टेलिभिजन संघ

**सदस्यहरु:** श्री पुष्पलाल श्रेष्ठ, श्री नविनकुमार श्रेष्ठ, श्री शंकरनारायण श्रेष्ठ, श्री विनोद अग्रहरी, श्री राम उप्रेती, श्री चिन्तन पाठक, श्री कुन्दन गुरुङ्ग, श्री बैद्यनाथप्रसाद शाह, श्री मनोज श्रेष्ठ, श्री मिलन राजभण्डरी, श्री फिरोज मास्के, श्री हंसराज भट्ट, श्री मुकुन्दराज भट्टराई, श्री किरणनारायण श्रेष्ठ तथा सम्पूर्ण केवल व्यवसायी एंव कर्मचारी परिवार

FEDERATION OF NEPAL CABLE TELEVISION
नेपाल केवल टेलिभिजन महासंघ
Estd. 2011
Kathmandu, Nepal

**नेपाल केवल टेलिभिजन महासंघ परिवार**

कोसी अञ्चल अस्पतालमा अख्तियार टोली

# ओपीडीमा भेटिएनन् चिकित्सक

■ देवनारायण साह



विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा बिहीबार सेवाग्राही । *तस्बिर : देवनारायण/कान्तिपुर*

मोरङ- विराटनगरस्थित कोसी अञ्चल अस्पतालले ओपीडी सेवा साँझ ५ बजेसम्म सञ्चालन गर्नुपर्ने निर्णय अझै कार्यान्वयनमा ल्याएको छैन । अहिले पनि बिहान ९ देखि दिउँसो २ बजेसम्म ओपीडी चलाउने गरिएको छ ।

अधिकांश चिकित्सकले दिउँसो १ नबज्दै अस्पताल छाडिसकेका हुन्छन् । तीमध्ये कतिपय नियमित हाजिरसमेत हुँदैनन् । अख्तियार दुरुपयोग नियन्त्रण आयोगको टोलीले बिहीबार अस्पताल निरीक्षण गरेपछि चिकित्सकको रबैया छताछुल्ल भएको छ । निरीक्षण क्रममा निकै कम चिकित्सक र कर्मचारी मात्र उपस्थित पाइएको टोलीका एक सदस्यले बताए । अख्तियारले हाजिरी नगर्ने कर्मचारी र स्वास्थ्यकर्मीको नाम टिपेर लगेको छ ।

सरकारले बिहान १० बजेदेखि ५ बजेसम्म अस्पतालमा बसेर सेवा दिनुपर्ने निर्णय गरेको थियो । स्वास्थ्य मन्त्रालय र विभागले पठाएको निर्देशनात्मक पत्र चिकित्सकलाई प्राप्त भएको अस्पताल प्रशासनले जनाएको छ तर निर्देशन कार्यान्वयन भएको छैन ।

सिजुवा ७ का रामप्रसाद आचार्य ७ वर्षीय भतिजा निमेषको हात भाँचिएपछि उपचारका लागि बिहीबार अस्पताल आएका थिए । हातको प्लास्टर गराएर चिकित्सकको निर्देशनअनुसार पुनः एक्स-रे गराएर दिउँसो १२ पछि ओपीडी कक्षमा जाँदा डाक्टर नभेटेको उनले गुनासो पोखे । यस्तै, इलाम इभाङका खड्गनारायण लिम्बू बिरामी भएर बिहीबारै आकस्मिक कक्षमा जाँच गराए । त्यसपछि ल्याब परीक्षणका लागि शुल्क बुझाउन आउँदा दिउँसो १२:३० बजे नै काउन्टर बन्द भइसकेको थियो । २ बजेसम्म पर्खंदा पनि कोही नआएकाले उनी होटलमा बास बस्न बाध्य भए ।

अस्पतालको ल्याब फाँटका कर्मचारीले आफूहरूले दिउँसो २ बजेसम्म काम गर्ने गरेको बताए । तर, उनीहरू १२ बजेपछि नै कार्यस्थलमा भेटिँदैनन् । अस्पतालको हरेक विभाग र फाँटको अवस्था यस्तै छ । चिकित्सकहरू दिउँसो १२ बजे नै अस्पतालबाट निजी क्लिनिक र निजी अस्पतालतिर जाने गरेको अस्पताल स्रोतले बतायो ।

चिकित्सक नबस्दा उपचारका लागि टाढाबाट आएका बिरामीले सास्ती खेप्नुपर्ने अवस्था छ स्थानीय श्रीराम साहले गुनासो पोखे । उनले अस्पतालका चिकित्सकले नाम मात्रको ड्युटी गरेर निजी अस्पताल र क्लिनिकमा बढी समय दिने गरेको बताए ।

अस्पताल प्रशासन फाँटका प्रमुख नवराज लुइँटेलले सरकारले घोषणा गरेको बिहान १० देखि बेलुका ५ सम्मको समय कार्यान्वयन हुन नसकेको स्वीकारे । उनले अस्पतालमा कार्यरत सबैले २ बजेसम्म मात्र ड्युटी गर्ने गरेकाले बेलुकाका लागि सेवा दिन अर्को संरचना तयार गर्नुपर्ने अवस्था रहेको बताए । स्वास्थ्य मन्त्रालयको निर्देशन कार्यान्वयन गर्ने विषयमा बिहीबारसमेत विभागीय प्रमुखहरूको बैठक बसेको तर कुनै निर्णय हुन नसकेको उनले जानकारी दिए ।

अस्पतालमा ६८ चिकित्सक, २ सय २३ स्वास्थ्यकर्मीसहित करिब ४ सय ८६ जना कर्मचारीको दरबन्दी छ । तीमध्ये ७२ पद रिक्त छ । यसैबीच, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको टोलीले अस्पतालको अनुगमन गर्दा चिकित्सक, स्वास्थ्यकर्मी लगायत कर्मचारीको उपस्थिति न्यून रहेको पाएको छ । टोलीले अस्पतालका सबै कर्मचारीलाई पोसाक लगाउन, समयमा अस्पतालमा आउन र जान निर्देशन दिएको मेडिकल सुपरिन्टेन्डेन्ट डा. रोशन पोखरेलले बताए ।

डा. पोखरेलले स्वास्थ्य मन्त्रालयले दिएको निर्देशन आफ्नो अस्पतालमा तत्काल कार्यान्वयन नहुने बताए । उनले स्वास्थ्य मन्त्री गगन थापाले टवटरमार्फत बिहान १० देखि दिउँसो ३ बजेसम्म चिकित्सकलाई सेवा दिन भने पनि आफूहरूले बिहान ९ देखि २ बजेसम्म सेवा दिँदै आएको बताए । उनले केही साथीहरू कुनै कारणवश केही समय अगाडि गए पनि बिरामीको उपचारमा कुनै कसर बाँकी नराखेको दाबी गरे ।

## काम नगर्न अड्को

जनकपुर (कास)- सरकारले अस्पताललाई बिहान १० देखि साँझ ५ बजेसम्म ओपीडी खोल्न दिएको निर्देशन जनकपुरमा पाँच महिनापछि कार्यान्वयनमा ल्याइए पनि यसले निरन्तरता पाउने सम्भावना न्यून छ । चिकित्सकले सरकारी निर्देशन कार्यान्वयनका लागि सर्त तेर्स्याएपछि सेवा चुस्त हुने आशा क्षीण हुँदै गएको छ ।

यथास्थितिमा सेवालाई निरन्तरता दिन नसकिने जनकपुर अञ्चल अस्पतालका चिकित्सकले बताएका छन् । उनीहरूले बुधवार विज्ञप्ति प्रकाशित गरी स्वास्थ्यकर्मीको सेवासुविधा तथा अस्पतालको भौतिक संरचना सुधार नगरी सरकारले जबर्जस्ती कार्यविधि ल्याएको आरोप लगाए । विज्ञप्तिमा भनिएको छ, 'आजसम्म अत्यन्त न्यून र नगण्य सुविधामा अहोरात्र खटिइरहेका सरकारी चिकित्सकलाई अवमूल्यन गर्दै बिनाछलफल, क्षणिक राजनीतिक लोकप्रियताका लागि लादिएको अन्यायपूर्ण नीतिको विरोध गर्छौं ।'

स्वास्थ्य शिक्षा शुल्क अत्यन्त महँगो भएको, चिकित्सकलाई त्यसअनुरूप मासिक तलबभत्ता र कार्यरत स्वास्थ्यकर्मीलाई आवास, शुद्ध खानेपानी, भोजनगृह तथा शौचालयसमेत व्यवस्था नभएको भन्दै उनीहरूले मन्त्रालयको ध्यानाकर्षण गराएका छन् । अस्पतालमा माघ २ गतेदेखि विस्तारित सेवा सुरु भइसकेको छ । जाडोमा अपराह्न ४ तथा तथा गर्मीमा ५ बजेसम्म ओपीडी खुला राखिने जनाइएको छ । सेवाग्राहीलाई ३ सय ५० रुपैयाँ शुल्क निर्धारण गरिएको छ । अस्पताल परिसरमै ल्याब, एक्सरे, सिटीस्क्यान, अल्ट्रासाउन्डसहितका सुविधा सञ्चालनमा ल्याइएको छ । स्रोतका अनुसार सेवाग्राहीको हितमा अत्यन्तै लालप्रद देखिएको यो सेवा हप्तादिनमै बन्द गर्ने चिकित्सकको आन्तरिक निर्णय थियो । तर, यसै विषयलाई लिएर स्वास्थ्य मन्त्रालयले एक चिकित्सकलाई स्पष्टीकरण सोधेपछि भने उनीहरू हच्किए । यस विषयमा बुझ्न खोज्दा कुनै पनि चिकित्सकले कुरा गर्न मानेनन् ।

अस्पतालले भने अतिरिक्त सेवा सञ्चालन गर्न चिकित्सक पर्याप्त नहुने जनाएको छ । प्रशासन शाखाका अनुसार यहाँ दरबन्दीको आधाभन्दा पनि कम चिकित्सक तथा स्वास्थ्यकर्मी छन् । मेडिकल सुपरिन्टेन्डेन्ट डा. गौरांग मिश्राले भने सरकारी चिकित्सकले दिएको विज्ञप्तिबारे आफूलाई केही थाहा नभएको बताए । 'म त सरकारको प्रतिनिधिका रूपमा काम गर्दै छु । जुनसुकै अवस्थामा अस्पताल सञ्चालन गर्नु मेरो दायित्व हो,' उनले टेलिफोन सम्पर्कमा भने ।

# निर्वाचन तयारीमा जुटे दल

कान्तिपुर संवाददाता

बाँके- स्थानीय तह निर्वाचन घोषणाका लागि बहस चल्दै गर्दा प्रमुख दलले जिल्ला तहमा तयारी थालेका छन् । कांग्रेस, एमाले र माओवादी केन्द्रले भ्रातृ संगठन पुनर्गठनसँगै गाउँगाउँका कार्यकर्तालाई एकजुट गर्ने अभियान तीव्र पारेका छन् ।

कांग्रेस बाँकेले निर्वाचनलाई मध्यनजर गरी जनपरिचालन अभियान सुरु गरेको छ । मंगलबार कांग्रेस सभापति शेरबहादुर देउवाको प्रमुख अतिथ्यमा बसेको बैठकले गाउँगाउँमा जनजागरण अभियान चलाउने निर्णय गरेको छ ।

अभियानका लागि उसले 'जनजनमा बीपी, मनमनमा बीपी' नारा तय गरेको छ । 'पार्टीले एक महिनासम्म जनजागरण अभियान सञ्चालन गर्दै छ, भ्रातृ संगठनको पुनर्गठनदेखि कार्यकर्तालाई जगाउने काम भइरहेको छ,' कांग्रेस बाँकेका सचिव तप्त पौडेल भन्छन्, 'यी सबै गतिविधि निर्वाचनकेन्द्रित छन् ।'

एमालेले पनि जनपरिचालन अभियानलाई जोड दिइरहेको छ । उसले २०४९ र ०५४ सालका स्थानीय निर्वाचनमा पार्टीका तर्फबाट विजयी प्रतिनिधिलाई सम्मान गरेको छ । नेपालगन्ज नगरका एक उपमेयर, १६ गाविस अध्यक्ष, २१ उपाध्यक्ष, १ सय १६ वडा अध्यक्ष र ३ जिविस सदस्य गरी १ सय ९७ जना सम्मानित भएका हुन् । त्यससँगै गाउँगाउँमा संगठन निर्माण पनि तीव्र पारिएको पार्टीले जनाएको छ । 'गाउँगाउँमा भेलासँगै कमिटी गठन भइरहेका छन् । प्रशिक्षण कार्यक्रम जारी छ,' एमाले बाँकेका अध्यक्ष अशोक कोइराला भन्छन्, 'संविधान कार्यान्वयन, निर्वाचन तयारीको काम एकसाथ गरिरहेका छौं ।'

माओवादी केन्द्रले पनि निर्वाचन लक्षित गरी ५ नम्बर प्रदेशका अगुवा कार्यकर्तालाई प्रशिक्षण दिएको छ । पार्टी उपाध्यक्ष नारायणकाजी श्रेष्ठ

**कांग्रेस, एमाले र माओवादी केन्द्रले जनपरिचालन र जनजागरण अभियान तीव्र पारेका छन्**

र ५ नम्बर प्रदेशका इन्चार्ज वर्षमान पुनले अगुवा कार्यकर्तालाई प्रशिक्षणसँगै निर्वाचन तयारीमा लाग्न निर्देशन दिएका छन् ।

प्रशिक्षणमा स्थानीय तह र प्रदेश निर्वाचन विधि पनि समेटिएको छ । 'निर्वाचन तयारीमा हामी आफैं पनि जुटिरहेकै छौं, वडास्तरीय बस्तीमा कमिटी गठन तथा भेला भइरहेको छ,' माओवादी केन्द्र बाँकेका अध्यक्ष आईपी खरेलले भने । केन्द्रको भ्रातृ संगठन वाईसीएलले पार्टीको पक्षमा माहोल बनाउन युवा परिचालन गर्ने निर्णय गरेको छ ।

मधेसी दल भने निर्वाचनको पक्षमा अझै खुलेका छैनन् । उनीहरू संविधान संशोधनको पर्खाइमा छन् । पार्टीको निर्देशनपछि मात्रै के गर्नेबारे टुंगो लाग्ने नेता बताउँछन् ।

# पाको काँधमा जिम्मेवारी

■ राजेन्द्र मानन्धर

दोलखा- झुले गाविसका ६५ वर्षीय गणेशबहादुर कार्की गत बिहीबार जिल्ला विकास समितिको योजना शाखामा भेटिए । उनका हातमा सिँचाइ कुलो निर्माण योजनाका कागजपत्र थिए । १ लाख ७५ हजार रुपैयाँ लागतको उक्त विकास योजनाको उपभोक्ता समिति अध्यक्ष उनी निर्माण सम्झौताका लागि आएका रहेछन् ।

यसपालि योजना सम्झौताका लागि जिविस धाउनेमध्ये पाका नागरिक पनि उल्लेख्य छन् । योजना सम्झौता गर्न आउनेमा १० प्रतिशतजति व्यक्ति ६० वर्ष काटेका रहेको योजना शाखा अधिकृत कृष्ण कार्कीले बताए । उनका अनुसार १ सय ७० योजनामध्ये करिब डेढ दर्जनमा पाका नागरिक हाबी छन् ।

गणेशबहादुर गाउँमा युवा नभएकाले आफैंले योजनाको नेतृत्व गर्नुपरेको बताउँछन् । उनले भने, 'भूकम्पपछि जवान केटाहरू अन्तै व्यस्त छन्, विकासका काममा आफैं दौडधुप गर्नुपर्‍यो ।' केही युवा पुनर्निर्माणका काममा व्यस्त छन् । अधिकांशचाहिँ विदेश वा अन्यत्र गएका छन् । 'अब बूढापाका र महिला, केटाकेटी मिलेर यो काम सक्नुपर्ला,' गणेशबहादुरले भने, 'भूकम्पपछि विकास निर्माणमा लग्ने जनशक्ति नै पाउन मुस्किल छ ।' जिविसको योजना शाखाका अनुसार उपभोक्ता समितिमा युवा उपस्थिति कम देखिएको छ ।

**निराश उपभोक्ता, विकासमा बाधा**

तेस्रोपटक म्याद थपिँदा पनि तोकिएको योजनाको सम्झौता गर्न उपभोक्ता नआएपछि जिविस योजना शाखाका कर्मचारी केही फुर्सदिला देखिन्छन् ।

जिल्लास्थित राजनीतिक दलको निगाहमा छिनिएका योजना सम्झौता गर्न उपभोक्ताले नैराश्य देखाएका हुन् । तेस्रोपटक यही माघ १५ गतेसम्म म्याद दिइएको छ । बिहीबारसम्म करिब साढे चार सय योजनामध्ये १ सय ७० वटाको मात्र सम्झौता भएको छ । शाखा अधिकृत कार्कीका अनुसार विकास निर्माणमा उपभोक्ताको रुचि देखिँदैन । जिविसअन्तर्गतका योजना छनोट पहुँचवाला दलको बैठकले गर्छ । त्यसमा जनप्रतिनिधि अभावका कारण विकास अवधारणाअनुसार लाभान्वित समूहको आवश्यकतालाई महत्त्व दिइँदैन । भागबन्डा, भनसुन र खुसी पार्न दिइने बजेट भएकाले योजना सम्झौता गरी काम गर्न उपभोक्ताको रुचि घटेको जिविसका एक कर्मचारीको अनुमान छ ।

दलहरूको छनोटमा परेका ३ सय ४२ मध्ये १ सय ३४ वटा योजनाको सम्झौता हुन बाँकी छ । सांसद पशुपति चौलागाईं, आनन्दप्रसाद पोखरेल र पार्वत गुरुङको तजबिजमा वितरित योजना कुनै पनि सम्झौता भएको छैन । जिविसले यसपटक २०७३ चैतभित्र सबै योजनाको काम सक्ने लक्ष्य लिए पनि माघको पहिलो सातासम्म पनि सम्झौता हुन बाँकी योजनाको थाक छ । योजना शाखाका अनुसार सम्झौता गरेर काम सम्पन्न गर्नुपर्ने टुक्रे योजनाका उपभोक्ताले कामको अवधि ढिला हुने भनेर निवेदन दिइरहेका छन् ।

# बिजुली गएपछि ढुंगामुढा

स्याङ्जा (कास)- एमाले अध्यक्ष केपी ओलीले सम्बोधन गर्ने बेला बिजुलीको लाइन गएपछि आयोजकलाई लक्षित गरेर कार्यकर्ताले ढुंगा प्रहार गर्दा चार जना घाइते भएका छन् । बिहीबार छैटौं वालिङ महोत्सव उद्घाटनपछि ओलीले सम्बोधन गर्दैगर्दा बिजुली गएको थियो । बिजुली ढिलो आउने खबर पाएपछि उनी मन्च छाडेर हिँडेपछि आक्रोशित कार्यकर्ताले आयोजकलाई ढुंगा हानेका हुन् ।

विपक्षीहरूले नियोजित तरिकाले लाइन काटेको भन्दै कार्यकर्ता आक्रोशित भएका थिए । उनीहरूले महोत्सव स्थगित गर्न नाराबाजीसमेत गरे । त्यसपछि आयोजक उद्योग वाणिज्य संघले क्षमा माग्दै महोत्सव उद्घाटन सत्र सम्पन्न भएको घोषणा गरेका थिए । ओली फर्किएपछि कार्यकर्ताले ढुंगामुढा र केही समय सिद्धार्थ राजमार्गमा आवागमन अवरुद्ध पारे । उनीहरूले स्टलहरू बन्द गराएका थिए ।

**'विपक्षी असफल'**

ओलीले सत्तापक्षले देशलाई प्रतिगमनमा लैजान ठूलो प्रयास गरे तापनि असफल भएको बताएका छन् । संविधान कार्यान्वयन गर्न सबै एक हुनु आवश्यक रहेको भन्दै उनले तीन तहको चुनाव गरिछाडने बताए । 'स्वार्थभन्दा माथि उठेर राष्ट्रियताको हितमा काम गर्नुपर्छ,' उनले भने, 'संविधान कार्यान्वयन र चुनाव गराउन सकिएन भने देश संकटमा पर्छ । नेपालीको स्वाभिमानलाई कायम राख्नु सबैको कर्तव्य हो ।' उनले राष्ट्र अरूको हस्तक्षेपमा नभई स्वतन्त्र तवरबाट चल्नुपर्ने बताए ।




## छोटकरी

**'चुनाव नभएसम्म यही सरकार'**

चितवन (कास)- कांग्रेस महामन्त्री डा. शशांक कोइरालाले स्थानीय निकाय चुनाव नभएसम्म अहिलेको सरकार परिवर्तन नहुने दाबी गरेका छन् । नेपाल प्रेस युनियनले भरतपुर विमानस्थलमा बिहीबार गरेको पत्रकार भेटमा उनले स्थानीय निकायको चुनाव फेरबदल गर्ने समय नरहेकाले अहिलेकै संरचनाअनुरूप हुनुपर्नेमा जोड दिए । 'स्थानीय निकायको चुनाव हुने बित्तिकै राजनीतिमा केही खुकुलोपन आउँछ,' उनले भने, 'त्यसपछि प्रदेशको चुनाव हुनुअघि सीमांकनलगायतका समस्या सुल्झाउनुपर्छ ।'

**हात्तीले घर भत्कायो**

गुलरिया (कास)- जंगली हात्तीले बुधबार राति बबई नगरपालिकास्थित नेउलापुरको बलाती र बगनाहाको बरगदामा करिब दर्जन कच्ची घर भत्काएको छ । बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएको बलातीमा रहेको प्रेमबहादुर विक, अमृता अधिकारी, भवानीप्रसाद थारू, पवित्रा गौतम लगायतका घर भत्काएको मध्यवर्ती क्षेत्र सामुदायिक वनका अध्यक्ष धर्मराज शर्माले बताए । हात्तीले निकुञ्जको भुरिगाउँमा रहेको गेम स्काउट बस्ने पोस्टमा पनि क्षति पुर्‍याएको छ । कर्मचारीले भागेर ज्यान जोगाएका थिए ।

**गाउँमै स्वास्थ्य सेवा**

हेटौंडा (कास)- कालिकाटार गाविसस्थित कटुन्जेमा बुधबार आयोजना गरिएको निःशुल्क शिविरमा सयौं स्थानीयले स्वास्थ्य परीक्षण गराएका छन् । हेटौंडा सामुदायिक आँखा अस्पतालका चिकित्सकले निःशुल्क औषधि दिए । नयाँ सवुज गण सुपारेटार ब्यारेकले आयोजना गरेको शिबिरमा चुरेहिल अस्पताल, हेटौंडा सामुदायिक आँखा अस्पताल र नेपाली सेनाको हेटौंडास्थित चिकित्सक टोलीले १ सय ७९ महिलासहित ३ सय ८९ जनाको स्वास्थ्य परीक्षण गर्नुका साथै निःशुल्क औषधि दिएका थिए ।

**ऐन कार्यान्वयनबारे छलफल**

खोटाङ (कास)- न्यूनतम पारिश्रमिक निर्धारण समिति अध्यक्ष पोषण केसीले पत्रकारलाई तलब दिन नसक्ने सञ्चार माध्यम बन्द गर्न सञ्चालकलाई आग्रह गरेका छन् । श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्था बुझ्न यहाँ आएका अध्यक्ष केसीले सञ्चार माध्यममा काम गर्ने पत्रकारलाई कुनै पनि बाहनामा तलब नदिने सञ्चार माध्यम चलाइरहनुपर्छ भन्ने आवश्यकता नहुने बताए ।

**अख्तियार अन्तर्क्रिया**

प्यूठान (कास)- एक कार्यक्रमका सहभागीले भ्रष्टाचार नियन्त्रणका लागि नागरिक समाज र सञ्चाकर्मी लगायतले चनाखो भएर काम गर्नुपर्ने बताएका छन् । बिहीबार जिविस हलमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग कोहलपुरले आयोजना गरेको अन्तर्क्रियामा प्रजिअ जनकराज पन्तले कतै अख्तियारको दुरुपयोग भएको पाइएमा सञ्चारकर्मीले लेखेर र नागरिक समाजका अगुवाले सूचना दिएर सहयोग गर्नुपर्ने बताए । प्यूठान हेर्ने अख्तियारको कार्यालय टाढा भए पनि जिल्लामा हुने दुरुपयोगका घटना नजिकबाट अनुसन्धान गरिरहेको कार्यालय प्रमुख कुबेर कडायतको भनाइ थियो ।

**राहत वितरण**

ओखलढुंगा (कास)- दुई महिनाअघि हेलिकप्टर विवादका कारण रोकिएको भूकम्पपीडितको पहिलो किस्ता रकम वितरण थालिएको छ । गाम्नाङटार र पोकलीपछि बिहीबार रगनीमा सुरु शिविरको उद्घाटन गर्न श्रम तथा रोजगार मन्त्री सूर्यमान गुरुङ आइपुगे । पीडितले पाउने पहिलो किस्ता ५० हजार वितरण गर्न उनी पनि हेलिकप्टर चढेर आइपुगेका हुन् । शिविर उद्घाटन गर्न दुईवटा हेलिकप्टर चार्टर गरिएका थिए ।




एनसेल प्रा. लि. को एसएमएस प्याक सम्बन्धी सूचना

यस एनसेल प्रा. लि. ले आफ्ना ग्राहकहरुलाई सुविधा प्रदान गर्ने उद्देश्यले देहाय बमोजिमको एनसेल एसएमएस प्याक संचालन गर्न लागेको सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

एनसेल एसएमएस प्याकको विवरण यस प्रकार छन्:

| मूल्य (कर सहित) | एसएमएसको संख्या |
|---|---|
| रु. ५ | १५० |
| रु. २५ | १००० |

यो योजना उल्लेखित मिति अगावै अन्त्य नभएको खण्डमा सबै प्रिपेड ग्राहकहरुका लागि सेवा सुचारु भएको दिनदेखि १५ दिनसम्म उपलब्ध हुनेछ ।

एनसेल प्रा. लि.
नख्खु, ललितपुर

Ncell
an axiata company

# स्वविंयु चुनाव 'फागुन १४ मै'

■ गणेश राई

काठमाडौं- नौ वर्षदेखि रोकिएको स्वतन्त्र विद्यार्थी युनियन (स्वविंयु) को चुनाव आगामी फागुन १४ गते हुने निश्चित भएको छ । त्यसनिम्ति प्रमुख राजनीतिक दलनिकट विद्यार्थी संघ/संगठनहरू एकमत भएका छन् ।

त्रिभुवन विश्वविद्यालयले निर्वाचन तालिका सार्वजनिक गर्ने अन्तिम तयारी गरेको छ । त्रिवि रेक्टर प्रा. सुधा त्रिपाठीले भनिन्, 'हामी चुनाव तालिका चाँडै सार्वजनिक गर्दै छौं ।'

विश्वविद्यालय र क्याम्पसहरूमा विद्यार्थी हकहितका निम्ति २०३६ सालदेखि स्वविंयुको चुनाव हुँदै आएको छ । पूर्वविद्यार्थी नेता तथा सहप्राध्यापक गोवर्द्धन रानाका अनुसार पञ्चायतकालमा क्याम्पसमा विद्यार्थीलाई नियन्त्रित ढंगले युनियन खोल्न दिइएको थियो । 'प्रजातान्त्रिक आन्दोलनमा नेपाल विद्यार्थी संघ' पुस्तकका लेखक राना भन्छन्, 'विद्यार्थीले भने अन्य मुलुकमा जस्तै निर्वाचनका आधारमा स्वतन्त्र विद्यार्थी युनियन चयन हुनुपर्ने माग राख्दै आएका थिए । कलेजले मनोनीत गरेर खेलकुद तथा विद्यार्थी कल्याण गतिविधि सुचारु राख्यो ।'

उति बेला बलबहादुर केसीको अध्यक्षतामा नेवि संघ, टंक कार्कीको नेतृत्वमा अनेरास्वविंयु (पाँचौं) र शरणविक्रम मल्लको नेतृत्वमा रसियन फेडरेसन स्वविंयु स्थापनाको माग गर्दै आन्दोलनमा उत्रिएका थिए ।

'विद्यार्थी आन्दोलन मत्थर पार्न राज्यले अनेक उपाय रच्यो, अन्ततः लामो समय क्याम्पस बन्द गरायो,' राना भन्छन्, 'त्यसको प्रतिफलस्वरूप ती विद्यार्थी गाउँ पसेर विद्यालयमै आन्दोलन गर्न थालेपछि सरकार झुक्न बाध्य भयो र २०३६ सालमा स्वविंयु खोल्न दियो ।' उक्त स्वविंयु निर्वाचनमा ७० प्रतिशत मत नेवि संघले पाएको राना उल्लेख गर्छन् ।

अब हुने स्वविंयु चुनाव मिश्रित प्रणालीमा हुनेछ । उम्मेदवारी दिने विद्यार्थीको उमेर २८ वर्षको हुनेछ । मिश्रित प्रणालीका आधारमा हुने स्वविंयु निर्वाचनमा अध्यक्ष, सचिव र कोषाध्यक्षको मतदान एक व्यक्ति एक मतका आधारमा हुनेछ । सदस्यहरूका हकमा जम्मा निर्वाचित हुनेमध्ये ५० प्रतिशत सदस्यहरू प्रत्यक्ष निर्वाचन प्रणालीबाट आउनेछन् । बाँकी ५० प्रतिशत सदस्यहरूको निर्वाचन समानुपातिक प्रणालीबाट हुनेछ । उपाध्यक्ष र सहसचिवको निर्वाचन निर्वाचित अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरूसहितको समितिले समानुपातिकतर्फबाट निर्वाचित सदस्यहरूमध्येबाट प्रत्यक्ष निर्वाचन प्रणालीबाट गर्ने स्वविंयु नियममा छ ।

स्वविंयु निर्वाचितमध्ये समानुपातिकतर्फका सदस्य र पदाधिकारीलाई सम्बन्धित संघ, संगठन वा समूहले कारण जनाएर फिर्ता बोलाउन सक्ने र रिक्त स्थानमा सम्बन्धित संगठनको बन्दसूचीभित्रका नाममध्येबाट अर्को सदस्य मनोनयन गर्न सक्ने व्यवस्था छ । सरकारले फागुनमा स्थानीय निकायको चुनाव गराउन सम्भव नभएको भन्दै विद्यार्थी संघ/संगठनहरूलाई स्वविंयु चुनावमा होमिन निर्देश गरेको जनाइएको छ । मधेसवादी, जनजातिलगायत अन्य दलनिकट विद्यार्थी संघ/संगठनले मिश्रित प्रणालीमा हुने स्वविंयु चुनावलाई सकारात्मक रूपमा लिएको जनाएका छन् ।

## चुनावमा होमिनुको विकल्प छैन



**नैनसिंह महर**, अध्यक्ष, नेवि संघ

त्रिविले घोषणा गरेको स्वविंयु चुनावलाई नेवि संघले स्वागत गरिसकेको छ । नेवि संघको नेतृत्वमा २०३६ सालको विद्यार्थी आन्दोलनको जगमा स्वविंयु संस्थाको जन्म भएको हो । संघको केन्द्रीय समिति बैठकले घोषित मितिको स्वविंयु चुनावमा भाग लिने निर्णय गरिसकेको छ । पार्टी केन्द्र (कांग्रेस) को शीर्षस्थ नेतृत्वबाट चुनावमा जान निर्देशन पाइसकेका छौं ।

स्वविंयुसित नेवि संघको रगतको साइनो छ । स्वविंयु संस्थाको औचित्य मेटिनु हुन्न । त्यसैले नेवि संघ जुनसुकै हालतमा स्वविंयु चुनावमा सहभागी हुन्छ । उम्मेदवारको उमेर हद र चुनावी प्रणालीबारे हाम्रा केही विमति रहेकाले सच्याउन आग्रह गरेका थियौं । तर, अन्तिम घडीमा त्यो सम्भव रहेन । यतिखेर सक्रिय रूपमा चुनावमा होमिनुको विकल्प छैन । संघ शतप्रतिशत शक्ति लगाएर चुनावमा होमिन्छ । निर्वाचन व्यवस्थित पार्न मेरै संयोजकत्वमा सात हजार एक सदस्यीय 'स्वविंयु निर्वाचन परिचालन तथा व्यवस्थापन मूल तयारी समिति' गठन भइसकेको छ । अब त्रिविले निर्वाचन तालिका र आचारसंहिता जारी गरेलगत्तै त्यसै अनुसारका सांगठनिक क्रियाकलापहरू तीव्र ढंगले जारी राख्छौं ।

## 'अनेरास्वविंयु अगुवाइ गर्न तत्पर'



**नविना लामा**, अध्यक्ष, अनेरास्वविंयु

हाम्रो संगठनले जसरी हुन्छ स्वविंयु चुनाव हुनुपर्छ भन्दै आएको छ । हामीले त्रिविले स्वविंयु चुनावको मिति घोषणा गरेलगत्तै स्वागत गरेका छौं । मिश्रित प्रणाली र उम्मेदवारको उमेर २८ वर्ष भएकामा कुनै विमति छैन । पार्टी पंक्तिबाट स्वविंयु चुनावमा होमिन निर्देशन पाइसकेका छौं । चुनावको पूर्ण तयारीमा छौं । संगठनको विधानअनुसार उपाध्यक्ष महेश बर्तौलाको नेतृत्वमा स्वविंयु काउन्सिल अघि बढेको छ । स्वविंयु केन्द्रित रहेर प्रदेश र क्याम्पस तहमा एकसाथ बैठक र विद्यार्थी परिचालनको काम भइरहेको छ । निर्वाचन पारदर्शी बनाउन डिजिटल सिस्टमबाट भोटिङ हुनुपर्छ भनेका छौं । यो पटक भोटकै लागि नयाँ विद्यार्थी भर्ना हुन पाउनेछैनन् । नियमित विद्यार्थीले मात्र मतदान गर्न पाउनेछन् ।

अनेरास्वविंयु अब उच्च शिक्षा हासिल गरेका कुनै पनि युवा बेरोजगार नबनून् भन्ने पक्षमा छ । त्यसनिम्ति हाम्रो मुलुकको शिक्षा गुणस्तरीय हुनुपर्छ । हाम्रो संगठनले भर्खरै 'हाम्रो स्कुल राम्रो स्कुल, हाम्रो क्याम्पस राम्रो क्याम्पस' देशव्यापी अभियान थालेको छ । अहिले त्रिविले पारित गरेको विधि/प्रणालीअनुसार स्वविंयु निर्वाचनलाई सभ्य, स्वच्छ, अनुशासित, मर्यादित, मितव्ययी, पारदर्शी र भयरहित ढंगबाट सम्पन्न गर्न सबै पक्षसित अपिल गर्छौं । स्वविंयुको गरिमा, भूमिका र महत्त्वलाई बचाउन तथा रक्षा गर्न अनेरास्वविंयु स्वविंयुको अगुवाइ गर्न तत्पर छ ।

## विद्यार्थी संगठनबीच समन्वय गरेका छौं



**नरेन्द्र न्यौपाने**, अध्यक्ष, अनेरास्वविंयु (क्रान्तिकारी)

हाम्रो संगठनले त्रिविले घोषणा गरेको स्वविंयु चुनावलाई पूर्ण रूपमा स्वागत गरिसकेको छ । हाम्रो पार्टी (माओवादी केन्द्र) नेतृत्वको सरकार भएको र सरकार प्रमुख नै पार्टी अध्यक्ष हुनुभएकाले उहाँबाट तत्काल स्वविंयु चुनावमा होमिने निर्देशन प्राप्त भएको छ । सरकारले स्थानीय तहको निर्वाचन चैतपछि गराउने भएकाले स्वविंयु चुनाव फागुनमै सम्पन्न गराउनुपर्ने भन्ने छ । उहाँले अन्य दलका प्रमुखहरूसित समेत समन्वय गरिसक्नुभएको बुझिएको छ ।

हामीले स्वविंयु चुनावलाई लिएर अन्य विद्यार्थी संगठनहरूबीच समन्वय गरिसकेका छौं । विश्वविद्यालयले कानुनी रूपमा जे ल्यायो त्यो मानेर चुनाव लड्ने सहमति गरेका छौं । हाम्रो संगठनले डेढमहिने क्रान्तिकारी जागरण अभियान सम्पन्न गरिसकेको छ । स्वविंयु चुनाव देशव्यापी रूपमा सशक्त ढंगले परिचालन गर्न मेरो संयोजकत्वमा पाँच हजार तीन सय त्रिपन्न सदस्यीय मूल निर्वाचन परिचालन समिति गठन भइसकेको छ । राजधानी लगायतका क्याम्पसहरूमा विद्यार्थी संगठनहरूले चुनाव प्रचारप्रसार कार्य तीव्र गतिमा अघि बढेको छ । बरु त्रिविले निर्वाचन तालिका र आचारसंहिता जारी गर्न ढिलाइ गरेको छ ।

# सुर्खेतमै पढेर 'डिप्लोम्याट'

■ प्रकाश अधिकारी

सुर्खेत- अर्घाखाँचीको मैदानका दिलीप भट्टराई भारतको युनिभर्सिटी अफ पुनेमा सिभिक्स एन्ड पोलिटिकल साइन्समा स्नातक पढ्दै थिए । कूटनीतिज्ञ बन्ने लक्ष्य राखेका उनले बीचमै पढाइ छाडे र नेपाल फर्किए । फर्किनुको कारण थियो- मध्यपश्चिमाञ्चल विश्वविद्यालय (एमयू) को केन्द्रीय क्याम्पस, सुर्खेतमा अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति (आईआर) विषय अध्ययन गर्नु ।

'सुर्खेतमै पढ्न पाएपछि किन विदेश जानु भनेर पुनेबाट फर्कें,' २३ वर्षीय दिलिपले भने, 'परराष्ट्र सेवामा काम गर्ने रहर छ ।'

अछामको भैरवस्थानका बमबहादुर बीसी राजनीतिमा सक्रिय छन् । उनी यसै विषयमा एमयुमा स्नातकोत्तर तेस्रो सेमेस्टरमा अध्ययनरत छन् । 'नेपालजस्तो भूपरिवेष्ठित मुलुकका नागरिक अझ हामी राजनीतिकर्मीले अन्तर्राष्ट्रिय सम्बन्धबारे बुझ्न आवश्यक छ,' उनले भने ।

एमयूमा अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागमा एक सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । यहाँ अध्यापन हुने अरू विषयमा चाहिँ विद्यार्थी संख्या निर्धारित कोटाभन्दा ज्यादै न्यून छ । तर, आईआर भने अपवाद बनेको छ । चालू शैक्षिक सत्रमा ४० जनाको कोटामा दुई सयभन्दा बढीले प्रवेश परीक्षामा सामेल भए ।


एमयूले २०७० देखि स्नातक र स्नातकोत्तर तहमा अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति अध्यापन गराउन थालेको हो । स्नातक तहदेखि अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति अध्यापन गराउने एमयू नेपालको पहिलो विश्वविद्यालय हो । त्यसैले, विभिन्न जिल्लाबाट यहाँ अध्ययन गर्न आउनेहरूको आकर्षण बढ्दो छ । यसकै लागि बिदेसिनुपर्ने बाध्यता एमयूले हटाइदिएको छ ।

स्नातकोत्तर तेस्रो सेमेस्टरमा अध्ययनरत निशा सुवेदी सक्षम कूटनीतिज्ञ उत्पादन गर्न, अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति सञ्चालनसम्बन्धी ज्ञान हासिल गर्न यसको अध्ययन आवश्यक रहेको ठान्छिन् । नेताहरू, परराष्ट्र सेवाका कर्मचारीले पढ्न छुटाउनै नहुने उनको सुझाव छ । नयाँ र एकमात्र कार्यक्रम भएकाले विज्ञान, इन्जिनियरिङ, व्यवस्थापन र सूचना प्रविधि क्षेत्रका विद्यार्थीको पनि यसमा आकर्षण छ । अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागका प्रमुख तेजविक्रम बस्नेत सीमित कोटा भएका कारण इच्छुक विद्यार्थीले भविष्यमा कूटनीतिक क्षेत्रमा लाग्ने अवसर गुमाएको बताए ।

'हाम्रा नेताहरू र उच्च पदस्थ कर्मचारीसँग कूटनीतिक व्यवहारको पर्याप्त ज्ञान नहुँदा विभिन्न वैदेशिक भ्रमणहरूमा असहज दृश्यहरू देखा पर्ने गरेका छन्,' बस्नेतले भने, 'यसले गर्दा हरेक नेता, कर्मचारी र विशेष गरी डिप्लोमेटिक करिअर रोज्नेहरूका लागि यो विषय पढ्न झनै जरुरी छ ।'

प्लस टु वा स्नातक तह कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण हुनुपर्ने र अंग्रेजीको राम्रो ज्ञान चाहिने यो विषय कूटनीति वा परराष्ट्र सेवा तथा अन्तर्राष्ट्रिय गैरसरकारी क्षेत्रमा काम गर्न चाहनेहरूका लागि उपयुक्त छ । विभागले गेस्ट लेक्चररका रूपमा नेपालस्थित विभिन्न मुलुकका राजदूत, परराष्ट्रका उच्च अधिकारी, विभिन्न पार्टीका विदेश मामिलाका जानकार नेताहरू, आईएनजीओका प्रमुखलगायतलाई निम्त्याउने गरेको छ ।

> मध्यपश्चिमाञ्चल विश्वविद्यालयले अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विषय पढाउन थालेपछि कूटनीतिज्ञ बन्ने लक्ष्य राखेर बिदेसिएका युवाहरू फर्कन थालेका छन्




# ‘फेस्टिभलले नेपाल प्रवर्द्धन गर्‍यो’

■ प्रदीप मेन्याङ्बो

धरान- अघिल्लो साता यहाँ सम्पन्न अन्तर्राष्ट्रिय फिल्म महोत्सवको चर्चा जारी नै छ । यसमध्ये एउटा सन्दर्भ हो- पुरस्कारको नामकरण । गौतम बुद्ध, माउन्ट एभरेस्ट, रारा, शिरिजिंगाजस्ता नामबाट यस पटक अवार्ड वितरण गरियो । संसारभर मुलुकलाई मौलिक ढंगले प्रवर्द्धन गर्न यसो गरिएको फेस्टिभलको स्थानीय संयोजक तथा फिल्म निर्देशक दीपक श्रेष्ठको दाबी छ ।


‘ऐतिहासिक विभूतिहरू सहिदहरू, धार्मिक र राजनीतिक व्यक्तित्वदेखि पर्यटकीय थलो चिनाउने गरी अवार्ड दियौं,’ उनले भने, ‘फिल्ममार्फत मुलुकको मौलिकता प्रवर्द्धनका लागि गरिएको यो नयाँ प्रयोग हो ।’

यी नामहरूमध्ये गौतम बुद्ध र माउन्ट एभरेस्टका बारेमा कहिलेकाहीं अन्तर्राष्ट्रिय मिडियाले विवादास्पद समाचार लेख्ने गरेकाले धरानमा आएका विदेशी फिल्मकर्मीमाझ ‘अर्थपूर्ण’ रूपमा यही नामको पुरस्कार दिइएको उनले दाबी गरे । अवार्डका अन्य नाममध्ये शिरिजंगा किराँत लिम्बू लिपिका सातौं शताब्दीका आविष्कारक राजा मानिन्छन् । रारा ताल नेपालको पर्यटकीय स्थल हो भने रामप्रसाद राई र चतुरमान राजवंशी ओझेलमा परेका सहिद हुन् ।

ठूला र अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलहरू राजाधानीमा मात्र केन्द्रित हुने गरेकाले पहिलोपटक राजधानी बाहिर गर्दा धेरै नै सकारात्मक प्रतिक्रिया पाएको पनि उनले बताए । ‘धरानवासीको नाताले पनि यो फेस्टिभललाई ठूलो उपलब्धि मान्छु,’ उनले भने, ‘यसले धरानलाई फरक रूपमा चिनाउने काम पनि गर्‍यो ।’

अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलले विभिन्न समाजको मनोविज्ञान, मुद्दा र संस्कृतिलाई चिनाउने भएकाले विशेषगरी नयाँ पुस्ता र विद्यार्थीहरूलाई समेत केन्द्रित गरिएकोमा त्यहीअनुसारको उपलब्धि हासिल भएको उनले दाबी गरे ।

‘राजधानीबाहिर सीमित आर्थिक आधारमा गरिएको पहिलो फेस्टिभल भएकाले होला स्वदेशी र विदेशी गरी सय जना पाहुनालाई व्यवस्थापनमा केही कठिनाइचाहिँ भयो,’ उनले फेस्टिभलको समीक्षा गर्दै भने, ‘तर यसले अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल राजधानीबाहिर पनि राम्रोसँग गर्न सकिन्छ भन्ने सन्देश दिएको छ ।’



धरानमा हालै सम्पन्न अन्तर्राष्ट्रिय फिल्म महोत्सवका स्थानीय संयोजक एवं फिल्मकर्मी दीपक श्रेष्ठ ।
*तस्बिर : प्रदीप/कान्तिपुर*

फेस्टिभलको जुरीमा चिनियाँ फिल्म एकेडेमीका निर्देशक सी फी, जर्मनीका फिल्म प्राध्यापक ड्रागन मिलिकोभिक, बंगलादेशकी डकुमेन्ट्रीमेकर तस्मिह अफ्रिन पनि थिए ।

फेस्टिभलमा भएको प्राज्ञिक एवं बौद्धिक बहस अर्को उपलब्धि रहेको उनको ठम्याइ छ । १३ मुलुकका ४७ फिल्म प्रदर्शन भइरहँदा नेपाली फिल्मको वास्तविक बजार, निर्देशन, प्रविधि र अभिनयबारे विदेशी फिल्मकर्मीबीच गरिएको बहस र छलफलले उत्तिकै ज्ञानवर्द्धक रहेको उनले जनाए । फिल्म क्षेत्रमा लागेको अढाइ दशकमा ३० फिल्मको निर्देशनसमेत गरिसकेका श्रेष्ठको अनुभवमा ‘नेपाली फिल्म बजारको आकारभन्दा बढी उत्पादन र गुणभन्दा संख्या मात्रै वृद्धि भइरहेको’ छ । ‘त्यहीमाथि पारदर्शितामा समस्या छ,’ उनले भने, ‘बक्सअफिस लामो समयदेखिको मृगतृष्णा बनेको छ । यी र यस्ता विषयमा प्राज्ञिक छलफल हुनु आफैंमा ठूलो कुरा हो ।’

तर, उनको विचारमा नेपालका सबै हलमा एकै पटपटक बक्सअफिस लागू गर्न सक्ने अवस्था छैन । इन्टरनेटको सुविधा र उपकरण जडान गर्न नसक्ने अवस्थाका ४० प्रतिशत हल मुलुकमा छन् । ‘मुख्य मुख्य सहरमा बक्सअफिल लागू गरेर जान सकिन्छ,’ उनले भने, ‘फेस्टिभलको बहसको निचोड पनि यस्तै रह्‍यो ।’

नेपाल चलचित्र संघ र निर्माताहरूको बीचको सामान्य मतभेदकै कारण बक्सअफिस लागू गर्न नसकिएको उनको दाबी छ । ‘नेपालमा भारतीय फिल्म रिलिज हुँदा करोडौंमा किनेर नेपालमा चलाइन्छन् । तर नेपाली फिल्मले करोडको कारोबार गर्नै मुस्किल छ,’ ‘हिम्मत’, ‘दुःख’, ‘अजम्बरी माया’, ‘पापी मान्छे’, ‘तक्दिर’, ‘पर्खिबसें’ जस्ता फिल्मका निर्देशकले भने ।



फिल्म ‘जोनी जेन्टलम्यान’ का कलाकारहरू (दायाँबाट) नायिका आँचल शर्मा, नायक पल शाह र सहनायिका जैना कुँवर । पल र आँचल दुवैले ‘नाइँ नभन्नु ल ४’ बाट डेब्यु गरेका हुन् । नितिन चन्द निर्देशित ‘जोनी जेन्टलम्यान’ को बिहीबार लाजिम्पाटस्थित टनेल क्लबमा इन्ड-क्ल्याप गर्दै छायांकन टुंग्याइएको छ । एन्ड्रयु पौडेलको निर्माण रहेको ‘जोनी जेन्टलम्यान’ मा विकास जोशीको पनि अभिनय रहेको छ ।
*तस्बिर सौजन्य : महेश्वरमान सिंह*

## ओस्कार मनोनयनमा पनि अगाडि

# ‘ला ला ल्यान्ड’

अनुमान मुताविक नै यस वर्षको ओस्कार अवार्डमा फिल्म ‘ला ला ल्यान्ड’ २४ विधामध्ये सर्वाधिक १४ मा मनोनीत भएको छ । ओस्कार इतिहासमै सर्वाधिक विधामा मनोनीत हुने कीर्तिमान बनाएका ‘अल अबाउट इभ’ र ‘टाइटानिक’ पनि यतिमै परेका थिए । ‘अल अबाउट इभ’ सन्को ५० को दशकमा आएको थियो । ‘टाइटानिक’ बीसौं शताब्दीकै सर्वाधिक उत्कृष्ट फिल्म मानिन्छ ।

‘ला ला ल्यान्ड’ उत्कृष्ट फिल्मको विधासहित निर्देशक, अभिनेता, अभिनेत्री, छायांकन, पटकथाजस्ता महत्त्वपूर्ण विधासहित अन्य आठ विधामा उत्कृष्ट पाँचको मनोनयनमा पर्न सफल भएको हो । ‘ला ला ल्यान्ड’ भन्दा ६ विधा कमसहित ‘मुनलाइट’ र ‘अराइभल’ समान आठ-आठ विधामा मनोनयनमा परेका छन् । त्यसबाहेक ‘हक्सा रिज’, ‘म्यानचेस्टर बाई द सी’ र ‘लायन’ ६-६ विधामा मनोनयनमा परेका छन् । मनोनयन ओस्कारले बिहीबार आफ्नै अनलाइनमार्फत सार्वजनिक गरेको हो ।

फेब्रुअरी २६ को रात लस एन्जलसमा वितरण गरिने ८९ औं संस्करणको ओस्कार कार्यक्रमलाई १ सय २१ देशमा प्रत्यक्ष प्रसारण गरिनेछ ।

यसपटक उत्कृष्ट अभिनेत्रीतर्फ मनोनीत हुँदै मेरिल स्ट्रिपले सर्वाधिक २० पटक ओस्कार मनोनयनमा पर्ने नयाँ रेकर्ड बनाएकी छन् ।

गत संस्करणमा सबै विधामा श्वेत कलाकारलाई मात्रै मनोनयनमा पारेको भन्दै रंगभेदविरुद्धको आन्दोलन चर्केको थियो । यसपटक भने ‘फेन्सेस’ का लागि डेन्जिल वासिङ्टन र ‘लिविङ’ का लागि रुथ नेग्गाले ओस्कारमा काला जातिका कलाकारको प्रतिनिधित्व गरेका छन् । यसपटक ‘स्लमडग मिलिनेयर’ फेम भारतीय मूलका ब्रिटिस अभिनेता देव पटेल ‘लायन’ कै लागि सहअभिनेतामा मनोनयनमा परेका छन् ।


शुभारम्भ । अब हाम्रो शाखा भैरहवामा ।
यहि माघ १५ गते बाट शुभारम्भ
GRAND OPENING
मिडिया व्यक्तित्व शुभेक्षा खड्का द्वारा उद्घाटन
१०% विशेष छुट
सिमित अवधिको लागि मात्र ।

मोटोपनबाट अब डराउनु पर्दैन । | ३ घण्टामै १ देखी २ के.जी. सम्म मोटोपन घटाउनुहोस ।

नेपालमै पहिलो पटक यस हेल्दी होम संस्थाले कोरियन प्रविधिबाट शरिरको आवश्यकता भन्दा बढि बोसोलाई विना कुनै साईड ईफेक्ट अल्ट्रासोनिक साथै अन्य प्रविधिद्वारा मसाज गरि माइक्रो सिस्टमबाट पगालि सजिलै शरीरको तौल घटाउदै र ग्राहकहरुलाई स्वस्थ बनाउदै आईरहेकोछ ।
KFDA & WHO APPROVED
Body Shaping | Fat Reduction | Face Glow | Breast Care
10 YEARS OF GLORIFIED SERVICE, 10,000+ SATISFIED CLIENTS
Healthy Home
बुकिङ सम्पर्क भैरहवा : 071-520755, पोखरा: 061-523258
मुख्य कार्यालय (बानेश्वर): 01-4490575, जमल: 01-4262292
महाराजगंज: 01-4017722, जाउलाखेल: 01-5526944,
बुटवल: 071-549082 नारायणघाट: 056-525858, धरान: 025-520544
Nepal's Best Weight Loss Center | www.naturalhealthcare.com.np

अब घरमै बसी-बसी मोटोपन घटाउनुहोस ।
Introducing
Healthy Home Night Tea
With Senna Leaves
FREE SAMPLE
नया चियाँको शुभारम्भको अवसरमा हरेक शाखाबाट रु ३०० बराबरको Tea Pouch सितैमा ।
Free Sample Claim को लागि अनिवार्य रुपमा यो विज्ञापनको पाना लिएर आउनुहोला ।
यो योजना मात्र ७ दिनको लागि लागु हुनेछ ।




KMG
KANTIPUR MEDIA GROUP

सेकेण्डहेण्ड फर्निचर, इलेक्ट्रोनिक्स खरिदबिक्रि 9851121926

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

CASH DEPOSITED धितोफुकुवा अतिसस्तो ९८०३०९०१८३, ९८४३५७८९३०

Australia, Europe, Canada Visit 9861578444

भिषालाई cash deposit documentation धितोफुकुवा 9851249448

CASH, DEPOSIT, LOAN धितोफुकुवा अतिसस्तोमा 9814358459, 9802005977

धितोफुकुवा, धितो पासगरि लोन, 9841237096

Cash Deposit for Students, 4419938, 9851151803

German Language 4,500/ Month 9803100243

कान्तिपुरमा विज्ञापन गर्नुपरेमा ९८४९११०२२२, ९८६०३००८९५

घरजग्गा ऋण धितोफुकुवा क्यासडिपोजिट 9851014408

चाईना व्यापारको लागि सम्पर्क 9808527106

व्यवसायलाई लगानी काठमाण्डौं तराईको धितोमाकर्जा, धितोफुकुवा जग्गा खरिदबिक्री 9851082418

**सम्पत्ती दिनुस ब्याज कमाउनुहोस 9851018273**

**चाहेजस्तो आम्दानी कमाउन सम्पर्क 9851187476**

**काठमाण्डौं उपत्यका भरीको घरजग्गा पासगरी ऋण चाहिएमा 9851018273,** 9823659125

व्यापारीलाई पसलमा दैनिककिस्तामा नगदलगानी 9841820987

Cash deposit For Visa Purpose 9851008529

घरजग्गा धितोमा तुरुन्तै कर्जा 4232203

## विविध विक्रीमा

नयांबसपार्क म्याग्दीचोकमा चलिरहेको गेष्टहाउस विक्रीमा 9851195484

बानेश्वरमा फेन्सि पसल तु.विक्रीमा ९८०८०८०३९३

भोटाहिटिचोकमा चलिरहेको रेष्टुरेण्ट विक्रिमा ९८४१८९६४८२ ९८२३६८६३४६

कस्मेटिक पसल विक्रीमा कुलेश्वर ९८२३७८१६५३, ९८४९२४८३४५

जावलाखेलमा चलिरहेको रेष्टुरेन्ट तुविक्रिमा ९८५१०६०२४८

अफिस, पसल गर्नमिल्ने दरबारमार्गको सटर तु.बिक्रिमा 9851222097

वर्गरपसल विक्रिमा सोल्टीमोड ९८४१०७८९६६ ९८६०५६१७०४

रेष्टुरेन्ट बिक्रीमा बौद्ध मांहाकाल ९८०३०३००१४

पुरानोबानेश्वर चोकमा चलिरहेको फेन्सिपसल विशेष कारणवस तु.बिक्रिमा 9849254426

चलेको रेष्टुरेण्ट बौद्ध,टुसाल ९८२३४९५१६१

फेन्सी पसल विक्रीमा भक्तेपुल 9810355644

मध्यबानेश्वरमा १० वर्षे ब्वाईज होस्टेल विक्रीमा ९८४१८९०२७१

विदेश जानुपरेकोले पशुपति क्षेत्रकोक्याफे ९८६००३३९८१

चलिरहेको बुटिक विक्रीमा कुपण्डोल 9811353484

ठमेलको प्राइम लोकेशनको स्तरिय रेष्टुरेन्ट बिक्रिमा/पार्टनरमा ९८१०३३६२६९

पेप्सीकोलामा चलिरहेको म:म: +सेकुवाघर उचित मुल्यमा तु.बिक्रिमा 9852681826

मेनपावर बजारमा गेष्टहाउस ९८४११५८५६०, ९८४१८११७३६

मैतिदेवीमा चलिरहेको मदिरा पसल बिक्रीमा ९८११८४४१२५

तिनसटर मदिरा किराना कस्नेकोठा 9801808214

दरबारमार्गमा चलिरहेको स्पाव्युटिपार्लर बिक्रीमा/भाडामा 5,00,000/- 9818478845

तिनकुने कान्तिपुरटिभि पछाडी चलिरहेको ब्युटिपार्लर बिक्रिमा ९८४३०२२१२१

न्यूरोड स्थित चलिरहेको Fast Food तु.बिक्रिमा 9861596653, 9849565016

नयांपुरानो Computer, Laptop खरिदबिक्रि मर्मत 9851135511

पसल बिक्रिमा पेप्सी चोक 9841143748

चलेको पुरानो औषधि पसल, ९८१०१३६६७७

किरानापसल बस्नेकोठा सहित ९८६०५०००६० नयांबस्ती

कलंकीको मसला, किराना पसल बिक्रिमा ४,००,००० ९८४१४१९१७९

सस्तोमा रेष्टुरेण्ट तुबिक्रिमा ९८२६१३३०५३ कलंकी

नयांबानेश्वरमा दोहोरो मोहोडा भएको जेन्स फेन्सी पसल बिक्रिमा ९८४५८३४१२२

कलंकी हाइवेको भोजनालय बिक्रीमा ९८४१३४३८८५

मम पसल बिक्रीमा ज्ञानेश्वर 9841763761

बालाजु दर्गुनेपानीमा खाजाघर १०००००। ९८१०१४०४९२

चलिरहेको जुत्ता चप्पल पसल विक्रीमा, ९८४११७५७०१

पब्लिकेशन तुबिक्रिमा सम्पर्क ९८६०२५१२७२

कपन मिलनचोकमा लेडिज फेन्सिपसल बिक्रिमा चारलाख ९८६७८१७७७२

तिनकुने सुविधानगरमा चलिरहेको रेष्टुरेन्ट बिक्रिमा अथवा ठेक्कामा सम्पर्क: ९८६१४८२५४४, ९८१८६९०७४९

ए वान मदिरा पसल तिनकुने, सुविधानगर 9849829603, 9803908959, 9841376741

चाबहिल भक्तेकोपुलमा फेन्सीपसल बिक्रीमा ९८५१०४८५४०

नयांबानेश्वर जनताबैंकसंगै फेन्सी पसल बिक्रिमा 9808697275

ग्वार्कोचोकमा चलिरहेको खाद्यन्न पसल बिक्रिमा 9851135723, 9851155723

कपन मिलनचोकमा कुर्थासाडी पसलबिक्रिमा 9842263622

ईलेक्ट्रिक पसल बिक्रिमा लाजिम्पाट 01-4433639

अनामनगरमा चलिरहेको क्याफे बिक्रिमा ९८४१४४७०८३

बिजुलीबजार हाइवेसंगैको रेष्टुरेन्ट बिक्रिमा ९८२३४७७४०४, ९८२३०२००१८

**गोदावरीमा चलिरहेको पानी उद्योग बिकिमा, ९८०१०७७३६०**

बागबजारमा चलिरहेको फेन्सि पसलविक्रिमा 9851187428

दुईवटा स्कुल बिक्री अथवा पार्टनरमा 9849161106

चलिरहेको बिद्यालयमा शेयर लगानी 9818374803

चलिरहेको ब्युटिपालर बिक्रिमा कलंकी 9849126636

चलिरहेको डेरी बिक्रिमा ९८१३५९७६१७

तिनकुने चोकको चलिरहेको मोबाइल पसल बिक्रीमा खालीसटर मात्रपनि ९८५१०९३३०८

लैनचौर चोकैको होटल तु.बिक्रीमा ९८६०९५५०६४

बसुन्धारा मेनरोडमा पसल बिक्रीमा ९८१३७८५७७३

चलिरहेको पार्लर अर्जेन्ट बिक्रीमा चाबहिल ९८६०९०९१३७

म:मपसल तुबिक्रीमा पुरानोठिमी भक्तपुर 9803497534, 9840586203

सानोगाउं, ललितपुरको ०-३-२-१ जग्गाा बिक्रिमा ९८१३२५४७२४

औषधी पसल विक्रिमा ज्ञानेश्वर ९८४९१०६८४७

सस्तोमा कालोपाइप कारखाना विक्रिमा ९८५१११७०५३

कोटेश्वरमा कस्मेटिक पसल बिक्रिमा ९८४९४४४६१८

## निर्माण सफाई

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने २५० ९८५१०८९४१०

ढलट्वाइलेट, मंगाल बनाउने जामखोल्ने 9849503019

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०१३५१२

प्लम्बिङ्ग ईनारसफाई सोलारफिल्टर रिपेरिङ्ग ढलजडान जामखोल्ने 9843192344

ढलमंगाल बनाउने जामखोल्ने सेप्टीटैंकी मेसिनबाट ९८४१४४८७७० होमप्रसाद

ढलमंगाल ट्वाईलेट जामखोल्ने २५०। 9841266950

ढलमंगाल ट्वाईलेट जामखोल्ने २४५। ९८५१०१९८८९

सेफ्टीटैंकी सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१-५१८२४०१

सेफ्टीट्यांकी सफाई ठुलोगाडीमा मेसिनबाट 5251092, 9851024364

सेफ्टीट्यांकी सफाई गाडीमा १५००/ 9843768737

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने 250/- 9849759072

ढलमंगाल ट्वाईलेट जामखोल्ने १००। ९८४१६६३६६८

ढल ट्वाइलेट जामखोल्ने 100/- 9841000096

सेफ्टीटैंकी सफाई २०००। ९८४१६७३२३०, ९८५१०९९५७२

सेफ्टीटैंकी सफाई सस्तोमै १५००/- ९८५१०१२९१८,

सेफ्टीटैंकी सफाई १५००/- मात्र ९८५१०८८५९२

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

ढलमंगाल जामखोल्ने मर्मतगर्न.३५५। ९८५१०६९६३५, ९८४१४४६५६४

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलट्वाइलेट जामखोल्ने मंगालसफाई निर्माणपनि 9841569114

भ्याकुमबाट सेफ्टीटैंकी सफाई ४४८७६७७, ९८५१०५२२९९

सेफ्टीटैंकी सफाई ४४८३१५४, ९८५१०४१३०१, ९८५१०५२०९०

ढलमंगाल ट्वाईलेट जामखोल्ने १००। ९८४१९५५२९१

सस्तोमा ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9808849489

## भाडामा

उपत्यकाभित्र तुरुन्तै घर फ्ल्याटभाडामा लिनदिन 9860193128 HOBMN

ललितपुरमा चांडै घरफ्ल्याट लिनदिन 9861064995

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन ९८०८८४४८१० Shila

ललितपुरमा चाडै घर-फ्ल्याट लिनदिन 9851085854

बानेश्वरमा सटर कोठाहरू ब्यवसायीहरूलाई 01–4108713

तुरुन्तै घरभाडामा लिनदिन 9851040807 manakamanarealestate@yahoo.com

तुरुन्त घरभाडा लिनदिन परेमा 9741455638

कान्तिपथ ज्याठामा अफिसफ्याल्ट पार्किङ्गसहित ९८५१०३२६६९

घर भाडामा लिनदिन bhumika_realestate@yahoo.com 9851136162

सातदोबाटो स्वीमिङ्गपुल पछाडी फ्ल्याट 9841534248

बानेश्वर वरीपरी घरफ्ल्याट लिनदिनपरेमा 9803055230

बिना भाडा नर्सरी प्रयोजनकोलागि भक्तपुरमा ४ रोपनी जग्गा चाहिएमा ९८५१०५३१०९

नयां Scorpio गाडि चाहिएमा ९८४१४०२८६८

Furnished office for Sale, Kamaladi: 9843258624

सुकेधारा नजिकै पांचकोठाको फ्ल्याट 9841511275

VIP flat भाडामा मिलनमार्ग टेकु 9803152880, 9810020653

अफिसको लागी बंगला भाडामा ३००० वर्गफिट एकरोपनी गैह्रिधारा 9851100243

काठमाण्डौंमा घर फ्ल्याट लिनदिन 9843715050

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन ९८४९२८५७१४

www.RentalNepal.com घरफ्ल्याट बंगला 9851075188,5522899

बुद्धनगरमा तिनतले दशकोठाको प्रशस्त पार्किङ्गको घरभाडामा ९८४१६६९४३२

घरबंगला Apartments, खालीजग्गा भाडामा लिनदिन 9818059214

अनामनगरमा अफिसको लागी कोठा भाडामा 9843751845, 4102606

बबरमहल बसन्तनगरमा NGO बसिरहेको फ्ल्याट भाडामा 9851107795

कोटेस्वरमा INGO मन्टेश्वरीको लागी उपयुक्त घर सहितको कम्पाउण्ड 9823803382

काठमाडौंमा घर/फ्ल्याट भाडामा लिनुदिनु परेमा, ९८१८६२१३२४

भनेकै जस्तो तुभाडामा लिनदिन ९८४१००५७४३

बसुन्धरा रिङ्गरोडमा 1000sqft गोदाम, खाली जग्गा 4500sqft भाडामा 9861586660

चक्रपथ, नारायण गोपालचोक नजिक करीव १२०० SQ ft को २ Bed-Room Flat भाडामा, सम्पर्क ९८५१०५४०२३

अफिसकोलागि कोटेश्वरमा कोठा चाहियो ९८४२७६७३६०

## चाहियो

SLC पास कर्मचारी तलब 7,000/- 9803160323

साधारण पुरुष महिला सेक्युरीटी तुअर्जेन्ट 26000 9810001717

चावेलचोकैको NGOअफिसलाई अन्तर्राष्ट्रिय सामानहरू उत्पादनगर्न साधारणदेखि Test/SLC+2 गरेनगरेका लेडिजजेन्स तुचाहियो ३१,५०० भाडाखाजा 01-4482711, 9808677085

गार्डहरू चाहियो तालिम निशुल्क 9802013569

सातदोबाटो ग्वार्कोचोकैमा Officestaff अर्जेन्ट इच्छुक जस्लेपनि गर्नसक्ने 17,500-34,500/- खाजाभाडा 01-6224661, 9860909814, 9818814045

खानबस्नसुविधा MBC कर्मचारी १८,५००/- बल्खु ९८०३६८५२४४

Relianceलाई 45-Salesstaff 19,500/- कोटेश्वरचोक 9801132550, 9851030451

खानबस्नसहित सेक्युरिटी तुअर्जेन्ट १२,०००-१९,०००।- ९८०३४९१११९१

स्मार्ट सेल्स गर्ल्स, ब्वाईज फेन्सीको लागि ९८४३०१६१२१

गंगबुबालाजुको कम्पनिमा बेरोजगारहरूलाई आजैबाट रोजगार 17,000/- 01-6224646, 9810281903 कामअफिसभित्र

बालाजुचोकैको अफिसलाई रिसेप्सनिस्ट, अन्तर्राष्टिय सामानहरू उत्पादनगर्न Test/SLC गरेनगरेका लेडिजजेन्स तुचाहियो 13,000-27,000/- कामघरैमा 4355018, 9818981434

डल, पोष्टकार्ड, अगरबति बनाउनेमा तलब: 22,000/- 9860815876

खानेबस्नेगरी घरमाकामगर्ने महिला चाहियो 9851096693

कोटेश्वरमा खानबस्नसहित कर्मचारी 15,500/- 9813902723, 9861537733

ग्वार्कोमा सेल्सब्वाई, सेल्सगर्ल 18,000/- 9851087560, 9813132961

तालिम नगरेको नाइटसेक्युरिटी तुचाहियो २७,०००। ९८०३०१३९८८

**American Project Internet Skills/Average English (27000 +Bonus) 9851043237, 9803085264**

कलंकी अफिसलाई कर्मचारी 17,500/- बस्नेव्यवस्था 9861058057, 9823536898

NLIC कम्पनीलाई कर्मचारी 22,500/- चाबहिल 9860646080, 9813442787

कस्मेटिकमा लेडिजजेन्स 15,000/- चावहिलचोक 9811201660

साधारण महिला पुरुष सेक्युरीटी तुअर्जेन्ट 26000 9810104150

नाइटडे सेक्युरिटी तु.आवश्यकता २२,०००। जब 100% ग्यारेन्टी ९८१०२७०५०१

असनजमलको OSN कम्पनिलाई विभिन्नपदकालागी अफिसस्टाफहरू तुचाहियो 15,500-39,000/- खानाखाजाभाडा 01-4239731, 9803859393

कलंकी अफिसलाई कर्मचारी 17,500/- बस्नेव्यवस्था 9846254905, 9803020021

चावेलगोपीकृष्ण हलनजिकै रिसेप्सनिस्ट, टाइपिङ, विदेशीसामान उत्पादनगर्नमा पढेनपढेका लेडिजजेन्स तुअर्जेन्ट,38,500/- 9860912207, 9810286955

साधारण सेक्युरीटी तुअर्जेन्ट 26000 9818585800

कोटेश्वरचोकमा गार्डहरूको आवश्यकता १८,०००/ 9849071354

कम्पनीकोलागि एकाउन्टेन्ट, ट्रकड्राईभर चाहियो 01-4432813

अफिस कर्मचारी 18,500/- सामाखुशीचोक 9803176601, 9866881362

बालाजुचोक अफिसलाई खानबस्नसहित कर्मचारी 17,500/- 9841130222, 9810002758

गोंगबु अफिसलाई SLC कर्मचारी 17,500/- 9849365964, 9813261320

सेक्युरिटिमा पढेनपढेका महिला/पुरुष 13,800/- चप्पलकारखाना 9803049533

ग्रिल सटर मिस्त्रि ९८५११२२३७७, ९८५१०९०१५५

कोटेश्वरचोकैमा गार्डहरूको आवश्यकता 18,500/- 9841812010

खानबस्नसहित NCDB कम्पनीलाई 18,500/- कलंकी 9810066084

CG कम्पनीलाई खानबस्नसहित सुपरभाइजर 22,500/- कलंकी 9860954520, 01-5219907

**Online/ offlinejob Homebased 9000-19000/- 9801278930**

नंयावानेश्वरचोकैको PGLकम्पनिलाई अफिसस्टाफहरू अर्जेन्ट इच्छुक तुसम्पर्क 15,500-31000/- खाजागाडीभाडा 01-4482960, 9818846992, 9861848292

ललितपुरस्थित रेष्टुरेण्टकोलागि कुक, हेल्पर, वेटर,चाहियो ९८१३६६९१७४

सेक्युरिटीगार्ड -१७,०००, ड्राइभर-२०,०००, वेटर-८००० ९८४३१८१७९१

साधारण सेक्यूरीटी तुअर्जेन्ट 26000 9823562395

गौशाला, मित्रपार्कचोकैमा NGO अफिसलाई अन्तराष्ट्रिय सामानहरू उत्पादनगर्न साधारणदेखि Test,SLC+2 गरेनगरेका लेडिजजेन्स तुचाहियो 35,500/- 01-4493437, 9813994099, 9841035417

भक्तपुरको पोल्ट्रीफार्म, ह्याचरीको लागि कर्मचारी आवश्यक्ता महिला तथा दाम्पतीलाई विशेष प्राथमिकता ९७४१०२११३७

साधारण सेक्यूरीटी तुअर्जेन्ट 26000 9818585816

नयांबसपार्क गोंगबुचोकमा महिला पुरुष गृहिणी विद्यार्थी अर्जेन्ट कामघरैमा २५,०००।- ९८१३००५०० ९, ९८६०८४३८६५

चाबहिलमा साधारण लेखपढ भएका महिला पुरुष कामदार अर्जेन्ट २५,०००।- ०१-२२९९९२६, ९८१३५८६५२२

होस्टेलकालागि कामदार चाहियो ९८६०५६६८३५, ९८४०२४६०९६, ०१-४४२१३६८

बेकरी फर्ममा विभिन्न कर्मचारीहरू 9810384559

सुरक्षागार्ड, बाउन्सर, बडिगार्ड, ड्राईभर तुरुन्त चाहियो, सेभेनस्टार सेक्युरिटि 9801251505, 9801251504, 9814965511

Primary L.secondary teacher wanted at Gwarko ssnpatan@gmail.com

कोटेश्वर सातदोबाटोमा NGOअफिसलाई Typing/ Receptionist विभिन्न अन्तर्राष्ट्रिय सामानहरू उत्पादन/प्याकिंगगर्नेमा घर/अफिसमै पार्टटाइम कामगर्न साधारण कर्मचारीहरू अर्जेन्ट काम जोसुकैले गर्नमिल्ने 22,500-45,500/+गाडीभाडा 015545189, 9849735201

चावहिलचोकैको NGOअफिसलाई Typing/ Receptionist अन्तर्राष्ट्रिय सामानहरू उत्पादन/प्याकिंगगर्नेमा साधारणलेखपढ गरेनगरेका लेडिजजेन्स कर्मचारीहरू तुचाहियो ३२,५०० भाडाखाजा जबग्यारेण्टी 016913221, 9813902537

म:म: मिस्त्री, हेल्पर, कलंकी, ९८१३२४००३९

टुरिष्ट स्ट्याण्डर्ड होटल बौद्धकोलागि रिसेप्सनिष्ट वेटर, कुक, हेल्पर ०१-४९१३४७०

लेडिज/जेन्स वेटर, मसल्ची, हेल्पर तुचाहियो 9851152725

अफिसमै खानबस्नसहित साधारण कर्मचारीहरू ९८१८९६००२०

केही पुरुष क्लिनरको आवश्यकता (खानबस्न सुविधासहित) 4243709, 9801143709

कुक तन्दूरीकुक ममिस्त्री चाहियो 9843105084

कलंकी एरियाकोलागि फार्मासिष्ट चाहियो ९८४१५६७६६८/९८१८४२०८३५

सुटिङगरत फिल्मलाई कलाकारहरूको अर्जेन्ट ९८१३२३४३८३

लाइटड्राइभर १५,०००। गौशाला नक्साल, भैसेपाटी, धोवीघाट ०१४४२ ९७७३, ९८०८७९७६६४

भारतको बम्बई, गुजरात, उडिसाराज्यमा सरकारी कम्पनीमा सेक्युरिटीगार्ड तलब:- भुपु(२५,०००-३५,०००), सिभिल: २०,०००, सुविधा:- संचयकोष, बोनस, खानबस्न, बिमा 01-4916689, 9741427400

चावहिलको चुच्चेपाटीमा कर्मचारी ११,५००। (Fixed) 9849895558, 9818163076

नेपालि खाजा घरलाइ कुक/रिसेप्सन लेडिज ९८५१२०६३४०, ९८४३१३७४३५

MBS पहिलो वर्षको लागि अकाउन्ट शिक्षक, आकर्षक तलब, ९८५१००१७७४

फ्रान्स प्रोजेक्टलाई ५५ कर्मचारी 18,500/- 9860998608, 9810496556, कोटेश्वरचोक

एकप्रतिष्ठित टुरिजमकम्पनीलाई टुरकाउन्सलर-२, टुरगाईडिङ असिस्टेन्ट-५, एकाउण्टेण्ट-३, टुरअपरेशन अफिसर-२, टुरबुकिङअफिसर-२, सुइमिङपुल अपरेटर/इन्सट्रक्चर/ लाईफगार्ड-३ तु.चाहियो, ९८०१०१०८५५, ecohimalayanholidaytour@gmail.com

उचित तलब भत्तासहित कान्तिपुरका बसहरू चलाउने ७ जना चालकहरू तुरुन्त चाहियो ९८६०९२३७७७, ०१४३८५८५३

अनुभबी कुक, वेटर चाहियो 9851148517

Urgent Teachers Wanted for Secondary Level upto Master 01-529026 9849211274 9849217237

इजिग्रुप तथा नवश्री मण्डप सेभिङ्ग एण्ड क्रेडिटको लागि केहि कर्मचारीको आवश्यकता ६६३९१५५ ६६३६५२२

एक प्रतिष्ठित कम्पनीको लागी मार्केटिङ्ग स्टाफ तु.चाहियो 9860909877, 01-4231834

रिसेप्सनिष्ट –२ चाहियो 9851073531

डान्सरेष्टुरेण्टको लागी क्यासियर, बाउन्सर, कुक, हेल्पर चाहियो 9851059269

एक कम्पनीलाई हेभी र लाइट चालकहरू तु.आवश्यकता आकर्षक तलब साथै खानाको व्यवस्था ९८२३४३१५५५, ९८०८९७८७९९

हेडकुक, तन्दुरीकुक, हेल्पर, डिसवासर, लेडिज क्यासियर, लेडिजवेटर 9803410321

कामगर्ने केटाहरू, ड्राइभर चाहियो 9849707686

पेप्सीकोला जडिबुटी, कोटेश्वर सूर्यबिनायक ६ लेन सडकको दायांबाया डोजर अपरेटर तालिमकोलागी ५ रोपनी भन्दामाथी जग्गा भाडामा चाहियो 9808178842, 9818101206 (9am-5pm)

खाधन्न पसलकोलागी डाईभर चाहियो ९८६१२२९३८४

टेकुचोकमा पढेनपढेका १३ कामदार घरवा अफिसमा ९८६१४४६२७०

धादिङ्ग स्थति होटल जिविका एण्ड बारलाई Cook-3, Waiter-4, 9841312444, 10-520303

**+2 कर्मचारी** १३,०००/- ९८६०६४८५३२, ९८०८५३०५६२ **नयांबानेश्वर**

कलंकीचोक अफिसलाई SLC कर्मचारी १९,५००/- ९८०२०१२४४६, ९८४२९९१९१९

होस्टेलमा कामगर्ने महिला 9849392380, 9843477369

बसुन्धाराचोकको अफिसलाई कर्मचारीहरू आवश्यकता १९,०००। ९८४०३६१८९९

चक्रपथचोकको NGOSSDC अफिसलाई कर्मचारीहरू अर्जेन्ट १७,०००। ९८४०३६१८३६

Primary ladies lower secondary Science Nayathimi 9818713484

A' Class Construction Firm कोलागी भवन सम्बन्धि Site Civil Engineer १० वर्ष कामगरेको अनुभव भएको तलब १-२ लाख, अनुभवी ओवरसेयर तलब ४०,०००-६०,०००/ र सब-ओवरसेयर तत्काल आवश्यकता CV email: vj_615@yahoo.com, 9818906932

कुक १, हेल्पर १ कमलपोखरी ९८१०१४४८६२, ९८४३७२०२४५

भांडामाझ्ने खाएरबसेर ७,०००।- माथि वेलकम रेष्टुरेन्ट नयांबानेश्वर, शंखमुलरोड ९८४१६१९८९७, ९८१००८५५९१

किचन हेल्पर वेटर चाहियो खानबस्ने सुविधासहित ०१-२२९८०६२

Montessori trained teacher, Primary level English teacher, Secondary level Computer teacher, Nepaltar, kathamandu 9841462838, 9849435451

**क्यान्टिनलाई अलराउण्डर कुक-१ महिला कामदार-४ जोरपाटी** ९८२३४४७८३३

अलटप एकता इन्भेष्ट मल्टीप्रपोज, मेनेजर, महिला/पुरुष, लगानीकर्ता ९८१८८९२९१२, ९८१५०००१०३, ०१४४८४३९४

ड्राईभर चाहियो ४२४००६८, ९८४१४२०१२८, ९८४३५४८९३४

कालिमाटी एड एजेन्सीलाई डेलिभरिब्वाई ३, फिल्ड मार्केटिङ्ग ४, बाईकभएको एकाउण्टेन्ट १, पियन १ ५१६५००८, ५१६५०२७

ग्यालेक्सी क्याफे स्वयम्भुलाई म:म, चाउमिन बनाउने कुक तु.चाहियो ९८४७६२१७४०

क्यान्टिनको लागि कुक, हेल्पर तु.चाहियो ९८५११८३४९८

चावहिल केयलटावर संगैको अफिसलाई स्टाफ १७,५००/- ९८१५६३३३९१

लोकन्थली अफिसलाई स्टाफ १५,०००/- ०१६६३४९६४, ९८६१४८४३३६

क्यान्टिनको लागि कुक, हेल्पर, मसाल्चीचाहियो ९८०३८४५८३३

किचन हल स्टाफ ३ र ३ जना सम्पर्क ९८०३२२८९६३

पुरानोबानेश्वरमा बस्नेठाउ सहितको किरानापसल बिक्रीमा 9860087360

UN कलंकीमा कर्मचारीहरू 9500, 9823032119

अमेरिकन प्रोजेक्टलाई खानबस्नसहित 21,500/- कलंकी 9813612399, 9803632735

गर्ल्स होस्टेलमा महिला कामदार 9861154477

स्वयम्भू भगवानपाउको Heritage Gallery Cafeमा (महिला/पुरुष) कुक-३, हेल्पर मसाल्ची अनुभबी कुकलाई आकर्षक तलब 9849353509, 9860133431

जागिरचाहिनेले जागिरकोलागी/कर्मचारी चाहिनेले कर्मचारीकोलागी सम्पर्क गर्नुहोला। जबकेयर नेपाल, अनामनगर ४२३३०७० jobcarenepal@gmail.com

कुक वेटर आवश्यकता SL खाजाघर ललितपुर 9841752419, 9841338692

तन्दुरी कुक २ हेल्पर २ वेटर २ कलंकी 9851149436

नयाँ मारुतीभ्यान मन्टेश्वरी स्कुललाई प्राथमिकता ९८५११६२९३९

Immediately Wanted Lower Secondary Computer Teacher 2, Accountant 2, 9849154345, 9841959814

ठुलोपर्दाको सुटिङ्गरत चलचित्र म्युजीक भिडियोहरूमा कलाकारहरू इमरजेन्सी नजान्नेलाइनी प्राथमीकतादिइन्छ ९८४९४४६७१२

वेटर, कुक, मसाल्ची ९८४१३२७६६१, ९८०८३६३०७९, बालकुमारी, ललितपुर

फर्निचर उद्योगलाई मिस्त्री चाहियो ९८०८५९२५७९

फ्रिभिषा टिकट लेडिज हाउसमेड दुबै खानबस्न ३०,०००।- ९८१८६३९४१७

म:म:को कामजानेको खाएरबसेर ८,०००।- शंखमुलरोड ९८४१६१९८९७

भ्याली बाहिरकोलागी कुक चाहियो, २५,०००।-, ९८५११५८७१६

Preprimary, Primary, Lower Secodary English Teachers, SMMC, Thaiba, 01-5561080, 9841355175

Science English Computer Accountant teachers for all level 014366202, 9851053997

लगनखेलमा मार्केटिङ्ग, प्रेसडिजाइनर १०,००० ९८४१८३४५३४

बेष्टवाटर सोलुसन कम्पनिलाई अफिस तथा फिल्ड कार्यलाई कर्मचारी आवश्यकता, उमेर २५-वर्षमाथि ग्वार्को, ललितपुर ०१-५५२०९०३, ९८५७८२३८५८

Scorpio गाडि भाडामा 9849388028, 9849155307

बालकुमारी स्थित कोकडिलरलाई लोडअनलोड गर्ने कामदार 9841472285, 5186268

दरवारमार्ग डान्सरेष्टुरेण्टको लागी डान्सर केटा/केटी वेटर महिला कुक हेल्पर 9813038738

स्पाकोलागि लेडिजहरू चाहियो पढेनपढेको दुबैले सम्पर्क गर्नुहोला 9841527314, 9818017371

एलिगण्ट मण्टेश्वरी बालाजु तथा सामाखुसीमा खानबस्नसहित आयादिदिहरू तु.चाहियो 9851041893

**तिनकुनेस्थित मन्टेश्वरी स्कुललाई ड्राईभर चाहियो ०१-५१९९४१०, ०१-५१९९३२४**

कोरियन, जापानिज ५वर्ष अनुभवी Instructor चाहियो ९८६०४२९०३७

क्याफे कुक चाहियो चावहिल ९८६१५८८११३

जोरपाटीमा कर्मचारीहरू १२,५००। ९८०८५६८२६९, ९८०५१०४११४

हार्डवेयर पसलकोलागी अनुभवी दुईजना सेल्सम्यान तुचाहियो ९८४१५४२९६७, ०१५१७८३२६

Lower Secondary Science Teacher Budhanilkantha 9851026328

वेटर महिला, पुरुष ९८५११५४२५९ कालोपुल

डान्स रेष्टुरेन्टमा म्यानेजर, क्याप्टेन, हेल्पर, लेडिजवेटर ९८२३८४९३४२

रिसेप्सनिष्ट, स्टोरकिपर, सेल्सब्वाई, गर्ल, सेक्रेटरी, अन्य ०१-४४७०७३२ ९८२३८४९३४२

होटल सम्बन्धी सम्पूर्ण कामदार आबश्यकता ९८४३७०४४४७

सेकुवाकर्नरलाई वेटर खानबस्न सुविधा आकर्षक तलब, चावहिल ९८४९६९३५५६

सुटिङ्गरत टेलिसिरियलमा कलाकारहरू इमरजेन्सी नजान्नेलाइनी प्राथमिकता ९८०३१९०१८८

अफिस विस्तारकोलागि खानबस्नसहित साधारण SLC कर्मचारीहरूको तुआवश्यकता १६,०००।- ९८४१६९२६४०, ९८०३२७४२२७

स्वीमिङपुल अपरेटर/इन्स्ट्रक्टर/लाईफगार्ड-३, जीमइन्स्ट्रक्टर/ एटेन्टडेन्ट, एकाउण्टेण्ट/ सिनियर/जुनियर ३, ९८०१०१०८५५, hotelwhitehouse.r@gmail.com

Primary Social Teacher चाहियो तिनकुने 4112415

लेडिज वेटर अर्जेन्ट चाहियो ९८२३४९०३३९

घरको लागि कुकको कामगर्ने अनुभवि महिला कर्मचारी चाहियो 9823241727

मन्टेश्वरीलाई आया चाहियो कपन 9843223129

प्राइभेट गाडिकोलागि ड्राइभर चाहियो ९८४१८०७५२८

इमान्दार कर्मचारी आवश्यकता 10,500/- 9813587058

स्कूलमैबसेर कामगर्ने आया मण्डिखाटार 9849239666

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 12,500/- 9813644084

## मर्मत

ढलमंगाल ट्वाईलेट जामखोल्ने २५०। ९८४१६०७८५६

कुनैपनि ब्राण्डका LED TV मर्मत LG, SAMSUNG ९८५११६१५२८, ९८५१००१५२८

ढलट्वाईलेट, मंगाल, जामखोल्ने सम्पूर्णनिर्माण 9851081421

ढलमंगाल ट्वाईलेट जामखोल्ने १००। 9849998884

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

ढलमंगाल ट्वाईलेट जामखोल्ने निर्माणपनि 9851039094

ढल्वाइलेट, मंगाल जामखोल्ने सस्तोमा 9843749855

TV, Computer, ग्यारेन्टीसाथ मर्मत 01-4215169, 9841688285

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने २५० ९८४१२६६९५०

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

Fridge, washingmachine, microwave, gasgayser 9841517747

जुनसुकै TV घरैमामर्मत ग्यारेन्टीमा ९८५११८५३६९

घरैमा TV, फ्रिज 01-4464254, 9841296192

ढलमंगाल ट्वाईलेट सेफ्टीटैंकी जामखोल्ने ९८४१०१३२३४

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

Computer मर्मत तथा IT-Support 01-4385282 9841383051

TV, LED, LCD ग्यारेण्टीसाथ घरमै मर्मत ९८४३४०९३६७, ९८४१७९३५८६

## तालिम

Mobile, Laptop, Television 100% Guarantee Universal Newroad 9851198723

कोरीयामा कामगर्न बिशेष भाषा २४-३५ बर्षका महिलाहरूले सम्पर्क ०१-४४७९६०७, ०१-४४८७९७१ चाबहिल

Laptop, Mobile 100% ग्यारेन्टी 01-4244009

CTEVT मान्यता मन्टेश्वरीटीचर 9851098136, चाबहिल

Mobile@ 6000/- laptop@ 1000 9861990125

CTEVT मान्यताप्राप्त मोबाइल, ल्यापटप, हाउसवारिङ्ग, प्लम्बिङ्ग, इलेक्ट्रोनिक्स, मोटररिवायन्डिङ्ग, एसीफ्रीज आरके ०१४२७४२१७, ९८४०१४५७३०

कुक, वेटर, कफिमेकिङ्ग कोटेश्वर ४६००९२०

## उपचार

सुगर, दम ग्यारेन्टी उपचार ९८०४०१५४८८

पाइल्स, पत्थरी, पिनास, बाथरोग, छातिकोदाग, दुबी, यौनदुर्बलता ग्यारेन्टी गौशालाचोक ०१-४४८४७६७

पाइल्स युरोपियन बिधिबाट १००% ग्यारेन्टी ९८५१०१४१९८

यौनपावर बढाउने/शिघ्र स्खलन रोक्ने ९८१००८५५९६

## पशुपंक्षी

गुणस्तरीय कुकुरहरू बिक्रिमा माउन्ट एभरेष्ट केनल 01-4495668 9841031037 New Outlet नक्साल भाटभटेनी 9848861793

मेशिनवाट अण्डा ह्याचगरी चल्ला निकाल्नु परेमा कुखुराको रु.४।, हांसको रु.६ संपर्क ०१-२२९४०१४, ०१-२२९९०१८

## बिहावारी

चितवन भरतपुरमा ब्राईटलाईफ म्यारीजब्युरो 9809247596

बिवाहको लागि बिन्दाम्यारीज ब्युरो 9859447654

विदेशीसंग कन्ट्याक म्यारिजगर्न इच्छुक महिलाले तुरुन्त सम्पर्क गर्नहोला(डीभोर्सलाई विशेष प्राथमिकता) ९८१८००५३०२

जापानिज नागरिकसाग विहेगर्न इच्छुक केटीले फोन गर्नहोला ९८०८९७८५३

CA श्रेष्ठवरलाई CA Doctor, MBA Officer, Enginer नेवारबधुचाहियो ९८०८८७११६५






# अर्थ वाणिज्य






राजधानीको भृकुटीमण्डपमा सूचना प्रविधिसम्बन्धी मेला 'क्यान इन्फोटेक' मा जानकारी लिँदै अवलोकनकर्ता । सूचना प्रविधि क्षेत्रका नवीनतम वस्तु र सेवाको जानकारी दिने उद्देश्यले सुरु भएको मेलामा स्वदेशी र विदेशी कम्पनीको सहभागिता छ । बिहीबारदेखि सुरु भएको मेला ६ दिनसम्म चल्नेछ ।

*तस्बिर : प्रताप थापा/कान्तिपुर*

## अस्तव्यस्त बैंकिङ क्षेत्र

■ **यज्ञ बञ्जाडे**

काठमाडौं- बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकम (तरलता) अभावको अवस्था, कारण र व्यवस्थापनको चुरो नभेटिँदा वित्तीय क्षेत्र अस्तव्यस्त बनेको छ । लगानीयोग्य रकम नभएको भन्दै अधिकांश बैंक तथा वित्तीय संस्थाले ऋण प्रवाह रोकेका छन् । बैंक तथा वित्तीय संस्थाको कर्जा निक्षेप अनुपात (सीसीडी रेसियो) ८० प्रतिशत पुगेपछि ऋण प्रावह रोक्नुपर्ने अवस्था आएको हो । निक्षेप नबढाई कर्जा विस्तार गर्दा सीसीडी रेसियो राष्ट्र बैंकको निर्देशनभन्दा माथि पुग्ने भएपछि उनीहरूको ऋण प्रवाह क्षमता घटेको हो । राष्ट्र बैंकले तरलता व्यवस्थापनका लागि जारी गर्ने रकम वित्तीय क्षेत्रको खासै रुचि देखिँदैन ।

बैंक वित्तीय संस्थाको बुझाइमा समस्या सीसीडी रेसियोमा छ । उनीहरू घुमाउरो पारामा त्यो अनुपात बढाउन दबाब दिइरहेका छन् । तर, कर्जा लगानीको क्षमता बढाउन साधारण बचतमा ब्याज बढाएर सर्वसाधारणको रकम ल्याउन बैंक वित्तीय संस्था तयार छैनन् । बैंकहरूको यही रवैयाका कारण सरकार र केन्द्रीय बैंक सशंकित छन् ।

निक्षेप नबढाई ऋण प्रवाह गर्न सक्ने अवस्था नरहेपछि बैंक तथा वित्तीय संस्थाले धमाधम मुद्दती निक्षेपको ब्याज बढाएका छन् । स्रोतका अनुसार बिहीबारसम्म केही बैंकहरूले १३ प्रतिशतभन्दा बढीमा संस्थागत मुद्दती निक्षेप लिएका छन् । तरलता अभाव चुलिँदै गएपछि बैंकहरूबीच ठूला निक्षेप तान्न प्रतिस्पर्धा नै चलेको छ । सोही कारण ब्याजदर उच्च दरले उकालो लागेको छ ।

बैंकहरूले सर्वसाधारणले बचत गर्ने निक्षेप योजनाको ब्याजदर भने बढाएका छैनन् । मुद्दती निक्षेप १३ प्रतिशत पुग्दा पनि बचत २/३ प्रतिशतमा रहनु लज्जास्पद रहेको एक बैंकरले बताए । 'सामान्य बचतमा ब्याज नबढाएर बैंकहरूले ठूलो बदमासी गरेका हुन्,' ती बैंकरले भने, 'विद्यमान अवस्थामा बचतको ब्याजदर पनि समानान्तर रूपमा बढाउनुपर्थ्यो ।' बिहीबारसम्म १/२ वटा बैंकले भने बचतको ब्याजदर पनि बढाएका छन् ।

- **सर्वसाधारणको रकम आकर्षित गर्न बैंक वित्तीय संस्था साधारण बचतमा ब्याज बढाउन अझै तयार छैनन्**
- **अनुत्पादक क्षेत्रमा बढ्दो लगानी र बचतको ब्याज नबढेकाले केन्द्रीय बैंक र सरकार सशंकित**

ब्याजदरको तीव्र वृद्धिलाई नियन्त्रण गर्न बैंकहरूले पटकपटक आपसी सहमतिमा ब्याजदर निश्चित विन्दुमा स्थिर राख्ने असफल प्रयास गरेका छन् । यसअघि मुद्दती निक्षेपको ब्याज ८ प्रतिशतभन्दा माथि जान नदिने भद्र सहमति गरेका बैंकहरूले बिहीबार १२ प्रतिशतमै रोक्नकै लागि लामो छलफल गरे । बिहीबार बसेको बैंकर्स संघका बैठकमा बैंकहरूले यस्तो छलफल गरेका हुन् । उक्त विषयमा लामो छलफल भए पनि कुनै निष्कर्षमा नपुगेको बैठकमा सहभागीले बताए । 'बैठकमा एक विषयमा सहमति गर्छन् । तीनै व्यक्ति बैंकमा गएर सहमतिविरुद्ध बढी ब्याजदरमा निक्षेप लिन्छन्,' ती अधिकारीले भने, 'यही कारण बिहीबार पनि मुद्दती निक्षेपको ब्याज १२ प्रतिशतभन्दा नबढाउने विषयमा सहमति जुट्न नसकेको हो ।' जति सहमति गरे पनि बैंकको अवस्था नाजुक भएपछि उच्च दरमै भए पनि निक्षेप लिनुको विकल्प नभएको ती अधिकारीले बताए ।

तरलताको अभाव चुलिँदै गएपछि बैंक तथा वित्तीय संस्थाले सरकारी खर्च बढाउन सरकारलाई आग्रह गरिरहेका छन् । तर, सरकारी खर्च नभई बैंकहरूले मनपरी ढंगले अनुत्पादक क्षेत्रमा कर्जा विस्तार गरेकाले समस्या आएको अर्थ सचिव शान्तराज सुवेदीले बताए । सरकारी खर्च नभएकै कारण तरलता समस्या आएको बैंकहरूको आरोपको खण्डन गर्दै उनले भने, 'बैंकहरूले निक्षेप तान्न जोड गर्नुपर्‍यो र अनुत्पादक क्षेत्रमा मनपरी ढंगले लगानी गर्नु भएन ।' चालु आर्थिक वर्षको ६ महिनामा विकास खर्च कम भयो भन्न नमिल्ने राजधानीमा भन्सार दिवसका अवसरमा आयोजित कार्यक्रममा उनले बताए । गत वर्षबाहेक विगत २० वर्षयता सरकारी खर्चको स्थिति समान भएको बताउँदै उनले भने, 'अनुत्पादक क्षेत्रमा लगानी विस्तार नभएको भए यो अवस्था आउँदैनथ्यो ।' बैंकहरूले संस्थागत र मुद्दती निक्षेपको ब्याज मात्र बढाएर गल्ती गरेको उनले बताए । 'बैंकहरूले सामान्य बचतको ब्याज किन बढाउँदैनन् ?' उनले प्रतिप्रश्न गरे । बैंकहरूले अनुत्पादक क्षेत्रमा कर्जा प्रवाह गरेकाले खराब कर्जा बढ्न थालेको र त्यसबाट उत्पन्न वित्तीय समस्या समाधान गर्न चुनौतीपूर्ण रहेको राष्ट्र बैंकले स्वीकारेको छ । राष्ट्र बैंकको उक्त भनाइबाट पनि वित्तीय क्षेत्रमा जोखिम बढ्दै गएको स्पष्ट बुझ्न सकिन्छ ।

बैंकहरूले राष्ट्र बैंकसँग विशेष पुनर्कर्जाको सुविधा दिन, सीडीडी रेसियोको सीमा बढाउन, राष्ट्र बैंकमा रहेको सरकारी रकम वाणिज्य बैंकहरूमा स्थानान्तरण गर्नलगायत विभिन्न मागहरू तेर्साएका छन् । राष्ट्र बैंकले भने रिपोलगायत अन्य माध्यमबाट बजारमा तरलता प्रवाह गरिरहेको बताएको छ । बिहीबार पनि करिब १८ अर्ब रुपैयाँ बढी बजारमा तरलता प्रवाह गरिएको राष्ट्र बैंक राष्ट्र ऋण व्यवस्थापन विभाग प्रमुख त्रिलोचन पंगेनीले बताए । 'वित्तीय प्रणालीमा अभाव रहेको तरलता बराबरको १७ अर्ब ८१ करोड रुपैयाँ प्रवाह गरेका छौं,' उनले भने, 'भारित औसत ब्याजदर ४ प्रतिशतका दरले रिमोमार्फत तरलता प्रवाह गरिएको हो ।'

बाँकी पृष्ठ १८ ▸▸




## भ्याटमा दर्ता, एक तिहाइ विवरण बुझाउँदैनन्

■ **विष्णु पोखरेल**

काठमाडौं- मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भएकामध्ये करिब एक तिहाइ करदाता विवरणसमेत नबुझाई बेपत्ता हुने गरेका छन् । वार्षिक कारोबारका आधारमा भ्याटमा दर्ता भए पनि कानुनअनुसार बुझाउनुपर्ने करको विवरण नबुझाई उनीहरू बेपत्ता भएका हुन् । 'राजस्वमा भ्याटको योगदान बढिरहेको छ तर यसैमा दर्ता भएका करदाता बेपत्ता हुने क्रम पनि बढ्दो छ,' अर्थ सचिव शान्तराज सुवेदीले भने, 'अहिले भ्याटमा दर्ता भएका ३१ प्रतिशत करदाताले विवरण बुझाउने गरेका छैनन् ।'

राजस्वको भाषामा तोकिएको समय विवरण नबुझाई बेपत्ता हुने करदातालाई 'नन फाइलर' भनिन्छ । सुवेदीका अनुसार पुस मसान्तसम्ममा करिब १ लाख ८० हजार करदाता भ्याटमा दर्ता भएका छन् । त्यसमध्ये करिब ५५ हजार करदाताले तोकिएको समयमा विवरण बुझाइरहेका छैनन् । 'उनीहरूले व्यवसाय बन्द गरेर वा कारोबार नभएर कर बुझाउन नसक्ने भए पनि विवरण दिनुपर्ने हो,' उनले भने, 'न ती करदाताले कारोबार नभएको विवरण दिएका छन्, न व्यवसाय बन्द भएको ।' अर्थ मन्त्रालयका अनुसार यस आर्थिक वर्षको पहिलो चार महिनामा समेत थप ५ हजार १ सय २६ करदाता भ्याटमा दर्ता भइसकेका छन् । भ्याटमा दर्ता हुने क्रम जारी भइरहे पनि विवरण नबुझाउनेहरू बढ्दै गएका छन् । सरकारले भ्याट लिन थालेको दुई दशक हुन लाग्दा हरेक वर्ष विवरण नबुझाउनेको संख्या

- **विवरण बुझाउनेमध्ये अधिकांश फिर्ता माग्ने**
- **दर्ता भएकामध्ये १२ प्रतिशतबाट मात्रै भ्याट संकलन**

बढेकामा सरकारी अधिकारीले चिन्ता गर्न थालेका छन् ।

नेपालको कर प्रणाली स्वयं घोषणामा चल्ने खालको भएकाले भ्याटको विवरण नबुझाउने बढ्दा समग्र अर्थतन्त्रमा यसको नकारात्मक असर पर्न सक्ने सुवेदीले बताए । 'यो सकारात्मक सन्देश हैन, त्यसलाई न्यूनीकरण गर्न निजी क्षेत्रको सहयोग आवश्यक छ ।' यसरी भ्याट नबुझाउनुको अर्थ हुन्छ ती व्यवसायीले ग्राहकबाट भ्याट संकलन गरिरहेका हुन सक्छन् तर सरकारलाई बुझाउँदैनन् । अर्थात सरकारका लागि भनेर ग्राहकले तिरेको भ्याट रकम उनीहरूले नै लिइरहेका छन् । तर, कतिपयले कम्पनी दर्ता गरेर कारोबार नगरी यत्तिकै बसेका पनि हुन सक्छन् । तर, ऐनअनुसार शून्य कारोबार भए पनि 'कारोबार नभएको' विवरण बुझाउनैपर्छ ।

मूल्य अभिवृद्धि कर ऐनअनुसार करदाताले हरेक महिना समाप्त भएको २५ दिनभित्र आफ्नो विवरण कर कार्यालयमा बुझाउनुपर्छ । यस्तो विवरणमा करदताले आफूले बुझाउनुपर्ने कर स्वयं निर्धारण गरेको हुनुपर्छ । यो समयभित्र करको विवरण नबुझाएमा करदाताले बाँकी रहेको कर रकममा वार्षिक १० प्रतिशतका दरले थप दस्तुर लाग्नेछ ।

सरकारी अधिकारीहरूका अनुसार कर विवरण बुझाउनेमध्ये पनि अधिकांश सरकारबाट भ्याट फिर्ता लिने खालका छन् । उपभोक्ताले तिरेको भ्याट व्यवसायीले सरकारलाई बुझाउने माध्यमका रूपमा कार्य गर्ने हुँदा भ्याट फिर्ता दिने गरिन्छ ।

बाँकी पृष्ठ १८ ▸▸

### अर्थभित्र

भन्सार सुधार गर्न सवा १० अर्ब
पृष्ठ १६

क्यान इन्फोटेक सुरु
पृष्ठ १७

आईपीओको रकम राष्ट्र बैंकमा राख्नु नपर्ने
पृष्ठ १८




## निगमको चिनियाँ जहाज आयो

■ **सुरज कुँवर**

काठमाडौं- सरकारले तीन वर्षअघि नेपाल वायु सेवा निगमका लागि सहुलियतपूर्ण ऋणमा चीनसँग खरिद गरेका चारमध्ये पहिलो मोर्डन आर्क (एमए-६०) टर्बोप्रोप इन्जिनयुक्त विमान काठमाडौं आइपुगेको छ ।

५६ सिट क्षमताको यो विमान (कलसाइन नाइन एन-एकेआर) सहित निगमसँग अब आन्तरिक रुटमा उड्ने जहाजको संख्या ५ पुगेको छ । यसअघि अनुदानअन्तर्गत ०७१ वैशाखमा चीनले नेपाललाई ५६ सिट क्षमताको एमए ६० तथा त्यसै वर्षको कात्तिकमा दुर्गम रुटका लागि १६ सिट क्षमताको वाई १२-ई विमान काठमाडौं ल्याइसकेको छ । यी दुइटा खरिद सम्झौताअन्तर्गतका कुल ६ वटा विमानमध्येका अनुदानका विमान हुन भने बाँकी चारवटा सहुलियतपूर्ण ऋणबाट खरिद गरिने विमान हुन् ।

नेपाल सरकारले ०७० मंसिरमा चीनले बनाएका दुई वर्गका ६ वटा विमान (दुइटा एमए-६० र चार वटा वाई १२-ई) का लागि ६ अर्ब ६७ करोड १० लाख रुपैयाँ हाराहारीको ऋण तथा अनुदान प्याकेजमा सम्झौता गरेको थियो । यो रकममध्ये २ अर्ब ९४ करोड ३० लाख अनुदान सहयोग थियो भने ३ अर्ब ७२ करोड वार्षिक १ दशमलव ५ प्रतिशत दरको ऋण थियो । बिहीबार साँझ ६ बजेर ५५ मिनेटमा काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको यो विमान यही सहुलियतपूर्ण ऋणमा नेपालले चीनसँग खरिद गरेको विमानमध्येको एउटा हो ।



सुदीप महर्जन

फ्याक्ट्री मूल्य १ अर्ब रुपैयाँ हाराहारी रहेको यो विमान चीनको कुन्मिङबाट नेपाली पाइलटहरूले उडाएर ल्याएका हुन । यो विमानलाई चीनको सियानस्थित फ्याक्ट्रीबाट चिनियाँ पाइलटले उडाएर कुन्मिङसम्म ल्याइदिएका थिए । त्यहाँबाट हङकङ, बंगलादेश, भारतको हवाई मार्ग हुँदै जहाज काठमाडौं ल्याइएको हो । निगमका सहायक प्रवक्ता शैलेश कंसाकारका अनुसार क्षेत्रीय रुटका लागि बनाइएको यो विमानलाई निगमकै चिनियाँ जहाजका प्रशिक्षक पाइलट गोपाल सिंह विष्ट तथा प्रसन्न राणाले कुन्मिङबाट बंगलादेशको ढाका हुँदै काठमाडौं ल्याएका हुन् । बिहीबार कुन्मिङबाट उडेको विमानलाई इन्धन भर्नका लागि केही घण्टा ढाका लगिएको थियो । यो जहाज लिन १२ दिनअघि निगमको इन्जिनियरिङ विभाग प्रमुख पोषकराज ज्ञवालीको नेतृत्वमा टोली चीन गएको थियो । अपरेशन विभाग प्रमुख रविन्द्र शेरचनसहित चीन गएका नागरिक उड्डयन प्राधिकरणबाट फलाइट सेफ्टी विभागका अधिकृत प्रभाकर मल्लिकलगायतको १४ सदस्यीय टोली यही जहाजमा फर्केको छ ।

अहिले निगमसँग दुइटा क्यानेडियन टुइनअटर र दुइटा चिनियाँ विमान आन्तरिक रुटका लागि छन् । तर, यी नियमित उडानमा भने छैनन् । अब आन्तरिक रुटमा निगमसँग तीन वर्गका ५ विमान पुगेका छन् । एमए-६० विमान धनगढी, नेपालगन्ज, भैरहवा, भद्रपुर, विराटनगर क्षेत्रमा उडाइनेछ । निगमको एउटा टुइनअटर तारा एयरले मर्मत गरेर १० वर्षका लागि लिजमा लिई उडाइरहेको छ भने अर्को बिग्रेर ह्यांगरमा थन्किएको छ । त्यो विमानलाई पनि केही महिनाभित्रै मर्मत गरेर उडान गर्न पर्यटनमन्त्री जीवनबहादुर शाहीले निर्देशन दिइसकेका छन् । निगमसँग अर्न्तराष्टिय रुटका लागि एउटा बोइङ ७५७ र दुइटा एयरबस ए-३२० विमान छन् । निगमका महाप्रबन्धक सुगतरत्न कंसाकारका अनुसार अबको एक साताभित्र अर्को सानो विमान काठमाडौं ल्याइँदै छ । दुर्गम उडानका लागि १६ सिट क्षमताको वाई १२-ई विमानलाई भने चिनियाँ प्रशिक्षक पाइटलले नै उडाएर काठमाडौंसम्म ल्याउनेछन् ।

# जमानीभन्दा बढी असुल्न नपाइने

काठमाडौं (कास)- बैंक तथ वित्तीय संस्थाले जमानीकर्ताबाट जमानी भएको रकमभन्दा बढी असुल गर्न नपाउने भएका छन् । राष्ट्र बैंकले परिपत्रमार्फत बिहीबार यस्तो निर्देशन दिएको हो ।

सर्वोच्च अदालतको फैसलाअनुसार उक्त निर्देशन दिइएको भन्दै राष्ट्र बैंकले जमानतकर्ताको पक्षमा १४ बुँदे निर्देशन जारी गरेको छ । हाल ऋणीले पैसा नतिर्दा बैंक तथा वित्तीय संस्थाले जमानीकर्ताबाट भर्पाई गराएर ऋण असुल गर्दै आएका छन् । 'जमानी दिनेले कबुल गरेको रकमबाहेक ऋणीको अन्य दायित्व सम्बन्धमा जमानी हुनेको सम्पत्तिबाट असुलउपर नगर्ने,' राष्ट्र बैंकको निर्देशनमा भनिएको छ । तर, जमानतकर्ताले कबुल गरेको दायित्व रकम सम्बन्धित ऋणीबाट असुल हुन नसकेमा मात्र जमानतकर्ताले दिएको सुरक्षणबाट असुली प्रक्रिया अघि बढाउन पनि राष्ट्र बैंकले जनाएको छ ।

यस्तै ऋणी तथा बैंकबीच वा जमानतकर्ता र बैंकबीच ऋण तथा जमानी सम्बन्धमा गरिएका लिखितहरूमा लेखिएका व्यहोरा एवं सर्तहरू सहज रूपमा पढ्न सकिने ढाँचामा तयार गर्न पनि राष्ट्र बैंकले निर्देशन दिएको छ । 'जमानतकर्ताले कबुल गरेको दायित्वबमोजिमको रकम सर्वप्रथम सम्बन्धित ऋणीबाट नै असुलउपर गर्ने, सम्बन्धित ऋणीबाट असुलउपर हुन नसकेमा जमानतकर्ताले कबुल गरेको सीमा हदसम्मको रकम निजले दिएको सुरक्षण धितोबाट लिलाम गरी असुल गर्न सकिने,' राष्ट्र बैंकको निर्देशनमा भनिएको छ ।


## सिटिजन्स बैंकको Holiday /Evening Counter बन्द हुने सूचना

यस बैंकको कमलादी शाखा हाल का.म.न.पा. वडा नं. ३१, शारदासदनबाट सञ्चालन भइरहेकोमा कमलादी शाखाको सम्पूर्ण कारोबार (लकर सेवा समेत) मिति २०७३ माघ १७ गते देखि बैंकको का.म.न.पा. वडा नं. १, नारायणहिटी पथमा स्थित नवनिर्मित भवनबाट संचालन हुने व्यहोरा सबैलाई जानकारी गराउन चाहन्छौं । साथै, शाखा स्थानान्तरणको क्रममा मिति २०७३ माघ १४ गते शुक्रबार सन्ध्याकालिन काउन्टर (Evening Counter) सेवा तथा माघ १५ गते शनिबार र माघ १६ गते आइतबार बिदाको दिनको काउन्टर (Holiday Counter) तथा लकर सेवा समेत बन्द हुने व्यहोरा सबैलाई जानकारी गराउन चाहन्छौं । साथै, उक्त दिनहरुमा अन्य शाखा बाट प्रदान गरिदै आएको सोहि सेवाहरु भने सदा जस्तै निरन्तर रहने ब्यहोरा समेत जानकारी गराउन चाहन्छौं । यसबाट ग्राहक बर्गमा पर्न जाने असुबिधाप्रति बैक क्षमायाचना ब्यक्त गर्दछ ।

**उपत्यका भित्र बिदाको दिनको काउन्टर (Holiday Counter) सेवा प्रदान गरिने शाखाहरु:**

**१) कलंकी शाखा (समय: बिहान ११ देखी दिउँसोको २ बजे सम्म)**

**२) नयाँसडक शाखा (खिचापोखरी) (समय: बिहान ११ देखी दिउँसोको २ बजे सम्म)**

Citizens Bank International Ltd. सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, शारदासदन, कमलादी, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४१६९०६८, फ्याक्स: ९७७ १ ४१६९०७७
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
**टोल फ्री नं: १६६००१६६६६७, नोटिस् बोर्ड: १६१८०१४२६२६९९**

www.ctznbank.com



## सवारी साधन बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति: २०७३/१०/१४**

यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधनहरु जे जस्तो अवस्था छ, सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा ईच्छुक फर्म, कम्पनी वा महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय, हात्तीसार, काठमाडौं स्थित सामान्य श्रोत तथा सम्पत्ति व्यवस्थापन विभागमा सिलबन्दी बोलपत्र पेस गर्नहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । पेस गरिने बोलपत्र साथ खरिद गर्न कबुल गरेको रकमको १० प्रतिशत वा सो भन्दा बढी रकम यस बैंकमा नगदै वा यस बैंकको नाममा बैंक तथा वित्तीय संस्था मार्फत खिचिएको गुड फर पेमेन्टको चेक दाखिला गर्नुपर्नेछ ।

यस बैंक समक्ष प्राप्त हुन आएको बोलपत्रहरु १६ औं दिनमा सो दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन दिनको ठिक ३.०० बजे यस बैंकको केन्द्रीय कार्यालय, हात्तीसार, काठमाडौंमा खोलिनेछ । बैंक समक्ष पेस हुन आएका बोलपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित रहनेछ । बोलपत्र स्वीकृत भएको खण्डमा बैंकले तोकिएको समय भित्र बाँकी रकम जम्मा गरी सवारी साधन आफ्नो नामसारी गराउनु पर्नेछ अन्यथा बोलपत्र साथ दाखिला गरेको रकम जफत गरिनेछ ।

**तपसिल**

| क्र.सं. | सवारीको किसिम | सवारी नं. | सवारी रहेको स्थान |
|---|---|---|---|
| १ | हुन्डाई सेन्ट्रो कार, जि.एल | बा. ७ च ४६७४ | भैरहवा शाखा |
| २ | हुन्डाई सेन्ट्रो कार, एक्स एल | बा. ६ च २७१४ | विराटनगर शाखा |
| ३ | हुन्डाई सेन्ट्रो कार, एक्स एल | बा. ६ च १७९० | विरगंज शाखा |
| ४ | मारुती अल्टो कार, | बा. ६ च ३६६४ | दमक शाखा |
| ५ | मारुती अल्टो कार | को. १ च ४१९४ | इटहरी शाखा |
| ६ | हुन्डाई सेन्ट्रो कार, जि.एल | बा. ७ च ८१३ | नारायणघाट शाखा |
| ७ | हुन्डाई सेन्ट्रो कार, जि.एल | बा. ७ च ४६७१ | नेपालगंज शाखा |
| ८ | हुन्डाई सेन्ट्रो कार, एक्स एल | बा. ६ च ७५२६ | कोहलपुर शाखा |
| ९ | यमाहा क्रुक्स मोटरसाइकल | बा. २१ प ७९४० | हात्तिसार शाखा |
| १० | बजाज सि.टि. १०० मोटरसाइकल | बा. २६ प २३५ | हात्तिसार शाखा |
| ११ | हिरो होन्डा स्पलेन्डर मोटरसाइकल | ना. १३ प २१० | विरगंज शाखा |
| १२ | हिरो होन्डा स्पलेन्डर मोटरसाइकल | बा. २७ प २३९७ | बनेपा शाखा |

**द्रष्टव्य : यस विषयमा बुझ्न वा उक्त सवारी साधन निरिक्षण गर्न चाहनुहुने महानुभावहरुले कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क गर्नु पर्नेछ ।**

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तिसार, काठमाडौं
फोन: ४४४४६८४/८५
पो.ब.नं.: १९५९३
Email: info@laxmibank.com, URL: www.laxmibank.com



## INVITATION FOR BIDS

First date of Publication: 27th January 2017

NMB Bank Ltd. (NMB) intends to upgrade its core banking platform to a versatile, robust, stable, and resilient Core Banking System (CBS). NMB Bank invites sealed bids (technical and financial) from qualified bidders for upgrade, supply, installation, implementation, migration of legacy CBS and training of proposed CBS along with major hardware for proposed CBS.

The scope of the project envisages a complete solution (CBS hardware, CBS software and other) which may inter-alia include procurement, installation and maintenance of system software, application software, the Data Centre, Disaster Recovery Centre (DRC), and customization, parameterization and implementation of application software, project management, system/data migration and system integration with training to Bank's designated personnel and hand-over successfully implemented system at the end of the agreed period.

A complete set of Bidding Document may be purchased by interested bidders on the submission of a written application, from NMB Bank Limited, Head Office, General Administration Department, upon payment of non-refundable fee of NRs. 25,000 (Nepalese Rupees Twenty Five Thousand only) in the form of Demand Draft or Banker's Cheque in favour of NMB Bank Limited. The bidders who purchase the bid document in their names only are eligible for submission of bid.

All the terms and conditions and related details of bid has been placed in the bid document.

**Proposal Submission Deadline**

The complete bid should be submitted at NMB Bank at the following address within 3:00 P.M of 45 days from the date of first publication of this notice. If there is a holiday on last day of submission, next working day will be applicable.

**Pre Bid Notice**

Bidders purchasing the BID document shall be called for pre-bid meeting within 30 days from the first bid notice. The contact details provided in the bid application form shall be used to notify bidder for the pre bid meeting. Participating in the pre bid meeting is an optional requirement for the bidder.

NMB BANK एनएमबि बैंक
("A" class commercial bank licensed by Nepal Rastra Bank.)
A joint venture with FMO Netherlands

**NMB Bank Limited,**
General Administration Department,
NMB Bhawan, Babarmahal Kathmandu, Nepal
Phone: 01-4246160, fax: 01-4246156
Email: cbsbid@nmb.com.np
Website: www.nmb.com.np


# भन्सार सुधार गर्न सवा १० अर्ब

**कान्तिपुर संवाददाता**

काठमाडौं- सरकारले करिब सवा १० अर्ब रुपैयाँ खर्चेर आगामी चार वर्षभित्र भन्सारको सुधार र आधुनिकीकरण गर्ने भएको छ । अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा बिहीबार राजधानीमा आयोजित कार्यक्रममा सरकारले यस्तो योजना सार्वजनिक गरेको हो । कार्यक्रममा अर्थमन्त्री कृष्णबहादुर महराले सार्वजनिक गरेको 'भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना' अनुसार सुधारका लागि सरकारले करिब १० अर्ब २० करोड ६० लाख रकम खर्च गर्नुपर्नेछ ।

भन्सार क्षेत्रको सुधारका लागि हालसम्म ९ अर्ब ६८ करोड ३० लाख रुपैयाँको व्यवस्थापन भइसकेको छ, कार्ययोजनामा उल्लेख छ । 'दातृ निकाय र विकास साझेदारको आर्थिक र प्राविधिक सहायतापछि आवश्यक हुन आउने वित्तीय व्यवस्थापन सरकारले गर्नेछ,' कार्ययोजनामा उल्लेख छ । सरकारले भन्सार सुधारका लागि ल्याएको यो पाँचौं कार्ययोजना हो ।

आयात(निर्यातलाई सहजीकरण गरी आर्थिक क्षेत्रको विकास गर्ने लक्ष्यका साथ सुधार कार्ययोजना ल्याएको उल्लेख छ । 'क्योटो' महासन्धिलाई कार्यान्वयन गर्न त्यसै अनुरूप मापदण्ड बनाउने, भन्सार मूल्यलाई पुनरावलोकन गर्ने, सेवाग्राही सेवालाई सुधार गर्ने, मानव संसाधन व्यवस्थापन गर्ने, राजस्व चुहावट घटाउने लगायतका लक्ष्य राखेर कार्ययोजना अघि बढाइएको हो । विभिन्न ११ वटा रणनीतिका साथ अघि बढाइएको कार्ययोजना आगामी साउनदेखि लागू हुनेछ । व्यापार सहजीकरण, पारदर्शिता, असल शासन, भन्सार प्रणालीको सरलीकरण, जनशक्ति

- आगामी चार वर्षभित्र खर्च गरिने
- साउनदेखि कार्ययोजना लागू हुने

विकास, सूचना प्रविधिमा आधारित सेवा, पूर्वाधार विकास, राजस्व चुहावट नियन्त्रण लगायतका रणनीतिका साथ कार्ययोजना अघि बढाइएको हो । भन्सार विभागका महानिर्देशक शिशिर ढुङ्गानाले कार्ययोजना अनुसार भन्सार सुधार गरी अन्तर्राष्ट्रिय स्तरको बनाइने कार्यक्रममा जानकारी दिए । यसले भन्सारका विभिन्न सुविधा थप हुनुका साथै पारदर्शी प्रणालीसमेत विकास हुने बताए ।

**'न्यून बिजकीकरण गर्नेलाई कडा कारबाही'**

कार्यक्रममा आयातकर्ताहरूले भन्सारमा न्यून मूल्य घोषणा गरी राजस्व छल्ने गरेको बताउँदै अर्थ सचिव शान्तराज सुवेदीले त्यस्ता आयातकर्तालाई कडा कारबाही गर्ने चेतावनी दिएका छन् । उनले एउटा वस्तु ल्याएर अर्काको मूल्य घोषणा गर्नेको 'पाता फर्काउने' चेतावनी दिएका हुन् । कार्यक्रमा बोल्ने अधिकांश व्यवसायीहरूले सरकार रजस्वमुखी भएको र सरकारले अनावश्यक दुःख दिएको बताएपछि प्रतिउत्तरमा सुवेदीले व्यपारीलाई सही सामानको सही मूल्य घोषणा गर्न आग्रह गर्दै यस्तो चेतावनी दिए ।

'तपाईंहरू बेबी प्यान्ट, बेबी जुत्ता र बेबी सर्ट मात्र आयात गर्नुहुन्छ,' उनले भने, 'त्यसो भए २ करोड ६० लाख नेपाली सबै बच्चा मात्र छन्, हामी सबै बच्चा छौं ?' उनले वयस्कका लागि आयात गरिएका पोसाकलाई समेत बालबालिकाका लागि मात्र ल्याइएको घोषणा गरेर भन्सार छलिएको उदाहरण दिँदै व्यपारी पनि जिम्मेवार हुनुपर्ने बताएका थिए ।

सचिव सुवेदीले जिम्मेवार भएर व्यापारीले सही मूल्य घोषणा गरी भन्सार तिर्दासमेत कुनै कर्मचारीले नियतवस दुःख दिएको सूचना आए त्यस्ता कर्मचारीलाई पनि 'पाता कस्ने' बताए । 'तपाईंहरू सही मूल्य घोषणा गर्नुस्, कहीं कतै त्यस्तो दुःख कसैले दिन्छ भने तिनलाई पनि म पाता कस्छु' उनले भने, 'म अर्थ सचिवका नाताले यो भनिरहेको छु ।' नेपालमा अहिले पनि कर नतिरी उम्कने प्रवृत्ति रहेकाले त्यसलाई कम गर्न व्यवसायीले सहयोग गर्नुपर्नेमा सचिव सुवेदीले जोड दिए ।

कार्यक्रममा बोल्दै अर्थमन्त्री कृष्णबहादुर महराले भने मुलुक संक्रमण कालमा रहेकाले विभिन्न खाले कुतत्त्वले खेल्ने मौका पाएको बताए । 'यो संक्रमण राजनीतिक हो, यसको अन्त्य नभएसम्म अरू क्षेत्र पनि सुधार हुनसक्दैन,' उनले भने, 'त्यसका लागि सबै सचेत नागरिकले सहयोग गर्नुपर्छ ।' उनले भन्सार पहिलेको तुलनामा सुधार भएको बताउँदै यसलाई अघि बढाउँदै लानुपर्नेमा जोड दिए । महराले पूँजीगत खर्च बढाउन सरकार लागिपर्ने बताए । कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष पशुपति मुरारका, नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्मा, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठ लगायतले सरकार राजस्वमुखी भएको आरोप लगाएका थिए । उनीहरूले सरकारी निकायबीच नै समन्वयसमेत नहुने गरेको र औद्योगिक वातावरण बिग्रिएको बताए ।


नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
प्रधान कार्यालय वाग्मती अञ्चल, काठमाण्डौ जिल्ला, का.म.न.पा., वार्ड नं. २९, केशरमहल, लैनचौर, फोनः ४४३५६१३
को

## शाखा कार्यालयको लागि घर भाडामा चाहियो

यस बैंकलाई शाखा कार्यालय स्थापना गर्न तपसिल वमोजिमको क्षेत्रमा तपसिल वमोजिमको विशेषता सहितको घर शाखा कार्यालय संचालनका लागि लामो अवधिसम्म बहालमा लिन आवश्यक परेकोले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र तल उल्लेखित ठेगानामा आफ्नो शिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

**वहालमा घर लिन चाहेको स्थान :**

| क) काठमाण्डौं उपत्यका बाहिरका स्थानहरु | आवश्यक क्षेत्रफल |
|---|---|
| १. भोजपुर बजार, भोजपुर | १५००-२००० वर्ग फुट |
| २. राजविराज बजार, सप्तरी | १५००-२००० वर्ग फुट |
| ३. सिमरा, बारा | १५००-२००० वर्ग फुट |
| ४. चन्द्रौटा, कपिलबस्तु | १५००-२००० वर्ग फुट |
| ५. बट्टार, नुवाकोट | १५००-२००० वर्ग फुट |
| ६. मिर्चैया बजार, सिराहा | १५००-२००० वर्ग फुट |
| ७. मधुमल्ला बजार, मोरङ्ग | १५००-२००० वर्ग फुट |
| **ख) काठमाण्डौं उपत्यका भित्रका स्थानहरु** | **आवश्यक क्षेत्रफल** |
| १. पुतलीसडक / हात्तिसार, काठमाण्डौं | २०००-२५०० वर्ग फुट |

**शिलबन्दी प्रस्तावमा खुलाउनुपर्ने एवं संलग्न गनुपर्ने कागजात तथा विवरणहरु :**

१. भवन निर्मित जग्गाको जग्गाधनी प्रमाणपत्र पुर्जाको प्रतिलिपि ।
२. भाडामा दिन चाहेको भवन रहेको स्थानको पूर्ण विवरण, भवनको स्वीकृत नक्शा, भवनको निर्माण सम्पन्न भएको प्रमाणपत्र र फोटो ।
३. घरधनी र सम्पर्क व्यक्तिको नाम, ठेगाना तथा सम्पर्क टेलिफेन नम्बर ।
४. प्रस्तावित भवनको मासिक भाडा रकम (कर सहित) ।
५. प्रस्तावित भवनको बैंकलाई हस्तान्तरण गर्न सकिने मिति ।
६. यदि प्रस्तावित भवन फर्म वा कम्पनीको नाममा दर्ता कायम रहेको भएमा निम्न लिखित कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ :
   - फर्म/कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि
   - आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा पछिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्र
   - कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि
   - कम्पनीको हकम भवन भाडा दिने सम्बन्धी संचालक समितिको निर्णयको प्रतिलिपि
७. यदि प्रस्तावित भवन भाडामा लिइएको जग्गामा निर्मित भएमा जग्गाधनी तथा भवन निर्माण गर्ने फर्म /कम्पनीको बीचमा भएको समझौताको प्रतिलिपि ।

**शर्तहरु :**

१. प्रस्तावित भवनहरुमा पानी, ३ फेज बिजुली तथा पर्याप्त पार्किङ्गको सुविधा सहित न्यूनतम ६ मिटर चौडाइको मोटर बाटोसँग जोडिएको हुनुपर्नेछ ।
२. प्रस्तावित भवन सडक बिस्तार योजनामा नपरेको हुनुपर्नेछ ।
३. प्रस्तावित भवन भुकम्प प्रतिरोधात्मक पिलर सिस्टमबाट बनेको पक्की भवन हुनुपर्ने र बैंक संचालन गर्न उपयुक्त हुनुपर्नेछ ।
४. शाखा कार्यालय संचालानार्थ घटीमा १० बर्षको लागि भवन उपलब्ध गराउनु पर्नेछ ।
५. भुईं तलामा ATM राख्नका लागि 10 ft x 12 ft को स्थान अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।
६. बैंकलाई आवश्यक पर्ने विद्युत आपूर्तीका लागि जेनेरेटर राख्ने स्थान अनिवार्य रुपमा निशुल्क उपलब्ध गराउनु पर्नेछ ।
७. बैंकले घरभाडा भुक्तानी गर्दा प्रचलित कानून अनुसार सम्पूर्ण कर (बहाल कर, स्थानिय निकायलाई भुक्तानी गनुपर्ने कर लगायत) कट्टी गरी बहाल रकम भुक्तानी गर्नेछ ।
८. भुईं तला तथा प्रथम तलालाई विशेष ग्राहयता दिइने छ । निर्माण सम्पन्न भईसकेको घरलाई प्राथमिकता दिइने छ ।
९. घरधनीको निवेदन मात्र मान्य हुनेछ ।
१०. कुनै कारण समेत नदर्शाई प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने वा छनौटमा परेका प्रस्ताव उपर समेत पुनः नेगोसिएसन गर्ने सर्वाधिकार बैंकमा सुरक्षित रहने छ । यस सम्बन्धी पत्राचार उपर समेत कुनै कारवाही गरिने छैन ।
११. बैंकबाट कुनै प्रस्ताव स्वीकृत भएमा त्यस्तो स्वीकृत प्रस्तावका प्रस्तावकसंग बैंकले छुट्टै बहाल सम्झौता गरी बहाल क्षेत्र बहालमा लिने छ ।
१२. प्रस्ताव खामबन्दी गरी खामको बाहिरी भागमा प्रष्ट रुपमा "........शाखा कार्यालयको लागि घर भाडा प्रस्ताव" उल्लेख गरी सामान्य प्रशासन तथा खरीद विभाग, नेपाल एसबिआई बैंक लि., प्रधान कार्यालय, केशरमहल, काठमाण्डौंको ठेगानामा पठाउनु पर्नेछ ।
१३. म्याद नाघी प्राप्त हुन आएको प्रस्तावउपर कुनै कारवाही अगाडी बढाइने छैन ।


## छोटकरी

### इन्फो टेकमा सुबिसुको 'जम्बो अफर'

काठमाडौं (कास)- सुबिसु केबलनेटले 'सुबिसु क्यान इन्फो-टेक २०१७' लाई लक्षित गरी ग्राहकहरू समक्ष 'जम्बो अफर' ल्याएको छ । यो अफर इन्टरनेट र क्लियर टीभीको कम्बो सेवा तथा क्लियर टीभीका लागि रहेको कम्पनीले जनाएको छ ।

अफरअन्तर्गत ग्राहकहरूले क्लियर टीभी र इन्टरनेटको सुपर कम्बो अफर मात्र ७ हजार ९ सय ९९ (कर सहित) प्राप्त गर्न सकिने जारी विज्ञप्तिमा छ । कम्पनीका अनुसार यसमा तीन महिनाका लागि २ एमबीपीएस इन्टरनेट तथा क्लियर टीभी प्रिमियम प्याकेज (४० एचडी च्यानेल्ससहित १५५ भन्दा बढी च्यानेल्स) का साथै ग्राहकहरूले वाइफाई राउटर, क्लियर टीभी सेट-थप बक्स, जडान खर्च निःशुल्क प्राप्त गर्न सक्नेछन् । यसैगरी प्याकेजअन्तर्गत ग्राहकहरूले बिहानको १ बजेदेखि बेलुकी ५ बजेसम्म २ एमबीपीएसको डबल ब्यान्डविथ प्राप्त गर्न सक्ने विज्ञप्तिमा छ ।

### क्यान इन्फोटेकमा भायनेटको 'ट्रिपल फाइदा' अफर

काठमाडौं (कास)- भायनेट कम्युनिकेसन्सले क्यान २०७३ लाई लक्षित गरी आफ्ना उपभोक्ताहरूका लागि 'ट्रिपल फाइदा' अफर बजारमा ल्याएको छ । यस अफरअन्तर्गत ग्राहकहरूले डाटा, फलब्याक स्पिड र शुल्कमा सहुलियत प्राप्त गर्ने कम्पनीले जनाएको छ । कम्पनीका अनुसार फाइबर होम प्रो, फाइबरहोम प्लस र फाइबरहोम रस गरी तीन अफरहरू भायनेटले ग्राहकहरूलाई प्रदान गर्दै आएको छ । यस अफरअन्तर्गत फाइबर होम प्रोका ग्राहकहरूले ५ एमबीपीएस स्पिडमा १२० जीबी डाटा र ५१२ केबीपीएस को फलब्याक स्पिड प्राप्त गर्नेछन् भने फाइबर होम प्लसका ग्राहकहरूले १० एमबीपीएस स्पिडमा २०० जीबी डाटा र १ एमबीपीएस को फलब्याक स्पिड प्राप्त गर्ने जारी विज्ञप्तिमा छ । त्यसैगरी फाइबर होम रसका ग्राहकहरूले १५ एमबीपीएस स्पिडमा ३०० जीबी डाटा र १.५ एमबीपीएस को फलब्याक स्पिड प्राप्त गर्ने कुरा कम्पनीले जनाएको छ ।

### फोर्डको 'वाइडरनेस गेट-अ-वे'

काठमाडौं (कास)- फोर्डले राजधानीको गोकर्ण फोरेस्ट रिसोर्टमा 'फोर्ड वाइडरनेस गेट-अ-वे' को आयोजना गर्दै छ । यसअन्तर्गत सम्पूर्ण मनोरञ्जनका लागि विभिन्न खेलहरू र आकर्षक पुरस्कारहरू पनि राखिएको जारी विज्ञप्तिमा छ । यो कार्यक्रममा सहभागी हुन फोर्डका थापाथली अफिसमा आफ्नो नाम रजिस्टर गर्नुपर्नेछ र शनिबार पूरा परिवारका लागि खाजा तथा मनोरञ्जनात्मक कार्यक्रममा सहभागी हुन सक्ने कम्पनीले जनाएको छ । माघ १५ मा हुने कार्यक्रममा फोर्डले आफ्नो गाडीको कौशलता प्रदर्शन दुई टेस्ट ड्राइभ रुट राखेको जनाएको छ ।

### फियाटो 'गेट मोर विथ पुन्टो प्युअर'

काठमाडौं (कास)- फियाट्ले नयाँ स्किम 'गेट मोर विथ पुन्टो प्युअर' सार्वजनिक गरेको छ । यो स्किममा फियाटको बिक्रेता लाइफ अटोमोबाइलले फियाट पुन्टो प्युअरको खरिदमा भारी छुट र सुविधा उपलब्ध गराउने जारी विज्ञप्तिमा छ । अब बेस्ट-इन-क्लास युरोपियन ह्याचब्याक पुन्टो प्युअरका खरिदकर्ताले विशेष नगद छुट, एक वर्षका लागि गाडीको बिमा, एक वर्षको सवारी कर, निःशुल्क एसोसरिज, रिभर्स क्यामेरा, आठपटक निःशुल्क सर्भिसिङ, एक्सचेन्ज बोनस र लोयाल्टी बोनसलगायतका सुविधा पाउने कम्पनीले जनाएको छ । पुन्टो प्युअर १२ सय सीसीको इन्ट्रिलेभर कार हो । युरोपियन बिल्ड, फोर सिलिन्डर, स्पेसियस इन्टेरियर र क्लास लिडिङ ग्राउन्ड क्लेरेन्स यसका विशेषताहरू हुन् । पुन्टो प्युअर एक्जोटिक रेड, हिपहप ब्ल्याक र सेतो रङमा उपलब्ध छ ।

### अप्पर नौगड गाड आयोजनाका लागि ऋण सम्झौता

काठमाडौं (कास)- अपि पावर कम्पनीले दार्चुलाको नौगड गाढमा ८ मेगावाट क्षमताको अपर नौगड गाढ साना जलविद्युत् आयोजना निर्माण गर्न नेपाल एसबीआई बैंक र प्रभु बैंकले एक अर्ब लगानी गर्ने भएका छन् । एसबीआई बैंकको अगुवाइमा उक्त आयोजनामा बैंकहरूले लगानी गर्नेसम्बन्धी सम्झौतामा बुधबार हस्ताक्षर भएको छ । नौगढ गाड आयोजनामा नेपाल एसबिआई बैंक लिमिटेडले ५५ करोड र प्रभु बैंक लिमिटेडले ४५ करोड लगानी गर्ने जारी विज्ञप्तिमा छ । अपि पावरका कार्यकारी सञ्चालक संजीव न्यौपानेले आयोजना ०७४ चैत मसान्तभित्र सम्पन्न गरी राष्ट्रिय प्रसारण लाइनमा विद्युत् आपूर्ति गरिने बताए ।


### वाणिज्य बैंकको नुवाकोटमा एटीएम सेवा

नुवाकोट (कास)- राष्ट्रिय वाणिज्य बैकले यहाँ एटीएम सेवा सञ्चालनमा ल्याएको छ । बैंकले आफ्नो स्थापनाको ५२ वर्ष प्रवेशको अवसरमा सोमबारदेखि सेवा सुरु गरेको हो । वाणिज्यको एटीएम सेवा विस्तार गरेको नुवाकोट ९१औं शाखामा पर्छ । एटीएमबाट एकपटकमा २० हजार र एक दिनमा १ लाख रुपैयाँ झिक्न सकिने शाखा प्रवन्धक यज्ञबहादुर बस्नेतले जानकारी दिए ।

## सुन चाँदीको भाउ (तोलामा)



| | |
|---|---|
| छापावाल सुन | ५५,०००/०० |
| तेजावी सुन | ५४,७००/०० |
| असल चाँदी | ७९०/०० |




NIC ASIA
एन आई सी एशिया बैंक लि.
ISO 9001 Certified Bank
Registered Office: Trade Tower, Thapathali, Kathmandu
Contact No.: +977-01-5111177/78/79, Fax No.: +977-01-5111180

## INVITATION FOR SEALED QUOTATION

NIC ASIA Bank intends to procure service of Strategic Media Partner/ or Creative Agency having proven track record in assisting Banks & Financial Institutions in enhancing their Brand Image and Brand recall value.

Accordingly, Bank invites proposals (technical & financial) from experienced and eligible firms/ companies within 7 days of publication of this notice along with Non-refundable payment of NPR 500.00 only. Sealed quotations received after the deadline will not be accepted.

Sealed quotation sent through Mail/Courier will neither be accepted for any consideration

NIC ASIA बैंक पनि, साथी पनि



NIC ASIA
एन आई सी एशिया बैंक लि.
ISO 9001 Certified Bank
Registered Office: Trade Tower, Thapathali, Kathmandu
Contact No.: +977-01-5111177/78/79, Fax No.: +977-01-5111180

## INVITATION FOR SEALED PROPOSALS

NIC ASIA Bank invites sealed proposals from the interested service provider / firms for the Annual Maintenance Contract of 67 units of Diesel Generator of the bank.

The sealed quotation should be in the format of Request for Proposal (RFP) document which can be obtained from Bank's General Administration & Project Department of the Bank upon deposit of non refundable document fee of NPR. 1,000.00.

Proposals are to be submitted by 5:00 PM February 02, 2017. All proposals should be addressed to General Administration & Project Department and must be submitted in person. Proposals received after the deadline will not be accepted.

Proposals sent through Mail/Courier will neither be accepted for any consideration nor will they be returned to the sender.

NIC ASIA बैंक पनि, साथी पनि

# क्यान इन्फोटेक सुरु

## विद्युतीय नेपाल बनाउन सहयोग पुग्छ : अर्थमन्त्री

**कान्तिपुर संवाददाता**

काठमाडौं- राजधानीको भृकुटीमण्डपमा बिहीबारदेखि सूचना प्रविधिसम्बन्धी नेपालकै सबैभन्दा ठूलो मेला 'क्यान इन्फोटेक' सुरु भएको छ। सूचना प्रविधि क्षेत्रका नवीनतम वस्तु र सेवाको जानकारी दिने उद्देश्यले सुरु भएको मेलामा स्वदेशी र विदेशी कम्पनीले सहभागिता जनाएका छन्। अर्थमन्त्री कृष्णबहादुर महराले मेलाको उदघाटन गरे। उनले विद्युतीय नेपाल निर्माणमा मेलाले सहयोग गर्ने बताए। ९ वर्षअघि आफू सूचना तथा सञ्चारमन्त्री बन्दा सबैका हातहातमा मोबाइल पुर्‍याउने नारा दिँदा धेरैले हाँसोमा उडाएको स्मरण गरे। 'त्यसबेला हाँसेर उडाइयो, अहिले सबैका हातहातमा एउटा हैन, दुई-दुईवटा मोबाइल छन्,' उनले भने।

६ दिनसम्म चल्ने मेलामा विभिन्न कम्पनीहरूले आफ्ना नयाँ उत्पादन, सेवा र उपभोक्ता योजना सार्वजनिक गरेका छन्। कम्प्युटर एसोसिएनस अफ नेपाल (क्यान) महासंघले हरेक वर्ष आयोजना गर्ने मेलाको यो २३ औं संस्करण हो। 'क्यान इन्फोटेक सूचना प्रविधिको सम्पूर्ण सामग्री र सेवाको नवीनतम जानकारी दिने थलो हो,' आयोजक क्यान महासंघका अध्यक्ष विनोद ढकालले भने, 'यसपालि पनि नवीनतम जानकारी राखिएको छ।' विश्वस्तरीय ब्रान्डका नेपाली अधिकृत बिक्रेतादेखि स्वदेशमै सफ्टवेयर, मोबाइल एप्लिकेसन, वेब एप्लिकेसन, सूचना प्रविधि प्रणालीलगायतका सेवा विकास गर्नेहरूले मेलामा स्टल राखेका छन्।

मेलामा सूचना प्रविधि सामग्रीको प्रदर्शन, सूचनामूलक र बिक्री गर्ने छुट्टाछुट्टै कक्षहरू छन्। प्रदर्शनी हलभित्र ४९ र बाहिर ५ वटा ब्रान्डिङ प्रदर्शनी कक्ष छन् भने ट्रसमा १ सय ४४ र अन्य २४ गरी कुल २ सय २२ स्टल छन्। मेलालाई सुबिसु केबल नेट प्रालिले शीर्ष प्रायोजन गरेको र सामसङ एसोसिएट प्रायोजक रहेकाले यसको नाम नै 'सुबिसु क्यान इन्फोटेक २०१७ इन एसोसिएसन विथ सामसङ' राखिएको छ।

मेलामा हार्डवेयर बिक्री तथा मर्मत, पावर सोलुसन, मोबाइल एस्सेसरिज, डिलर र डिस्ट्रिब्युटर्स, इन्टरनेट सेवा प्रदायक, टेलिफोन सेवा प्रदायक, सूचना प्रविधि अध्यापन गराउने कलेज, तालिम केन्द्र, सफ्टवेयर विकासकर्ता, सफ्टवेयर सोलुसन, पेमेन्ट सोलुसनलगायतका कम्पनी सहभागी छन्। मेलामा प्रदर्शनी र उपभोक्तालाई छोएर नै अनुभव गर्न सकिने (टच एन्ड फिल) खालका सेवा दिने कम्पनीहरूले मुख्य प्रदर्शनी कक्षमा स्टल राखेका हुन् भने बिक्री गर्न चाहनेले बाहिर स्टल राखेका छन्।

बिक्री कक्षमा भने अवलोकनकर्ताले नयाँ मोडलका ल्यापटप, मोबाइल, स्मार्टफोन, एस्सेसरिज, सेक्युरिटी सोलुसन्सलगायतका सामग्री छानेर किन्न सक्नेछन्। हरेक वर्ष हुने यो मेलाको २२ औं संस्करण ३ लाख ६३ हजार ४ सय ५६ जनाले अवलोकन गरेका थिए। यसपालि भने ४ लाखभन्दा बढीले अवलोकन गर्ने लक्ष्य राखिएको छ। मेलाको प्रवेश शुल्क सर्वसाधारणलाई १ सय र विद्यार्थीलाई ५० रुपैयाँ तोकिएको छ। अनलाइनबाट टिकट काट्नेका लागि भने २० प्रतिशत छुटको व्यवस्थासमेत गरिएको छ। आगामी आइतबारलाई भने मेलाको 'बिजनेस डे' तोकिएको छ। त्यसदिन भने सबैका लागि १ सय रुपैयाँ शुल्क तोकिएको छ।

क्यान इन्फोटेककै अवसरमा आगामी आइतबार र सोमबार सोल्टी होटलमा सूचना प्रविधि सम्मेलनसमेत आयोजना गरिनेछ। दिगो विकासका लागि सूचना, सञ्चार र प्रविधि विषयमा छलफल गर्ने गरी मेला आयोजना हुने सम्मेलन संयोजक रेगबहादुर भण्डारीले जानकारी दिए।

सम्मेलनमा जर्मनी, दक्षिण कोरियालगायत मुलुकबाट समेत विज्ञहरू सहभागी हुनेछन्। 'यसपालिको मेलामा हामी शिक्षा, स्वास्थ्य, समाजलगायतका विषयलाई कसरी विद्युतीकरण गर्न सकिन्छ भनेर छलफल गर्नेछौं,' भण्डारीले भने, 'दिगो विकास लक्ष्य हासिल गर्न नेपालको भूमिका बढाउन सम्मेलन आयोजना गर्न लागिएको हो।' सम्मेलनमा 'ई-स्कुल', 'ई-हेल्थ', 'ई-भिलेज', 'स्मार्ट सिटी' लगायतका विषयमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत हुनेछन्।

कान्तिपुर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. को सदस्यहरुलाई
ब्याजदर परिवर्तन सम्बन्धी सूचना

सम्पूर्ण सदस्यज्यूहरुको जानकारीका लागि यही २०७३ माघ १७ गतेदेखि लागु हुने गरी ब्याजदरमा परिवर्तन भएको व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ।

आवधिक निक्षेपमा ब्याजदर

| आवधिक निक्षेप | ३/३ महिनामा ब्याज पाइने | एकमुष्ट ब्याज पाइने |
|---|---|---|
| १ वर्ष | १३% | १३.५% |
| २ वर्ष | १४% | १४.५% |
| ३ वर्ष | १५% | १५.५% |
| १८ महिने | १३.५% | १४% |
| कान्तिपुर बचत: ९.५% (दैनिक मौज्दात) | कर्जा तर्फ: १९% देखि २१% सम्म | |

कान्तिपुर
सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
Kantipur Saving & Credit Co-Operative Ltd.
केन्द्रीय कार्यालय: गोरखा कम्प्लेक्स, मिनभवन, काठमाडौं, पो.ब.नं.: २०४५७, फोन नं.: ४१०६५३१, ४१०६५४९, ४१०६५५०
सेवा केन्द्र: रत्नपार्क: फोन नं. ४२३२२१५, ४२४४२१२, न्यूरोड: फोन नं. ४२४३१०१, ४२२४४१२
जावलाखेल, ललितपुर: फोन नं. ५५४४५०७, ५५४७८७०, बनेपा, काभ्रे: फोन नं. ०११-६६२३८७






## भ्याटमा दर्ता...

यसरी सरकारबाट भ्याट फिर्ता लिने करदातालाई राजस्वको भाषामा 'क्रेडिट फाइलर' भनिन्छ। विवरण बुझाउने करदातामध्ये करिब ५३ प्रतिशत 'क्रेडिट फाइलर' छन्।

विवरण बुझाउनेमध्ये गत पुस मसान्तसम्मको विवरण हेर्दा करिब ३४ प्रतिशतले भने आफूले कुनै पनि कुरा खरिद र बिक्री नगरेको भन्दै भ्याट शून्य लाग्ने विवरण बुझाएका छन्। यस्ता करदातालाई 'जिरो फाइलर' भनिन्छ। सरकारले 'नन फाइलर' र 'जिरो फाइलर' बाट हाल भ्याट पाइरहेको छैन भने 'क्रेडिट फाइलर' लाई सरकारले भ्याट फिर्ता दिनुपर्छ। यस आधारमा सरकारले विवरण बुझाउनेमध्ये पनि करिब १२ प्रतिशतबाट मात्र भ्याट लिइरहेको देखिन्छ। सरकारलाई भ्याट तिर्नुपर्ने विवरण बुझाउने करदातालाई राजस्वको भाषामा 'डेबिट फाइलर' भनिन्छ। 'ननफाइलर, क्रेडिट फाइलर र जिरो फाइलर बढ्दै जाने र डेबिट फाइलर घट्दै जाने क्रम देखिएको छ,' सचिव सुवेदीले भने। उनका अनुसार पहिले भ्याटमा १८-१९ प्रतिशत 'डेबिट फाइलर' हुने गरेकामा अहिले घटेर १२ प्रतिशतमा झरेको छ।

**Approval रेडी भएकाले १५ दिन भित्र उडी सक्नु पर्नेछ।**
**Qatar मा Mobile Crane Operator हरुलाई रोजगार**
कम्पनी : Integrated Logistics Co WLL | पूर्व स्वीकृति मितिः २०७३/१०/०३ | चलानी नं. ६०१०२०२६ | LT No.:177814

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Mobile Crane Operator | 40 | काममा दक्ष | 3000 | ८९,९०४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

Qatar र Kuwait Lic. भएकाहरुलाई प्राथमिकता दिईनेछ।
Note : यसै कम्पनीको लागि AC Technician हरुको पनि माग भई आएकाले ईच्छुक ब्यक्तिहरुले निःशुल्क परामर्श लिनुहोला। अन्तरवार्ता : धमाधम भइरहेको छ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,०००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. १०,०००।- कामदार आफैले |

DHR डेष्टिनि ह्यूमेन् रिसोर्स नेपाल प्रा. लि.
श्रम ईजाजत नं.: ७८९/०६५/०६६
सुविधानगर, तिनकुने, काठमाण्डौं, फोन.: ४१११८८९, ४१११८९०
Mob.:9803982655, 9848135282, 9851066096, 9851198211
E-mail: padamgiri999@gmail.com, destinyhr@wlink.com.np

**कतारको प्रतिष्ठित कम्पनीमा रोजगारी**
**Approval Ready भिषा ७ दिनमा ग्यारेण्टी**
GW TRADING & CONTRACTING CO WLL | Country : DOHA, QATAR
पूर्व स्वीकृत मितिः २०७२/०५/२९ | चलानी नं.: ७०७ | LT. No.: 139236

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | फिनिसिङ कार्पेन्टर | ४० | सम्बन्धित काममा दक्ष | 1100 | ३२,८४६ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | पेन्टर (स्प्रे/रोलर/ब्रस) | २५ | | 1100 | ३२,८४६ | | | | | | | |
| 3. | इलेक्ट्रिसियन | २५ | | 1100 | ३२,८४६ | | | | | | | |
| 4. | मेशन | २० | | 1100 | ३२,८४६ | | | | | | | |
| 5. | आल्मुनियम/ग्लास फिटर | १० | | 1500 | ४४,७९० | | | | | | | |
| 6. | वेल्डर/फेब्रिकेटर | १० | | 1500 | ४४,७९० | | | | | | | |
| 7. | प्लम्बर/पाइप फिटर | १० | | 1100 | ३२,८४६ | | | | | | | |

शनिबार पनि कार्यालय खुल्ला रहनेछ।
फाइनल अन्तरवार्ता: प्रधान कार्यालय काठमाडौंमा २०७३ माघ १५ गते भोली शनिबार हुनेछ।
★ सम्बन्धित कममा अनुभवी तथा गल्फ रिर्टनलाई ग्राह्यता दिइने छ।
★ २०१७ जनवरी यता कतारबाट फर्केकाहरूले समेत अन्तरवार्ता दिन सकिने।
पास इन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ८७२/०६६/०६७
सामाखुशी (महादेवटार हाइट जाने बाटो) काठमाडौ, फोन: ४३८२५५३, ४३८२२९६
Mob. : 9801051244, 9801175502, 9801175503

**Kuwait मा वैदेशिक रोजगारको अवसर**
कम्पनी: Food & Beverages Catering & Restaurant Management Co., Kuwait
पूर्व स्वीकृत मितिः २०७३/०९/२७ | चलानी नं.: ६०१०१७६५ | LT. No.: 179096

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooks | 13 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५३,४६० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Confectioner | 2 | 0 | | 150 | ५३,४६० | | | | | | | |
| 3. | Baker | 1 | 0 | | 140 | ४९,९०० | | | | | | | |
| 4. | Waiter | 1 | 0 | | 140 | ४९,९०० | | | | | | | |
| 5. | Restaurant Labour | 3 | 0 | | 90 | ३२,०७० | | | | | | | |

नोट : यसै कम्पनीको लागि : Sweet Maker, Kitchen Supervisor (Inside The Kitchen), Office Administrative को पनि माग भै आएकोले इच्छुक व्यक्तिले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।
प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ।
SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Tarahal Chock, Sinamangal, Kathmandu
Phone : 4481505, 4481905, 4481957
E-mail : sharonhrsolution@gmail.com, sharonmanpower2@gmail.com

**UAE मा रोजगारको अवसर**
कम्पनीको नाम : POWER SECURITY SERVICES, Dubai
पूर्व स्विकृति मितिः २०७३/३/२१ पुनः स्विकृति मिति : २०७३/१०/४ LT No.: 165150 चलानी नं. २०६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N.C. | ओ.टी. हुने वा नहुने | प्रति दिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने/बस्ने सुविधा | करार अवधी | कामदारको छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 98 | 5 | सम्बन्धित काममा दक्ष | 1200 | 34800 | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | २ बर्ष | अन्तरवार्ता |

कम्पनीको नाम : POWER CLEANING SERVICES, Dubai
पूर्व स्विकृति मितिः २०७३/३/२१ पुनः स्विकृति मिति : २०७३/१०/४ LT No.: 165273 चलानी नं. २०६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N.C. | ओ.टी. हुने वा नहुने | प्रति दिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने/बस्ने सुविधा | करार अवधी | कामदारको छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 54 | 33 | सम्बन्धित काममा दक्ष | 900 | 26,100 | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | २ बर्ष | अन्तरवार्ता |

| स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियर कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टाम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोने | कल्यानकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | कम्पनीले | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफै | रु. १,०००/- कम्पनीले | निःशुल्क |

* छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा बापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ।
प्रि. अन्तरवार्ता धमाधम भईरहेको छ।
नोट : उक्त कम्पनीमा Housekeeping Supervisor र Office Boy चाहिएको हुँदा तु. सम्पर्क गर्नुहोला।
बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी : १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. साथमा राख्नुहोस्। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ। यस विज्ञापन सम्वन्धमा थप केहि बुझ्नु परेमा श्रम तथा रोजगार प्रवर्द्धन विभाग, वानेश्वरमा सम्पर्क राख्नुहोला।
फाईनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिद्वारा २०७३ माघ १८ र २२ गते काठमाडौमा २०७३ माघ १९ गते पोखरामा हुनेछ।
गोर्खा ह्यूमन रिसोर्स सोलुसन प्रा.लि.
श्रम इजाजत नं. ७७९/०६५/६६, पुल्चोक, ललितपुर, Email: gorkhahrs779@gmail.com
फोन: ५५५००६१, ५००९१०८, मोबाईल: ९८५१०५३४९५, ९८५११५२२१०
पोखरा – ९८५६०२७५३९, नेपालगंज – ९८५८०२०५२५

# आईपीओको रकम राष्ट्र बैंकमा राख्नु नपर्ने

**कान्तिपुर संवाददाता**

काठमाडौं- सेयरको प्राथमिक निष्कासन (आईपीओ/एफपीओ) मा लगानी भएको रकम राष्ट बैंकमा राख्न नपर्ने भएको छ। बजारमा देखिएको तरलता अभावलाई मध्यनजर गर्दै बिहीबार नेपाल धितोपत्र बोर्डले यस्तो निर्णय गरेको हो। विद्यमान व्यवस्थाअनुसार सेयर आह्वान बन्द भएको बढीमा ६ दिनपछि न्यूनतम ६ दिनका लागि उक्त कम्पनीको सेयरमा परेको रकम राष्ट्र बैंकमा बचत गर्नुपर्ने व्यवस्था थियो। उक्त कम्पनीको सेयर के कति रकम परेको हो त्यो छुट्याउनुका साथै अनावश्यक चलखेल रोक्न उक्त रकम राष्ट्र बैंकमा राख्नुपर्ने व्यवस्था धितोपत्र बोर्डले गरेको थियो। बोर्डले उक्त व्यवस्था हटाएको हो। अब प्राथमिक निष्कासनमा परेको रकम राष्ट्र बैंकमा राख्नु नपरेपछि बैंक तथा वित्तीय संस्थामै रहनेछ। यसले वित्तीय प्रणालीमा तरलता उपलब्धतामा सहयोग पुग्ने बोर्डले बताएको छ।

यो निर्णयसँगै नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको एफपीओमा परेको करिब ४२ अर्ब रुपैयाँ बैंक तथा वित्तीय संस्थामा आउनेछ। यो कम्पनीको सेयरमा परेको रकम तीन दिनअघि राष्ट्र बैंकको खातामा स्थानान्तरण गरिएको थियो।

**पाँच दिनमा ९० अंक घट्यो**

पाँच दिनको कारोबारमा सेयर बजार परिसूचक नेप्से ९० दशमलव ७ अंकले घटेको छ। आइतबार १ हजार ४ सय ६५ मा रहेको नेप्से बिहीबार १ हजार ३ सय ७५ दशमलव १४ विन्दुमा झरेको छ। उक्त दिन नेप्से २१ दशमलव ४७ अंकले घटेको छ। कारोबारमा आएका सबै समूहको परिसूचक घटेपछि समग्र नेप्से उच्च दरले बढको हो।

कारोबारमा आएकामध्ये १४ कम्पनीको सेयर मूल्य बढ्यो, १ सय १५ कम्पनीको घट्यो। करिब ५ हजार ५ सय ६९ पटकको कारोबारबाट १ सय ३७ कम्पनीका १० लाख ५२ हजार ८ सय ६९ कित्ता सेयर किन-बेच भए। उक्त किन-बेचबाट ५१ करोड ९२ लाख रुपैयाँ बराबरको कारोबार भएको छ। यो सँगै सेयर बजारको आकार (बजार पुँजीकरण) घटेर १५ खर्ब ४७ अर्ब रुपैयाँ कायम भएको छ। 'क' वर्गका कम्पनीको सेयर कारोबार मापक सेन्सेटिभ परिसूचक १ दशलमव ५६ प्रतिशतले र कारोबारमा रहेका सबै कम्पनीको सेयर कारोबार मापक सेन्सेटिभ फ्लोट परिसूचक १ दशमलव ६२ प्रतिशतले घटेको नेप्सेले जनाएको छ।

बैंकिङ समूहको परिसूचक १ दशमलव ७५, होटलको ३ दशमलव ३१, विकास बैंकको १ दशमलव २६, 'अन्य' को १ दशमलव ७८, बिमाको १ दशमलव ५९, वित्त कम्पनीको १ दशमलव ३७ र विकास बैंकको १ दशमलव २६ प्रतिशतले घटेको छ।

## नेपाल राष्ट्र बैंक

माघ १४ गते, २०७३ (जनवरी २७, २०१६) (रूपैयाँमा)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १०८।६३ | १०९।२३ |
| युरो | १ को | ११६।६२ | ११७।२७ |
| पाउन्ड स्टर्लिङ | १ को | १३७।५४ | १३८।३० |
| स्विस फ्रैन्क | १ को | १०८।९२ | १०९।५२ |
| अस्ट्रेलियन डलर | १ को | ८२।११ | ८२।५६ |
| क्यानाडियन डलर | १ को | ८३।०० | ८३।४६ |
| सिंगापुर डलर | १ को | ७६।५७ | ७६।९९ |
| जापानी येन | १० को | ९।५५ | ९।६० |
| चिनियाँ युआन | १ को | १५।७९ | १५।८८ |
| साउदी अरब रियाल | १ को | २८।९६ | २९।१२ |
| कतारी रियाल | १ को | २९।८३ | ३०।०० |
| थाई भाट | १ को | ३।०८ | ३।१० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | २९।५७ | २९।७४ |
| मलेसियन रिंगिट | १ को | २४।५३ | २४।६६ |
| दक्षिण कोरियन वन | १०० को | ९।३५ | ९।४० |
| स्विडिस क्रोनर | १ को | १२।३४ | १२।४० |
| डेनिस क्रोनर | १ को | १५।६८ | १५।७७ |
| हङकङ डलर | १ को | १४।०० | १४।०८ |
| कुवेती दिनार | १ को | ३५६।३९ | ३५८।३६ |
| बहराइन दिनार | १ को | २८८।१८ | २८९।७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकताअनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www..nrb.org.np मा उपलब्ध हुनेछ।


## अस्तव्यस्त बैंकिङ...

बिहीबार राष्ट्र बैंकले २० अर्ब रुपैयाँ रिपो जारी गरेकामा १९ अर्ब ६५ करोड रुपैयाँको माग आएको थियो। १५ वटा बैंक तथा वित्तीय संस्थाबाट ७४ वटा बोलकबोल भएको राष्ट्र बैंकले जनाएको छ।

तरलता अभावले सिर्जित समस्या समाधानका लागि बिहीबार राष्ट्र बैंकको बोर्ड बैठकमा विशेष छलफल भएको छ। सीआरआर घटाउन र सीडी रेसियो बढाउन राष्ट्र बैंकलाई दबाब परेपछि राष्ट्र बैंकले यो विषयमा बृहत् छलफल गरेको हो। स्रोतका अनुसार बिहीबारको बैठकमा सीडीडी रेसियो बढाउने वा अहिलेकै कायम राख्ने भन्नेबारे ठोस निर्णय भई नसकेको राष्ट्र बैंकका सहप्रवक्ता राजेन्द्र पण्डितले बताए। 'अनुसन्धान र सुपरिवेक्षण विभागको प्रतिवेदन विश्लेषण गर्ने काम भयो। ती विश्लेषणको आधारमा हाल राष्ट्र बैंकले जारी गरिरहेको अल्पकालीन औजारलाई निरन्तरता दिने निर्णय भयो,' उनले भने, 'दीर्घकालीन औजार जारी गर्न राष्ट्र बैंक पर्ख र हेरको अवस्थामा छ।' तर, उद्योगी व्यापारीसहित बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरूले सीसीडी रेसियोको सीमा बढाउन राष्ट्र बैंकलाई दबाब दिँदै आएका छन्। सोमबार मात्र अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ब्याजदरलाई वाञ्छित सीमाभित्र राख्न र वित्तीय स्थायित्व कायम गर्न अहिले निर्देशित सीडीडी रेसियो चलाउन नहुने सुझाव दिएको छ। यसले पनि राष्ट्र बैंकलाई तत्कालै सीसीडी रेसियोको सीमा बढाउन रोकेको बुझिएको छ। 'सीसीडी रेसियोको सीमा बढाउनु मात्रै विद्यमान समस्याको समाधान होइन,' बैंकर्स संघका सदस्यले भने, 'अल्पकालीनभन्दा पनि समस्याको दीर्घकालीन समाधानका उपाय खोज्नुपर्छ।' उनले त्यो भने पनि अधिकांश बैंकहरू यही मौकामा सीसीडी रेसियोको सीमा बढाउनुपर्ने दाउमा छन्। संघका अध्यक्ष अनिल केशरी शाहले भने बैठकमा विद्यमान समस्याको जड पत्ता लगाउन आउँदो बुधबार सबैपक्ष सम्मिलित बृहत् छलफल गर्ने निर्णय भएको बताए।

ऋण लिन जाँदा रित्तो हात फर्किनुपरेपछि उद्योग व्यवसाय सञ्चालनमा समस्या भएको उद्योग वाणिज्य महासंघका अध्यक्ष पशुपति मुरारकाले गुनासो गरे। 'ऋण माग्न जाँदा बैंकले पैसा दिँदैनन्। लिखित कागजमा अन्य कारणले पैसा दिन नसकेको लेख्छन्,' उनले भने, 'कुराकानीमा पैसा नभएर नै नदिएको भन्छन्।

**हार्दिक समवेदना**



जन्म
वि.सं. १९९९ कात्तिक

स्वर्गारोहण
२०७३ माघ २

स्व. भगिरथ तिम्सिना

हाम्रा अनन्य मित्र झापा, शनिश्चरेका विनयराज तिम्सिनाका पुजनिय पिता भगिरथ तिम्सिनाको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं। साथै दु:खको यस घडीमा शोक सन्तप्त परिवारजनलाई धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

कमल प्रसाद श्रेष्ठ
रामचन्द्र पराजुली
विचारी पराजुली
कमल कुमार श्रेष्ठ
कृष्ण पाण्डे
मुकुन्द प्रसाद तिमिल्सिना
सुधिर प्रसाद तिमिल्सिना
नयन पण्डित क्षेत्री
चिन्तामणि पण्डित क्षेत्री

**हार्दिक श्रद्धाञ्जली**



जन्म
वि.सं. १९८० भाद्र ३ गते
तेह्रथुम

स्वर्गारोहण
वि.सं. २०७३ माघ ३ गते
कोशी हरैचा मोरङ,(गोठगाउँ)

स्व. लक्ष्मीदेवी उप्रेती

हाम्री प्रात : स्मरणीय माता, सासु, एवम् हजुरआमा **लक्ष्मीदेवी उप्रेतीको** निधनले हामीलाई शोकाकुल एवम् दु:खी बनाएको छ। उहाँको आत्माको चीर शान्तीको कामना गर्दै उहाँ प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछौ। साथै दु:खको यस घडीमा हामीप्रति सहानुभूती एवम् समवेदना व्यक्त गर्नु हुने सम्पुर्ण इस्टमित्र, बन्धुबान्धव, छरछिमेक, आफन्तजन एवम् संघसस्था प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौ।

छोरी /ज्वाई
श्रीमती चिन्तादेवी कडरीया
श्रीमती शिला सिटौला /कृष्ण सिटौला
श्रीमती कमला शिवाकोटी /हरी शिवाकोटी

छोरा /बुहारी
श्रीमती रेणुका उप्रेती
श्री मोहनकृष्ण उप्रेती/श्रीमती गङ्गा उप्रेती
श्री प्रेमप्रकाश उप्रेती /श्रीमती तनुजा उप्रेती
श्री राजेन्द्र उप्रेती /श्रीमती रेखा उप्रेती

नाति/नातिना। ज्वाई/बुहारी
सुशिला /परशु, नरेन्द्र /गङ्गा, रमेश /उर्मीला, मञ्जला /नविन, नीता /सुभाष, अञ्जला /कञ्चन, इन्दिरा, उर्मीला, शुशिल /लेना, विशाल /पवित्रा, विकास /मञ्जु, उत्तम /मञ्जु, श्रदा /उदय, सामिन /दिनेश, श्रीजना /निर्मल, प्रतिक /जुनु, मञ्जिल, मिलन, स्मृती, रोज, राज, निलिशा, नियम

एवं समस्त उप्रेती परिवार

NIC ASIA
एन आई सी एशिया बैंक लि.
Toll Free No: 1660-01-77771
बैंक पनि, साथी पनि

## नेपाल स्टक एक्सचेन्ज

१३ माघ २०७३ को कारोबार

| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | फरक |
|---|---|---|---|---|
| कृषि विकास बैंक | ४९० | ४६० | ३३१३६ | -३० |
| अल्पाइन डेभलपमेन्ट बैंक लि. | २८५ | २८३ | ६७१ | -२ |
| अपी पावर क. लि. | ३७० | ३७५ | १५०९ | ५ |
| अरूण फाइनान्स लि. | १६४ | १६२ | १२१० | -२ |
| अरूणभ्याली हाइड्रोपावर डेभलपमेट क.लि. | २४१ | २३३ | ७७०२ | -८ |
| एसियन लाइफ इन्स्योरेन्स क. लि. | १२६९ | १२४५ | २८३७ | -२४ |
| बैंक अफ काठमाडौं लुम्बिनी लि. | ५८५ | ५७० | ३२५०१ | -१५ |
| बरूण हाइड्रोपावर क.लि | २५० | २४८ | ४६० | -२ |
| भार्गव विकास बैंक | ३५९ | ३३९ | ८५४ | -२० |
| बुटवल पावर क. | ५१८ | ५१५ | २१५० | -३ |
| सेन्चुरी कमर्सियल बैंक लि. | ३०५ | ३०२ | १२२७८ | -३ |
| छिमेक लघुवित्त विकास बैंक लि. | ९८० | ९७१ | ११६४ | -९ |
| चिलिमे हाइड्रोपावर क. | ७७२ | ७७० | ४२२९ | -२ |
| सिटिजन बैंक इन्टरनेशनल लि. | ४४४ | ४३६ | २७१६८ | -८ |
| सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट | ३५०४ | ३४४५ | ३४९४ | -५९ |
| सिभिल बैंक लि. | २४० | २३५ | २३८९४ | -५ |
| डिप्रोक्स डेभलपमेन्ट बैंक | २०६१ | २०१५ | २४७० | -४६ |
| देव विकास बैंक लि. | २०५ | २०३ | ५४१० | -२ |
| एभरेष्ट बैंक लि. | १७८० | १७४० | ९८८८ | -४० |
| एभरेष्ट इन्स्योरेन्स क. लि. | १४५३ | १४२६ | ९५७ | -२७ |
| एक्सेल डेभलपमेन्ट बैंक लि. | ५५६ | ५४१ | १२४७ | -१५ |
| एक्सेल डेभलपमेन्ट बैंक लि. संस्थापक | ३१३ | ३०१ | १०००० | -१२ |
| फष्टमाइक्रो फाइनान्स डे. बैंक लि. | ८३८ | ८१० | ५९० | -२८ |
| गरिमा विकास बैंक लि. | ३८६ | ३८६ | २८१४८ | ० |
| ग्लोबल आईएमइ बैंक लि. | ४०० | ३९४ | २०९३१ | -६ |
| ग्लोबल आईएमई समुन्नत स्किम १ | १०.२६ | १०.४५ | १०००० | ०.१९ |
| गुडविल फाइनान्स क.लि. | २८५ | २८० | ९३२ | -५ |
| ग्रिन डेभलपमेन्ट बैंक लि. | ५२५ | ५१५ | २३५ | -१० |
| गुहेश्वरी म. बैंक एन्ड फा. | २०४ | २०४ | २९६ | ० |
| गुराश लाइफ इन्स्योरेन्स क. लि. | ६५५ | ६६० | १७८३ | ५ |
| हाम्रो विकास बैंक लि. | ३८३ | ३७० | १८०५ | -१३ |
| हिमालयन बैंक लि. | ८५० | ८५० | २७८९ | ० |
| हिमालयन जनरल इन्स्योरेन्स क. लि. | १२२४ | ११६० | ४९९२ | -६४ |
| आईसीएफसी फाइनान्स लि. | २५० | २४८ | २२५९ | -२ |
| आईएलएएफसीओ माइक्रोफाइनान्स वित्तीय | ६४५ | ६३० | ७२६ | -१५ |
| जलविद्युत लगानी तथा विकास क. | २११ | २०१ | १०९२९ | -१० |
| जानकी फाइनान्स लि. | २३७ | २२५ | २०० | -१२ |
| जनउत्थान सामुदायिक लघुवित्त वि. बैंक | १७५१ | १६६० | २८० | -९१ |
| जेविल्स फाइनान्स लि | १९३ | १८७ | ८०० | -६ |
| ज्योती विकास बैंक | २६४ | २५२ | ९६११ | -१२ |
| कावेली विकास बैंक लि. | ५७५ | ५५५ | १९४ | -२० |
| कैलाश विकास बैंक | ३१८ | ३१८ | ७०७९ | ० |
| कालिका माइक्रोक्रेडिट डेभलपमेन्ट बैंक | १५०० | १४४२ | ११५४ | -५८ |
| कर्णाली डेभलपमेन्ट बैंक लि. | २८० | २७० | ७० | -१० |
| खानीखोला हाइड्रोपावर क. लि. | २१४ | २२० | २३४८ | ६ |
| किसान माइक्रोफाइनान्स वित्तिय संस्था | १६८७ | १६०१ | २६० | -८६ |
| कुमारी बैंक लि. | ५३४ | ५१५ | १२६१२ | -१९ |
| लक्ष्मी बैंक लि. | ७३२ | ७२० | ८७१९ | -१२ |
| लक्ष्मी लघुवित्त वित्तिय संस्था | १०८१ | १०६८ | ५०९ | -१३ |
| लक्ष्मी भ्यालु फन्ड १ | ११.२५ | ११.४८ | २२०० | ०.२३ |
| लाइफ इन्स्योरेन्स क. लि. | २३५० | २३२९ | ४३९० | -२१ |
| लुम्बिनी फाइनान्स लि. | २४५ | २३७ | ६१३ | -८ |
| लुम्बिनी जनरल इन्स्योरेन्स लि. | १२२० | ११९० | ४४७० | -३० |
| माछापुच्छ्रे बैंक लि. | ३६३ | ३६१ | १८६५६ | -२ |
| महालक्ष्मी विकास बैंक लि. | २२५ | २१९ | ७३०५ | -६ |
| महिला सहयात्रा माइक्रोफाइनान्स वि.सं. | ६६० | ६४९ | ३४० | -११ |
| मन्जुश्री फाइनान्स लि. | १६७ | १६२ | ७२०९ | -५ |
| मिर्मिरे माइक्रोफाइनान्स डे. बैंक | १६३५ | १६०५ | ३७० | -३० |
| मितेरी डेभलपमेन्ट बैंक | ४५७ | ४५१ | ३३५१ | -६ |
| मिथिला लघुवित्त विकास बैंक | ७०५ | ७०० | ४५७ | -५ |
| माउन्ट मकालु डे. बैंक लि. | ६१७ | ६०० | ६६ | -१७ |
| मुक्तिनाथ विकास बैंक | ७६४ | ७४० | ४५३४ | -२४ |
| नबिल ब्यालेन्स फन्ड १ | १७.६५ | १७.४५ | १७२२३ | -०.२० |
| नबिल बैंक लि. | १४४१ | १४३२ | ४५२४ | -९ |
| नबिल बैंक लि. संस्थापक | १०३५ | १०३० | ५५७४ | -५ |
| नेशनल हाइड्रो पावर क. लि. | १३५ | १३५ | १२३४० | ० |
| नेशनल लाइफ इन्स्योरेन्स क. लि. | १९१२ | १८७० | ३५४२ | -४२ |
| नयानेपाल लघुवित्त विकास बैंक | ८५७ | ८६० | ५० | ३ |
| एनबी इन्स्योरेन्स क.लि. | ९७५ | ९६९ | ६५४ | -६ |
| नेको इन्स्योरेन्स क. लि. | ७७७ | ७५६ | २५३५ | -२१ |
| नेपाल बंगलादेश बैंक लि. | ६९६ | ६८० | २७९१० | -१६ |
| नेपाल बैंक लि. | ३८० | ३७६ | २४५०० | -४ |
| नेपाल दुरसंचार संस्थान | ६८५ | ६७७ | १३६८० | -८ |
| नेपाल ग्रामीण विकास बैंक लि. | ५२० | ५१० | ५८३ | -१० |
| नेपाल इन्स्योरेन्स क.लि. | ७९८ | ८०९ | १७८३ | ११ |
| नेपाल इन्भेष्टमेन्ट बैंक लि. | ६७५ | ६६२ | ३७७८३ | -१३ |
| नेपाल इन्भेष्टमेन्ट बैंक लि. संस्थापक | ६०० | ५९२ | ५८८७ | -८ |
| नेपाल लाइफ इन्स्योरेन्स क.लि. | २५१५ | २५०० | ६८३६ | -१५ |
| नेपाल एसबीआई बैंक लि. | १४४५ | १४२५ | ५९६६ | -२० |
| नेरूडे लघुवित्त विकास बैंक | १२१७ | ११८० | ११७६ | -३७ |
| न्याड्दी ग्रुप पावर क. | २६० | २५६ | ५२७ | -४ |
| एनआईबीएल समृद्धि फन्ड १ | १०.६३ | ११.४५ | ४८२८४ | ०.८२ |
| एनआईसी एसिया बैंक लि. | ४६५ | ४५६ | २०४०६ | -९ |
| निर्धन उत्थान बैंक लि. | १२२० | १२०५ | १०१७ | -१५ |
| एनएलजी इन्स्योरेन्स क.लि. | ११७० | ११३७ | ४०७० | -३३ |
| एनएमबी माइक्रोफाइनान्स वित्तीय संस्था | १४५० | १४२१ | ४७ | -२९ |
| एनएमबी बैंक लि. | ४७२ | ४६० | १५७६५ | -१२ |
| एनएमबी बैंक लि. संस्थापक | ४०० | ३५९ | २५०० | -४१ |
| एनएमबी हाइब्रिड फन्ड एल १ | १०.४५ | १०.३५ | १३७२९ | -०.१० |
| एनएमबी सुलभ इन्भेष्टमेन्ट फन्ड १ | १२ | १२ | ३६२९० | ० |
| ओरियन्टल होटल्स लि | ४६६ | ४७० | १६० | ४ |
| पोखरा फाइनान्स लि. | २२१ | २२१ | ११११ | ० |
| प्रभु बैंक लि. | ३०९ | ३०६ | १०३१५३ | -३ |
| प्रभु बैंक लि. संस्थापक | १९१ | १८५ | ६१६७८ | -६ |
| प्रभु इन्स्योरेन्स क. लि. | १००४ | १००२ | २८०० | -२ |
| प्रिमियर इन्स्योरेन्स क. लि. | १३४५ | १२८५ | ४८६४ | -६० |
| प्राइम कमर्सियल बैंक लि. | ३९० | ३६९ | १६२४१ | -२१ |
| प्राइम लाइफ इन्स्योरेन्स क. लि. | १५४१ | १४९५ | ४६०७ | -४६ |
| प्रुडेन्सियल इन्स्योरेन्स क. लि. | १०८१ | १०८० | २३३२ | -१ |
| पूर्णिमा विकास बैंक | ३०५ | २९९ | २९० | -६ |
| राप्तीभेरी विकास बैंक लि. | ३४२ | ३३६ | १०९२ | -६ |
| राष्ट्रिय बीमा संस्थान | ११९७० | ११४०३ | ४४४ | -५६७ |
| राष्ट्रिय बीमा संस्थान संस्थापक | ११६५० | ११२०० | १७९ | -४५० |
| रिलायबल माइक्रोफाइनान्स वि.सं. | ११३२ | १०८० | २६५ | -५२ |
| रिडी हाइड्रो पावर क. | २१० | २०४ | १८६२ | -६ |

कुल कारोबार मूल्य : ५१९,२६०,२८८ | कारोबार संख्या : ५,५६९
सेयर संख्या : १,०५२,८६९ | नेप्से : १,३७५.१४ (-२१.४७)

# खेलकुद



## आक्रामक इनिङ्स



ओपनर डेविड वार्नरले आक्रामक इनिङ्स खेल्दै १ सय ७९ रन बनाएपछि अस्ट्रेलियाले पाकिस्तानविरूद्धको पाँचौं एकदिवसीय खेल ५७ रनले जितेको छ । अस्ट्रेलियाले घरेलु भूमिमा पाकिस्तानविरूद्धको पाँच खेल शृंखला ४-१ ले जित्यो ।

## मेलबर्नमा भेट्रानहरूको दिन



रोजर फेडेरर

रोयटर्स

मेलबर्न (एएफपी)- अस्ट्रेलियन ओपन टेनिसमा बिहीबार भेट्रानहरूको नाम चम्किएको छ । भेनस र सेरेना विलियम्स दिदीबहिनीको अर्को फाइनल तय भयो । रोजर फेडेरर पुनरागमन गर्दै उपाधि भिडन्तमा उभिए । यी तीनको संयुक्त उमेर १ सय ४६ वर्षको छ । र, उनीहरूले कुल ४६ ग्रान्ड स्लाम जितिसकेका छन् ।

मेलबर्न पार्कमा ६ पटकको अस्ट्रेलियन ओपन विजेता सेरेनाले क्रोएसियाकी मिर्जना लुसिच बरोनीलाई ६-२, ६-१ ले पराजित गर्न केवल ५० मिनेटमात्र खर्चिन् । उनकी दिदी भेनसले पहिलो सेमिफाइनलमा अर्की अमेरिकी खेलाडी कोको भान्डेवेघेलाई ६-७ (३), ६-२, ६-२ ले पराजित गरिन् । विश्व नम्बर एक ३५ वर्षीया सेरेना ग्रान्ड स्लामको कीर्तिमानी २३ औं उपाधि खोजीमा छिन् ।

दिदीलाई पराजित गर्न सके सेरेनाको यो सातौं अस्ट्रेलियन ओपन उपाधि हुनेछ । सन् २००८ मा विम्बल्डनको फाइनल पुगेयता पहिलो प्रमुख उपाधिको खोजीमा रहेकी भेनस अहिलेसम्म अस्ट्रेलियन ओपन जित्न असफल हुँदै आएकी छन् । यद्यपि उनी आठौं ग्रान्ड स्लाम जित्ने आशामा छिन् । २००९ यता पहिलो पटक विलियम्स दिदीबहिनी ग्रान्ड स्लामको फाइनलमा खेलिरहेका छन् । त्यतिखेर सेरेना सोझो सेटमा विजयी भएकी थिइन् ।

सन् १९७४ को युएस ओपनमा केन रोसवाल ३९ वर्षको उमेरमा फाइनल पुगेयता ३५ वर्षे फेडेरर ग्रान्ड स्लामको उपाधि नजिक पुग्ने पाको उमेरका खेलाडी हुन् । फेडेररले आफ्नै देशका स्टान वावरिन्कालाई ७-५, ६-३, १-६, ४-६, ६-३ ले पराजित गरे । फेडेररले २०१२ मा आफ्नो पछिल्लो ग्रान्ड स्लाम विम्बल्डन जितेका थिए । यता वावरिन्काले २०१४ मा अस्ट्रेलियन ओपन तथा २०१५ मा फ्रेन्च र युएस ओपन जितेका थिए ।

## कपबाट रियल बाहिरियो

म्याड्रिड (एपी)- क्रिस्टियानो रोनाल्डोको आकर्षक फ्रिकिकले पनि रियल म्याड्रिडलाई कोपा डेल रेको क्वाटरफाइनलबाटै बाहिर जानबाट जोगाउन सकेन । सेल्टा भिगोमा २-२ को बराबरी भएपछि आयोजक समग्रमा ४-३ को जित निकाल्दै सेमिफाइनल पुगेको छ ।

खेलाडीको चोटले सताइएको रियललाई डानिलोले आत्मघाती गोल गरेपछि ठूलो धक्का लाग्यो, जसले पहिलो हाफमै सेल्टाभिगोलाई अग्रता दिलायो । रोनाल्डोले कोपा डेल रेमा दुई वर्षयता पहिलो गोल गरेपछि रियलको आशा कायमै थियो । तर, खेल सकिन पाँच मिनेटअघि डानियल वासले सेल्टाभिगोलाई फेरि अग्रता दिलाए । अन्तिम समयमा लुकास भाज्क्वेजको हेड गोलले रियललाई पछिल्ला चार खेलमा तेस्रो हारबाट मात्र जोगायो ।

'हामी बाहिरिएकामा निराश छौं,' रियलका म्यानेजर जिनेदिन जिदानले भने, 'हामीलाई केही मिनेट बढी वा तेस्रो गोल अभाव थियो, जुन हुनुपर्ने थियो ।' सेल्टाभिगो अल्भेस र एट्लेटिको म्याड्रिडसँगै शुक्रबार हुने सेमिफाइनल 'ड्र' मा सहभागी हुनेछ । अन्तिम चारको अर्को टिम बार्सिलोना वा रियल सोसिडाड हुनेछ ।











## इंग्ल्यान्डको सजिलो जित

कानपुर (रोयटर्स)- कप्तान इयन मोर्गन र जोए रुटको ब्याटिङमा इंग्ल्यान्डले बिहीबार पहिलो ट्वान्टी-२० अन्तर्राष्ट्रियमा भारतलाई ७ विकेटले सजिलै पराजित गरेको छ । एकदिवसीय र टेस्ट दुवैमा पराजित इंग्ल्यान्डले कानपुरको ग्रिन पार्क रंगशालामा अनुशासित बलिङ गर्दै भारतलाई १४७-७ मा रोकेको थियो ।

मोर्गनले सानदार ५१ र रुटले प्रतिबल नटआउट ४६ रन बनाएपछि इंग्ल्यान्डले ११ बलअघि लक्ष्य पूरा गरेको थियो । तीन खेल शृंखलाको दोस्रो खेल आइतबार नागपुरमा हुनेछ ।

मोर्गनले टस जितेपछि उनका बलरहरूले नियन्त्रित बलिङ गर्दै भारतीय ब्याट्सम्यानलाई खुलेर खेल्न दिएनन् । भारतीय ब्याट्सम्यानले केवल एक छक्कामात्र प्रहार गर्न सके । लोकेश राहुल ८ रनमै आउट भए । विराट कोहली ओपनिङमा आएर २९ रन बनाए पनि उनले आफ्नो छविअनुरुप खेल्न सकेनन् ।

सुरेश रैनाले केही आकर्षक सट खेल्दै ३४ रन बनाए । उनी बेन स्टोक्सको बलमा बोल्ड भए । छिटो गतिमा रन बनाउनुपर्ने आवश्यकता हुँदा पूर्व कप्तान महेन्द्रसिंह धोनी सिंगलमा फोकस भए । तर, खेलको अन्तमा उनले पनि खासै ठूलो सट हान्न सकेनन् । धोनीले नटआउट ३६ रन बनाए पनि भारत १ सय ५० रनसम्म पुग्न सकेन । मोर्गनले छैटौं बलर प्रयोग नै गर्नुपरेन । जसका कारण लेग स्पिनर अदिल रसिद बलिङमा जानुपरेन ।

जेसन रोयले १९ र साम बिलिङ्सले २२ रन बनाउँदै तीव्र गतिमा ४२ रनको साझेदारी गरे । दुवै ओपनरलाई चौथो ओभरमा युजभेन्द्र चाहालले आउट गरे । मोर्गन र रुटले ८३ रनको साझेदारी गरे । मोर्गनले चौथो छक्का प्रहार गर्दै आफ्नो अर्धशतक पूरा गरे । अर्को बलमा उनलाई परवेज रसुलले आउट गरे । रुटलाई जसप्रित बुमराहले लगातार दुई बलमा दुईपटक बोल्ड गरे । पहिलो बल नो-बल थियो भने दोस्रो फ्रि हिट ।

## साउथह्याम्पटन सफल

लिभरपुल (एएफपी)- साउथह्याम्पटन बुधबार लिभरपुलमाथि १-० को जित निकाल्दै सन् १९७९ यता पहिलोपल्ट लिग कपको फाइनल पुगेको छ ।

सेन लङले सेमिफाइनलको दोस्रो लेगमा गोल गरेपछि साउथह्याम्पटनले लिभरपुलमाथि अविस्मरणीय जित निकालेको हो । पहिलो लेगमा नाथन रेडमन्डको गोलमा उसले दुई साताअघि अग्रता लिएको थियो र क्लाउडे पुएलको टिमले समग्रमा २-० को जित हात पार्‍यो । लङले अन्त्यतिर गोल गर्नुअघि साउथह्याम्पटनले एनफिल्डमा दोस्रो हाफ चर्को दबाब झेलेको थियो ।



लिभरपुललाई हराएपछि साउथह्याम्पटनका खेलाडी । *तस्बिर : रोयटर्स*

पाहुना टिमले पहिलो हाफमा अग्रता लिन प्राप्त तीन राम्रो अवसर गुमायो तर लिभरपुलका स्ट्राइकर डानियल स्टुरिजले दोस्रो हाफमा दुई सुन्दर मौका चुकाए । सेन्टले बेम्बलीमा फेब्रुअरी २६ मा हुने फाइनलमा म्यानचेस्टर युनाइटेड वा हल सिटीसँग खेल्नेछ ।

## छोटकरी

**सहवीर स्मृति टेनिस सुरु**

काठमाडौं, (कास)- नवौं सहवीर स्मृति खुला लनटेनिस प्रतियोगिता बिहीबार सुरु भएको छ । १३ इभेन्टमा पुरुषतर्फ १ सय ८८ र महिलातर्फ ३२ खेलाडीले प्रतिस्पर्धा गर्ने छन् । ५ लाख ९५ हजार रुपैयाँ पुरस्कार रहेको स्पर्धा माघ १८ सम्म चल्नेछ । सातदोबाटोस्थित टेनिस कोर्टमा पुरुष एकलतर्फ रेन्जन लामा, सक्षम कार्की, सम्यक बज्राचार्य, कुमार अधिकारी, पंकज शर्मा, प्रदीप खड्का, आरभसम्राट हाडा, जितेन्द्र परियार र आभाष मल्लले पहिलो चरणका खेल जिते । इन्टर गभरमेन्टल सर्भिस इभेन्टको पुरुष एकलमा बबी चन्द र विकास पाण्डे विजयी भए । ४५ वर्ष माथि भेट्रान्स एकलमा उमेश शाहीले सफलता पाए ।

**मोर्गन र ट्रिनिटी सफल**

काठमाडौं (कास)- मोर्गन र ट्रिनिटी कलेज १५ औं ज्ञान निकेतन बास्केटबल प्रतियोगिताको प्लस टु ब्वाइजतर्फ क्वाटरफाइनल पुगेका छन् । बिहीबार मोर्गनले ओमेगालाई ६२-३६ स्कोरले पराजित गर्दा किशोर थपलियाले २४ स्कोर जोडे । प्रवीण कार्कीको १५ स्कोरमा ट्रिनिटीले रिलायन्स एकेडेमीलाई ४५-३१ ले हरायो । ग्रिनफिल्डले आयोजक ज्ञान निकेतनलाई ३२-२७, टाइम्सले रोज बडलाई ५७-५५ र जेभियरले ब्लु बर्डलाई ५७-३९ ले हराए । ग्रिनफिल्डका अंकित भण्डारीले १९, टाइम्सका आकाश नकर्मीले २६ र जेभियरका भूपेन रोकाले २२ स्कोर गरे । जुनियर ब्वाइजमा हिमालय र नेरिक विजयी भए ।

**राष्ट्रिय माविलाई सिल्ड**

नवलपरासी (कास)- राष्ट्रिय मावि छिवनीले राष्ट्रपति रनिङ सिल्डको उपाधि जितेको छ । प्रतियोगितामा १ सय २६ अंकसहित छिवनी प्रथम भएको हो । ९७ अंकसहित जनतासिद्ध अमर मावि लुसलहरी दोस्रो र आदर्श मावि सेमरी ७७ अंकसहित तेस्रो भए । फाइनल चरण सुनवलको रमवापुर माविमा भएको थियो । त्यसमा ६ निर्वाचन क्षेत्रका करिब ३ सय विद्यार्थीले प्रतिस्पर्धा गरेका थिए । अर्को वर्ष राष्ट्रपति रनिङ सिल्डको फाइनल भानुदय मावि दुम्किबासमा हुने भएको छ । त्यसका लागि भानुदयलाई झन्डा हस्तान्तरण गरिएको छ । जिल्लाका १ सय ५० विद्यालयका करिब ९ हजार विद्यार्थीले सहभागिता जनाएका थिए । प्रतियोगितामा एथ्लेटिक्स, भलिबल र कपर्दीमा प्रतिस्पर्धा गराइएको थियो ।




# मनाङ फाइनलमा



पोखरा रंगशालामा बिहीबार आहा-रारा गोल्डकपमा बल नियन्त्रणका लागि मनाङ मर्स्याङदी र संकटा (रातो) का खेलाडी । *तस्बिर : भीम घिमिरे/कान्तिपुर*

## मनाङ १-० संकटा

**कान्तिपुर संवाददाता**

पोखरा- गतवर्षको विजेता लक्ष्मी हुन्डाई मनाङ मर्स्याङदी क्लब १५ औं आहा-रारा गोल्डकप फुटबलको फाइनल पुगेको छ ।

पोखरा रंगशालामा बिहीबार सीएमजी संकटा क्लबविरुद्ध दोस्रो सेमिफाइनलमा १-० नतिजा निकाल्दै मनाङ लगातार फाइनल पुगेको हो । उपाधिका रक्षाका लागि मनाङले शनिबार आयोजक सहारा क्लबसँग खेल्नेछ । मनाङ दोस्रो, तेस्रो, १० र १४ औं संस्करणको विजेता हो भने सहाराले १२ औं संस्करण जितिको थियो ।

बिहीबार मनाङका लागि ८५ औं मिनेटमा अफिज ओलावालेले गरेको गोल निर्णायक भयो । विक्रम लिम्बूको फ्रिकिकलाई विमल बस्नेतले मिलाइदिए । ओलावालेले त्यही बलमा हेड गरेर गोल गरेका थिए ।

स्ट्राइकर सुशील केसीले दोस्रो पहेँलो कार्ड पाएर मैदान छाडेपछि संकटाले ६३ औं मिनेटदेखि १० खेलाडीमा खेलेको थियो । ६० औं मिनेटमा पहिलो कार्ड पाएको सुशीले ६३ औं मिनेटमा रेफ्री विकास महतबाट दोस्रो पहेँलोसँगै रातो कार्ड पाए ।

बंगलादेशमा खेल्न टिम सेट गरेको बताइएको मनाङलाई बिहीबार खेल जित्न निकै गाह्रो परेको थियो । पूर्वार्द्धको नवौं मिनेटमै सरोज दाहालको

### आहा-रारा गोल्डकप

पासमा कप्तान अनिल गुरुङले गरेको प्रहार संकटाका गोलरक्षक विनय श्रेष्ठले सजिलै रोके । लगत्तै सुनील बलको कर्नर प्रहारलाई विश्वास श्रेष्ठले हेड गर्दा बल पोस्टभन्दा बायाँ भागबाट बाहिरियो । १५ औं संकटाका लवल ओलालेकनले गरेको हेडरलाई सुजल श्रेष्ठले गोल हुनबाट जोगाए भने १८ औं मिनेटमा ओलावालेले गोलरक्षक विनय लडेको मौकामा मिलाइदिएको पासमा अनिलले लक्षित प्रहार गर्न सकेनन् । पूर्वार्द्धको आक्रामक खेलेका दुवै टिम मध्यान्तरपछि प्रतिरक्षात्मक देखिए । १० खेलाडीमा सीमित भएपछि संकटाले गोल हुन नदिने रणनीतिमा खेलेको थियो । मनाङका रोहित चन्द म्यान अफ द म्याच भए ।

संकटाका प्रशिक्षक सल्यान खड्गीले रेफ्रीको निर्णयहरूप्रति रूष्ट देखिए । उनले भने 'विपक्षीका धेरै फाउलमा रेफ्रीले आँखा चिम्लिए ।' पहिलो हाफसम्म गोल गर्ने र मध्यान्तरपछि खेललाई बराबरीको अवस्थामा राख्ने रणनीतिमा खेलिएको उनले बताए । उनले भने, 'खेल नराम्रो भएको होइन, हाम्रा खेलाडीले राम्रो खेलेका हुन् । तर, भाग्य आफ्नो पक्षमा भएन भन्नुपर्छ ।'

मनाङका प्रशिक्षक छिरिङ लोप्साङ गुरूङले पहिलो हाफमै स्कोर ननिस्केकाले खेल निकै दबाबपूर्ण भएको बताए । 'विपक्षी निकै बलियो हो, उनीहरूले राम्रो खेले,' उनले भने, 'पहिलो हाफमै स्कोर निस्केको भए बढी दबाब हुँदैनथ्यो ।'

आहा-राराका संकटा र मनाङको यो तेस्रो भेट हो । चारपटकको उपाधि विजेता मनाङले तेस्रो र १२ औं संस्करणमा संकटालाई २-० ले हराएको थियो ।

# विजेताले ७ लाख पाउने

बिर्तामोड (कास)- झापा नकआउट गोल्डकप फुटबलको दोस्रो संस्करण डोमालाल राजवंशी रंगशालामा शनिबार सुरु हुँदै छ ।

मोफसलकै सर्वाधिक राशिको प्रतियोगिता विजेताले ७ लाख र उपविजेताले ३ लाख ५० हजार नगद पुरस्कार जित्ने छन् । झापा एघार फुटबल क्लबको आयोजनामा हुने स्पर्धामा नेपालका ९ र एक भारतीय टिमको सहभागिता हुनेछ ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा मूल आयोजक समितिका अध्यक्ष महेन्द्रकुमार गिरीले प्रतियोगिता गर्न कम्तीमा ७५ लाख खर्च लाग्ने बताए । १ करोड २५ लाख संकलन गर्ने लक्ष्य राखेको बताए ।

प्रतियोगितामा झापा-११, मनाङ मर्स्याङ्दी क्लब, विभागीय टिमहरू सशस्त्र प्रहरीको एपीएफ, नेपाल

### झापा गोल्डकप फुटबल

पुलिस, त्रिभुवन आर्मी, रुपन्देही ११, सुदूरपश्चिम फुटबल क्लब कैलाली र भारतको शेर ए फुटबल क्लबको सहभागिता निश्चित भएको जानकारी गराइयो । प्रतियोगिता गर्न २६ कर्पोरेट हाउसबाट ५२ लाख संकलन भइसकेको गिरीले बताए । उनका अनुसार क्लबका संस्थापक सदस्य बन्न चाहने व्यक्ति तथा संस्थाबाट २१ लाख २१ हजार रुपैयाँ सहयोगको प्रतिवद्धता आएको छ । उनले भने, 'गेट मनीबाट ५० लाख संकलन गर्ने लक्ष्य छ ।'

उनका अनुसार संकलित रकमबाट ५० लाख अक्षयकोष बनाएर फुटबल विकासमा खर्च गरिनेछ । झापालाई 'फुटबल हब' को रूपमा विकास गर्न झापा ११ एफसीलाई प्रशासनमा दर्ता गरी अघि बढ्न लागेको उनले बताए । गतवर्ष झापालाई १-० ले पराजित गर्दै आर्मीले उपाधि जितेको थियो ।




श्रीलंकालाई विश्वकप जिताएका प्रशिक्षक डेव वाटमोर बिहीबार त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा नेपाली खेलाडीलाई हाइपर्फोमेन्स क्याम्पमा प्रशिक्षण दिँदै । ब्याट एन्ड बल फाउन्डेसनमार्फत नेपाल आएका अस्ट्रेलियन वाटमोरले नेपाली राष्ट्रिय खेलाडीलाई दुईसाता प्रशिक्षण दिनेछन् । *तस्बिर : कौशल अधिकारी/कान्तिपुर*

## छोटकरी

**सिपाघाट विजयी**
सिन्धुपाल्चोक (कास)- नवलपुर बाडेगाउँ डडुवामा जारी प्रथम क्षेत्रीय डब्लुटीएफ नवलपुर युनाइटेड गोल्डकप फुटबलमा बिहीबार सिपाघाट विजयी भएको छ । तेस्रो स्थानको खेलमा सिपाघाटले मनशान्ति आवास युवा क्लब मेलम्चीलाई ३ -१ ले हरायो ।

**अन्तरकलेज क्रिकेट हुने**
काठमाडौं (कास)- अल्टिमेट इन्डोर्स प्रालि र पान्डा इभेन्ट्सले अन्तर कलेज सुपर क्रिकेट प्रतियोगिता गर्ने भएका छन् । फागुन १ बाट अल्टिमेट इन्डोर क्रिकेटमा हुने प्रतियोगितामा २४ टिम सहभागी जनउाने छन् । विजेताले एक लाख पुरस्कार जित्ने प्रतियोगिताका उत्कृष्ट खेलाडीले १० हजार तथा बेस्ट ब्याट्सम्यान र बलरले समान ५ हजार पुरस्कार पाउने छन् । लिग चरण १२ ओभर र नकआटर १८ ओभरको हुने अल्टिमेटका डाइरेक्टर अर्जुन पाण्डेले बताए ।

**सम्झना कप टेबलटेनिस**
काठमाडौं (कास)- नेपाल भेट्रान्स टेबलटेनिस संघले सम्झना कप खुला टेबलटेनिस प्रतियोगिता लैचनौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा गर्ने भएको छ ।आज शुक्रबार सुरु हुने प्रतियोगितामा पुरुष/महिलाको सिनियर र जुनियर सिंगल, भेट्रान ४० वर्ष माथि, ५० वर्ष माथि र ६० वर्ष माथि पुरुष सिंगल तथा महिला ४० वर्ष माथि सिंगलमा प्रतिस्पर्धा हुनेछ । १ सय ५० खेलाडीले भाग लिने आयोजक संघका सदस्य धर्ममान वज्राचार्यले जनाए । स्पर्धा आइतबारसम्म चल्नेछ ।

**पश्चिमाञ्चल तेस्रो**
काठमाडौं (कास)- पश्चिमाञ्चल क्षेत्रीय भलिबल संघ प्रधानसेनापति दोस्रो राष्ट्रिय पुरुष भलिबल प्रतियोगितामा तेस्रो भएको छ । बिहीबार पश्चिमाञ्चलले एपीएफ क्लबलाई २५-२२, २२-२५, २५-१७, २७-२९, १५-१३ हराउँदै स्थान हात पार्‍यो । टिमले ७५ हजार नगद पुरस्कार सुरक्षित गरेको छ । उपाधिका लागि आयोजक आर्मीले नेपाल पुलिससँग शुक्रबार प्रतिस्पर्धा गर्नेछ । विजेताले ३ लाख रुपैयाँ प्राप्त गर्नेछ भने उपविजेताले १ लाख ५० हजार पाउने छन् ।

तयारी कक्षा
नेपाल राष्ट्र बैंक (अधिकृत तृतीय)
सब-इन्जिनियर
ना.सु./खरिदार
नेपाल विद्युत प्राधिकरण सबै समुह
शिक्षक सेवा (मा.वि./नि.मा.वि.)
अधिकृत क्याडेट
नोटः शाखा अधिकृतको II र III Paper को विशेष लेखनसिप कक्षा संचालन हुँदैछ ।
(होस्टलको सुविधा समेत छ ) समयःबिहान/बेलुकी
नयाँ कक्षा संचालन हुदैछ ।
Apex Educational Academy
Infront of Shanker Dev Campus Putalisadak, Kathmandu
Ph:4168143, 4168485, 9851044979

Vacancy Announcement for Principal
A reputed school having around 1500 students at the heart of Kathmandu invites application for the post of the ***Principal*** from the dynamic and result oriented candidates willing to work for long term as academic, administrative and professional leader of the school.
*Qualification and Experience*
- Should have Master's Degree or above.
- At least 10 years of proven experience in school leadership.
- Experience in development of Curriculum, Pedagogy & training pakages will be given higher preference
*Age Limit*
- Below 45
*How to Apply*
Qualified candidates are requested to drop or email their updated CV with an application, relevant documents and photograph by January 31, 2017 to the following address.
***Note:*** *Deserving candidates will have an opportunity to work as an investor as well.*
**KMC +2, Bagbazar or**
**vacancyktmschool@gmail.com**

VISIT USA/EUROPE
➲For Business Purpose (B1, B2 Multiple Visa)
➲No Processing Fee
➲No Need Of Academic Documents
➲Cheap Package Tours
➲No Age Bar
➲With 5 Years Multiple Entry Visa
Golden Ray International Travels Pvt. Ltd.,
Kapoor Dhara, Kathmandu
Ph: 01-4352065,
Mobile: Direct: 9841148696

STUDY IN (EUROPE)
MALTA
Schengen Country
▪ Gap Acceptable
▪ SLC/10+2 Can Apply
▪ Pay Tuition Fee after Visa
▪ IELTS Not Requred
FOR FEBRUARY INTAKE 2017
Diana Edu. Consultancy
CALL:-01-4260504
9818503895/9846381236
Sundhara Kathmandu
E-Mail: dianainstitute@gmail.com

Study in DENMARK
AP Degrees/Bachelors/MBA
Courses of your choice in Campus Neastved, Roskilde and Slagelse of
Zealand Institute of Business and Technology
IELTS Required
Europe Nepal
Institute of Tourism (ENIT)
Kamal Pokhari, Kathmandu
(In front of Himal Hospital) Tel.: 4424450, 9851018228, 9841322518

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
**निकासी पैठारी संकेत नं. (EXIM CODE) लिने बारेको सूचना**

भन्सार ऐन, २०६४ को दफा ८९ ख मा निकासी तथा पैठारी गर्ने व्यक्तिले निकासी पैठारी संकेत नम्बर लिनुपर्ने ब्यवस्था गरिएको छ । यो व्यवस्थालाई कार्यान्वयनमा ल्याउन भन्सार विभागले निकासी पैठारी संकेत नम्बर प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३ जारी गरिसकेको छ । यसलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने प्रयोजनको लागि २०७३ माघ १३ गते तद्नुसार २६ जनवरी, २०१७ देखि निकासी पैठारी संकेत नं. (EXIM CODE) प्रदान गरिने भएकोले निकासी पैठारी गर्ने व्यक्तिले देहायका कागजातहरु संलग्न गरी अनिवार्य रुपमा निकासी पैठारी संकेत नं. (EXIM CODE) लिनुहुन यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।
फाराम भर्ने निर्देशिका भन्सार विभागको वेभसाइट www.exim.customs.gov.np मा हेर्न सकिनेछ । बैंक ग्यारेन्टीको सक्कल प्रमाणपत्र हुलाक मार्फत पठाउन सकिने छ । निकासी पैठारी संकेत नं. Online प्रदान गरिने र मिति २०७४/४/१ देखि निकासी पैठारी संकेत नं. नलिएका व्यक्तिले निकासी पैठारी कारोबार गर्न नपाइने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**फाराम भर्दा चाहिने आवश्यक कागजातहरु :**
क) हस्ताक्षर सहितको प्रणालीबाट जारी हुने निवेदनपत्र,
ख) व्यवसाय वा उद्योग दर्ताको प्रमाणपत्र (नविकरण सहितको),
ग) स्थायी लेखा नम्बर प्रमाण पत्र,
घ) अन्तःशुल्क लाग्ने वस्तुको कारोबार गर्नेभए सो सम्बन्धी ईजाजतपत्र,
ङ) कुनै कारोबार गर्न छुट्टै अनुमतिपत्र चाहिने भए सो अनुमतिपत्र,
च) आवेदकको बैंक खाता रहेको बैंकले गरेको अनुसूचि-२ बमोजिमको सिफारिश पत्र,
छ) नेपाल राष्ट्र बैंकबाट ईजाजतप्राप्त क वर्गको वाणिज्य बैंकले जारी गरेको न्यूनतम एक वर्षको अवधि भएको पैठारीको हकमा १० लाख रुपैया तथा निकासी मात्र गर्नेको हकमा १ लाख रुपैया मूल्य बराबरको बैंक जमानत ।

**निकासी पैठारी संकेत नम्बर आवश्यक नपर्ने व्यक्ति तथा संस्थाहरु:**
क) एक पटकमा २५ हजार रुपैंया मूल्य बराबरको मालवस्तु पैठारी गर्ने र रु ५ लाख रुपैया मूल्यसम्मको निकासी गर्ने व्यक्ति,
ख) मन्त्रालय, विभाग र सरकारी कार्यालयहरु,
ग) संबैधानिक अङ्गहरु,
घ) गा.वि.स,जि.वि.स., नगरपालिका लगायतका स्थानीय निकायहरु,
ङ) गैर व्यवसायिक सार्वजनिक संस्थानहरु,
च) कुटनीतिक नियोग तथा व्यक्तिहरु,
छ) संयुक्त राष्ट्रसंघ र यसका विशिष्टीकृत निकायहरु,
ज) झिटी गुन्टा र भारी आदेश आकर्षित हुने यात्रुहरु,
झ) मेला, प्रदर्शनी तथा यस्तै समारोहहरु आयोजनाका लागि आवश्यक मालवस्तु निकासी एवम् पैठारी गर्ने व्यक्ति,
ञ) कर छुट पाउने परोपकारी एवम् सामाजिक गैरसरकारी संस्थाहरु
ट) निकासी र पैठारीका लागि दर्ता हुनु नपर्ने भनी आवश्यकतानुसार अनुमति प्रदान गरिएका व्यक्ति तथा संस्थाहरु ।




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्सः ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा

# ६ लेन सडक निर्माण ढिलाइ

## सरकारले जग्गा उपलब्ध नगराउँदा काम सुरु हुनै सकेन

■ देवनारायण साह

मोरङ- सरकारले आवश्यक बजेट र मापदण्डअनुसार जग्गा उपलब्ध नगराउँदा रानी-विराटनगर-इटहरी-धरान ६ लेन सडक ढिलाइ भएको छ। उक्त सडक १० अर्ब ९८ करोड लागतमा १५ मिटर दायाँ-बायाँ गरी ३० मिटरमा निर्माण भइरहेको छ। सुनसरीको दुहबी बजार खण्डमा भने मापदण्डअनुसार सरकारले जग्गा उपलब्ध नगराउँदा काम सुरु हुनै सकेको छैन।

तत्कालीन ब्रिटिस इष्ट इन्डिया कम्पनीले सडकबीचबाट १५ मिटर दायाँ बायाँ गरी ३० मिटर कायम गरी उक्त सडक निर्माण गरेको थियो। सोही सडकलाई सरकारले व्यापारिक मार्ग विस्तारअन्तर्गत ६ लेन निर्माण सुरु गरेको छ।

सरकारले ०३४ असार २० गते राजपत्रमा सडक बीचबाट दायाँ-बायाँ २५ मिटर मापदण्ड कायम गरेको थियो। तर ०५४ सालमा पुनः राजपत्रमा सोही सडकको दुहबी खण्डमा सडकको बीचबाट दायाँबायाँ सवा आठ मिटर मापदण्ड कायम गरेकाले समस्या भएको योजना प्रमुख दीपककुमार भट्टराईले बताए।

उनले ०६० मा सडक डिभिजन कार्यालय विराटनगरले उक्त सडकको बीचबाट २५/२५ मिटर कायम गर्ने प्रक्रिया अघि बढाउँदा स्थानीयले अदालतमा मुद्दा दायर गरेका दिए। सर्वोच्चले दुहबी खण्डमा सबा आठ मिटर मापदण्डअनुसार सडक निर्माण गर्न गराउन आदेश गरेको उनले बताए।

'६ लेन सडक बिस्तारका लागि सुरुमा सडक बीचबाट २५/२५ मिटरको डिजाइन गरेर काम थालेको हो,' उनले भने, 'सर्वोच्चको आदेशलाई मध्यनजर गरी १५/१५ मिटर कायम गरेर पहिलो चरणमा रानीदेखि इटहरीसम्म २९ किलोमिटर ६ सय मिटरमध्ये ११ वटा प्याकेजमा मात्रै काम सुरु भएको छ।' उनले दुहबी बजार खण्डको ६ सय ३० मिटरका लागि मापदण्डअनुसार जग्गा अधिग्रहणका लागि फायल मन्त्रालयमा बुझाए पनि अहिलेसम्म कुनै निर्णय नआएकाले काममा ढिलाइ भएको बताए।


व्यापारिक मार्ग विस्तार परियोजनाअन्तर्गत रानी-विराटनगर-इटहरी-धरानको दुहबी खण्डमा अधिग्रहण गर्नुपर्ने सडक छेउका घर। *तस्बिर : देवनारायण/कान्तिपुर*

दुहबी खण्डमा १ सय ७७ घर भत्काएर २ बिघा जग्गा अधिग्रहण गरेपछि मात्रै उक्त मापदण्ड कायम हुने उनले बताए। '३० मिटरमा ६ लेन सडक विस्तार गर्दा सडकको बीच भागमा हरियाली पार्क निर्माण गर्ने सुरुको डिजाइन परिवर्तन गरेर दायाँ-बायाँ ढल, सडकपेटी र बीचमा ६ लेन सडक भएको छ', उनले भने, 'यही आयोजनाअन्तर्गत वीरगन्ज, भैरहवा र नेपालगन्जमा बोर्डरदेखि राजमार्गसम्मको ६ लेन सडक बीचमा ग्रिनरी पार्कसमेत निर्माण हुन्छ तर यहाँ जग्गा अभावले नहुने भयो।' उक्त सडक निर्माण प्रक्रिया ०६० सालबाट सुरु भए पनि चालू आवबाट कामले गति लिएको छ। योजना प्रमुख भट्टराईका अनुसार अहिलेको गतिमा काम गर्ने हो भने पहिलो चरणको काम आव ०७५/७६ सम्ममा पूरा हुनेछ।

चालू आवमा १ करोड २० लाखको काम गर्ने लक्ष्य लिए पनि सरकारले ४० करोड बजेटमात्रै उपलब्ध गराएको उनले सुनाए। काम सकिएपछि निकासा माग गर्दासमेत समयमा उपलब्ध नगराइदिँदा अप्ठ्यारो भइरहेको उनले गुनासो पोखे। उनले पहिलो चरणको ११ प्याकेजको ५ अर्ब ४ करोड ६१ लाखको ठेक्का सम्झौता भएर २३ प्रतिशत काम सम्पन्न भएको सुनाए।

सरकारले मुलुकमा एकातर्फ विकासको कामले गति नलिएको भन्ने तर अर्कोतर्फ काम भए पनि निकासा नदिने दोहोरो चरित्रले विकास निर्माणको बाधक सरकार नै भएको स्थानीय अरबिन्द मण्डलको आरोप छ। सडक छेउका बिजुली खम्बा टेलिफोन, खानेपानीको पाइप हटाउने कार्यतालिकामा समेत सम्बन्धित कार्यालयको एकरूपता नभएकाले निर्माणमा ढिलाइ भइरहेको भट्टराईले बताए।

सरकारले सडक निर्माणमा आवश्यक सहयोग समयमा उपलब्ध नगराई दिँदा रानीदेखि इटहरीसम्म सडक धुलामे बनेको छ। निर्माण कम्पनीले काम गरेको निकासा समयमा नपाउने गरेकाले ढल निर्माणका लागि खनेको माटो सडकमा नै थुपारेर छाड्ने गरेकाले धुलामे बनेको हो। सडकमा थुपारेको माटोले दुर्घटनाको जोखिमसमेत बढेको स्थानीयवासीले गुनासो पोखे। रानीदेखि इटहरीसम्म धूलोका कारण सडकमा हिंड्नै नसकिने अवस्था भएको स्थानीय ज्ञानुमाया खडकाले गुनासो पोखे।

## छोटकरी

### अक्षयकोष हस्तान्तरण

धरान (कास)- आर्थिक अभावमा शिक्षाबाट वञ्चित लिम्बू समुदायका विद्यार्थीका लागि समाजसेवी जसबहादुर कन्दङ्गा र उनका परिवारले ५ लाख रुपैयाँको किरात याक्थुङ चुम्लुङ कुवेर-पूर्णवती कन्दङ्गा लिम्बू स्मृति अक्षय कोष बिहीबार स्थापना गरेका छन्। कन्दङ्गा परिवारले लिम्बू समुदायमा व्यक्तिगत रूपमा शैक्षिक क्षेत्रमा प्रदान गरिने सबैभन्दा धेरै रकमको अक्षयकोष किरात याक्थुङ चुम्लुङ तेह्रथुमलाई हस्तान्तरण गरेको हो। तेह्रथुम चुम्लुङ अध्यक्ष गणेश लिम्बूलाई अक्षयकोष हस्तान्तरण गर्दै जेबीले भने, 'पैसा धेरै कमाएर धनवान भएर यो स्थापना गरेको होइन। यति रकमले आयआर्जनका लागि एउटा सानोतिनो व्यापार व्यवसाय पनि गर्न सकिन्थ्यो होला।' तर आमाबाबाहरू जीवित हुँदा उहाँहरूले पूर्वका लिम्बू समुदायका बालबालिका शिक्षाबाट वञ्चित भएकै कारण पछि परेको बारम्बार सुनाएकाले तिनैको पठनपाठनमा सघाएको उनले बताए। उनी भन्छन्, 'यही प्रेरणाले सात दाजुभाइ र बहिनीहरू मिलेर यो काम गर्ने प्रयास गरेका हौं।'

### खुला दिसामुक्तमा सञ्चारकर्मी

सिरहा (कास)- यहाँका सञ्चारकर्मी सिरहालाई खुला दिसामुक्त बनाउन सक्रियसाथ लागेका छन्। यसै क्रममा जिल्लामा गठित सरसफाइ तथा स्वच्छताका लागि पत्रकार समन्वय समिति (जेवासससी) ले गोलबजार नगरपालिकाको एक वडा खुला दिसामुक्त बनाएका छन्। समिति संयोजक दिनेश्वर गुप्ताका अनुसार गोलबजार नगरपालिका वडा ११ आशोपुर बल्कवालाई १ सय १५ दिनसम्म पत्रकार टोलीले दिसामुक्त क्षेत्र बनाएका हुन्। ८ सय ४३ परिवारमध्ये शौचालय नबनाएका २ सय २५ मा सञ्चारकर्मी टोलीले निर्माण गर्न लगाएपछि आशोपुर बल्कवाले बुधबार खुला दिसामुक्त वडाको मान्यता पाएको हो।

### ग्रामीण पत्रकारिता प्रशिक्षण

राजविराज (कास)- ग्रामीण पत्रकारिता तालिम बिहीबार सुरु भएको छ। सञ्चार मन्त्रालयको सहयोगमा मधेसी पत्रकार संघद्वारा आयोजित तालिम तीन दिनसम्म चल्नेछ। उक्त कार्यक्रममा सप्तरी, सिरहा र उदयपुरका ३५ पत्रकार सहभागी छन्।

### 'ठूला दलबीच अविश्वास'

संखुवासभा (कास)- राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक दिलनाथ गिरीले संविधान कार्यान्वयनमा तीन ठूला दलबीच अविश्वासका कारण देश गम्भीर संकटमा परेको बताएका छन्। बिहीबार खाँदबारी नगर कमिटीको प्रथम अधिवेशन उद्घाटन गर्दै उनले जनताप्रति गैरजिम्मेवारी र अकर्मण्यताका कारण संविधान कार्यान्वयन नभएको आरोप लगाए।

### जिमहल सञ्चालन हुने

धरान (कास)- अमेरिकी प्रविधिमा आधारित 'स्टिम' सहितको 'एनी टाइम फिटनेस हेल्थ जिम क्लब सञ्चालन हुने भएको छ। क्लब सञ्चालकले बुधबार पत्रकार सम्मेलन गरी यसबारे जानकारी दिएका हुन्। पुरुषका लागि स्वस्थ शारीरिक सुगठनसँगै महिलाका लागि सौन्दर्यमा सकारात्मक परिवर्तन ल्याउन पाँच प्रशिक्षक सहितको जिमहल २ करोड २० लाख रुपैयाँ लगानीमा बनाएको सञ्चालक फिरोज थलङले बताए।

# स्कटल्यान्ड पुगेर इटालियन खाना


कैलाश विक

■ पर्वत पोर्तेल

बाहुनडाँगी (झापा)- बाहुनडाँगीमा ५२ वर्षअघि जन्मिएका कैलाश विश्वकर्मा अहिले स्कटल्यान्डमा बस्छन्। भारत तथा दुबईका पाँचतारे होटलमा लामो समय 'किचेन कमान्ड' सम्हालेका उनी तीन वर्षदेखि स्कटल्यान्डमा निजी रेस्टुरेन्ट खोलेर बसेका छन्।

'सानैदेखि पकाउने कुरामा रुचि गयो,' बाहुनडाँगी ६ स्थित घरमा उनले भने, 'लगाव र मिहिनेतकै कारण आज त्यो ठाउँमा पुगें।'

जातीय छुवाछूतको सिकार बने। घरको दयनीय अवस्थाले सोचेजति पढ्न पाएनन्। दुःख गरेर १० कक्षासम्म पढेर उनी भारत पलायन भए। उनी सम्झिन्छन्, 'विरक्त लागेर गाउँ छाड्ने निधो गरें।'

०४१ तिर उनी रोजगारीका लागि मुम्बई पुगे, घरबाट भागेर। जे काम आइपरे पनि गर्ने मनस्थिति बोकेर गएका उनले राम्रै फेला पारेछन्। त्यो बेलाका सुपरस्टार ऋषि कपुरको 'पर्सनल ब्वाई' का रूपमा उनले काम थाले।

ऋषि कपुरको जुत्ता पालिसदेखि कपडा धुनेसम्म गर्नुपर्थ्यो। 'उनले मेरो दुःख देखेर दुबई पठाउने निधो गरे,' उनी भन्छन्, 'उनको चिनजाने मान्छेमार्फत चर्चित तीनतारे दुबई प्लाजा होटलमा काम सुरु गरें।'

५, ७ महिना तालिमपछि किचेनको जिम्मेवारी उनले पाए। सन् १९८९ देखि २००२ सम्म त्यो होटलमा काम गरे। त्यसपछि पाँचतारे होटल मेट्रो पोलिटियनमा सरुवा भयो। दुबई हिल्टनमा पनि प्रमुख सेफको जिम्मेवारी सम्हाले।

इटालियन परिकारमा उनको राम्रो दखल छ। दुबईको विश्व प्रसिद्ध सेराटन होटलमा उनी इटालियन डिस्कको मुख्य सेफ भए। आफूले पकाएका परिकार अमेरिकी पूर्वराष्ट्रपति जर्ज डब्लु बुस, नेल्सन मण्डेला र बेलायती पूर्वप्रधानमन्त्री टोनी ब्लेयरले रुचाएको उनी सम्झन्छन्। सन् २०१४ देखि उनी स्कटल्यान्ड हानिए। उनले त्यहाँ 'केबी इटालियन किचेन' सञ्चालन गरेर बसेका छन्।


# बाबियोबाट आत्मनिर्भर बन्दै

■ भरत जर्घामगर

कल्याणपुर जब्दी (सिरहा)- खेतको आली र गह्रामा उम्रिने बाबियोलाई उपयोग गरी सिरहा कल्याणपुर जब्दी १ का महिलाले डोरी बेचेर आम्दानी लिन थालेका छन्।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा सहयोगी संस्था नेपालले गाउँघरमा घरायसी काम र कृषि क्षेत्रमा डोरीका लागि बाबियोको प्रयोग गरिएपछि उनीहरूले सदुपयोग गर्न थालेका हुन्। बाबियोलाई स्थानीय भाषामा 'साबे' भनिन्छ। अहिले उनीहरूले बाबियोलाई मेसिनबाट डोरी बनाई प्रतिकिलो सय रुपैयाँमा बिक्री गर्छन्।

'घरका पुरुषले करेसाबारी बार्न, बस्तु बाँध्ने दाम्लो बनाउनबाहेक घाँसका रूपमा प्रयोग गरिन्थ्यो,' डोरी बाट्न तालिममा आएकी कल्याणपुर जब्दी १ की देबकी मण्डलले भनिन्, 'मेसिनबाट डोरी बनाउन थालेपछि आम्दानीको राम्रो स्रोत बनेको छ।' टोलका ८ महिलाले गौरी लघु उद्यमी समूह गत कात्तिकमा गठन गरेपछि सहयोगी संस्थाले मेसिन प्रयोग गरेर डोरी उत्पादन गर्ने सीप सिकाएको हो। यससँगै ४० हजार रुपैयाँ लागतमा समुहलाई मेसिन पनि दिएको छ।


सिरहाको कल्याणपुर जब्दी १ का महिला बाबियोको डोरी उत्पादन गर्दै। *तस्बिर : भरत/कान्तिपुर*

सधैं ज्याला मजदुरीमा जाने उनीहरू अहिले डोरी उत्पादनमा तल्लीन छन्। यहाँका महिलाले अहिले डोरी उत्पादनबाट ७ हजार रुपैयाँ आम्दानी लिइसकेका छन्। डोरी उत्पादन थालेपछि स्थानीय कृषक बबियो खेतीतर्फ आकर्षित भएका हुन्। 'प्रतिकेजी ३० रुपैयाँका दरले बाबियो (साँबे) किन्छौं,' समूहकी कोषाध्यक्ष श्रीवती सदाय भन्छिन्, 'त्यही एक किलो बाबियाको डोरी गाउँघर र बजारमा प्रतिकेजी सय रुपैयाँमा बिक्छ।' उनका अनुसार तीन महिला दिनमा ८ घण्टा खटिँदा २० किलोग्राम डोरी उत्पादन हुन्छ। त्यसबापत प्रतिदिन १४ सय रुपैयाँ मुनाफा हुन्छ। महिला डोरी उत्पादनसँगै गाउँमा आयआर्जनका लागि बाबियो खेतीतर्फ पनि लागेका छन्।

एक वर्षको अवधिमा सिरहाका ४ गाविसमा २२० जनालाई लघु उद्यमीका रूपमा तयार गर्ने र त्यसका लागि ४७ लाख रुपैयाँ खर्चिने योजना रहेको सहयोगी संस्थाका राजु तिमिल्सिनाले जानकारी दिए। अहिले लघु उद्यमीका रूपमा तयार भइरहेका सहभागीमध्ये ७० प्रतिशत महिला छन्। महिलाले सजिलैसँग आफ्नो समय र स्रोत खर्चन सक्ने सिलाइकटाइ, लाहा चुरी, मत्स्यपालन, हाउस वायरिङ, बाँसका उत्पादन, मखमली जुत्ता, मसला उत्पादन, च्याउ खेतीलगायत सीपमूलक व्यवसायलाई लघु उद्यमको माध्यम बनाएका छन्।

# सामुदायिक वनको डढेलो नियन्त्रणमा आएन

ताप्लेजुङ (कास)- देउराली भित्री सामुदायिक वनमा सोमबारदेखि लागेको डढेलो बुधबार साँझसम्म नियन्त्रणमा आएको छैन। हाङदेवा १ मा पर्ने जंगल क्षेत्रमा सोमबार दिउँसो ३ बजेदेखि आगो लाग्न थालेको हो। सदरमुकामबाट मंगलबार नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र वनका कर्मचारीसमेत गएर नियन्त्रण गरे पनि आगो पुनः लागेको प्रमुख जिल्ला अधिकारी नरबहादुर खडकाले बताए।


'आगो नियन्त्रण गरेर टोली फर्किएको थियो। फेरि सल्किएछ,' उनले भने, 'टोली पुनः परिचालन गर्ने तयारीमा छ।' सामुदायिक वनका सदस्यले सोमबार नै गरेको नियन्त्रण प्रयास सफल नभएपछि मंगलबार प्रशासनमा खबर गरेका थिए।

'चैत-वैशाखजस्तो सुक्खा समयमा भए त जंगल सखापै हुने थियो। सबै सुकिसकेको नहुनाले अलि सुस्त गतिमा जलिरहेको छ,' सामुदायिक वनका सचिव पासाङरिता शेर्पाले भने, 'सुकेका पातको बाक्लो थाक भएकाले पनि नियन्त्रणमा कठिनाइ भयो।' सेना, प्रहरी, कर्मचारी र स्थानीयसमेत गरी सोमबार ४० जना जति परिचालित भएका थिए। भूगोल अप्ठेरो भएकाले पनि नियन्त्रणमा कठिनाइ भएको खडका बताउँछन्। भिरालो र आगलागी भइरहेको क्षेत्रको तल्लो भागमा नियन्त्रण कठिन रहेको छ। माथिबाट ढुंगा झर्ने भएकाले जान कठिन हुने शेर्पा बताउँछन्।

पूरै लालीगुँरास भएको यो सामुदायिक वनलाई जैविक विविधताको राम्रो क्षेत्र मानिन्छ। यहाँ रेडपाण्डाजस्ता दुर्लभ वन्यजन्तुको बासस्थान भएकाले रेडपाण्डा ब्लक पनि बनाइएको छ। डढेलोले जैविक विविधता नष्ट भएको शेर्पा बताउँछन्। जमिनबाटै धूवाँ आइरहेको उनले जनाए।


विगत वर्षमा फागुन-चैतमा मात्रै हुने आगलागी यो वर्ष माघमै सुरु भएको हो। असोजदेखि नै वर्षा नभएको र पतझड सुक्खा रहेकाले आगो चाँडो फैलिएको वनका पदाधिकारी बताउँछन्। नजिकमा बस्ती नभएकाले मानवीय रूपमा भने क्षति नहुने सामुदायिक वनका कृक्या शेर्पा बताउँछन्। अघिल्ला वर्षमा यो क्षेत्र हिउँले समेत ढाकिन्थ्यो। यो वर्ष भने हिउँ परेको छैन। गोठमा बस्ने वा बाटोमा हिंड्नेले लगाएको अनुमान गरे पनि डढेलोका कारण खुलेको छैन।










## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | कर्म प्राप्ति | तुला | खटपट |
| वृष | धर्म बढ्ने | वृश्चिक | पराक्रम बढ्ने |
| मिथुन | अस्वस्थता | धनु | धन आर्जन |
| कर्कट | नयाँ काम बन्ने | मकर | पदोन्नति |
| सिंह | आलस्यता | कुम्भ | केही लाभ |
| कन्या | अध्ययनमा सफल | मीन | कार्य सफल |

## भोलिको पात्रो

विक्रमसंवत् २०७३ साल माघ १५ गते शनिबार तदनुसार २८ जनवरी २०१७ माघ शुक्लपक्ष प्रतिपदा तिथि रात्रिको ६:६ बजेसम्म उपरान्त द्वितीया तिथि श्रवण नक्षत्र रात्रिको ११:१२ बजेसम्म उपरान्त धनिष्ठा नक्षत्र सिद्धि योग दिनको ३:११ बजेसम्म उपरान्त व्यतिपात योग किंस्तुघ्न करण साँझको ६:४ बजेसम्म उपरान्त बव करण मकर राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR TELEVISION NETWORK (P) LTD.

| | |
|---|---|
| ५:०० | भक्तिसुर/अमृत वाणी |
| ६:०० | जीवन विज्ञान/ज्योतिष मन्थन |
| ६:४० | स्काइ सप |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | कान्तिपुर न्यूज |
| ८:३० | राइज एण्ड साइन |
| ९:०० | हेडलाइन न्यूज |
| ९:०५ | मार्गदर्शन |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | एमएनएस |
| ११:०० | हेडलाइन न्यूज |
| ११:०५ | समाकन २ |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | हर्के हल्दार |
| १:०० | हेडलाइन न्यूज |
| १:०५ | डिठ्ठासाब |
| १:३० | किलो टेंगो माइक |
| २:०० | मुभी |
| ५:०० | हेडलाइन न्यूज |
| ५:०५ | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | म्युजिक समिट |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | इन्फो प्लस |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | डिठ्ठासाब |
| ९:३० | परिवर्तन |
| १०:३० | कान्तिपुर न्यूज |
| ११:०० | कान्तिपुर समाचार |
| ११:३० | इन्फो प्लस |
| १२:०० | कल कान्तिपुर |
| १:०० | कान्तिपुर न्यूज |
| १:३० | डिठ्ठा साब |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | म्युजिक समिट |
| ३:०० | कान्तिपुर समाचार |
| ३:३० | परिवर्तन |
| ४:३० | डिठ्ठा साब |

## रेडियो कान्तिपुर ९६.१

Radio Kantipur

**हरेक दिन २४ सै घन्टा हरपलको साथी**

| | |
|---|---|
| ००:०१ | ननस्टप नेपाली आधुनिक सङ्स |
| ०१:०२ | ननस्टप नेपाली पप सङ्स |
| ०२:०४ | ननस्टप हिन्दी सङ्स |
| ०४:०५ | ननस्टप भजन |
| ६:२५ | भक्ति अनुष्ठान (जनार्दन) |
| ०६:५५ | कान्तिपुर डायरी |
| ०७:३० | द हेड लाइनर्स |
| ८:०० | मानसिक स्वास्थ्यमा कोसिस |
| ९:०० | गुडमर्निङ शो (गिरिश) |
| ९:१० | कान्तिपुर डायरी |
| ०९:१५ | ट्राफिक अपडेट (नेपाल प्रहरी) |
| १०:०० | किक स्टार्ट (सञ्जय) |
| ११:०० | न्यु रिलिज (रेमन) |
| १२:०० | फेमिना (चाँदनी) |
| १२:१० | कान्तिपुर डायरी |
| १३:०० | ब्रन्च विफ भूमिका (भूमिका) |
| १५:०० | के छ नेपाल (रेमन) |
| १५:१५ | कान्तिपुर डायरी |
| १६:०० | सौराइ (कृष्ण) |
| १७:०० | सिने क्विज (चाँदनी) |
| १८:०० | फेनाटिक फ्राइडे (स्मिता/महेश) |
| १८:३० | हेप्पी लाइफ (हेम सुवेदी) |
| १९:०० | कान्तिपुर डायरी |
| २०:०० | प्लेट्रोनिक्स (सञ्जय) |
| २१:०० | वेल नो टेन्सन (दीपक/अम्बिका) |
| २१:३० | कान्तिपुर डायरी |
| २२:०० | इन्द्रेणी |
| २३:०० | क्लब मिक्स (गिरिश) |
| २४:०० | इलिवेन्थ हावर (सञ्जय) |

## अस्पताल र विविध

| | |
|---|---|
| वारुण यन्त्र (विराटनगर) | ०२१-४२०००० |
| वारुण यन्त्र (इटहरी) | ५८०१०१ |
| वारुण यन्त्र (धरान) | ५२०१९९ |
| वारुण यन्त्र (इनरुवा) | ५६०१०१ |
| वारुण यन्त्र (दमक) | ५८०१०१ |
| वारुण यन्त्र (भद्रपुर) | ५२०१०१ |
| कोशी अञ्चल अस्पताल (विराटनगर) | ५३०१०३, ५२४२३४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ५२५५५५ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ५२००२४ |
| रक्त सञ्चार सेवा केन्द्र (विराटनगर) | ५२३३२६ |
| विराटनगर आँखा अस्पताल (विराटनगर) | ४३६३६० |
| एडभान्स अर्थो एण्ड डेन्टल केयर, विराटनगर | ०२१-५२५६३४ |

**काठमाडौंका महत्त्वपूर्ण नम्बर**

| | |
|---|---|
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०, ९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# आफन्तबाटै बालिका असुरक्षित

■ शिव पुरी

भरतपुर- चितवनको राप्ति नगरपालिकामा चार दिन अघि एक व्यक्ति ७ सात वर्षीयालाई बलात्कार गरेको आरोपमा पक्राउ परे । प्रहरीले उनलाई जबरजस्ति करणी मुद्दा चलाएर अनुसन्धान थालेको छ । बालिका ती व्यक्तिकी भतिजी हुन । अहिले पीडित बालिकाको मानसिक अवस्था खल्बलिएको छ ।

घरमा कोही नभएको अवस्थामा काकाले जबरजस्ती गरेको बयानमा खुलेको छ । घटनापछि बालिकालाई एक संस्थाले आश्रय दिएको छ । ती व्यक्ति जबरजस्ति गरेको स्विकारेको प्रहरीले जनायो । तीन साता अघि रत्ननगर नगरपालिकाको टाडीमा बाबुले छोरीलाई जबरजस्ती गरेको प्रहरीले जनायो । उक्त घटनामा अदालतले पुर्पक्षको आदेश गरेको थियो । ती अहिले जेलमा छन् । त्यस्तै भारतको सिवान घर भई भरतपुर बसोबास भएका जगवान रायवकी पत्नीले इच्छा विपरीत शारीरिक सम्पर्क गरेको भन्दै पति बिरुद्ध ५ महिना अघि प्रहरीमा जाहेरी दिइन् ।

जिल्लामा केही समय यता आफन्तबाटै गम्भीर प्रकृतिका घटना भएको पाइएको छ । बलात्कार, हत्या, बहुविवाह, मानव वेचविखन, जस्ता आपराधिक घटना आफन्तबाटै भएका छन । सिमान्तकृत, विपन्न समुदायमा मादक पदार्थ सेवनका कारण हाडनाता र जबरजस्ति करणीका घटना हुने गरेको जिल्ला न्यायाधिवक्ता मणिराम न्यौपानेले बताए । 'यस्ता घटना रोक्न सचेतना कार्यक्रम गर्नुपर्छ', उनले भने, 'मादक पदार्थ बिक्री वितरणमा रोक, रोजगारीको अवसर, नैतिक शिक्षा र अपराधपछि सजायको बारेमा चेतना फैल्याउन जरुरी छ ।' केही समययता आफन्तबाट विभिन्न किसिमका आपराधका



घटना बढेको न्यौपानेले बताए । आफन्तबाट खतरा हुन थाल्यो', उनले भने । जिल्लामा ६ महिना अवधिमा १९ बलात्कारका घटना भएको तथ्यांक छ ।

जिल्ला प्रहरी र जिल्ला अदालतको एक वर्षको तथ्यांक हेर्दा गम्भीर प्रकारका एक दर्जनभन्दा बढी आपराधिक घटनामा आफन्तै पीडित र पीडक देखिएका छन् ।

काका, श्रीमान्, श्रीमती, बुवा, आमा, मामा, माइजूजस्ता निकट सम्बन्धबाट अपराधको शिकार हुने गरेका छन् । आफन्तबाट विभिन्न घटनामा मानव अधिकारको उल्लंघन भएको इन्सेक प्रतिनिधि दिपेन्द्र अधिकारीले बताए । 'आफन्तनै क्रुर भएर विभिन्न घटना भएको पाइएको छ उनले भने, ।' काउलेका शेरबहादुर चेपाङ र विष्णुमाया चेपाङले दुई बालिकालाई गोरखा बुडकोटका चन्द्रबहादुर श्रेष्ठसँग जबरजस्ती विवाह गराई भारततर्फ लैजाने क्रममा गत चैत १७ गते महेन्द्रनगर गड्डाचौकीमा माइती नेपालले नियन्त्रणमा लिई अभिभावकको जिम्मा लगाएको थियो ।

आफन्तले भारत लैजान लागेका बेला नियन्त्रणमा लिइएको हो । बेचिन लगिएकी बालिकाका दुवै मामा माइजु हुन् । ०७३ मङसिर ६ गतेको फैसला अनुसार बालविवाहमा परिणत भई आरोपितलाई ६ महिना कैद सजाय भएको थियो । भरतपुर ७ का जमुनालाई गत माघ १६ गते राति पति त्रिभुवन काफ्लेले घरमा सुतिरहेको अवस्थामा धारिलो हयितार प्रयोग गरी गम्भीर घाइते बनाए । उपचारको क्रममा जमुनाको मृत्यु भयो । त्रिभुवनलाई जन्म कैद भएको छ । माडी बघौडाका भीमबहादुर दराईले घरमा श्रीमती भए पनि भरतपुर ११ की सरिता दराईसित गत असार १५ गते दोस्रो विवाह गरे । पीडितले जिल्ला प्रहरीमा बहु बिवाहको जाहेरी दिए पछि दुवै पक्राउ परे । अदातलले गत मङसिर २० गते भीमबहादुर र सरितालाई जनही १ वर्ष कैद र ५ हजार रुपैयाँ जरिवानाको फैसला गरेको थियो । कतिपय आपराधिक घटनामा आफन्त संलग्न हुने गरेको पाइएको प्रहरी प्रमुख एसपी दीपक थापाले बताए । 'घटनामा संलग्नको खोजी, अनुसन्धान गर्दै जाँदा पीडकहरू पीडितका आफन्त हुने गरेका छन्', उनले भने, 'यस्ता घटना रोक्न स्थानीयस्तरमा चेतना मुलक कार्यक्रम जरुरी छ ।'

## छोटकरी

### लागूऔषधसहित युवक पक्राउ

पोखरा (कास)- ठूलो परिमाणको लागुऔषधसहित पोखरा १ बगर घर भई शान्ति वनवाटिका बस्ने ३५ वर्षीय दिलबहादुर गुरुङ पक्राउ परेका छन् । लागुऔषध नियन्त्रण ब्यूरो पोखराले बिहीबार ६ सय ६६ थान नर्फिन, डाइजापाम र फेनरागनसहित उनलाई पक्रेको हो । लामो समयदेखि पोखराका विभिन्न स्थानमा लागुऔषधको ओसारपसार, बिक्रीवितरण र आफै सेवनसमेत गर्दै आएको सूचनाका आधारमा उनलाई पक्राउ गरिएको ब्युरो प्रमुख प्रहरी निरीक्षक रविन्द्रमान गुरुङले बताए ।

### अग्निपीडितलाई सहयोग

लमजुङ (कास)- लमजुङ उद्योग वाणिज्य संघले आगलागीपीडित आफ्ना साधारण सदस्य हरिबहादुर भुजेललाई बिहीबार १५ हजार रूपैयाँको प्रारम्भिक राहत सहयोग गरेको छ । बेंसीसहर-१० स्थित उनको घरमा बुधबार आगलागी हुँदा किराना पसल र भान्सामा क्षति पुगेको थियो ।

### क्षेत्रीय सम्मेलन

पोखरा (कास)- इँटाभट्टामा भइरहेको बालश्रम, पशुश्रम, तथा वातावरणसँग सम्बन्धित विषयमा भएको नीति तथा अध्ययन प्रतिवेदनको छलफलका लागि सार्कस्तरीय क्षेत्रीय सम्मेलन बिहीबार यहाँ सुरु भएको छ । सम्मेलनमा ती विषयमा रहेका चुनौतीलाई समन्वयात्मक ढंगले कसरी काम गर्न सकिन्छ भन्ने विषयमा आवश्यक छलफल हुनेछ । कार्यक्रममा करिव ८० जना सहभागी रहेका थिए । शुक्रबारसम्म चल्ने सम्मेलनले नीति तथा प्रतिवेदन प्रस्तुतीकरण छलफल गर्ने र सचेतना अभिवृद्धिसमेतका काम गर्ने प्रमुख महिला विकास अधिकृत लक्ष्मी जिसी कार्कीले बताइन ।

### स्वास्थ्य चौकीलाई सम्मान

चितवन (कास)- कुमरोज स्वास्थ्य चौकीलाई सम्मान गरिएको छ । स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समिति कुमरोजले बिहीबार एक कार्यक्रमका आयोजना गरी चौकीलाई सम्मान गरेको हो । स्थानीय विकास अधिकारी श्रवणकुमार पोखरेलले सम्मान प्रदान गरे । कार्यक्रममा स्वास्थ्य चौकीसँगै व्यवस्थापन समिति, कुमरोज स्वास्थ्य चौकीमा कार्यरत सबै कर्मचारी, कुमरोज क्षेत्रमा कार्यरत ९ जना स्वसेविका र एचसीथ्री परियोजना अन्तर्गत कुमरोज क्षेत्रमा कार्यरत साथी सहजकर्ता प्रतिमा चौधरीलाई प्रशंसा पत्र प्रदान गरिएको थियो ।

### झोलुंगे पुलका लागि 'नमुना'

स्याङ्जा (कास)- भौगोलिक अवस्थालाई दृष्टिगत गर्दै झोलुंगे पुल स्तरीय बनाउन उपभोक्ता समिति तथा कामदारलाई प्रशिक्षण दिइएको छ । चालु आवमा जिल्लाभर निर्माणाधीन ११ झोलुंगे पुललाई स्तरीय र टिकाउ बनाउने उद्देश्यले लिइएको हो । प्रशिक्षणमा उपभोक्ता समिति अध्यक्षसहितका ३४ पदाधिकारी पुल निर्माणमा सहभागी थिए । नमुना पुलका लागि मात्रै ४ लाख २२ हजार रुपैयाँ खर्च भएको आईटी एपी पोखराका प्राविधिक अधिकृत श्रीधर भण्डारीले जानकारी दिए ।

### मृगौलापीडित आर्थिक समस्यामा

लमजुङ (कास)- आर्थिक समस्याका कारण मृगौला प्रत्यारोपण गर्न नसकी बाहुनडाँडाकी खुसमाया घले अस्पतालको शय्यामा छिन् । राजधानीको बसुन्धरास्थित नेश्नल डाइलसिस सेन्टरमा उपचार गराइरहेकी घलेलाई डाइलसिसका लागि सरकारले सहयोग गरे पनि औषधी र मृगौला प्रत्यारोपणका लागि आर्थिक अभाव भएको पति महेन्द्रले बताए । उनका अनुसार खुशमायाको ५ महिना यता निरन्तर डाइलसिस भइरहेको छ । उपचारका क्रममा हालसम्म ३ लाख रुपैयाँ ऋण लागेको महेन्द्रले बताए । 'मृगौला प्रत्यारोपण गर्दा र त्यतिबेलासम्मको औषधी उपचारका लागि १२ लाख लाग्ने अस्पतालले बताएको छ', घलेले भने, 'गाउँघरको मान्छे । आउने बाटो केही छैन । कहाँबाट कसरी पैसा जुटाउँ र खै ?'

### भन्सार दिवस मनाइयो

पर्सा (कास)- वीरगञ्जस्थित २ भन्सारले बिहीबार ६५ औं अन्तर्राष्ट्रिय भन्सार दिवश मनाएका छन् । राजस्व संकलन तथा आयात निर्यातको दृष्टिले मुलुककै ठूला भन्सार वीरगञ्ज भन्सार तथा सिर्सिया सुख्खा बन्दरगाह भन्सार कार्यालयले विभिन्न कार्यक्रम गरी यो दिवश मनाएका हुन् । वीरगन्ज भन्सार कार्यालयले आयोजना गरेको कार्यक्रममा उत्कृष्ट कर्मचारी, भन्सार एजेन्ट तथा तिनका प्रतिनिधिलाई सम्मानित गरिएको थियो । उक्त अवसरमा भन्सार अधिकृत बलराम भण्डारी, कम्प्युटर अधिकृत अरुण पौडेल, नायब सुब्बाहरू रामचन्द्र कान्दु र विष्णु प्रसाद भुषाललाई सम्मानित गरिएको थियो ।

### उपमहानगर माग्दै धर्ना

बारा (कास)- कलैया नगरपालिकालाई उपमहानगरपालिका घोषणा र कलैया नगरपालिकाबाट छुट्याइएको वडा २१ लाई यथावतको माग गर्दै दुई सातादेखि विरोधमा उत्रेका नगरवासी, व्यापारी, व्यवसायी र राजनीतिक दलका प्रतिनिधिले बिहीबार जिल्ला प्रशासन कार्यालय घेराउ गरे । उद्योग वाणिज्य संघको अगुवाई भइरहेको विरोधको क्रममा उनीहरूले कलैया बजारसमेत बन्द गराए । विरोधकै सिलसिलामा उनीहरूले सात दिनदेखि सुरु गरेका रिले अनशन पनि जारी छ ।

# वातावरण संरक्षण र कृषि पर्यटनमा गाउँले

तनहुँ (कास)- स्थानीयवासीले सुरौंदी खोला आसपासका दर्जन गाविसलाई जलाधार क्षेत्र र कृषि पर्यटनको गन्तव्य निर्माणको अभियान चलाएका छन् ।

फिरफिरेलाई केन्द्र बनाएर उनीहरूले सरसफाइ र वातावरण संरक्षण थालेका हुन् । क्षेत्र स्तरीय माछापालन, तरकारी खेती, मौरी तथा बाख्रापालनबाट पर्यटक आकर्षण गर्ने योजना बनाएको सुरौंदी क्षेत्र जलाधार संरक्षण समिति अध्यक्ष मनराज गुरुङले बताए ।

यहाँका घरघरमा माछा पालनका लागि पोखरी बनाउने काम सुरु भएको छ । उनीहरूले खोलाका माछा संरक्षण गर्दै पोखरीमा पालेर बिक्री गर्ने योजना बुनेका हुन् । कृषि पर्यटन र वातावरण संरक्षण अभियानलाई सफल बनाउन जलाधार क्षेत्र गठन गरेको बताए ।

स्याङ्जा, कास्की र तनहुँका दर्जन गाविसको सिँचाइको स्रोत र कृषि, पर्यटनको केन्द्र मानिएको सुरौंदी खोला नभए सबै योजना विफल हुने भएकाले अभियान थालेको उनले बताए । 'हामीले सुरौंदी खोलामा माछा मार्न प्रतिबन्ध लगाएका छौं,' गुरुङले भने, 'दैनिक ५० देखि ६० जनासम्म आएर विष र करेन्ट लगाएर माछा मार्न थालेपछि समितिले रोक लगाएको हो ।'

पछिल्लो समय दर्जनौं खानेपानी मुहान सुक्न थालेकाले मूल संरक्षण पनि थालिएको उनले बताए । समितिको अगुवाइमा स्थानीय जसपुर सामुदायिकसहित ३६ वन उपभोक्ता समिति र कृषि समूहसमेतले संरक्षणको काम थालेका हुन् ।

पोखरी बनाएर माछा पाल्ने, खोलामा करेन्ट लगाउन नपाइने, सुक्दै गएका मूल र खानेपानीका मुहान संरक्षण गर्ने, वृक्षरोपणलाई तीव्रता दिने, तटबन्ध गर्ने तथा हरियाली बढाउने योजना उनीहरूको छ । करोडौं रुपैयाँ लाग्ने भए पनि स्थानीय सहभागिता र केही सहयोगमा अभियान सञ्चालन भइरहेको हो । 'भौगोलिक रूपमा आकर्षक र उत्पादनशील क्षेत्र भएकाले पर्यटकलाई आकर्षित गर्न दीर्घकालीन कार्ययोजना पनि बनाइरहेका छौं,' गुरुङले भने, 'अभियानलाई भूसंरक्षण, वन, कृषि कार्यालयले सहयोग गरेका छन् ।' कृषिको व्यावसायीकरणमार्फत स्थानीयलाइ धनी बनाउने अभियान पनि अगाडि बढाएपछि सक्रियता बढेको उनले बताए ।

अभियानलाई पश्चिम क्षेत्रीय वन निर्देशनालयले पनि चासो बढाएको छ । 'जल, जमिन र जंगलको संरक्षणबाट मात्र जलाधार क्षेत्रको विकास सम्भव छ,' क्षेत्रीय वन निर्देशक धनञ्जय पौडेलले भने, 'खोला र नदीको दोहन रोक्न नसके विकास नभई समाजको विनाश हुने खतरा छ ।'

अव्यवस्थित ढुंगा, गिट्टी उत्खनन र करेन्ट लगाएर माछा मार्ने प्रवृत्तिको अन्त्य नभए वातावरण विनाश हुने उनको भनाइ छ । जैविक विविधता जोगाउने अभियानका लागि विशेषज्ञको सल्लाहमा रणनीतिक योजना बनाउन थालेका छन् ।

# किराना व्यवसायी बेपत्ता

कान्तिपुर संवाददाता

पोखरा- धेरैजनाको पैसा लिएर एक किराना पसल सञ्चालक बेपत्ता भएका छन् । पोखराको आलुमाइला चोकमा सोनु किराना पसल सञ्चालन गर्ने २६ वर्षीय आकाश सुरेका ३ सातादेखि सपरिवार बेपत्ता भएका हुन् ।

सयकडा ५ रुपैयाँ ब्याज दिने भन्दै १ महिनाका लागि १५ लाख सापटी दिएका पोखरा १० का विक्रम गुरुङले सुरेकाको खोजी गरिदिन जिल्ला प्रशासन र प्रहरीमा निवेदन दिएका छन् । 'पैसा बेलैमा दिन्छु भनेर मलाई उसको बैंकको चेक पनि दिएको थियो तर, खातामा पैसा रहेनछ,' गुरुङले भने, 'बसेको डेरा र पसल ताला लगाएर कहाँ हरायो हरायो ।' सुरेका, उनकी पत्नी र पिताले प्रयोग गर्ने मोबाइल पनि सम्पर्कविहीन रहेको उनले बताए । 'मेरो मात्रै होइन थुप्रैको पैसा चलाएको रहेछ । हामी उसलाई पैसा दिनेहरू भेटदै छौं,' उनले भने । वैदेशिक रोजगारीमा रहेर कमाएको पैसा ब्याजको लोभमा साथीमार्फत दिँदा साँवा नै हराउने अवस्थाले आफू तनावमा रहेको उनले बताए । 'पैसा दिँदाको साक्षी-प्रमाणका कागज हातमा छन्, उसले १ महिनापछि भजाउनु भनेको चेक पनि छ,' उनले भने, 'पैसा नै नपाएपछि के गर्नु ?'

जिल्ला प्रहरी कार्यालय कास्कीका इन्स्पेक्टर गणेश बमले सुरेकाको खोजी गरिदिन प्रशासनमार्फत पत्र आएको बताए । उनले भने, 'प्रहरीले अनुसन्धान गर्दै छ ।' सुरेकाले पसल गरेको घरबेटी सुशील बिजुक्छेले ३ महिनाको भाडा बक्यौता रहेको बताए ।

सुरेकाको पसलमा चामल, साबुन र तेललगायत सामान दिँदै आएका व्यवसायी ज्ञानेन्द्र गौतम पनि भुक्तानी नपाएको बताउँछन् । 'ऊ परिवारसँगै बेपत्ता भएपछि हामी केहीजना खोज्न वीरगन्जसम्म पुगेका पनि हौं,' उनले भने, 'माइस्थानमा उसको मामा पर्ने राजकुमार डालमियाले यता आएकै छैन भने । ऊ इन्डियातिर गएजस्तो छ ।' माछापुच्छ्रे बैंकको ५ लाख २५ हजारको चेक आफूलाई दिए पनि खातामा पैसा नहुँदा बाउन्स भएको उनले बताए । उनले भने, 'म मात्रै होइन उसको पसलमा सामान दिने अरूको पनि भुक्तानी बाँकी छ । छुट्टै ब्याजमा पनि उसले धेरैको पैसा लिएको भन्ने अब खुल्दै छ ।' रियल जुस सप्लाईको ४९ हजार बक्यौता उठाउन पुग्दा मात्रै सुरेका बेपत्ता भएको थाहा पाएका जय मुक्तिनाथ ट्रेडर्सका सञ्चालक पिन्टु गुप्ताले भने, 'सबैको गरी उनले अढाइ करोड जति उठाएर भागेको सुन्नमा आएको छ ।'

पोखराका विभिन्न स्थानमा डेरा सर्दै बसेका सुरेका ३ वर्षदेखि आलुमाइला चोकमा थिए । पर्साबाट जारी भएको सुरेकाको ३५१०२२/४४८५ नम्बरको नागरिकतामा वीरगन्ज ७ ठेगाना तथा नन्दलाल सुरेकाको नाति र सन्तोष सुरेकाको छोरा भन्ने उल्लेख छ ।

# गण्डकको पानी खोलामा झारिँदै

पर्सा (कास)- गहुँ बालिका लागि पानी पर्याप्त भएपछि गण्डक नहरबाट पर्साका ३ खोलामा पानी झारिँदै छ । भिखमपुर गाविसस्थित सिक्टा, तिलाबे र प्रसौनी नौरङ्गिया खोलाबाट नहरको पानी झार्न थालिएको हो ।


नारायणी सिँचाइ व्यवस्थापन डिभिजन नम्बर ५ कार्यालय वीरगन्जका सूचना अधिकृत सुरेश साहका अनुसार गहुँ बालीका लागि किसानले एक पटक सिँचाइ गरे पुग्ने र तरकारी खेती बढी गरिएकाले किसानलाई पानीको आवश्यकता नभएपछि खोलामा झार्न लागिएको हो ।

'अहिले ३ वटै खोलामा नहरको इस्केप ढोकाबाट पानी झारिँदै छ,' साहले भने, 'सिक्टामा ३, तिलाबेमा २ र नौरङ्गियामा १ सय क्युसेक हाराहारीमा पानी झार्दै छौं ।' पकेट क्षेत्रका किसानले माग गरेको बेला पानी दिने गरिएको छ ।

बारामा भलुही भरवलियादेखि सिम्रौनगढ क्षेत्रको कोतवालीसम्म तरकारी खेती गरिन्छ । किसानले विशेषगरी त्यस क्षेत्रमा आलु लगाउने र यसलाई बढी सिँचाइ नचाहिने हुँदा पानीको माग खासै छैन । केही वर्षयता गहुँ सिजनमा नहरको पानी बढी भएर खोलामा झार्ने गरिएको साह बताउँछन् । गहुँका लागि नहरमा एक पटक पानी आए पुग्छ । धान सिजनभरि पानी चाहिन्छ । भारतसँगको सम्झौता अनुसार उसले गहुँका लागि वर्षेनी जनवरी १ देखि मार्च १६ सम्म साढे ६ देखि ७ सय क्युसेक सम्म पानी छोड्नुपर्छ । यो सिजनमा भारतले दिने गरेको पानी पर्याप्त भए पनि धान सिजनमा भने कम हुने गरेको छ । धान रोप्ने बेला सम्झौता अनुसारको ८ सय ५० क्युसेक पानी दिनुपर्नेमा ७ सय क्युसेक मात्र छाड्ने गरेको छ । यसले धान बालीका लागि पानीको कमी हुने गरेको छ ।
















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | कर्म प्राप्ति | तुला | खटपट |
| वृष | धर्म बढ्ने | वृश्चिक | पराक्रम बढ्ने |
| मिथुन | अस्वस्थता | धनु | धन आर्जन |
| कर्कट | नयाँ काम बन्ने | मकर | पदोन्नति |
| सिंह | आलस्यता | कुम्भ | केही लाभ |
| कन्या | अध्ययनमा सफल | मीन | कार्य सफल |

## भोलिको पात्रो

विक्रमसंवत् २०७३ साल माघ १५ गते शनिबार तदनुरुप २८ जनवरी २०१७ माघ शुक्लपक्ष प्रतिपदा तिथि रात्रिको ६:६ बजेसम्म उप्रान्त द्वितीया तिथि श्रवण नक्षत्र रात्रिको ११:१९ बजेसम्म उप्रान्त धनिष्ठा नक्षत्र सिद्धि योग दिनको ३:११ बजेसम्म उप्रान्त व्यतिपात योग किंस्तुघ्न करण साँझको ६:४ बजेसम्म उप्रान्त बब करण मकर राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर/अमृत वाणी | ५:०५ | कल कान्तिपुर |
| ६:०० | जीवन विज्ञान/ज्योतिष मन्थन | ६:०० | कान्तिपुर न्यूज |
| ६:४० | स्काइ सप | ६:३० | म्युजिक समिट |
| ७:०० | कान्तिपुर समाचार | ७:०० | कान्तिपुर समाचार |
| ८:०० | कान्तिपुर न्यूज | ७:३० | इन्फो प्लस |
| ८:३० | राइज एण्ड साइन | ८:०० | कान्तिपुर समाचार |
| ९:०० | हेडलाइन न्यूज | ९:०० | डिठ्ठासाब |
| ९:०५ | मार्गदर्शन | ९:३० | परिवर्तन |
| १०:०० | कान्तिपुर समाचार | १०:३० | कान्तिपुर न्यूज |
| १०:३० | एमएनएस | ११:०० | कान्तिपुर समाचार |
| ११:०० | हेडलाइन न्यूज | ११:३० | इन्फो प्लस |
| ११:०५ | समाकन २ | १२:०० | कल कान्तिपुर |
| १२:०० | कान्तिपुर समाचार | १:०० | कान्तिपुर न्यूज |
| १२:३० | हर्के हल्दार | १:३० | डिठ्ठा साब |
| १:०० | हेडलाइन न्यूज | २:०० | कान्तिपुर समाचार |
| १:०५ | डिठ्ठासाब | २:३० | म्युजिक समिट |
| १:३० | किलो टेंगो माइक | ३:०० | कान्तिपुर समाचार |
| २:०० | मुभी | ३:३० | परिवर्तन |
| ५:०० | हेडलाइन न्यूज | ४:३० | डिठ्ठा साब |

## रेडियो कान्तिपुर ९६.१

हरेक दिन २४ सै घन्टा हरपलको साथी

| | | | |
|---|---|---|---|
| ००:०१ | ननस्टप नेपाली आधुनिक सङ्स | १३:०० | ब्रन्च विथ भूमिका (भूमिका) |
| ०१:०२ | ननस्टप नेपाली पप सङ्स | १५:०० | के छ नेपाल (रेमन) |
| ०२:०४ | ननस्टप हिन्दी सङ्स | १५:१५ | कान्तिपुर डायरी |
| ०४:०५ | ननस्टप भजन | १६:०० | सौराइ (कृष्ण) |
| ६:२५ | भक्ति अनुष्ठान (जनार्दन) | १७:०० | सिने क्विज (चाँदनी) |
| ०६:५५ | कान्तिपुर डायरी | १८:०० | फेनाटिक फ्राइडे (स्मिता/महेश) |
| ०७:३० | द हेड लाइनर्स | १८:३० | हेप्पी लाइफ (हेम सुवेदी) |
| ८:०० | मानसिक स्वास्थ्यमा कोसिस | १९:०० | कान्तिपुर डायरी |
| ९:०० | गुडमर्निङ शो (गिरिश) | २०:०० | प्लेट्रोनिक्स (सञ्जय) |
| ९:१० | कान्तिपुर डायरी | २१:०० | वेल नो टेन्सन (दीपक/अम्बिका) |
| ०९:१५ | ट्राफिक अपडेट (नेपाल प्रहरी) | २१:३० | कान्तिपुर डायरी |
| १०:०० | किक स्टार्ट (सञ्जय) | २२:०० | इन्द्रेणी |
| ११:०० | न्यु रिलिज (रेमन) | २३:०० | क्लब मिक्स (गिरिश) |
| १२:०० | फेमिना (चाँदनी) | २४:०० | इलिवेन्थ हावर (सञ्जय) |
| १२:१० | कान्तिपुर डायरी | | |

## अस्पताल र विविध

### चितवनका महत्त्वपूर्ण नम्बर

| | |
|---|---|
| एम्बुलेन्स रेडक्रस | ०५६-५२०१३३ |
| रक्तसंचार केन्द्र भरतपुर | ०५६-५२०८८० |
| दमकल भरतपुर | ०५६-५२१०८३ |
| भरतपुर अस्पताल | ०५६-५२०१११/५२४३०० |
| बिपि कोइराला क्यान्सर अस्पताल | ५२४५०१/५२४५०२ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२५०१३/५२५०१२ |
| चितवन मेडिकल कलेज | ५३२९३३/५३३२०१ |
| चितवन अस्पताल | ५२७१०१/५२२२०२ |
| आँखा अस्पताल भरतपुर | ५२०३३३ |
| जिल्ला प्रहरी कार्यालय | ०५६-५२४२४१ /५२०१५५ |
| जिल्ला ट्राफिक कार्यालय | ०५६-५२४८९९ |
| प्रहरी कार्यालय मुग्लिन | ०५६-५४०००३ |
| प्रहरी कन्ट्रोल | १०० |

### नवलपरासीका महत्त्वपूर्ण नम्बर

| | |
|---|---|
| रेडक्रस कावासोती | ०७८-५४०४१८ |
| जिल्ला अस्पताल परासी | ०७८-५२०५०३ |
| दमकल परासी | ०७८-५२०१०१ |
| मध्यबिन्दु सामुदायिक अस्पताल | ०७८-५४०६४६/६९३०४४ |
| प्राकृतिक चिकित्सालय रजहर | ०७८-५४५४७५ |
| जिल्ला प्रहरी | ०७८-५२०१९९/५२०२०० |
| जिल्ला ट्राफिक नवलपरासी | ०७८-५४००३० |
| प्रहरी कार्यालय गैडाकोट | ०५६-५०११९९ |
| प्रहरी कार्यालय रजहर | ०७८-५४५१०० |
| प्रहरी कार्यालय कावासोती | ०७८-५४०१७९ |
| प्रहरी कार्यालय सुनवल | ०७८-५७०१०० |

### पोखराका महत्त्वपूर्ण नम्बरहरू

| | |
|---|---|
| रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस | ०६१-५२१०९१ |
| कास्की रेडक्रस | ०६१-५२०३४७ |
| दमकल सेवा | ०६१-५२०२२२ |
| शव बाहन सेवा (सिद्धार्थ क्लब) | ०६१-५३०२०० |
| पश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ०६१-५२००६६/६७ |
| मनिपाल शिक्षण अस्पताल | ०६१-५२६४१६/१७/१८ |
| गण्डकी मेडिकल कलेज | ०६१-५५०२५३ |
| हिमालय आँखा अस्पताल | ०६१-४६११६८ |
| पोखरा विश्वविद्यालय, लेखनाथ | ०६१-५६१०४६/५६१५४६ |
| क्षेत्रीय प्रशासन कार्यालय | टोल फ्रि ११११/०६१-४६४८४१ |
| क्षेत्रीय प्रहरी कार्यालय | ०६१-४६२५००/९८५६०२८४३३ |
| जिल्ला प्रहरी कार्यालय | ०६१-५२००३३/९८५६०३९५९९ |
| जिल्ला ट्राफिक प्रहरी | १०३/०६१-५२०४१२ |
| सशस्त्र प्रहरी बल (कालिका गण) | ०६१-५४१०८८/९८५१२७२०४७ |

### काठमाडौंका महत्त्वपूर्ण नम्बर

| | |
|---|---|
| वीर अस्पताल | ४२२११९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |



# बस पुग्दा गाउँमा खुसियाली



मध्यपश्चिम यातायातका अध्यक्ष र चालकसँग बस पुगेको अवसरमा खुसी साट्दै सुर्खेत नेटावासी । *तस्बिर : कान्तिपुर*

■ **प्रकाश अधिकारी**

सुर्खेत- टाढाटाढासम्म हिँडेरै जीवनको उत्तरार्द्धमा आइपुगेका नेटाका ८२ वर्षीय बलबहादुर खनालले आफ्नो गाउँमा बस आउला भन्ने कल्पनासम्म गरेका थिएनन् । जवानीको अधिकांश समय रुपैडिहा, नेपालगञ्जबाट नुन, चिनी बोकेर ल्याएका उनी घर नजिकै बस गुडेको देख्दा निकै हर्षित भए । 'बाँदर खस्ने भीरमा गाडी देख्न पाइयो,' डाँडागाउँमा पहिलोपटक पुगेको बसलाई स्वागत गर्न आएका बलबहादुरले भने, 'हामीले जीवनभर दुःख पायौं । अहिले बस देख्न पाइयो ।'

नेटा पूर्वी सुर्खेतका दुर्गममध्येको एक गाविस हो । मध्यपश्चिमको सदरमुकाम भए पनि सुर्खेतका कतिपय गाविसमा अझै यातायातको पहुँच छैन । नेटामा दैनिक उपभोग्य वस्तुदेखि औषधि उपचारसम्मका लागि चार घण्टा पैदल हिँडेर दशरथपुर झर्नुपर्ने बाध्यता थियो । सदरमुकाम पुग्न नेटाबासीलाई एक दिन पूरै लाग्थ्यो । स्थानीयसमेत रहेका जागरण एफएमका युवराज पंगालीले नेटावासीले कर्णालीका जनताको भन्दा धेरै दुःख पाइरहेको अनुभव सुनाए । बस पुगेपछि दिनभरिको यात्रा चार घण्टामा पूरा हुने भन्दै उनी खुसी देखिए । 'गाडी पुगेपछि दुई दशकअघि देखेको सपना साकारमात्रै भएको छ,' उनले भने, 'सडक नहुँदा विकासका गतिविधि शून्य थिए । कृषि उत्पादनले मूल्य पाउन सकेको थिएन । अब धेरै सजिलो भयो ।' सडकको विकास नहुँदा हुनेखाने परिवार नेटाबाट पलायन भइसकेका थिए ।

दुई दशकअघि गाउँमा सडक पुर्‍याउने सपना देख्दा तत्कालीन गाविस अध्यक्ष डिलबहादुर शाहीलाई धेरैले 'बौलाहा' को संज्ञा दिएका थिए । 'बाँदर खस्नेजस्तो भीरमा के गाडी ल्याउँछु भनेको होला भनेर धेरैले मेरै कुरा काटे । अहिले पहिलोपटक बसबाट यात्रा गर्न पाउँदा असाध्यै खुसी छु,' उनले भने । स्थानीयले पहिलोपटक पुगेको मध्यपश्चिम यातायात व्यवसायी संघको ना३ख ४७९६ नम्बरको बस र त्यसका चालक भीमप्रसाद पंगालीलाई भव्य स्वागत गरे । दशरथपुरदेखि नेटा गाविस कार्यालयसम्मको १६ किलोमिटर यात्रामा विभिन्न चोक र घरघरबाट स्थानीय बस र चालकलाई बाजागाजा, फूलमाला र अबिरले स्वागत गरेका थिए ।

बससँगै नेटा पुगेका संघ अध्यक्ष विष्णुबहादुर खडाले स्थानीयको अथक प्रयासबाट बस पुगेको बताए । उनले तत्कालका लागि दैनिक एउटा बस नेटाको रुटमा सञ्चालन गर्ने प्रतिबद्धता जनाए । नेटाबासीले वीरेन्द्रनगरसम्म आउन १ सय ३० रुपैयाँ भाडा तिर्नुपर्नेछ । गाविस सचिव नरेन्द्र हमालले सडकसँगै समृद्धिको यात्रा सुरु भएको बताए । उनले कृषि उत्पादनका लागि नेटा सम्भावना बोकेको ठाउँ भए पनि यातायात पहुँच नहुँदा अधिकांश उर्वर भूमि बाँझै रहेको सुनाए ।

## सडक सञ्जाल जोडिँदै

दैलेख (कास)- जाजरकोटदेखि अछामसम्म दैलेखको मध्य भाग हुँदै मध्यपहाडी राजमार्ग बन्न थालेपछि आसपास बजार विस्तार हुन थालेको छ । बजार विस्तारले घरजग्गाको मूल्य बढेर कारोबार पनि बढेको हो । मध्यपहाडी राजमार्गको ट्र्याक खुलेपछि सान्तडा, बेस्तडा, लोहोरे, हुलाकटाकुरा, भीरखेत, चगत्रा, लैनचौर, पादुका, सात्तला, साईलगायत दर्जनौं स्थानमा बजार विस्तार भएका छन् ।

यसअघि यी गाउँमा जग्गाको कारोबार हुने गरेको थिएन । पादुकाका दिलीप सुनारले सुविधा खोज्दै गाउँबाट सडक क्षेत्र आसापासमा बसोबास गर्नेको चाप दिन प्रतिदिन बढ्दै गएको बताए । उनका अनुसार सडक आसपास क्षेत्रमा जग्गाको मूल्य अकासिएको छ । 'विकासका लागि मुख्य कुरा सडक रहेछ । सडक बनेपछि ग्रामीण भेगहरू व्यापारिक केन्द्रमा परिणत हुन थालेका छन्,' उनले भने, 'गाउँको जग्गाको मूल्य सदरमुकामसरह हुन थाल्यो ।'

सडक पुगेपछि पसल, होटलसँगै व्यापारिक कारोबार बढेको हो । ग्रामीण क्षेत्र व्यापारिक केन्द्र बन्न थालेपछि स्थानीयको जीवनस्तरमा परिवर्तन हुन थालेको उद्योग वाणिज्य संघ अध्यक्ष शान्तिप्रसाद शर्माले बताए । त्यस्तै, कर्णाली राजमार्गले खडवाडादेखि खिडीज्यूलासम्म दर्जनौं स्थानमा बजारीकरण गरेको छ । ती स्थानमा घरजग्गाको मूल्य अकासिएको छ ।

सडक आसपासमा धमाधम घर/घडेरी निर्माण भइरहेका छन् । ६ गाविसको केन्द्रविन्दु बेस्तडामा दुई लाखमा पाइने घडेरी दुई वर्षयता तीन गुणाले बढेको छ । गाउँका जग्गा सस्तोमा बेचेर सहरी क्षेत्रमा आएकासमेत सडकका कारण गाउँ फर्कन थालेको संघ अध्यक्ष शर्माले बताए । 'राजमार्गसँगै यहाँ बजारीकरण पनि बढेको छ । जग्गा कारोबार बढिरहेको छ । सदरमुकामका प्रतिष्ठित व्यापारीले समेत ग्रामीण भेकमा लगानी गर्न थालेका छन्,' उनले भने, 'हावापानी अनुकूल हुनु र गाउँमै यातायात पहुँच पुगेपछि लगानी भित्रिएको हो ।' यही कारण पसल, होटेल तथा कृषि फर्महरू गाउँमै खुल्न थालेका छन् ।

# पानी जोगाउन जल कचहरी

कालिकोट (कास)- कहिले खडेरीले भोकमरी हुने कहिले बाढी पहिरोले जनधनको क्षति हुने कालिकोटमा पानी संरक्षण र उचित प्रयोगबारे स्थानीयको सुझाव लिन पहिलोपटक जल कचहरी गरिएको छ । स्थानीय तहका जनसरोकारका विषयमा छलफल चलाएर निष्कर्षमा पुग्ने कर्णालीको पुरानो न्याय प्रणाली नै कचहरी हो । यसमा पीडित र पीडक पक्षसहित मध्यस्थता गर्ने तेस्रो पक्ष सरोकारवालाका रूपमा सहभागी हुने चलन छ ।

कालिकोटमा खानेपानी तथा सिंचाइ योजना सञ्चालन भए पनि दीर्घकालीन नभएको, वन विनाश तीव्र भएको, योजनामा टाठाबाठाको मात्र हाली मुहाली भएको, सम्पन्न भएका कामको गुणस्तर नभएको, उपभोक्ता समिति गठनमा जिल्ला तहमै भागबन्डा हुने गरेको गुनासो यहाँका नागरिकले गरेका छन् ।

कालिकोटको छाती चिर्दै बग्ने तिला र कर्णाली नदी, सयौं गाड तथा खोला भएर पनि सबै नागरिकले विद्युत् बाल्न नपाएको, सिंचाइ गर्न र शुद्ध पिउने पानी नपाएको, पानीका मूल सुक्दै गएका, नदी तथा खोलाका माथिल्लो बस्तीमा बस्ने समुदायका कारण तल्लो क्षेत्रमा महामारी, बाढीपहिरो प्रकोप सहनुपर्ने बाध्यता रहेका विषयवस्तुमा केन्द्रित रहेर बुधबार जल कचहरी गरिएको खानेपानी तथा सरसफाइ सबडिभिजन प्रमुख कुलप्रसाद पौडेलले बताए ।

जल सुरक्षा सबैको सरोकार भन्ने मूल नारासाथ जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिद्वारा आयोजित कालिकोटमा जल सुरक्षाका सवाल, चुनौती र अवसर विषयक जल कचहरीमा यहाँका दल, सरकारी निकायलगायतको सहभागिता थियो ।

कचहरीलाई स्थानीयको सरोकार बनाएर नियमित रूपमा गाउँ तथा जिल्लास्तरमा छलफल गर्ने, सिंचाइ तथा खानेपानी स्रोत संरक्षण गर्न स्थानीयको सहभागितामा योजना निर्माणलगायतका प्रतिबद्धता छन् ।

कचहरीमा बर्सेनि बाढीपहिरो चपेटामा पर्दै आएको भर्ता ८ जिते, स्युना ९ सान्नीगाड, राम्नाकोटको खार्दुलगायतबाट आएका सवालसहित ३ वटा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

# चौकुने सिमेन्टले बिजुली पाएन

- उद्योग सञ्चालनमा कम्पनी तयार
- मन्त्रालयको प्राथमिकतामा नपरेको गुनासो
- आयोजना आसपास हाइटेन्सन नहुँदा समस्या

**कान्तिपुर संवाददाता**

सुर्खेत- चौकुने क्षेत्रका चुनढुंगा उत्खनन गरी पश्चिम सुर्खेतको गुटुमा उद्योग सञ्चालन गर्न सरकारसँग सात वर्षअघि सम्झौता गरेको मुक्तिश्री सिमेन्ट इन्डस्ट्रिजले विद्युत् नपाउँदा उत्पादन प्रभावित भएको छ । पटक-पटक म्याद थप्दै आएको कम्पनी स्थानीयस्तरको चर्को दबाबपछि उद्योग सञ्चालनका लागि तत्पर भए पनि सरकारले आवश्यक विद्युत् व्यवस्थापन गर्न सकेको छैन् ।

सुर्खेतका व्यवसायी, दलका नेताबाट काम अघि नबढाएर चौकुने खानी क्षेत्र कब्जा गरेको भन्दै मुक्तिश्रीको चर्को आलोचना भएको छ । सम्झौतामा कम्पनीका लागि आवश्यक सुरक्षा, खानी क्षेत्रसम्म सडकको पहुँच र विद्युत् सरकारले उपलब्ध गराउनुपर्ने उल्लेख छ । 'लाइसेन्स होल्ड' मै राख्न काम अघि नबढाएको आरोप लाग्न थालेपछि कम्पनी अन्ततः आफ्नै लगानीमा सडक पहुँच मार्गको विस्तार गर्न बाध्य भएको हो । सडक पहुँचपछि अब कारखाना सञ्चालनका लागि कम्पनीलाई १४ मेगावाट विद्युत् आवश्यक पर्दछ । कम्पनीका प्रोजेक्ट कोअर्डिनेटर लोकबहादुर अधिकारीले विद्युतकै कारण काम रोकिने अवस्था आएको बताए । 'सडक बनिसक्यो । मुआब्जा दिने प्रक्रिया सुरु भयो । सरकारले बिजुली उपलब्ध गराउन ढिलाइ गर्‍यो,' उनले भने, 'फेरि पनि स्थानीय कम्पनीले काम अघि बढाउँदैन कि भन्ने शंका गर्न थाले । सरकार आफैंले गरेको सम्झौता कार्यान्वयन गरेन ।'



पश्चिम सुर्खेतको चुनढुंगा खानी रहेको चौकुने क्षेत्र । *तस्बिर : प्रकाश अधिकारी/कान्तिपुर*

कारखाना गुटुमा सञ्चालन हुने छ । खानी क्षेत्र गुटुको चौकुने, कुवा, खोप्री, थरेलगाउँ, काफलगैरा र ओटपोखरीमा गरी ११ हजार रोपनी क्षेत्रफलमा फैलिएको छ । यसमध्ये १३ सय ८० रोपनीको मुआब्जा दिन कम्पनी तयारी छ । विभागले ०३५ देखि ३९ सालसम्म यहाँको चुनढुंगा परीक्षण गरेर सिमेन्टका लागि योग्य प्रमाणित गरेको थियो । करिब ८ अर्ब लागत अनुमान गरिएको उद्योगका लागि प्रत्यक्ष/अप्रत्यक्ष गरी ४ हजारले रोजगारी पाउने दाबी गरिएको छ । दैनिक १५ सयदेखि पाँच हजार टन सिमेन्ट उत्पादन गर्ने लक्ष्य छ । लागत, उत्पादन र क्षेत्रफलका हिसाबले यसलाई मुलुककै ठूलो सिमेन्ट कारखानाका रूपमा दाबी गरिएको छ ।

वीरेन्द्रनगर सब-स्टेसनबाट बिजुली पाउन सम्भव छैन । कारखानाका लागि आवश्यक विद्युत् उपलब्ध गराउन सक्ने हाइटेन्सन लाइन छैन । कम्पनीका सिनियर माइनिङ एडभाइजर सरोजकुमार श्रीवास्तवले विद्युत् उपलब्ध गराउन ऊर्जा मन्त्रालयलाई पत्राचार गरिसकेको जनाए । 'केन्द्रीय प्रसारण लाइनबाट विद्युत् ल्याउनुको विकल्प छैन । यस क्षेत्रमा अरु कुनै पाइपलाइन डेप्लमिङ पनि भएको छैन,' श्रीवास्तवले भने, केन्द्रलाई आवश्यक ठाउँमा विद्युत् पुर्‍याउनै समस्या छ । सरकारले हाम्रा माग बेवास्ता गरिरहेको छ ।'

कम्पनीले यसअघि सशस्त्र द्वन्द्व, सडक र बिजुलीको समस्या दर्शाउँदै उद्योग सञ्चालनमा बेवास्ता गर्दै आएको थियो । सम्भाव्यता अध्ययन थालिएको ३८ वर्षपछि उद्योगले गति लिन थालेको भन्दै स्थानीय हर्षित भए पनि सरकारले विद्युत् व्यवस्थापन गर्न नसक्दा निराशा छाउन थालेको छ । चौकुने खानी क्षेत्र सरोकार समितिका संयोजक रामलाल बयकले सरकारले यथाशीघ्र विद्युत् व्यवस्था गरेर उद्योग सञ्चालन वातावरण निर्माण माग गरे । 'सरकार आफूले गर्नुपर्ने काममा अघि बढोस् । कम्पनीले लापरबाही गरे स्थानीयवासी खबरदारी गर्न तयार छौं,' बयकले भने ।

## चुनढुंगा ओसारपसार

प्यूठान (कास)- बग्दुलाफोप्ली चुनढुंगा सडक साँघुरो हुँदा स्थानीयलाई सास्ती भएको छ । साँघुरो सडकमा चुनढुंगाका ट्रिपर चल्न थालेपछि दुर्घटना जोखिम, धूवाँ र धूलोले स्थानीयलाई आउजाउ गर्नै समस्या भएको हो । चुनढुंगा पहुँचमार्गअन्तर्गत दस्तीअँधेरीलुप्लुङ १३ किलोमिटर ८ मिटर फराकिलो बनाउने टेन्डर भए पनि बाग्दुलादम्ती चार किलोमिटरमा चौडा पार्ने काम नभएकाले समस्या भएको हो ।

जिविसमार्फत दुई वर्षअघि बाग्दुलादम्ती चार किलोमिटर ओटासिल गरिएको सडक साँघुरो र खाल्डै खाल्डा भएकाले स्थानीयले सास्ती बेहोरेका हुन् । ३ दशमलव ५ मिटरमात्र चौडा रहेको सडकमा दर्जनौं ट्रिपर चल्न थालेपछि सवारी चाँपले समस्या भएको प्यूठान नगरपालिका १५, खप्रेङखोलाका स्थानीय तथा जिल्ला उद्योग वाणिज्य संघ अध्यक्ष माधवराज भण्डारीले बताए ।

'सडक चौडा नपार्दै चुनढुंगाका ट्रिपर चल्न थाले,' भण्डारीले भने, 'समस्याको विषयमा सडक डिभिजन र जिल्ला प्रशासनमा जानकारी गराएका छौं ।' उनले दम्तीबाट झिमरुक किनारै किनार नयाँ सडक बनाएर चुनढुंगाका ट्रिपर चल्ने सुने पनि साँघुरो हुँदा ट्रिपर समस्या हुन थालेको बताए ।

बाग्दुलाबाहाने सडक क्षेत्रमै चुनढुंगा पहुँच मार्ग पर्ने भएकाले सडक फराकिलो बनाउने काम भएको सडक डिभिजन कार्यालय देवीस्थानका इन्जिनियर राजेशकुमार यादवले बताए । 'दम्तीअँधेरीलुप्लुङ चुनढुंगा १३ किलोमिटर सडक ८ करोड लागतमा टेन्डरमार्फत फराकिलो पार्ने काम भइरहको छ,' यादवले भने, 'बाग्दुलादम्ती चार किलोमिटरमा काम नभएकाले समस्या देखिएको हो ।' बाग्दुलादम्ती क्षेत्रमा अहिलेकै फराकिलो पार्ने वा झिमरुक नदी किनारैकिनार नयाँ सडक बनाउने भन्ने विषय नटुंगिएकाले यहाँ काम नभएको उनको भनाइ छ ।

## छोटकरी

**दुर्घटनामा एकको मृत्यु**

प्यूठान (कास)- ट्याक्टर दुर्घटनामा एकको मृत्यु भएको छ । लामाचौरबाट भिंगृ जाँदै गरेको रा१त १३२२ नम्बरको ट्याक्टर गोठिवाङ ४ कागपतीखोला नजिकै दुर्घटनामा परेको हो । दुर्घटनामा सहचालक गोठिवाङ ३ का ४२ वर्षीय मुक्तबहादुर बुढाथोकीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

**वनमा आगो लगाउने ४ पक्राउ**

सल्यान (कास)- गर्पा ८ स्थित फूलबारी सामुदायिक वनमा आगो लगाउने ४ जनालाई जिल्ला वनले पक्राउ गरेको छ । त्रिपुर नगरपालिका १२ दाङका राजबहादुर राना, फूलबारी दाङका नारायण बुढाथोकी, टेकबहादुर महरा र शरदकुमार सुनारलाई नियन्त्रणमा लिएको हो ।

आगोबाट सामुदायिक वनमा भएको क्षतिबारे अनुसन्धान भइरहेको सहायक वन अधिकृत थीरप्रसाद कोइरालाले बताए । रातिको समयमा नाच हेरेर आउँदा जाडो भएपछि आगो बालेर तापे पनि आगो फैलियोबारे थाहा नभएको पक्राउ युवाले बयान दिएका छन् ।

**व्यवस्थापन समितिलाई अभिमुखीकरण**

प्यूठान (कास)- विद्यालय व्यवस्थापन समिति पदाधिकारीलाई बाल सुरक्षा तथा संरक्षण नीतिसम्बन्धी एकदिने अभिमुखीकरण गरिएको छ । बालअधिकार महासन्धि, बालअधिकार, बालसंरक्षण, बाल सुरक्षा नीतिलगायतमा सहजीकरण गरिएको कालिका विकास केन्द्र बिजुवारले जनाएको छ । कार्यक्रममा जिल्लाका ४२ विद्यालयका व्यवस्थापन समिति पदाधिकारीको सहभागिता थियो ।

**कुलो मासिँदा किसान चिन्तित**

टीकापुर (कास)- खेतबारीमा पानी लगाउन प्रयोग गरिएका सिंचाइ कुलो नक्सामा नभएको भन्दै जग्गाधनीले मासेपछि किसान समस्यामा परेका छन् । कुलो मासेर कतिपयले घर घडेरी बनाउन थाले र कतिले बाँधको माटो बिक्री गर्न थालेका छन् ।

टीकापुर नगरपालिका पुछरी गाउँका छोटेलाल चौधरीले कटानपुर गाउँमा पानी लाग्ने कुलो मासिएपछि सिंचाइमा समस्या भएको बडघर सुशील चौधरीले बताए । 'गाउँका सबै किसान जुटेर एक दिन छलफल गर्‍यौं,' उनले भने, 'तर निकास निस्केन ।'

धनसिंहपुर गाविसमा पनि कुलो मासिनाले समस्या आएको धनसिंहपुर गाविस २ सूर्यपुरका दीर्घ ठकुल्लाले बताए । 'धनसिंहपुर गाविसको डाँडाबोझीबाट सूर्यपुर आउने कुलो एक जना जग्गा धनीले मास्ने प्रयास गरे,' उनले भने, 'सयौं बिघामा पानी लाग्ने कुलो मास्न थालेपछि गाउँलेको अनुरोधमा तत्कालका लागि कुलो सञ्चालन गर्न पाइने भएको छ ।' उनका अनुसार पहिले जग्गा महँगो थिएन । जताबाट कुलो लगे पनि हुन्थ्यो ।

**इलाका परिषद् हुँदै**

दार्चुला (कास)- सहभागितात्मक योजना तर्जुमा प्रक्रियाअन्तर्गत आगामी आवका लागि इकाला परिषद् सञ्चालन भएका छन् । जिल्लाका सबै गाविसमा परिषद् सकिएसँगै इलाका स्तरीय योजना गोष्ठी सुरु भएको जिविसले जनाएको छ । माघ १२ गतेबाट सुरु भई ११ वटै इलाका परिषद् माघ २० भित्र सक्ने कार्यतालिका जिविसले बनाएको हो । बिहीबार इलाका नं. ३, ७ र ९ मा गोष्ठी सम्पन्न भएको जिविस सूचना अधिकारी युवराज जोशीले बताए । त्यस्तै बुधबार १, ४, ५, ६ र ७ नम्बर इलाकाको परिषद् एकै दिन भएको जोशीले जानकारी दिए ।


**विद्यालयको अवस्था नाजुक**

दैलेख (कास)- सदरमुकामबाट १५ कोस टाढा पश्चिमको देउती आधारभूत विद्यालयको अवस्था नाजुक भएको छ । ०५३ मा स्थापना भएको उक्त विद्यालयमा शिक्षकहरू समयमा हाजिर नहुँदा पढाइ प्रभावित भएको हो । ६ शिक्षक आलोपालो विद्यालय आउने गरेको अभिभावक बताउँछन् । 'विद्यालयमा सधैंजसो १ जनामात्रै शिक्षक हुन्छन् ।

अंग्रेजी, गणित र विज्ञान विषय शिक्षक नै नहुँदा विद्यार्थी पढ्नबाट वञ्चित हुनुपर्छ,' कक्षा ८ का विद्यार्थी विमलप्रसाद रेग्मी भन्छन्, 'पाठ्यक्रम आधा पनि सकिएको छैन ।' विद्यार्थीले यसअघि कारबाही गरेका शिक्षकलाई प्रअ बनाउँदा स्तर खस्किँदै गएको समाजसेवी नारायण रेग्मीले बताए । विद्यालयमा खानेपानी, शौचालसमेत छैन ।
















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | कर्म प्राप्ति | तुला | खटपट |
| वृष | धर्म बढ्ने | वृश्चिक | पराक्रम बढ्ने |
| मिथुन | अस्वस्थता | धनु | धन आर्जन |
| कर्कट | नयाँ काम बन्ने | मकर | पदोन्नति |
| सिंह | आलस्यता | कुम्भ | केही लाभ |
| कन्या | अध्ययनमा सफल | मीन | कार्य सफल |

## भोलिको पात्रो

विक्रमसंवत् २०७३ साल माघ १५ गते शनिबार तदनुरुप २८ जनवरी २०१७ माघ शुक्लपक्ष प्रतिपदा तिथि रात्रिको ६:६ बजेसम्म उप्रान्त द्वितीया तिथि श्रवण नक्षत्र रात्रिको ११:१९ बजेसम्म उप्रान्त धनिष्ठा नक्षत्र सिद्धि योग दिनको ३:११ बजेसम्म उप्रान्त व्यतिपात योग किंस्तुघ्न करण साँझको ६:४ बजेसम्म उप्रान्त बब करण मकर राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर/अमृत वाणी | ५:०५ | कल कान्तिपुर |
| ६:०० | जीवन विज्ञान/ज्योतिष मन्थन | ६:०० | कान्तिपुर न्यूज |
| ६:४० | स्काइ सप | ६:३० | म्युजिक समिट |
| ७:०० | कान्तिपुर समाचार | ७:०० | कान्तिपुर समाचार |
| ८:०० | कान्तिपुर न्यूज | ७:३० | इन्फो प्लस |
| ८:३० | राइज एण्ड साइन | ८:०० | कान्तिपुर समाचार |
| ९:०० | हेडलाइन न्यूज | ९:०० | डिठ्ठासाब |
| ९:०५ | मार्गदर्शन | ९:३० | परिवर्तन |
| १०:०० | कान्तिपुर समाचार | १०:३० | कान्तिपुर न्यूज |
| १०:३० | एमएनएस | ११:०० | कान्तिपुर समाचार |
| ११:०० | हेडलाइन न्यूज | ११:३० | इन्फो प्लस |
| ११:०५ | समाकन २ | १२:०० | कल कान्तिपुर |
| १२:०० | कान्तिपुर समाचार | १:०० | कान्तिपुर न्यूज |
| १२:३० | हर्के हल्दार | १:३० | डिठ्ठा साब |
| १:०० | हेडलाइन न्यूज | २:०० | कान्तिपुर समाचार |
| १:०५ | डिठ्ठासाब | २:३० | म्युजिक समिट |
| १:३० | किलो टेंगो माइक | ३:०० | कान्तिपुर समाचार |
| २:०० | मुभी | ३:३० | परिवर्तन |
| ५:०० | हेडलाइन न्यूज | ४:३० | डिठ्ठा साब |

## रेडियो कान्तिपुर ९६.१

Radio Kantipur — हरेक दिन २४ सै घन्टा हरपलको साथी

| | | | |
|---|---|---|---|
| ००:०१ | ननस्टप नेपाली आधुनिक सङ्स | १३:०० | ब्रन्च विफ भूमिका (भूमिका) |
| ०१:०२ | ननस्टप नेपाली पप सङ्स | १५:०० | के छ नेपाल (रेमन) |
| ०२:०८ | ननस्टप हिन्दी सङ्स | १५:१५ | कान्तिपुर डायरी |
| ०४:०५ | ननस्टप भजन | १६:०० | सौराइ (कृष्ण) |
| ६:२५ | भक्ति अनुष्ठान (जनार्दन) | १७:०० | सिने क्विज (चाँदनी) |
| ०६:५५ | कान्तिपुर डायरी | १८:०० | फेनाटिक फ्राइडे (स्मिता/महेश) |
| ०७:३० | द हेड लाइनर्स | १८:३० | हेप्पी लाइफ (हेम सुवेदी) |
| ८:०० | मानसिक स्वास्थ्यमा कोसिस | १९:०० | कान्तिपुर डायरी |
| ९:०० | गुडमर्निङ शो (गिरिश) | २०:०० | प्लेट्रोनिक्स (सञ्जय) |
| ९:१० | कान्तिपुर डायरी | २१:०० | वेल नो टेन्सन (दीपक/अम्बिका) |
| ०९:१५ | ट्राफिक अपडेट (नेपाल प्रहरी) | २१:३० | कान्तिपुर डायरी |
| १०:०० | किक स्टार्ट (सञ्जय) | २२:०० | इन्द्रेणी |
| ११:०० | न्यु रिलिज (रेमन) | २३:०० | क्लब मिक्स (गिरिश) |
| १२:०० | फेमिना (चाँदनी) | २४:०० | इलिवेन्थ हावर (सञ्जय) |
| १२:१० | कान्तिपुर डायरी | | |

## अस्पताल र विविध

**नेपालगन्जका महत्वपूर्ण टेलिफोन**

| | |
|---|---|
| भेरी अञ्चल अस्पताल | ५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय | ५२०२११ |
| वडा प्रहरी कार्यालय | ५२०२९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०१०४ |
| बारुण यन्त्र | ५२०१११ |
| रेडक्रस ब्लड बैंक | ५२०१७४ |

**महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन**

| | |
|---|---|
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| वडा प्रहरी कार्यालय | ५२१२२२ |
| नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| महाकाली बस व्यवसायी समिति | ५२१६२७/५२१२८९ |

**कैलालीका महत्वपूर्ण टेलिफोन**

| | |
|---|---|
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| वडा प्रहरी कार्यालय | ५२१२९९ |
| नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| बस व्यवसायी समिति (टिकट काउन्टर) | ५२१२५२ |
| धनगढी नगरपालिका (दमकल) | १०१ |
| टीकापुर (दमकल) | ५६०४९९ |
| टीकापुर अस्पताल | ५६०१५० |

**काठमाडौंका महत्वपूर्ण टेलिफोन**

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२११९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्ड्स अफ शान्ता भवन | ४४७०१९१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७१६०३ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११६५७/८५८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क — जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

कान्तिपुर

kantipur.ekantipur.com

शुक्रबार

कान्तिपुरको शुक्रबार परिशिष्टाङ्क

१४ माघ २०७३



तस्बिरहरू : कान्तिपुर

पछिल्लो समय हिट फिल्मका सिक्वेल बनाउने ट्रेन्ड चलेको छ, संसारभर । यो व्यापारिक हिसाबले एउटा सफल सूत्र पनि हो । नेपालमा समेत यसको होड चलेको छ । तर मौलिकता नहुँदा धेरै सिक्वेलले हावा खाइरहेको यथार्थ बिर्सन मिल्दैन ।

# सिक्वेलकै शरणमा

सुशील पौडेल
sushilpaudel2@gmail.com

फिल्म सुटिङमा जानुअघि नै निर्देशक निश्चल बस्नेतले 'लुट २' को डेढ मिनेट लामो टिजर रिलिज गरे । सात महिनाअघि रिलिज गरिएको उक्त टिजरको युट्युब भ्युअर्स नै अहिलेसम्म १२ लाख नाघिसकेको छ ।

अझ 'लुट २' कै आइटम सङ 'ठमेल बजार' को त कुरै बेग्लै छ । तीन महिनाभित्रै उक्त गीत युट्युबमा हेर्ने झन्डै ७३ लाख पुगिसकेका छन् । २० दिनमै ट्रेलर १० लाखले हेरिसकेका छन् । फागुन १३ मा फिल्म रिलिज हुनुअघि नै यति विघ्न हाइप पाउनुमा चार वर्षअघि आएको ब्लकबस्टर्स फिल्म 'लुट' को ठूलो देन छ ।

हिट फिल्मका सिक्वेल बनाउने पछिल्लो समय ट्रेन्ड नै छ । हलिउडले केही अघिदेखि नै सागा, फ्र्यान्चाइज वा सिक्वेलका नाममा बुकका सिरिजमा आधारित रही क्रमबद्ध फिल्म बनाउने लहर नै चल्दै आएको छ । र, व्यापारिक हिसाबले सफल पनि देखिएपछि सिक्वेल होड बलिउड हुँदै नेपाली फिल्ममा समेत निकै अभ्यास हुन थालेको छ । त्यसैको अभ्यास गरिरहेका निश्चल बस्नेतलाई 'लुट २' ले पाएको हाइपले हलसम्म इनिसियल अडियन्स तान्न सघाउँछ ।

'लुट' ले अकल्पनीय हिसाबमा सफलता हासिल गरेपछि यसै फिल्मबाट निर्देशनमा हात हालेका ठिटो निश्चल बस्नेत हाईहाई भए । कुनै समय यस्तो पनि आयो, निश्चललाई आफैंप्रति दर्शकले देखाएको अत्यधिक विश्वासले किचिए । अवस्था यस्तो भइदियो, उनले दोस्रो फिल्म त्यसै बहुप्रतीक्षित भइदियो । निश्चलले दोस्रो फिल्मका रूपमा 'टलकजंग भर्सेस टुल्के' रिलिज गरे । तर उक्त फिल्मले दर्शक अपेक्षालाई शत प्रतिशत मिट गर्न सकेन । निश्चललाई झनै दबाब आइपर्‍यो । तेस्रो फिल्म पनि ठीकठाक मात्रै हुने हो भने उनीप्रतिको दर्शक भरोसा घट्दै जानेमा निश्चल स्वयं पनि सजग थिए ।

'लुट' जस्तै मास अपिलिङ फिल्म बनाउने दबाब झेल्न नसकेकै कारण निश्चलले निर्माण घोषणा गरिसकेको 'दिमाग खराब' लाई स्थगित गरे । र, शरण लिए 'लुट' कै । अर्थात्, निश्चलले सिक्वेल बनाउने घोषणादेखि रिलिजको संघारमा आइपुग्दा राम्रो बज पाइरहेका छन् । 'लुट' पछि उनी तत्काल सिक्वेल बनाउने पक्षमा नरहेको सार्वजनिक रूपमा नै बताउँदै आएका थिए । तर चार वर्षको अन्तरालमा उनले एउटा मात्रै फिल्म ल्याउन सके भने आफ्नो क्रेजलाई जोगाइराख्न पनि यतिबेला सिक्वेलकै शरण नलिई धर पाएनन् ।

नेपाली फिल्म क्षेत्रमा निर्देशक तुलसी घिमिरे स्थापित नाम हो । 'बाँसुरी' बाट ३७ वर्षअघि सुरु भएको उनको निर्देशकीय यात्राले त्यसपछि 'कुसुमे रुमाल', 'लाहुरे', 'चिनो', 'दक्षिणा', 'बलिदान' हुँदै 'दर्पण छायाँ' सम्म लगातार सफलता चाख्यो । तर त्यसपछिका उनकै फिल्म 'दुई किनारा', 'देश', 'मृगतृष्णा', 'दृष्टिकोण' ले लगातार यति नमीठो असफलता बेहोरे जसले तुलसी घिमिरेलाई पनि घुँडा टेक्न बाध्य पार्‍यो ।

यतिबेला तुलसी घिमिरे १६ वर्षअघिको सफल फिल्म 'दर्पण छायाँ' कै सिक्वेलमा जुटिरहेका छन् । फिल्ममा राजेश हमालका एक्सन दबदबा रहेको त्यसबेला घिमिरेले दिलीप रायमाझी, उत्तम प्रधान, निरुता सिंहजस्ता नयाँ अनुहारलाई लिएरै लभस्टोरी फिल्म सुपरहिट बनाइदिए । यतिबेला आफ्नै साख जोगाउन उनी फेरि नयाँ अनुहार पुष्पल खड्का, सहारा कार्की र श्रद्धा प्रसाईंलाई लिएर 'दर्पण छायाँ २' सहित फागुन २७ मा आउने तरखरमा जुटेका छन् । यसबीचमा उनले घोषणा गरेको बिग बजेट एनिमेटेड फिल्म 'गौतम बुद्ध' को कामसमेत थाँती राखेर सिक्वेल बनाउनै भिडे ।

खासमा नेपालमा सही अर्थमा सिक्वेल फिल्म 'कबड्डी कबड्डी' बाट सुरुवात भयो । कुकुर र बाँदरले अभिनय गरेकै कारण 'पापी मान्छे' चलेपछि यसका निर्देशक दीपक श्रेष्ठ र निर्माता राजकुमार राईले 'पापी मान्छे २' बनाए । फेरि जनावरलाई अभिनय गराइएको भए पनि यसपटक दर्शकलाई फिल्मले रिझाउन सकेन । त्यसपछि हिट भएका फिल्मकै नाममा दुई झुन्ड्याएर केही सिक्वेल आए । तर ती नाम मात्रै सापटी लिइएका सिक्वेल अघिल्ला फिल्मको कथाको निरन्तरतासँग कुनै तालमेल नै राख्दैनथे । आफैं वनमान्छे बनेर 'इकु' ल्याएका निर्माता सुलेमान शंकरले उक्त फिल्मबाट मनग्गे आम्दानी गरेपछि उत्साहित भई 'इकु ब्याक अगेन' बनाए । तर यसपटक सबै डुबाए । पछि त फिल्मकर्मी नेपालमा सिक्वेल फिल्म नै नफाप्नेमा नै विश्वास गर्न थाले ।

'कबड्डी' लगत्तै सिक्वेल पनि हिट बनाएर निर्देशक रामबाबु गुरुङले फेरि एकपटक सिक्वेल फिल्मको चार्म बढाइदिए । 'कबड्डी' को सिरिज छोडेर 'पुरानो डुंगा' बनाउन पुगेका रामबाबुलाई त्यसबाट आंशिक सफलता मिलेपछि फेरि 'कबड्डी' सिरिजतर्फै फर्केको बताइन्छ । त्यसअघि भने उनले दीपेन्द्र के खनालको 'झोले' कै सिक्वेल निर्देशन गर्ने बताइएको छ ।

निर्देशक विकास आचार्य र 'नाई नभन्नु ल' पर्याय नै भइसके । आचार्यले यसै नाममा लगातार चार सिरिज बनाए र राम्रै चलाए पनि । यसको पनि नाममा समानता र मुख्य केही कलाकार दोहोरिनुबाहेक सिक्वेल नै मान्नुपर्ने खास कारण भने थिएन । निश्चल, रामबाबुहरू सिक्वेलको शरणमा परिरहेका बेला विकास आचार्य भने उल्टै 'नाई नभन्नु ल' सिरिज छोडेर 'निराञ्जना' बनाउन लागेका छन् ।





> नायिका रेखा थापा आफ्नो करिअरमा तुवाँलो लाग्न थालेपछि कुनै बेलाको आफैं अभिनीत सफल फिल्म 'कसले चोर्‍यो मेरो मन' को सिक्वेल बनाउने तयारीमा छिन् ।



कहिलेकाहीं फिल्मको व्यापार बढाउन पनि सिक्वेल फन्डा मच्चाइने गरिन्छ । 'द विनर', 'मुखौटा', 'बागमती' र 'उहिले बाजेको पालामा' जस्ता फिल्मका निर्माताले रिलिज अगावै सिक्वेल बनाउने दाबीसहित मिडियामा बोले । जसरी पहिलो फिल्मले नै हावा खाए, त्यसैगरी सिक्वेल निर्माणको गफले पनि हावा खायो ।

सिक्वेलबाट साख जोगाउने प्रयासमा निर्देशक मात्रै नभई निर्माता पनि हुने गर्छन् । धेरै सफल फिल्म निर्माण गरेकैले बाघ निर्माता भनेरसमेत चिनिने छविराज ओझा पछिल्ला फिल्ममा निरन्तर असफल बनेपछि आफ्नै हिट फिल्म 'किस्मत' को सिक्वेलमा लागे । तर सिक्वेलले छविको किस्मतमा भने तात्विक भिन्नता ल्याइदिएन ।

अश्लीलता हाबी हुने आरोप खेपिरहने निर्देशक राजु गिरी पनि सिक्वेलको मामिलामा अघि छन् । हालै मात्र उनले 'बिन्दास ४' निर्माणको घोषणा गरेका छन् । यौनिक भएकैले यसअघिका फिल्म केही चलेकाले पनि गिरी उत्साहित भई निर्माणमा जुटिरहे । गिरीले पनि केही अन्य फिल्म पनि नबनाएका हैनन्, तर 'बिन्दास' लाई नै सिक्वेलका नाममा भजाएर करिअर धानिरहेका छन् ।

'होस्टेल रिटर्न्स' नामक सिक्वेल फिल्मले व्यावसायिक सफलता हात पारेपछि उत्साहित निर्माता सुनील रावलले यतिबेला फेरि 'सायद' को पनि सिक्वेल लिएर आउँदै छन् । पछिल्लो समय रावल पनि सिक्वेलकै पछि लागिरहेका लाग्छन् । नायिका रेखा थापा आफ्नो करिअरमा तुवाँलो लाग्न थालेपछि कुनै बेलाको आफैं अभिनीत सफल फिल्म 'कसले चोर्‍यो मेरो मन' को सिक्वेल बनाउने तयारीमा छिन् । नायिका झरना थापा आफ्नो डेब्यु निर्देशन नै सिक्वेल फिल्मबाट गर्दैछिन् । चैतमा रिलिज लक्षित गरिएको 'ए मेरो हजुर २' नाम मात्रै सापटी लिएर सिक्वेलको नाम दिइएको छ ।



सिक्वेल भन्नुको फाइदा उक्त नाम पहिले नै ब्रान्डिङ भइसकेकाले पुनः दर्शकमाझ पुग्दा मार्केटिङ गर्न सहज हुने र दर्शक छिटो कन्भिन्स्ड हुने मानिन्छ । तर नेपालमा सिक्वेल फिल्म सफल र असफलकै दोसाँधमा छन् । 'चपली हाइट' बाट निर्देशक दीपेन्द्र के खनाल र निर्माता अर्जुनकुमारले जति पनि हाइट बनाए, सिक्वेलमा आएर गत वर्ष सबै चकनाचुर पारे । अहिले निखिल उप्रेती 'पिँजडा २', सन्तोष सेन 'प्रेमगीत २' निर्माणमा जुटिरहेका छन् । सबैको ध्याउन्न तरल बनिरहेको फिल्म बजारमा सिक्वेल फिल्मले गतिलो व्यापार गरेर आफ्नो खस्किरहेको करिअरमा पनि भरथेग गर्छ कि भन्ने लोभ फिल्मकर्मीमा देखिएको छ ।



तस्बिरहरू : एजेन्सी

## भित्र




पेज II | पेपे मामाको पिज्जा



पेज II | विदेशमा कला




पेज III | लिटरेचर फेस्टिभल



पेज IV | FRIDAY फेस



तस्विरहरू : कान्तिपुर

# विदेशमा कला



मधु शाही
rjmadhu2008@gmail.com

भर्खरै भारतीय सहर बैंग्लोरमा ५ युवा कलाकार कृष्ण गोपाल श्रेष्ठ, सरिता डंगोल, सञ्जीत महर्जन, सन्ध्या सिलवाल र सत्यशिला कसजुले सामूहिक कला प्रदर्शन गरेर फर्किए।

'भेनकटप्पा आर्ट ग्यालरी' मा प्रदर्शनी गरिएका चित्र बिक्री नभए पनि उनीहरू दुःखी छैनन्। अन्तर्राष्ट्रियस्तरमा कला प्रदर्शन गरेर त्यहाँको जतिसक्दो धेरै कमेन्ट बटुल्न पाउनु पनि ठूलो उपलब्धि हुने उनीहरूको तर्क छ। 'सकेसम्म धेरै गाली पाउन पाए हुन्थ्यो जस्तो लाग्छ,' सरिता डंगोल भन्छिन्, 'अनि त फेरि न्यु क्रिएसन गर्न आइडिया आउँछ।' बैंग्लोरमा उनले लगेका चित्रहरू अधिकांश दर्शकले नियाले। बिहानदेखि बेलुकासम्म करिब ५० हजारभन्दा बढी दर्शकले चित्र हेरे। खुर्सानीलाई मानव जीवन चक्रजस्तै मान्यता दिएर क्यानभासमा उतारेकी थिइन् उनले। त्यसलाई दर्शकले चाख दिएर हेरे।

अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीमा सहभागी हुँदा विभिन्न विचार र मनोविज्ञान बोकेका दर्शक भेटिन्छन्। सरिताले अहिलेसम्म अस्ट्रेलिया, जापान र फ्रान्समा एकल चित्रकला प्रदर्शन गरिसकेकी छन्। बैंग्लोर र बंगलादेशमा सामूहिक कला प्रदर्शनीमा सहभागी भएकी छन्। उनी आफैं नगई आयोजकको मागअनुरूप आफ्ना चित्र पनि पठाउँछिन्।

कृष्ण गोपालका लागि बैंग्लोर राम्रो अनुभव भयो। उनी विदेशमा कला प्रदर्शन गर्दा त्यहाँको समाज र समस्या दुवै नियाल्न पाइने बताउँछन्। कुनै देशको सौन्दर्य वा समस्या जान्नु छ भने त्यहाँको कलाकारका सिर्जना नियाले पुग्ने उनले बताए। उनी अन्य देशका कलाकारका कलामा उठान गरिएको विषय, प्रस्तुति गर्ने शैली र कल्चरल इफेक्ट हेर्ने गर्छन्। उनले बैंग्लोरमा सांस्कृतिक सम्पदामा केन्द्रित कला पस्किएका थिए। भूकम्पले जीर्ण भएको सांस्कृतिक सम्पदा क्यानभासमा उतारेर उनले दर्शकको संवेदना छोए। 'नेपालमा भन्दा राम्रो प्रतिक्रिया विदेशी दर्शकसँग पाइन्छ,' उनी भन्छन्, 'हाम्रा सिर्जनामा टेक्निकभन्दा थिम बोल्ड भएको लाग्यो।' कृष्णले यसअघि चीन गएरसमेत कला प्रदर्शन गरेका छन्।

लिथियोग्राफी प्रिन्टमेकिङमा छुट्टै पहिचान बनाउन लागेका कविराज लामा आफ्नो काम विदेशीकै लागि बनेको बताउँछन्। जापानमा अध्ययन गरेर आएका उनले नेपालमा यसको महत्त्व बुझ्ने कमै भेटे। केही वर्ष जति उनी फ्रस्टेड नभएका पनि होइनन्। तर, कहिलेकाहीँ विदेशीको आयोजनामा कला प्रदर्शन गर्न जाँदा उनको काम मन पराइएर प्रशंसा पाउँछन्। त्यसबेला उनी खुसीले फेरि यसै क्षेत्रमा निरन्तर लाग्ने हिम्मत जुटाउँछन्। हालसम्म पाँचौं एकल चित्रकला प्रदर्शनीको अनुभव सँगालेका उनले चार पटक विदेशमै एकल कला प्रदर्शन गरेका छन्। चीनमा एकल प्रदर्शनी गर्दा कविराजले १० लाख रुपैयाँको चित्र बेचेका थिए जुन उनको करिअरकै ठूलो उपलब्धि रहेको हो। उनी शुक्रबार नै भारतमा हुने 'इन्डिया आर्ट फियर' मा सहभागी हुँदैछन्।

अनिता भट्टराई पनि विदेशमा कला प्रदर्शन गर्न जोड दिने युवा कलाकारमध्ये पर्छिन्। उनी आफ्नो सिर्जनाको उचित मूल्यांकन विदेशीमै हुने बताउँछिन्। केही साताअघि ढाकामा कला लिएर गएकी उनले सबै उतै बिक्रीका लागि छोडेर आएकी छन्। फिगरेटिभ थिममा प्रिन्ट गर्ने अनिताले पछिल्लो समय काममा चेन्ज ल्याएको बताइन्। हुबहु फिगर उतारेको आकृति देखेर उनलाई एक मुस्लिम दर्शकले 'कला फराकिलो पार्नुपर्छ,' भनेर सल्लाह दिए, जसले उनलाई साँच्चै छोयो। अमूर्त शैलीको विदेशमा ठूलो डिमान्ड छ। उनी छिट्टै चीनमा कला प्रदर्शन गर्न जान लागेकी छिन्।

मनीष हरिजन वेस्टर्न र इस्टर्न कल्चरको फ्युजनमा नयाँ काम गर्दैछन्। अमेरिकन पप आइकनमा नेपाली लोकल फ्युजन गर्नु उनको अहिलेको कला थिम हो। यस्तै खाले कला प्रदर्शनी गर्दा उनले नेपालमा केही विवाद पनि झेल्नुपरेको थियो। तर, विदेशमा यस्तो कला देखाउँदा कुनै आलोचना खेप्नु नपरेको मनीष बताउँछन्। 'सायद, हामी अझै आर्टबारे खुलेका छैनौं,' उनी भन्छन्, 'मचाहिँ खुलेर एक्सप्रेस गर्न चाहन्छु आफ्नो सिर्जनामा।' लन्डन, भारतमा कला प्रदर्शन गरिसकेका मनीषले ९ लाख रुपैयाँसम्म महँगो चित्र बेचेको सुनाए।





तस्विरहरू : कान्तिपुर

# कस्टम-मेड रूचाउनेहरू



सजना बराल
sazna07@gmail.com





संगीतकार टीका भण्डारी सधैं टिपटप भएर हिँड्छन्। कार्यक्रमहरूमा धेरैजसो सुट-बुटमै देखिने उनी आफ्नै कन्सेप्टमा लुगा सिलाउन मन पराउँछन्। कहिलेकाहीँ डिजाइनरको सल्लाह लिन पनि पछि पर्दैनन्। बजार डुल्दा जिन्स, टिसर्टभन्दा खुला कपडातिर उनको ध्यान जान्छ। उनी कस्टम-मेड क्लोथिङका पारखी हुन्।

'रेडिमेड लुगा किन्नुभन्दा कपडा किनेर आफ्नै तरिकाले सिलाएर लाउन रुचाउँछु,' रेडियो नेपालका उपनिर्देशकसमेत रहेका भण्डारीले भने, 'शरीरमा ठ्याक्कै मिल्ने भएकाले एकचोटि सिलाएपछि नफाटुन्जेल ढुक्क हुन्छ।' तयारी पोसाक किन्दाचाहिँ कहिले कुम झर्ने, कहिले बाहुला लामा हुने, कहिले ट्राउजर छोट्याउनुपर्ने जस्ता समस्या आइपर्ने भएकाले कस्टम वेयरमै चित्त बुझ्ने गरेको उनले बताए।

पारिवारिक जमघटका बेला मात्रै क्याजुअल ड्रेसअप गर्ने उनी विशेषतः गाईजात्रा र अन्य सांस्कृतिक कार्यक्रमका लागि स्पेसल पोसाक तयार पार्छन्। श्रेष्ठ टेलरिङ र मेरिना इम्पेक्समा सिलाइ-कटाइ गराउने उनी कार्यक्रमका प्रकृति अनुरूप लुगाको डिजाइन वा रूप-रङ छनोट गर्छन्। 'सिलाएर लगाएको लुगा रेडिमेडभन्दा अलि महँगो पर्छ,' उनले भने, 'तर, पैसा चुक्ता हुने गरी नै लुगा टिक्ने भएकाले सन्तुष्टि मिल्छ।'

भक्तपुरस्थित मानव अंग प्रत्यारोपण केन्द्रका प्रमुख डा. पुकारचन्द्र श्रेष्ठ सिलाइवरि लुगा तयार पार्न झन्झट मान्छन्। हुन त उनी पनि कुनै बेला कस्टम-मेड क्लोथकै प्रशंसक थिए। तर, बिस्तारै रेडिमेड लुगाले मन जित्न थाल्यो। 'कपडा छान, टेलरमा जाऊ, नाप, तयार होउन्जेल कुर,' उनले हाई काढे, 'यो सबैमा समय धेरै लाग्छ। म त ५/६ वर्षअघि सिलाएकै कोट-प्यान्ट लगाएर पार्टीहरूमा गइरहेको छु अचेल।'

हामीकहाँ अहिलेसम्म कस्टम-मेडभन्दा रेडिमेड लुगाकै बजार ठूलो छ। चित्त बुझेपछि फुत्त किन्यो, लाइहाल्यो। सजिलाको कुरा न हो। तर, केही व्यक्ति यस्ता छन्, जो आफ्नै वा डिजाइनरको कन्सेप्टमा बनेका लुगा मात्रै पहिरिन मन पराउँछन्। कतिपय चाहिँ बिहे, व्रतबन्ध, पार्टी आदिका लागि कस्टम-मेड पहिरन रुचाउँछन् भने क्याजुअलका लागि रेडिमेड नै किन्ने गर्छन्।

'अर्जेन्ट चाहिने भए रेडिमेड नत्र कस्टम-मेड नै किन्छन्,' कुपन्डोलस्थित ओड्नी बुटिककी विपना राईले भनिन्, 'हामीकहाँ दुवै थरी ड्रेस पाइने भएकाले ग्राहकले छ्यासमिस पाराले नै किनिरहनु भएको छ।' कस्टम-क्लोथिङका लागि ओड्नी, काव्या सोल अफ फेसन, घुम्टो, ड्रिमवेयर फेसन जस्ता थुप्रै बुटिक लोकप्रिय छन्। तिनमा प्रायः पार्टी वेयर पहिरन बढी तयार हुने गरेका छन्।

रेडिमेड पोसाकबारे सबैलाई थाहा छ। कस्टम-मेड भनेको चाहिँ डिजाइनरले ग्राहकको जीउडाल नापेर आफ्नै कन्सेप्टमा बनाएका पहिरन हुन्। अथवा, ग्राहककै इच्छाअनुसार निर्माण गरिएका लुगा कस्टम-मेड क्लोथअन्तर्गत पर्छन्। इम्याजिन बुटिकका सञ्चालक एवं फेसन डिजाइनर विष्णु गौतम रेडिमेडलाई नै काँटछाँट गर्नुलाई समेत कतिपयले कस्टम-मेड भनेको सुन्दा अनौठो मान्छन्।

'कस्टम-डिजाइन गर्दा ग्राहकको जीउडाल, मोटाइ, फिगर, स्किन टोन सबै हेरेर त्यसलाई सुहाउँदो पहिरन निर्माण गरिन्छ,' डिजाइनर गौतमले भने, 'फेसन फलो गर्ने ग्राहकले कस्टम-मेड क्लोथ बढी प्रयोग गर्छन्।' विगत १५ वर्षदेखि बुटिक सञ्चालन गर्दै आएका उनले अचेल इन्डो-वेस्टर्न डिजाइन बढी ट्रेन्डी रहेको बताए। 'लेहेंगा वा गाउन स्टाइलको साडी र कुर्तीहरू फेसनमा छन्,' उनले भने, 'टिपिकलभन्दा पनि हाइब्रिड खालका ड्रेस लगाउने गरिएको छ।'

गायिका कोमल वली कुन समारोहमा के लगाउने भन्नेबारे बहिनी प्रज्ञा शरदसँग बरोबर सल्लाह लिन्छिन्। आफैं पनि नयाँ-नयाँ डिजाइनबारे इन्टरनेटमा खोजिरहन्छिन्। 'त्यहाँ जस्तो देख्यो त्यस्तै सिलाउँदिनँ,' उनले भनिन्, 'अलि मिक्स गरेर नयाँ डिजाइन निकाल्न खोज्छु। त्यसैले मेरो पहिरन अरूको भन्दा फरक भइदिन्छ।' गाउन, साडी, कटन प्यान्ट र स्कर्टहरू बुटिकमा सिलाउने उनी जिन्स, टिसर्ट, सर्ट्सहरूचाहिँ रेडिमेड किन्छिन्। 'स्टेजमा लगाउने लुगा प्रायः बुटिककै हुन्छन्,' उनले भनिन्, 'अलि फरक र आकर्षक देखिओस् भनेर विशेष प्रकारका पहिरन सिलाइमाग्छु।'

रेडिमेड र कस्टम-मेड दुवैका आ-आफ्नै विशेषता र कमजोरी छन्। मन परेपछि तुरुन्तै किन्न पाइने, ब्रान्डमा विश्वसनीयता हुने भएकाले रेडिमेडप्रतिको आकर्षण उच्च छ। 'रेडिमेड लुगाको फिनिसिङ राम्रो लाग्छ,' नेसनल ह्युमन राइट्स फाउन्डेसनका सचिव अजय रानाभाटले भने, 'सिलाएको लुगामा धागो फुस्किने, राम्ररी टाँका नमारिएको हुने हुन्छ।' अर्को थरी जमात् भने रेडिमेड किन्दा कमसल पर्न सक्ने, भनेको डिजाइन नपाइने र कम्प्रोमाइज गरेर लगाउनुपर्ने भएकाले कस्टम-मेडपट्टि लाग्छन्।

युवा फेसन डिजाइनर आस्तिक शेरचन कस्टम-मेडलाई नै प्राथमिकता दिन्छन्। भनेजस्तै रङ, बुट्टा र डिजाइनका लुगा आफ्नै मेजरमेन्टमा लगाउन पाइने भएकाले कस्टम-क्लोथ राम्रा हुने उनले बताए। 'दोकानमा लुगा किन्न जाँदा रङ, मन परेको साइज मिल्दैन, साइज ठिक्क भए डिजाइन र कट चित्त बुझ्दैन,' उनले भने, 'कस्टम-मेडमा भने त्यो समस्या हुँदैन।' उनका अनुसार म्याटरियल रोजेर सिलाउन पाइने भएकाले लुगाको गुणस्तर पनि राम्रो हुन्छ।

सानो-सानो डिटेल्समा खेल्न पाइने भएकाले कस्टम-मेड राम्रा हुने ओड्नीकी विपना राईले बताइन्। यद्यपि, यस्ता लुगा तयार पारिसक्न समय लाग्ने भएकाले रेडिमेड किन्नेको संख्या ठूलो छ। केहीले चाहिँ कस्टम-मेड लुगा अलि महँगा हुने भएकाले रेडिमेड नै रोजिछाडी किन्छन्। 'बजारमै थरीथरीका लुगा पाइन थाले अब त,' गायिका वलीले भनिन्, 'साह्रै हतार छ भने रेडिमेड नै किन्दा पनि हुन्छ।'

#क्याफे



तस्विरहरू : हेमन्त श्रेष्ठ

# पेपे मामाको पिज्जा



सुरज कुँवर
facebook.com\1stnepali

ग्रोसरी आइटमसहित १ लाख बढी किसिमका उपभोग्य वस्तुलाई आफ्ना १२ सुपर मार्केटमार्फत बिक्री गर्दै आएको भाटभटेनी अर्बान उपभोक्तामाझ लोकप्रिय छ। अझ असनको भीडमा पस्न अल्छी गर्ने कतिपय गृहिणी सुपर मार्केट भनेकै भाटभटेनी सम्झिछन्।

भाटभटेनी यतिबेला काठमाडौं र मुख्य सहरहरूमा सपिङका लागि मात्रै चिनिएको छैन। सपिङमा फेमेलीसहित जाने एलिट र मिडिल क्लास त्यहाँ गएर स्ट्रिट फास्टफुडको मजा लिन समेत रुचाउँछन्। सबै सपिङका लागि आउनेहरू बाटोमै उभिएर फटाफट अर्डर खाएर हिँडिहाल्दैनन्। यसको हेक्का भाटभटेनीमा मामा उपनामले चिनिएका शिव घलेलाई राम्रै छ। यसैलाई मध्यनजर गरेर चक्रपथको भाटभटेनीमा सुरु गरेका छन् पेपे पिज्जा। गएको घटस्थापनादेखि सुरु भएको पेपेले दैनिक सय थान पिज्जा उत्पादन र बिक्री गर्छ। 'अभिभावकसँग सपिङमा आउने केटाकेटीहरू हुरुक्कै हुन्छन्,' शिवले सुनाए। सपिङपछिको थकान मेटाउन मानिसहरू उभिएर भन्दा पनि आरामले बसेर भोक मेटाउन चाहन्छन्। यही समूहलाई लक्षित गरेर यी मामाले पेपे सुरु गरेका हुन्।

३ सय १० देखि ४ सय ८० रुपैयाँमा उपलब्ध हुने यहाँको पिज्जामा आफूहरूले ककनीमा उत्पादन हुने चीज प्रयोग गर्दै आइरहेको शिवले बताए। 'हामीले मूल्यमा नभई बढीभन्दा बढी संख्या (भोल्युम) को कारोबारलाई जोड दिएका छौं,' उनले भने, 'सस्तो भन्दैमा गुणस्तरमा सम्झौता गरेका पनि छैनौं किनकि यो सहरमा सबैभन्दा महँगो पिज्जा बिक्री गर्नेहरूको पिज्जाको टेस्ट र हाम्रो यहाँको टेस्ट तुलना गर्नुहोस् थाहा पाउनु हुनेछ।'

उनले फुड सेफ्टीलाई पनि उत्तिकै ध्यान पुर्‍याएको सुनाए। चक्रपथको भाटभटेनीमा पेपे पिज्जा घर एक तलामाथि बार्दलीमा छ। भाटभटेनी सुपर मार्केटको सेन्ट्रल पोजिसनमा रहेको पेपेको एम्बिएन्स विदेशतिरकैझैं लाग्दछ। सबैभन्दा माथि फुटसल कोर्ट छ। भित्र सपिङ एरिया, बीचमा यो भेन्यु छ।

हिजोआज यहाँ सपिङमा आउनेसँगसँगै छेउछाउका कलेजबाट विद्यार्थीसमेत आउँछन्। मःम र चाउमिनलाई मेनुमा नराखिएको यहाँ हट/कोल्ड बेभरेज, कफी, पास्ता पनि पाइन्छ। लाइभ किचन रहेको यो आउटलेटमा एक्लै पुग्नेहरूलाई सिंगल पिज्जा अर्डर गरेर खान धौधौ हुन्छ। त्यसैले यहाँ सिंगल गेस्टका लागि ९९ रुपैयाँमा स्लाइस पिज्जा पनि उपलब्ध गराइन्छ। शिवसहित ५ जना सञ्चालक रहेको पिज्जा आउटलेटमा सर्वाधिक चिकेन अनि मसरुम पिज्जाको अर्डर बढी छ। 'धेरैजसो लेडिजहरू मसरुम पिज्जा अर्डर गर्दारहेछन्,' शिवले भने। हुन त अन्तर्राष्ट्रिय अध्ययन अनुसार, महिलाको दाँजोमा पुरुषहरू नै बढी पिज्जा पारखी हुने गरेका छन्। ९० प्रतिशत बढी अमेरिकीहरू पिज्जा नै खान्छन्। तर, नेपालमा भने पिज्जाले मःम र चाउमिनको अझै ठूलो चुनौती सामना गरिरहेको छ। तर, अहिले स-साना स्कुले केटाकेटीचाहिँ पिज्जामा आकर्षित हुँदै गइरहेको देखिन्छ। सायद टीभीमा देखिने विज्ञापनले पनि होला। तर, पिज्जा अमेरिकामा जस्तो ब्रेकफास्टकै सूचीमा भने परिसकेको छैन। तर, पिज्जामा मुख रसाउनेहरू बढ्दै गइरहेकाले शिव घलेको समूह चाँडै ललितपुरको भाटभटेनीमा पनि पेपेलाई विस्तार गर्दैछ। पेपेले अहिले अनलाइन अर्डरमार्फत पनि होम डेलिभरी गरिरहेको छ। विदेशमा होम डेलिभरीमा पुरुषको दाँजोमा महिलाले राम्रो टिप्स दिन्छन् तर नेपालमा कसले दिन्छन् त्यो भने डेलिभरी ब्वाईहरूलाई नै सोधे थाहा पाइएला। पार्किङको पीर नभएको, चारैतिर सीसीटीभी क्यामरा र सुरक्षाकर्मीको निगरानीबीच रहेको यो आउटलेटमा बार्दलीमा बसेर पिज्जाको स्वाद लिन भने रमाइलै हुँदोरहेछ।



# लिटरेचर फेस्टिभल




हेलो शुक्रबार
hellofriday@gmail.com

२०६८ सालदेखि काठमाडौंमा सुरु नेपाल लिटरेचर फेस्टिभलको छैटौं शृंखला आज शुक्रबारदेखि पोखरामा चल्दैछ । यसै वर्षको आखिरी महिनामा देशका अरू क्षेत्रसमेत साहित्य मेलामय बन्दैछन् ।

कवि-कवि भेला भएर आफैंले आफैंलाई दिनभर कविता सुनाउने शैली अब बदलियो । हिजोआज साहित्य गोष्ठी हुँदैनन्, 'लिटरेचर फेस्टिभल' हुन्छन् । शब्दार्थ उस्तै लागे पनि भावार्थ अलग छ । भिन्न विधा र क्षेत्रका विज्ञ एकै ठाउँमा जुट्नु यस्ता फेस्टिभलको आकर्षण हो । पछिल्ला वर्षमा युवाहरूको बढ्दो उपस्थितिले फेस्टिभलको शक्ति पुष्टि गर्छ । एकोहोरो प्रवचन होइन, प्रश्न गर्ने संस्कृतिलाई यस्ता फेस्टिभलले बढावा दिइरहेका छन् ।

२०६८ देखि काठमाडौंमा सुरु नेपाल लिटरेचर फेस्टिभलको छैटौं शृंखला आज शुक्रबारदेखि पोखरामा चल्दैछ । यसै वर्षको आखिरी महिनामा देशका अरू क्षेत्रसमेत साहित्य मेलामय बन्दैछन् ।

काठमाडौंमा व्यापक युवा र टिनएजर्सले भरिभराउ हुने गरेको साहित्य मेला अब किन पोखरामा त ? नेपाल लिटरेचर फेस्टिभलका संयोजक रवीन गिरी भन्छन्, 'सबै कुरा काठमाडौंमा केन्द्रीकृत भयो, चार वर्ष काठमाडौंमै गर्‍यौं । अहिले पनि वास्तवमा काठमाडौंमा ठूलो डिमान्ड छ । तर देश संघीयतामा जाँदै गर्दा सबै विषयहरूलाई अब सक्दो विकेन्द्रीकृत गर्दै जानुपर्छ भन्ने सोचले पोखरा आएका हौं ।' पोहोर सालको अनुभव सुनाउँदै उनले 'पोखराले बढ्तै माया गरेकाले यसपल्टसमेत उतै गएको' पनि सुनाए । अनि यो लिटरेचर फेस्टिभलको उद्देश्य युवा पुस्तालाई नेपाल चिनाउनु रहेको पनि जिकिर गरे ।

कतिसम्म भने यसपालि त पोखराको फेस्टिभलका लागि निम्तो दिन काठमाडौंमा पोखरेली नेता रवीन्द्र अधिकारी, लेखकहरू सरुभक्त, तीर्थ श्रेष्ठ र सरस्वती प्रतीक्षामात्रै आएनन्, चर्चित सांगीतिक ब्यान्ड कन्दरासमेतले अघिल्लो साता भव्य सांगीतिक प्रस्तुति दियो । गायक विवेक श्रेष्ठले भने, 'पोखराले प्रकृति देखाएर मात्रै होइन, बौद्धिक कामहरू गरेरसमेत आफ्नो पर्यटन गर्न सक्छ । अरू बेला विशुद्ध घुमघाम गर्नुहुन्थ्यो होला, यसपालिचाहिँ बौद्धिक संगत गर्न आउनुस् है पोखरा ।'

> फेस्टिभलहरूको रोचक पक्ष के हुन्छ भने यिनमा कुनै लामो औपचारिकता हुँदैन । धेरै अतिथि भरिभराउ मञ्च हुँदैन ।

इन्डिया आफ्टर गान्धी, मेकर्स अफ मोडर्न इन्डिया जस्ता चर्चित पुस्तक लेखेका भारतीय इतिहासकार रामचन्द्र गुहा अनि पिली छतरीवाली लड्की, वाल्ज अफ दिल्ली, मोहनदासजस्ता मानक आख्यान लेखेका कथाकार उदय प्रकाश यसपालि पोखराको साहित्य मेलाका विशेष आकर्षण हुन् । हाम्रो देशका शिखर धरोहरहरू शिक्षाविद् केदारभक्त माथेमा, आख्यान पुरुष ध्रुवचन्द्र गौतम, कवि वैरागी काइँला, गायक रामेश, बौद्धिक हरि शर्मा, युवा संगीतज्ञ लोचन रिजाल अनि नेता गगन थापा, प्रशासक कुलमान घिसिङलगायत एउटै मेलामा भेटिँदै छन् । मन परेको लेखक वा सेलिब्रिटी भेट्नु, कुराकानी गर्नु, तस्बिर खिच्नु, पुस्तक किन्नु, अटोग्राफ लिनु त सामान्य भइहाल्यो ।

यस्ता फेस्टिभलहरूको रोचक पक्ष के हुन्छ भने यिनमा कुनै लामो औपचारिकता हुँदैन । धेरै अतिथि भरिभराउ मञ्च हुँदैन । आसन ग्रहण, उद्घाटन, दीप प्रज्वलन, ब्याच वितरण, स्वागत मन्तव्य केही-केही हुँदैन । ज्ञातअज्ञात सहिदहरूका नाममा मौनधारण, कार्यपत्र, टिप्पणीको पुरानो शैली यसमा छैन । बरु दर्शकदीर्घामै बसेर प्रश्न गर्न चाहने जिज्ञासुहरूका लागि माइक्रोफोन उपलब्ध हुन्छ । क्रिटिकल युवा पंक्ति फेस्टिभलमा लोभिनुको कारण यो पनि हो । कुनै हाइरार्की छैन । वरिष्ठै भए पनि विषयभन्दा बाहिरका आगन्तुकहरू दर्शकदीर्घामा हुन्छन् । अनि अधिकांश मोडरेटरहरू युवा ।

यस्तै लिटरेचर फेस्टिभल फागुन १२ देखि १४ सम्म हुँदैछ, पूर्वी सीमावर्ती सहर काँकडभिट्टामा । रिडर्स झापा नामक उत्साही युवाहरूको जमात्ले २०६९ सालदेखि सुरु गरेको कला साहित्य उत्सव त्यहाँ एक वर्ष बिराएर उक्त सहरमा आयोजना गर्छ । एक दशकअघि काँकडभिट्टाका आठ-दस पढन्ते युवाको चियागफसँगै जन्मेको उक्त 'लुज नेटवर्क' ले यसपालिको मेलामा देवेन्द्रराज पाण्डे, प्रदीप गिरि, चैतन्य मिश्र, सीके लालजस्ता अग्रणी बौद्धिकहरूसँगै कतिपय राजनीतिकर्मी, कलाकार तथा छिमेकी भारतबाट नामी लेखक ल्याउने तयारी गरिरहेको फेस्टिभल संयोजक दामोदर ढुंगेलले बताए । ती लेखकहरू को हुन् भन्ने सरप्राइजचाहिँ अहिल्यै खोल्न चाहेनन् । कन्सर्ट, फिल्म, नाटक र आर्ट ग्यालरीसमेत त्यहाँ तीन दिनसम्म निरन्तर चल्ने उनको भनाइ छ ।


तस्बिरहरू : कान्तिपुर

'यसअघिका दुई फेस्टिभलमा पनि युवाको संख्या ठूलो थियो, त्यसैले उनीहरूलाई नै केन्द्रित गरेर आकर्षक कार्यक्रम दिने तयारी गरिरहेका छौं,' ढुंगेलले भने, 'विद्यार्थीहरूलाई फेस्टिभलबारे कलेज-कलेजमै गएर बताइरहेका छौं । जेसिसले पनि युवा सहभागिता गराउन हामीलाई सघाइरहेको छ ।' ढुंगेलको भनाइमा युवामा रहेको प्रश्न गर्ने बानीलाई संस्थागत र सक्रिय बनाउनका लागि झापाले निरन्तर साहित्य मेला गरिरहेको हो । नेपाल र अरू देशमा भइरहेका फेस्टिभलले आफूहरूलाई यसका लागि उत्प्रेरित गरेको उनले खुलेरै भने ।

नेपाल र भारतका विभिन्न फेस्टिभलमा नियमित भाग लिँदै आएका युवा बौद्धिक उज्ज्वल प्रसाईं पछिल्ला वर्ष युवा आफैंले देखाउँदै आएको साहित्य मेलाप्रतिको सक्रियताप्रति खुसी व्यक्त गर्छन् । नयाँदिल्लीमा पढ्दै गर्दा नियमित जाने गरेको जयपुर लिटरेचर फेस्टिभलमा पछिल्ला दुई वर्षयता जान नपाए पनि त्यो संस्कृति नेपालतिर विस्तार भएकामा उनले खुसी माने । 'देवेन्द्रराज पाण्डेजस्ता विकासबारे लेखिरहेका नागरिक अगुवा अनि मनु मञ्जिलजस्तो कवि एउटै मेलामा भेटिनु यस्ता फेस्टिभलको आकर्षण हो,' उनले भने, 'दुई-चार वर्षयताका फेस्टिभलले पुष्टि गरे-साहित्य, विचार, विमर्शजस्ता विषयलाई पनि सेलेब्रेसनको मुड दिन सकिँदोरहेछ । युवालाई बहुत आकर्षित गरेका छन् यी मेलाहरूले ।' समाजका स्थापित मानिसहरूले पनि आफूले थाहा नपाएका विषय अनि नभेटेका व्यक्तिलाई एकै थलोमा भेटेर 'इन्रिच' गर्न पाइरहेको उनले बताए । राज्यको नियन्त्रणभन्दा बाहिरका यस्ता संस्थाले आफैं गरेका यस्ता ठूला मेलाहरूबाट अब राज्यका निकायहरूले सिक्नुपर्ने प्रसाईंको मत छ । नयाँ शैली र बान्कीका यस्ता फेस्टिभलले पुस्तक संस्कृति प्रवर्द्धन गरिरहेको किशोरकिशोरीको उत्साहजनक सहभागिताले पुष्टि गर्छ । उनीहरू पुस्तक किन्नैका लागि अनि राज्य, समाज, लोकतन्त्रजस्ता विषयबारे कति उत्सुक हुँदारहेछन् भन्ने कुरा त्यस्ता मेलामा उठ्न सार्वजनिक प्रश्नहरू नै हुन् । प्रसाईं भन्छन्- 'फेस्टिभलले प्रश्न गर्ने संस्कृति विस्तार गरिदियो, अब यो अरूतिर पनि फैलिनुपर्छ ।'


दुवै साहित्य मेलामा जोजो जान भ्याउँछन्, उनीहरू त जाने भइहाले । जो जान पाउँदैनन्, उनीहरूका लागि पनि युट्युबमा हेर्ने सुविधा आयोजकहरूले दिलाएकै छन् । के तपाईं पनि भर्ने होइन त- साहित्य, कला, संस्कृति र विमर्शको यो बेग्लैखाले मेला ?

# स्न्यापच्याटजस्तै म्यासेन्जर

फेसबुकलाई प्रतिस्पर्धी स्न्यापच्याटका फिचरहरू चोरेको आरोप बारम्बार लागिरहेकै थियो । अहिले भने फेसबुकको म्यासेजिङ एपम्यासेन्जर ठ्याक्कै स्न्यापच्याटजस्तै देखिने भएको छ । यसले फेसबुकलाई फाइदा गर्छ वा घाटा त्यो समयले देखाउनेछ ।

हेलो शुक्रबार
hellofriday@gmail.com

एजेन्सी



सन् २०१३ मा फेसबुकले तीन अर्ब डलरमा स्न्यापच्याटलाई किन्न खोजेको थियो तर स्न्यापच्याटले बिक्री हुन अस्वीकार गरेको खबरले सनसनी मच्चाएको थियो । सन् २०११ मा स्थापना भएर भर्खरै प्रयोगकर्तामाझ लोकप्रियता कमाउँदै गर्दा त्यति धेरै मूल्य लत्याएर फेसबुकको प्रस्ताव अस्वीकार गरेको स्न्यापच्याटको चर्चा पछिल्ला वर्षमाझ नै बढेको छ र यो अहिले नयाँ पुस्ताको प्रिय एप बनेको छ ।

स्न्यापच्याटले त्यो बेला फेसबुकको प्रस्ताव अस्वीकार गर्दा धेरैले अचम्म मानेका थिए । किनकि भर्खरै प्रयोगकर्तामाझ लोकप्रिय बन्दै गरेको कम्पनीले सबैभन्दा ठूलो सोसल मिडिया कम्पनीबाट त्यति धेरै मूल्यको अफर पाउनु चानचुने कुरा होइन् । फेसबुकले लगत्तै अर्को लोकप्रिय म्यासेजिङ एप ह्वाट्सएपलाई १९ अर्ब डलर खर्चिएर किन्यो ।

तर, अहिले आएर के प्रमाणित भएको छ भने फेसबुक स्न्यापच्याट किन्ने विचारमा मात्रै थिएन, ऊसँग अति नै बढी प्रभावित थियो । पछिल्लो समय फेसबुकले म्यासेन्जर र आफ्नो स्वामित्वको फोटो सेयरिङ साइट इन्स्टाग्राममा स्न्यापच्याटबाट प्रभावित भएर फिचरहरू थपेको आरोप खेपिरहेको थियो ।

सायद, अहिलेको सबैभन्दा धेरै प्रयोगकर्ता भएको सोसल मिडिया कम्पनीलाई यो आरोपले खासै फरक पारेको छैन । अहिले फेसबुकको म्यासेन्जर स्न्यापच्याटसँग दुरुस्तै मिल्ने भएको छ । उसले एक महिनाअघि सुरु गरेको म्यासेन्जरको नयाँ फिचर अहिले लगभग सबै प्रयोगकर्ताले अनुभव गरिरहेका छन् ।

स्न्यापच्याटसमेत चलाउने प्रयोगकर्तालाई थाहा छ अहिलेको म्यासेन्जर ठ्याक्कै स्न्यापच्याटजस्तो देखिन्छ । स्न्यापच्याटजस्तै यसको एपमा इनब्ल्युल्ट क्यामेरा थपिएको छ । स्मार्टफोन स्क्रिनको तल्लो बीच भागमा देखिने क्यामेरा बटन र फोटो र भिडियो खिच्दा ठ्याक्कै स्न्यापच्याटको झझल्को आउँछ । साथै, यसमा स्न्यापच्याटको जस्तै मास्क राख्ने, डुडल, इमोजी र फोटो तथा भिडियोमा टेक्स्ट लेख्ने फिचर राखिएको छ ।

> स्न्यापच्याट प्रयोगकर्तालाई थाहा छ अहिलेको म्यासेन्जर ठ्याक्कै स्न्यापच्याटजस्तो देखिन्छ ।

गत जुलाईको तथ्यांकअनुसार म्यासेन्जरमा मासिक सक्रिय प्रयोगकर्ता एक अर्ब नाघेका छन् । यो तथ्यांक अनुसार म्यासेन्जर अहिलेको सबैभन्दा बढी प्रयोगकर्ता भएको मोबाइल म्यासेजिङ एप हो । तर, सबैभन्दा ठूलो कम्पनीले आफ्नो प्रतिस्पर्धीको फिचर कपी गरेर आफ्ना प्रयोगकर्तालाई दिनु पक्कै शोभनीय होइन । फेसबुकले स्न्यापच्याटको फिचर कपी गरेको यो पहिलो पटक भने होइन् । पछिल्लो समय म्यासेन्जर र इन्स्टाग्रामलाई स्न्यापच्याटबाट प्रभावित भएर फिचर थपेको आरोप लागिरहेको छ । केही वर्षअघि पनि फेसबुकले स्न्यापच्याटकै दुरुस्त 'पोक' नाम एप लञ्च गरेको थियो । स्न्यापच्याट किन्न प्रस्ताव गर्नु एक वर्षअघि फेसबुकले पोक लञ्च गरेको थियो तर सन् २०१४ माउसले पोक एप बन्द भएको घोषणा गर्‍यो । स्न्यापच्याटजस्तै फिचर भए पनि प्रयोगकर्तामाझ लोकप्रिय बन्न नसकेपछि पोक बन्द भएको थियो । केही महिना अघि मात्रै फेसबुक स्वामित्वको इन्स्टाग्रामले स्न्यापच्याटजस्तै 'स्टोरी' फिचर सुरु गरेको छ ।

सुरुवाती चरणमा साथीसँग सेयर गरेको फोटो केही सेकेन्डमै डिलिट हुने फिचरका कारण स्न्यापच्याटले टिनएज प्रयोगकर्तामाझ लोकप्रियता कमाएको थियो तर विस्तारै स्न्यापच्याटले ल्याएको नयाँ-नयाँ फिचरले प्रयोगकर्तालाई यसमा बाँधिइरह्यो ।

तर, आयरल्यान्डका प्रयोगकर्तामाझ फेसबुकले फेरि स्न्यापच्याटकै जस्तो फिचर परीक्षण गरिरहेको खबरहरू बाहिरिएको छ । यस्ता खबरहरू अनुसार फेसबुकले आयरल्यान्डका प्रयोगकर्तामाझ स्न्यापच्याटकै अर्को क्यामेरा फिचर प्रयोग गरिरहेको छ जसबाट प्रयोगकर्ताले अरूलाई पठाएको फोटो तथा भिडियो केही सेकेन्डमै डिलिट हुनेछ । यो स्न्यापच्याटको महत्त्वपूर्ण फिचर हो जसले सुरुवाती दिनमा यसलाई प्रयोगकर्तामाझ लोकप्रिय बनाएको थियो । योबाहेक म्यासेन्जरमा सेक्रेट कन्भर्सेसन फिचर यसअघि नै सुरु गरिएको छ जुन अर्को प्रयोगकर्ताले पढेको केहीबेरमै डिलिट हुन्छ ।

स्न्यापच्याटबाट फिचर चोरी गरेको आरोपमा खेपिरहेको फेसबुकको म्यासेन्जर स्न्यापच्याटकै 'कपीक्याट' बन्न पुगेको छ । यसले म्यासेन्जरलाई 'कुल' बनाउनेछ वा प्रयोगकर्तालाई स्न्यापच्याटतर्फ थप आकर्षित गर्नेछ त्यो भने प्रयोगकर्ताको सहजतामा भर पर्नेछ ।

## हेलो टेक

### इनबक्सको स्थानमा म्यासेन्जर



फेसबुकले वेब भर्सनमा रहँदै आएको इनबक्सलाई म्यासेन्जरमा बदलेको छ । फेसबुकले आधिकारीक रूपमा यो फिचरबारे जानकारी गराएको छैन तर विश्वभरका प्रयोगकर्ताले वेब भर्सनमा परिवर्तन देख्न थालिसकेका छन् । यसअघि यो सुविधा म्यासेन्जर डट कममा उपलब्ध थियो । अब भने प्रयोगकर्ताले मोबाइल म्यासेन्जरमा हुने सबै सुविधा फेसबुकसँगै पाउनेछन् ।

म्यासेन्जरमा रहेको निकनेम राख्ने, कन्भर्सेसनको कलर परिवर्तन गर्नेजस्ता सुविधा पनि वेब भर्सनमै उपलब्ध हुनेछ । फेसबुकले पछिल्लो समय म्यासेन्जरलाई प्रयोगकर्ताको प्रिय बनाउन अहिले उपलब्ध सबै सुविधाहरू थपिरहेको छ । पछिल्लो समय उसले ग्रुप कलिङ फिचर थपेको थियो ।

यो बाहेक फेसबुकले म्यासेन्जरलाई व्यावसायिक प्रयोजनको लागि उपयोगी बनाउन म्यासेन्जर बुटमा पनि ध्यान दिइरहेको छ । अहिले फेसबुक पेजहरूले म्यासेन्जर बुटमार्फत म्यासेजको अटो रिप्लाई गर्नेलगायतका सुविधा उपभोग गरिरहेका छन् ।

### भाइन आधिकारिक रुपमा बन्द

तस्बिरहरू : एजेन्सी




ट्वीटरले आफ्नो स्वामित्वको छोटो भिडियो सेयरिङ साइट भाइनलाई आधिकारीक रूपमा बन्द गरेको छ । कम्पनीले केही महिना अघि भाइन बन्द गर्ने निर्णय सार्वजनिक गर्दै प्रयोगकर्तालाई यसमा भएको भिडियो डाउनलोड गर्न सुझाव दिएको थियो ।

भाइन एपलाई अहिले भाइन क्यामेरा एपमा परिवर्तन गरिएको छ । मोबाइलमा भाइन एप भएका प्रयोगकर्ताहरूले अपडेट गरे त्यो स्वतः भाइन क्यामेरा एपमा परिवर्तन हुनेछ । साथै, भाइनमा भएका भिडियोहरू डाउनलोड गर्न प्रयोगकर्तालाई अझैं समय दिइने भएको छ । अहिले पनि प्रयोगकर्ताले एप अपडेट नगरी भिडियो डाउनलोड गर्न सक्छन् । भाइन क्यामेरा एप आईओएस र एन्ड्रोइडमा उपलब्ध हुनेछ । तर, यसमा सेयर, लाइक र कमेन्ट अप्सन भने रहने छैन् । यो बाहेक भाइन भिडियोहरू यसको वेबसाइटमा भने सुरक्षित राखिएको छ ।

### फोल्ड गर्न मिल्ने स्क्रिन

अहिले सामसङसहितका स्मार्टफोन कम्पनीहरूले फोल्ड गर्न मिल्ने स्क्रिन भएको स्मार्टफोनको तयारी गरिरहेका छन् । सामसङले नै सबैभन्दा पहिलो यस्तो फोन सार्वजनिक गर्ने अनुमान थियो । तर, सबैको अनुमानविपरीत माइक्रोसफ्टले समेत फोल्ड गर्न मिल्ने स्क्रिन भएको स्मार्टफोनको पेटेन्ट राइट दर्ता गरेको छ ।

माइक्रोसफ्टले दर्ता गरेको पेटेन्टअनुसार यसको स्क्रिन डिजाइन लेनेभोको योया ट्याब्लेडजस्तै भएको रिपोर्टहरूमा उल्लेख छ । यसमा स्क्रिनलाई दुई वा तीन पटकसम्म पट्याउन मिल्ने टेक वेबसाइट दी भर्जले उल्लेख गरेको छ ।

फोल्ड गर्न मिल्ने स्क्रिनसहितको स्मार्टफोनमा यसअघि रुचि नदेखाएको माइक्रोसफ्टको यो कदमलाई रुचीसाथ हेरिएको छ । यसअघि नोकियाको मोबाइल यूनिट किनेर आफ्नो नाममा ब्रान्डिङ गरेको माइक्रोसफ्टले उक्त युनिट पुनः बिक्री गरिसकेको छ ।

# एमयूको 'आईआर



तस्बिरहरू : प्रकाश



प्रकाश अधिकारी
prakashdailekh@gmail.com

अर्घाखाँची मैदानका दिलीप भट्टराई भारतको युनिभर्सिटी अफ पूर्णेमा सिभिक्स एन्ड पोलिटिकल साइन्समा स्नातक पढ्दै थिए । कूटनीतिज्ञ बन्ने लक्ष्य राखेका उनले बीचमै पढाइ छाडे । र, नेपाल फर्किए । फर्किनुको कारण थियो, मध्यपश्चिमाञ्चल विश्वविद्यालय (एमयू) केन्द्रीय क्याम्पस सुर्खेतमा अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति (आईआर) पढ्ने । 'सुर्खेतमै पढ्न पाएपछि किन विदेश जानु भनेर पूर्णेबाट फर्कें,' २३ वर्षीय दिलीप भन्छन्, 'परराष्ट्र सेवामा काम गर्ने रहर छ ।'

अछाम भैरवस्थानका बमबहादुर बीसी एमाले राजनीतिमा सक्रिय छन् । अछामी राजनीतिमा चर्चित उनी यसै विषयमा स्नातकोत्तर तेस्रो सेमेस्टरमा अध्ययनरत छन् । 'नेपालजस्तो भूपरिवेष्टित मुलुकका नागरिक अझ हामी राजनीतिकर्मीले अन्तर्राष्ट्रिय सम्बन्धबारे बुझ्न आवश्यक छ,' उनी भन्छन् ।

अर्घाखाँचीका दिलीप र अछामका बमबहादुरजस्तै अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागमा सय बढी विद्यार्थी अध्ययनरत छन् । स्नातक तहदेखि अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति (आईआर) विषयमा अध्यापन गराउने एमयू नेपालको पहिलो विश्वविद्यालय हो । त्यसैले, विभिन्न जिल्लाबाट यहाँ अध्ययन गर्न आउनेहरूको आर्कषण बढ्दो छ । यसकै लागि विदेशिनुपर्ने बाध्यता एमयूले हटाइदिएको छ । एमयूले ०७० देखि स्नातक र स्नातकोत्तर तहमा अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति अध्यापन गराउन थालेको हो । विश्वविद्यालयले अध्यापन गराउने अरू विषयमा विद्यार्थी संख्या निर्धारित कोटाभन्दा ज्यादै न्यून छ । तर, आईआर भने अपवाद बनेको छ । चालू शैक्षिक सत्रमा ४० जनाको कोटामा दुई सय बढीले प्रवेश परीक्षा दिए ।

> 'विद्यार्थीलाई अन्तर्राष्ट्रिय कूटनीतिक क्षेत्रमा सक्रिय व्यक्तिका अनुभव तथा कूटनीतिक कौशलसमेत सिक्ने अवसर जुराएका छौं ।'




अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागका प्रमुख तेजविक्रम बस्नेत सीमित कोटाका कारण इच्छुक विद्यार्थीले भविष्यमा कूटनीतिक क्षेत्रमा लाग्ने अवसर गुमाएको बताउँछन् । 'हाम्रा नेताहरू र उच्च पदस्थ कर्मचारीसँग कूटनीतिक व्यवहारको ज्ञान नहुँदा विभिन्न वैदेशिक भ्रमणहरूमा असहज दृश्यहरू देखापर्ने गरेका छन्,' बस्नेत भन्छन्, 'यसले गर्दा हरेक नेता, कर्मचारी र विशेष गरी डिप्लोमेटिक करिअर रोज्नेहरूका लागि यो विषय पढ्न झनै जरुरी छ ।' प्लस टु वा स्नातक तहमा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण हुनुपर्ने, अंग्रेजीमा राम्रो ज्ञान यो विषय पढ्नका लागि न्यूनतम योग्यता हुन् ।

स्नातकोत्तर तेस्रो सेमेस्टरमा अध्ययनरत निशा सुवेदी सक्षम कूटनीतिज्ञ उत्पादन गर्न, अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति सञ्चालनसम्बन्धी ज्ञान हासिल गर्न यो पढाइ उपयोगी लागेको बताउँछिन् । त्रिविले ०३० मा नै राजनीतिशास्त्रभन्दा फरक रूपमा यो विषय अध्ययन गराउने प्रयत्न गरेको थियो । विश्वको प्राज्ञिक बजारमा चाहिँ सय वर्ष पहिलेदेखि नै अन्तर्राष्ट्रिय सम्बन्धको पढाइ सुरु भइरहेको छ । नयाँ र एकमात्र कार्यक्रम भएकाले विज्ञान, इन्जिनियरिङ, व्यवस्थापन र सूचना प्रविधि क्षेत्रका विद्यार्थीको पनि यसमा आकर्षण छ ।

विभागले अतिथि लेक्चररका रूपमा नेपालस्थित विभिन्न मुलुकका राजदूत, परराष्ट्रका उच्च अधिकारी, विभिन्न पार्टीका विदेश मामिलाका जानकार नेताहरू, आईएनजीओका प्रमुखलगायत कूटनीतिक अनुभव सँगालेकालाई निम्त्याउने गरेको छ । 'विद्यार्थीलाई अन्तर्राष्ट्रिय कूटनीतिक क्षेत्रमा सक्रिय व्यक्तिका अनुभव तथा कूटनीतिक कौशलसमेत सिक्ने अवसर जुराएका छौं,' विभाग प्रमुख बस्नेत भन्छन्, 'नेपालको राष्ट्रिय हितसँग सम्बन्धित विषयमा सेमिनार आयोजना र अध्ययनरत विद्यार्थीलाई त्यसमा सामेल गराएर उनीहरूलाई कूटनीतिक क्षेत्रमा लाग्ने थप प्रोत्साहन गर्दै आएका छौं ।'

## FRIDAY फेस




**हाम्रो वेल्फी**
निर्देशक निश्चल बस्नेत अभिनेता दयाहाङ राई र विपिन कार्कीसँग चाबहिलमा ।
-कौशल अधिकारी



**म्यान यु फ्यान**
नायिका वर्षा सिवाकोटी भत्केको पुलमा ।
-कौशल अधिकारी



**पुरानो सम्झना**
कवि सुमन कर्माचार्य र नाटककार अशेष मल्ल रामेछापमा ।
-गणेश राई




**बुद्ध भूमिलाई नमन**
श्रीलंकाका प्रहरी महानिरीक्षक पुजित जयसुन्दरा र डरहम विश्वविद्यालयका रवीन कनिङ्घम तिलौराकोटमा ।
-मनोज पौडेल



**मन्द मुस्कान**
कलाकार दिया मास्के सोल्टी होटलमा ।
-केशव थापा



**तयारी फोटो सुटको**
मोडल प्रतीक्षा अधिकारी विराटनगरमा ।
-महेश प्रधान



**टी टाइम**
कलाकार भोलाराज सापकोटा अनामनगरमा ।
-केशव थापा

